आर्थिक तथा सामाजिक रुपान्तरणको माध्यमबाट न्यायपूर्ण समाजको विकाससहित शिक्षा प्राप्तिमा सबैको पहुँच सुनिश्चितता, अनिवार्य र निशुल्क शिक्षाको कार्यान्वयन तथा व्यावसायिक र आत्मनिर्भर गुणस्तरीय शिक्षाको अवसर प्रदान गरी समृद्ध नेपाल र सुखी नेपाली बनाउन योगदान गर्ने ।

# जोरायल गाउँ शिक्षा योजना

## (२०७८-२०८७)

जोरायल गाउँ कार्यपालिकाको मिति २०७८।०७।१४ गतेको बैठकबाट स्वीकृत



## जोरायल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## शिक्षा युवा तथा खेलकुद शाखा
### सुदूरपश्चिम प्रदेश,रावतकट्टे, डोटी
२०७८ कार्तिक

# जोरायल गाउँपालिकाको भौगोलिक नक्शा



| | | |
|---|---|---|
| प्रकाशक | : | जोरायल गाउँपालिका<br>गाउँ कार्यपालिकाको कार्यालय<br>शिक्षा युवा तथा खेलकुद शाखा<br>राउतकट्टे, डोटी |
| प्रकाशन प्रति | : | ३०० |
| सर्वाधिकार | : | प्रकाशकमा |
| मुद्रण | : | ==================================== |


यो सामग्री जोरायल गाउँपालिकाका विद्यालय, सामुदायिक सिकाइ केन्द्र, क्याम्पस, कार्यपालिकाका शाखा,विषयगत कार्यालय र वडा कार्यालयहरुलाई निःशुल्क वितरणका लागि प्रकाशन गरिएको हो । अन्य व्यक्ति एवम् संघसंस्थाहरुलाई यसको मुद्रणीय कपी निःशुल्क प्राप्त गर्न कर लाग्ने छैन् ।

## गाउँ शिक्षा योजना निर्माण मुल समिति

| | |
|---|---|
| संयोजकः | दुर्गादत्त ओझा, जोरायल गाउँपालिका (अध्यक्ष) |
| सदस्यः | जमुना बोहरा, जोरायल गाउँपालिका (उपाध्यक्ष) |
| सदस्यः | नरेन्द्र सिंह ठगुन्ना, जोरायल गाउँपालिका (प्रमुख प्रशासकीय अधिकृत) |
| सदस्यः | कल्पना कुमारी मडै, जोरायल गाउँपालिका (कानुनी सल्लाहकार) |
| सदस्य-सचिवः | तेज बहादुर खत्री, जोरायल गाउँपालिका (शिक्षा शाखा प्रमुख/शिक्षा अधिकृत ) |

## गाउँ शिक्षा योजना मस्यौदा लेखन तथा सम्पादन समिति

संयोजकः शिक्षा अधिकृत -तेजबहादुर खत्री, जोरायल गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखा

सदस्यः प्रधानाध्यापक- पदमराज उपाध्याय, शिवपुर माध्यमिक विद्यालय जोरायल-३ चनकट्टे,डोटी

सदस्यः स्रोतव्यक्ति- सिद्धराज जोशी, जोरायल गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखा

सदस्यः प्रधानाध्यापक- उमेश कुमार साउँद, नवदुर्गा आधारभुत विद्यालय जोरायल-३ ठुलढुङ्गा,डोटी

सदस्यः प्राविधिक सहायक-अमृत कुमार ओली, जोरायल गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखा

## गाउँपालिका अध्यक्षको मन्तव्य

जोरायल गाउँपालिकाको शिक्षा क्षेत्रको मार्गदर्शक दस्तावेजका रुपमा वर्तमान नेपालको संविधान, शिक्षा सम्बन्धी विद्यमान कानून, नीति तथा कार्यक्रम, विद्याल तथा शैक्षिक संस्थाहरुको वर्तमान शैक्षिक अवस्थाको आधारलाई टेकेर दश वर्षको **जोरायल गाउँ शिक्षा योजना २०७८-२०८७** निर्माण गरी प्रकाशन गर्न पाउँदा अत्यन्तै खुशी लागेको छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षाको समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारलाई तोकेबमोजिम उक्त अधिकारको कार्यान्वयनका लागि हामीले थुप्रै कार्यहरु गर्नु पर्ने हुन्छ । यसका लागि आवश्यक स्थानीय कानून,नीति तथा कार्यविधि तर्जुमादेखि तिनको कार्यान्वयनमा गाउँपालिकाको तर्फबाट हरसम्भव प्रयासहरु भैरहेका छन्। आ.व. २०७७।७८ मा गाउँपालिकाद्वारा शिक्षा क्षेत्रका केही अत्यावश्यकीय कार्यविधिहरु तयार गरिएका छन् । यसैका आधारमा गाउँपालिकाले शिक्षक दरबन्दी मिलान,विद्यालयहरुलाई स्वीकृति प्रदान गर्ने कार्य सम्पन्न गरेको छ भने विज्ञापनको माध्यमबाट प्रधानाध्पक छनौटको कार्य अघि बढाएको छ। शिक्षा क्षेत्रमा संघीयस्तरबाट बन्नुपर्ने संघीय शिक्षा ऐन तथा नियमावली निर्माण तथा संशोधन नहुनुले स्थानीय तहले के, कसरी, कुन कुन क्षेत्रमा शिक्षा सम्बद्ध कानून तर्जुमा गर्ने भन्ने कुरा हालसम्म स्पष्ट नहुनु, पालिकाबाट शिक्षा क्षेत्रमा नयाँ अभ्यास गर्नुपर्ने स्थितिका कारण विभिन्न समस्या एवम् चुनौतीहरु विद्यमान रहेका छन् । तसर्थ ती समस्या तथा चुनौतिहरुलाई सही ढंगबाट समाधान गरी समग्र गाउँपालिकाको शिक्षा क्षेत्रको सुधारका लागि हातेमालो गरी अघि बढ्न म सम्पूर्ण गाउँपालिका बासीहरुमा हार्दिक अपिल गर्दछु।

अन्तमा,यस गाउँपालिकाको शैक्षिक क्षेत्रको पथ प्रदर्शक दस्तावेज यस **जोरायल गाउँ शिक्षा योजना २०७८-२०८७** को निर्माण कार्यमा जुट्नु हुने विभिन्न कार्यदलमा रहनु हुने महानुभावहरु मस्यौदा लेखन तथा सम्दन समितिका व्यक्तित्वहरु, मूल समितिका मित्रहरु तथा गाउँ शिक्षा समितिका पदाधिकारी एवम् योजना निर्माणमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्ण सहयोगी जनहरु तथा शिक्षा योजना निर्माणमा नेतृत्वदायी भुमिका खेल्ने शिक्षा शाखका प्रमुख शाखा अधिकृत तेज बहादुर खत्रीलाई गाउँपालिकाको तर्फबाट विशेष धन्यवाद व्यक्त गर्दछु।

धन्यवाद।

२०७८ कार्तिक

.......................

दुर्गादत्त ओझा

अध्यक्ष

## गाउँपालिका उपाध्यक्षको मन्तव्य

नेपालको संविधानमा व्यवस्था भए अनुसार माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापनको जिम्मेवारी स्थानीय तहलाई सुम्पिएको छ। स्थानीय तह देखि केन्द्र सम्मले शिक्षालाई पहिलो प्राथमिकतामा राखेर देशका लागि अवश्यक दक्ष सक्षम र उत्पादनशिल जनशक्ति उत्पादन गर्न सकेमा मात्रै हाम्रा समुदाय स्थानीय तह प्रदेश र देशको विकास छ। शिक्षा प्राप्तिको अवसर सबै अवसरहरु मध्ये श्रेष्ठ अवसर नै मानिन्छ जुन अवसर कमजोर भए दक्ष जनशक्ति उत्पादन प्राय: असम्भव नै हुन्छ। समाज समुदाय प्रदेश र सिंगो राष्ट्रभित्र जव दक्ष सक्षम एवम् उत्पादनशिल जनशक्तिको अभाव रहन्छ त्यसले त्यहाँको विकासमा निकै बाधा पुर्याउँछ। तसर्थ दक्ष जनशक्ति उत्पादन गर्ने उदेश्य लिएर नै शिक्षामा विशेष ध्यान दिनु जरुरी मानिन्छ।

शिक्षामा अपेक्षित लक्ष्य उदेश्य तथा नतीजा प्राप्त गर्न बनाइने योजना नै शिक्षा योजना हो। वि स २०१३ साल बाट नेपालमा योजनाबद्ध विकासको थालनी भए पनि शिक्षा क्षेत्रमा भने वि स २०२८ को नयाँ शिक्षा योजना बाट मात्रै शिक्षा योजनाको थालनी भएको मानिन्छ।माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन गर्ने जिम्मेवारी पाए संगै हाल देशका विभिन्न स्थानीय तहहरुले आ–आफ्नो पालिका स्तरमा शिक्षा योजना बनाइ कार्यान्वयन गर्ने क्रम दिनप्रतिदिन बढिरहेको छ। यसै शिलसिलामा हाम्रो जोरायल गाउँपालिकाले पनि दश बर्षे शिक्षा योजना निर्माण गरेको छ। यस योजनामा उल्लेखित लक्ष्य र उदेश्यहरुलाई प्राप्त गर्नका लागि निर्धारण गरिएको समय सिमा भित्र पूरा गर्ने गरि कार्यान्वयनको जिम्मा पाएको यहाँको शिक्षा समिति शिक्षा युवा तथा खेलकुद शाखा विद्यालयका प्रधानाध्यापकहरु शिक्षकहरु र सरोकारवाला सबैमा प्रतिबद्ध भइ आ–आफ्नो क्षेत्रबाट सक्रिए भइ लाग्न र सहभागिता जनाउन अनुरोध गर्दछु।

अन्तमा जोरायल गाउँपालिकाको शिक्षा क्षेत्रको सुन्दर परिकल्पना गरि दश बर्षे शिक्षा योजना निर्माणमा संलघ्न सबै विषयगत एवम् क्षेत्रका संयोजक तथा सदश्य ज्यूहरु शाखा प्रमुख र प्राविधिक कार्यमा संलघन सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दछु। धन्यवाद।

२०७८ कार्तिक

...........................

जमुना बोहरा

उपाध्यक्ष

## दुई शब्द

जोरायल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले गाउँपालिका बासीहरुको सेवासुविधाका लागि विभिन्न कार्यहरु स्थापनाकालदेखि निरन्तर गर्दै आइरहेको छ । नेपालको संविधान जारी भएपश्चातको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको प्रारम्भसँगै गाउँ पालिकाको कार्य क्षेत्राधिकार समेत फराकिलो भएकोमा सोही अनुसार सेवा विस्तार गर्न कार्यालयबाट हरसम्भव प्रयासहरु भएका छन् । यदाकदा समयमा आवश्यक सूचना प्राप्त नभएको अवस्थामा कार्यान्वयनमा समेत कठिनाइ सिर्जना हुन गएर सेवाग्राहीहरुले समयमा प्राप्त गर्नु पर्ने सेवा प्राप्त गर्न नसक्ने स्थिति पनि रहेको हुन सक्छ । यसैलाई मध्यनजर गर्दै गाउँपालिकाको विद्यालयीय शिक्षाको शिक्षाको वर्तमान अवस्थाको सूचना सरोकारवालाहरुमा पुर्याइ गाउँपालिकाको शैक्षिक सेवालाई उन्नत तथा पारदर्शी बनाउन र सेवा प्रवाहलाई अझ चुस्त र दुरुस्त तुल्याउन सजिलो होस र गाउँपिलकाको समग्र क्षेत्रलाई समेटेर बन्न लागको दश वर्षे जोरायल गाउँ शिक्षा योजना २०७८/८९-२०८७/८९ निर्माणकोलागी आधारको रुपमा **जोरायल शिक्षा पार्श्वचित्र-२०७८** तयार गरी गाउँ शिक्षा समितिबाट स्वीकृत गरिएको छ ।

यस प्रकारको प्रकाशन जोरायल गाउँपालिकाको शिक्षातर्फको दोस्रो हो । यसलाई यो रुपमा ल्याई पुर्याउन कार्यालय अन्तर्गको शिक्षा शाखाका सम्बद्ध कर्मचारी मित्रहरु असाध्यै खटनु भएको छ । उहाँहरुको अथक प्रयासबाट यस दश वर्षे जोरायल गाउँ शिक्षा योजना २०७८/८९-२०८७/८९ तयार भएको छ । जसले जोरायल गाउँपालिकाको शिक्षाको विकास र गुणस्तर सुधारमा सहयोग पुर्याउने देखिन्छ ।

विद्यालयका लागि चाहिने अभिलेख एवम् सूचनाको स्रोत र सरोकारवालाहरुका लागि गाउँपालिकाको शैक्षिक मार्गदर्शनको लागी यो प्रकाशन सफल हुने देखिन्छ । विद्यालयमा हुने कार्यक्रमहरुको पारदर्शिता एवम् जवाफदेहिताका लागि यसले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ । तसर्थ यस प्रकाशनलाई सरोकारवाला व्यक्ति तथा निकायहरुले जोरायल गाउँपालिका क्षेत्रको समग्र शैक्षिक विकासका लागि बढीभन्दा बढी उपयोग गरिदिनु हुने छ भन्ने अपेक्षा राखेको छु ।

धन्यवाद ।

२०७८ कार्तिक

............................

**नरेन्द्र सिंह ठगुन्ना**
**प्रमुख प्रशासकीय अधिकृत**

## दुई शब्द

शिक्षा मानव विकास र समाज विकासको मुख्य आधार एवम मानव अधिकारको विषय हो । वर्तमान नेपालको संविधानले संघीय लोकतन्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति सुशासन, विकास र समृद्धिको अपेक्षा गरे अनुसार शिक्षालाई वैज्ञानिक प्राविधिक, व्यावसायिक, सिपमुलक, रोजगारमुलक एवम् जममुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक तथा राष्ट्रहितप्रति समर्पित जनशक्ति तयार गर्न शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाइ क्रमश निःशुल्क बनाउने राज्यको नीति बमोवजिम प्रत्येक नागरिकलाई आधारभुत शिक्षाको पहुँचको लागी सो तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ भनि मौलिक हकको व्यवस्था गरेको छ ।

वर्तमान नेपालको संविधानको अनुसूची ८ ले आधारभूत तथा माध्यमिक शिक्षालाई स्थानीय तहको अधिकारको सूची अन्तर्गत राखेको छ भने स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) ज. मा स्थानीय तहले गर्नुपर्ने आधारभूत र माध्यमिक शिक्षासम्बन्धी विभिन्न २३ वटा काम कर्तव्य र अधिकारहरू उल्लेख गरेको छ । देश संघीयतामा गइसकेपछि जोरायल गाउँपालिकाले स्थानीय तह सञ्चालनमा आएसँगै स्थानीय सरकारका रुपमा विद्यालय शिक्षासम्बन्धी कानून तथा शिक्षा सम्बन्धी योजना बनाउने देखि शैक्षिक कार्यक्रमहरू कार्यान्वयन, शैक्षिक संस्थाहरूको स्थापना, अनुमति, सञ्चालन व्यवस्थापन, नियमन जनशक्तिहरूको परिचालन तथा व्यवस्थापन र अनुगमन तथा मूल्याङ्कन गर्ने जस्ता अत्यन्त महत्त्वपूर्ण कार्यको जिम्मेवारी जोरायल गाउँपालिकाले वहन गर्दै आएको छ । जोरायल गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखामार्फत शैक्षिक गुणस्तर अभिवृद्धि गर्न, शिक्षामा सबै बालबालिकाको पहुँच पुर्याउन, विद्यार्थी भर्नादरमा वृद्धि गर्न, विद्यालय छोड्ने तथा कक्षा दोहर्याउने दरमा कमी ल्याउने ध्ययेका साथ गाउँपालिकाको शैक्षिक उन्नतिको लागि माथि उल्लिखित कार्यहरू सम्पादन हुँदै आएका छन् ।

तथ्याङ्कको अभावमा योजना एवम् कार्यक्रमहरू तर्जुमा गर्न र तिनको प्रभावकारी कार्यान्वयन गर्न सम्भव छैन । सूचना प्राप्त गर्नु प्रत्येक नागरिकको नैसर्गिक अधिकार हो भने सार्वजनिक निकायले सूचना दिनु उसको कर्तव्य हो । शैक्षिक तथ्याङ्कहरूको व्यवस्थित अभिलेख राखी सरोकारवाला लगायत आम नागरिकहरूलाई सु-सूचित गर्ने अभिप्रायले जोरायल गाउँपालिकाको समग्र शैक्षिक अवस्था, गाउँपालिकाले शिक्षाका क्षेत्रमा सम्पादन गरेका विभिन्न कार्यक्रमहरूका बारेमा कार्यालयले विभिन्न माध्यमबाट समय समयमा जारी सूचना एवम् विभिन्न कार्यक्रममार्फत जानकारी गराउँदै आएको भएता पनि गाउँपालिकाको शैक्षिक अवस्था बारे जानकारी दिने दस्तावेजको अभाव रहेको सन्दर्भमा जोरायल गाउँपालिकाको विभिन्न शैक्षिक विवरणहरु समेटिएको विभिन्न शैक्षिक तथ्याङ्कहरुको संगालो तथा समग्र गाउँपालिकक्को शैक्षिक आधारको रुपमा जोरायल शिक्षा पार्श्वचित्र-२०७८ तयार गरि कार्यान्वयनमा ल्याइएको छ । यसको मुख्य उद्देश्य विद्यालयस्तरमा शैक्षिक तथ्याङ्क तथा कार्यक्रमहरुको सरोकारवालाहरुलाई जानकारी गराउनु हो । दोस्रो उद्देश्य सरोकारवालाहरुलाई जोरायल गाउँपालिकाको शैक्षिक विकासका लागि के कस्ता नीति तथा कार्यक्रमहरु सञ्चालन गर्न जरुरी छ भन्ने कुराको जानकारी गराउनु हो ।

जोरायल गाउँपालिकाको समग्र शैक्षिक गुणस्तर सुधार तथा बालबालिकाको विद्यलय शिक्षामा पहुँच विस्तारकालागी आवश्यक कार्य गर्दै आएको छ । प्रारम्भिक बालविकास केन्द्र उमेर समुहका सम्पुर्ण वालवालिकाहरुको भर्ना सुनिश्चतता, न्युनतम मापदण्ड पुरा गरेका बालविकास केन्द्रहरुको संख्यामा बृद्धि, **ECD** को अनुभव सहित कक्षा १ मा भर्ना हुने बिद्यार्थीहरुको संख्या सतप्रतिशत पुर्याउने, आधाररभुत तह कक्षा १-८ को शिक्षा अनिवार्य र निशुल्क हुने संबैधानिक प्रावधानको प्रभावकारी कार्यान्वयन गर्न, भुगोल र विद्यार्थी संख्याका आधारमा विद्यालयहरुको नक्शांङ्कन,विद्यालय समायोजन, दरबन्दी मिलान, शिक्षक विद्यार्थी अनुपात मिलान, न्युनतम योज्ञता पुगेका शिक्षकहरुको संख्या सतप्रतिशत पुर्याउने, स्थानिय पाठ्यक्रमको निर्माण र प्रयोग, विद्यार्थी भर्ना दरमा बृद्धि, टिकाउ दरमा सुधार, दोहर्याउने दरमा कमी, उत्तिर्ण दरमा बृद्धि, माध्यमिक शिक्षा, प्राविधिक तथा व्यवसायीक शिक्षा, समावेशी शिक्षा, आर्थीक रुपमा पछाडी परेका वर्गको लगी शिक्षामा पहुँच बृद्धि, आपतकालिन शिक्षा लगायतका विषयमा योजनावद्ध ढंगले अगाडी बढ्न जोरायल गाउँपालिका डोटीले दश वर्षे शिक्षा योजना-२०७८/७९-२०८७/८८ निर्माण गरेको छ । यस दश वर्षे शिक्षा योजनाले आगामि दश वर्षको शिक्षाको स्पष्ट खाका निर्माण गरि प्रभावकारी कार्यान्वयन मार्फत आर्थिक तथा सामाजिक रुपान्तरणको माध्यमबाट सभ्य, सु-संस्कृत र न्यायपुर्ण समाजको विकास सहित शिक्षा प्राप्तिमा सबैको पहुँच सुनिश्चितता, अनिवार्य र निशुल्क शिक्षाको कार्यान्वयन तथा व्यावसायिक र आत्मनिर्भर गुणस्तरीय शिक्षाको अवसर प्रदान गरी समृद्ध नेपाल र सुखि नेपाली बनाउन योगदान गर्ने अपेक्षा गरेको छ ।

यस दश वर्षे जोरायल गाउँ शिक्षा योजना-२०७८/७९-२०८७/८८ भित्र सात वटा परिच्छे तथा विभिन्न १४ वटा अनुसूचीहरु रहेका छन । पहिलो परिच्छेदमा परिचय, दोस्रो परिच्छेदमा नया शिक्षा क्षेत्र योजना, परिच्छेद तिनमा शिक्षाका क्षेत्रहरु, परिच्छेद चारमा संस्थागत संरचना र क्षमता विकास, परिच्छेद पाँचमा लगानि तथा स्रोत व्यवस्थापन, परिच्छेद छ मा कार्यान्वयन,अनुगमन तथा मुल्याङ्कन, समन्वय रसहजिकरण, परिच्छेद सातमा मुख्य-मुख्य कृयाकलाप र उपलब्धी उल्लेख गरिएको छ भने अन्तमा सन्दर्भ सामाग्री र अनुसूचीहरु समेटिएका छन् । यसरी विभिन्न परिच्छेदहरु मार्फत जोरायल गाउँपालिकाको वर्तमान शैक्षिक अवस्थाको विश्लेषण गरि आगामि १० वर्षको शिक्षाका विभिन्न क्षेत्रहरुमा

लक्ष्य, उद्देश्य, रणनीति,कार्यनीति,कार्ययोजना, कृयाकलाप र उपलब्धीहरु सहित स्पष्ट खाका सहितको योजना निर्माण भएकोछ। यसरी निर्माण भएको शिक्षा योजना अन्तिम भने होइन समय,परिस्थिति,औचित्य र आवस्यकताका आधारमा परिमार्जन गर्दै लगिनेछ।

अन्तमा,यस गाउँपालिकाको शैक्षिक क्षेत्रको दश वर्षे मार्गचित्र दस्तावेज **जोरायल गाउँ शिक्षा योजना २०७८-२०८७** को निर्माण कार्यमा जुट्नु हुने विभिन्न कार्यदलमा रहेर महत्वपुर्ण सुझाव सल्लाह प्रदान गर्नु हुने महानुभावहरु, मस्यौदा लेखन तथा सम्दन कार्यमा अहोरात्र खटिनु हुने मस्यौदा लेखन तथा ड्राफ्ट तयारी समितिका व्यक्तित्वहरु विषेशगरी श्री शिवपुर मा.वि. चनकट्टेका प्र.अ. पदमराज उपाध्याय र श्री नवदुर्गा आ.वि. ठुलढुङ्गाका प्र.अ. श्री उमेश कुमार साउँद, योजना निर्माणमा मार्गदर्शन गर्नु हुने मूल समितिका संयोजक (गाउँपालिका अध्यक्ष) एवम सदस्यज्यूहरु तथा गाउँ शिक्षा समितिका पदाधिकारी एवम् योजना निर्माणमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्ण सहयोगी जनहरु जोरायल गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखा तथा मेरो व्यक्तिगत तर्फबाट विशेष आभार सहित धन्यवाद व्यक्त गर्दछु।

२०७८ कार्तिक

......................................

**तेज बहादुर खत्री**

**शाखा अधिकृत (शिक्षा शाखा प्रमुख)**

## विषयसूची

**परिच्छेदः१(एक) परिचय** ........
१.१ गाउँपालिकाको समान्य परिचय ........
१.२ शिक्षाको संक्षिप्त परिचय ........
१.३ शिक्षा सम्बन्धि कानुन, नीति,संरचना तथा कार्यक्रम ........
१.४ बार्षिक शैक्षिक नीति तथा कार्यक्रममा शिक्षा ........
१.५ शिक्षा क्षेत्रको वर्तमान अवस्था विश्लेषण ........
१.६ शिक्षा क्षेत्रमा कार्यरत विकास तथा कल्याणकारी संस्थाहरू ........
१.७ सामुदायिक सिकाई केन्द्र सम्बन्धि विवरण ........
१.८ विद्यार्थी भर्ना सम्बन्धि विवरण ........
१.८.१ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिममा भर्ना ........
१.८.२ विद्यालमा उमेरगत भर्ना विवरण ........
१.८.३ अपाङ्गता भएका विद्यार्थी भर्ना विवरण ........
१.८.४ स्रोत कक्षा तथा अपाङ्गता भएका विद्यार्थी ........
१.९ सामुदायीक विद्यालय विद्यार्थी उपलब्धी ववरण ........
१.१० निजी विद्यालय विद्यार्थी उपलब्धी विवरण ........
१.११ विद्यालयमा उपलब्ध भौतिक सुविधा ........
**परिच्छेदः-२ (दुई) नयाँ शिक्षा क्षेत्र योजना** ........
२.१ सन्दर्भ र औचित्य ........
२.२ दीर्घकालिन सोच र गन्तव्य ........
२.३ स्थानीय तहको शिक्षाको लक्ष्य ........
२.४ प्रमुख उद्देश्यहरू ........
२.५ गाउँ शिक्षा योजनाका मुख्य रणनीतिहरू ........
२.६ उपलब्धि सूचकाङ्क ........
**परिच्छेदः-३(तिन) शिक्षाका क्षेत्रहरू** ........
३.१ प्रारम्भिक बालविकास र शिक्षा ........
३.२ आधारभुत शिक्षा ........
३.३ माध्यमिक शिक्षा ........
३.४ प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तथा तालिम ........
३.५ पाठ्यक्रम र पाठ्यसामाग्री ........
३.६ शिक्षक व्यवस्थापन र विकास ........
३.७ विद्यालय व्यवस्थापन ........
३.८ अनौपचारिक शिक्षा ........
३.९ गुणस्तरीय सार्वजनिक शिक्षा ........
३.१० समावेशी शिक्षा ........
३.११ शिक्षामा सुचना प्रविधि ........
३.१२ शिक्षमा आर्थीक अवस्था कम्जोर हुने वर्गको पहुँच ........
३.१३ आपतकालीन तथा संकटपुर्ण अवस्थामा शिक्षा ........
**परिच्छेदः ४(चार) संस्थागत संरचना र क्षमता विकास** ........
४.१ परिचय ........
४.२ वर्तमान अवस्था ........
४.३ उद्देश्य ........
४.४ रणनीति र कार्यनीतिहरू ........
४.५ कार्यक्रम र कार्यान्वयन ........
४.६ अपेक्षित उपलब्धी ........
**परिच्छेदः ५(पाच) लगानी र स्रोत व्यवस्थापन** ........
५.१ परिचय ........
५.२ वर्तमान अवस्था ........
५.३ उद्देश्य ........
५.४ रणनीतिहरू ........

५.५ स्रोतको अनुगमन र विश्लेषण ....................
५.६ प्रस्तावित कार्यक्रम तथा बजेट अनुगमन ....................
५.७ अपेक्षित उपलब्धी ....................
**परिच्छेदः ६(छ) कार्यन्वयन,अनुगमन तथा मूल्याङ्कन,समन्वय र सहजीकरण ....................**
६.१ योजना कार्यान्वयन ....................
६.२ योजना अनुगमन तथा मूल्याङ्कन ....................
६.३ समन्वय र सहजीकरण ....................
**परिच्छेदः ७(सात) मुख्य मुख्य क्रियाकलाप र उपलब्धि सूचक ....................**
सन्दर्भ सामग्रीहरू ....................
अनुसूचि-१ विद्यालयमा रहेका शिक्षक दरबन्दिहरू तथा विद्यार्थी विवरण, २०७७ ....................
अनुसूचि-२ आधारभुत तह कक्षा १-५ शिक्षक दरबन्दि विवरण ....................
अनुसूचि-३ आधारभुत तह कक्षा ६-८ शिक्षक दरबन्दि विवरण ....................
अनुसूचि-४ माध्यमिक तह कक्षा ६-१० शिक्षक दरबन्दि विवरण ....................
अनुसूचि-५ गाउँपालिकाको राहत रदरबन्दीसहित शिक्षक दरबन्दी विवरण ....................
अनुसूचि-६ प्रधानाध्यापकको नामथर तथा सम्पर्क नम्बर ....................
अनुसूचि-७ गाउँशिक्षा समितिका पदाधिकारीहरूको विवरण ....................
अनुसूचि-८ समुदायमा आधारित वालविकास केन्द्रहरूको विवरण ....................
अनुसूचि-९ गाउँपालिकाको लगानिमा खोलिएका वालविकास केन्द्रहरूको विवरण ....................
अनुसूचि-१० शिक्षक अनुदान प्रदान गरिएका विद्यालयहरूको विवरण-२०७८/७९ ....................
अनुसूचि-११ गाँ.पा. स्तरिय विज्ञ समुहका पदाधिकारीहरूको विवरण ....................
अनुसूचि-१२ शिक्षा नियमावली अनुसार छनौट भएका प्रधानाध्यापकहरूको विवरण ....................
अनुसूचि-१३ विषयगत कार्यदल विवरण ....................
अनुसूचि-१४ प्रस्तावित शिक्षा बजेट (२०७८/७९-२०८७/८८) ....................

# कार्यकारी सारांश

## परिचयः

योजना गन्तव्य प्राप्तिको आधारशीला हो । गन्तव्यमा पुग्नका लागि योजना अपरिहार्य हुन्छ । योजनाले हिजोको स्थिति, वर्तमानको यथार्थ र भविष्यको सपनालाई बोध गराएको हुन्छ । जसको अध्ययनबाट हिजोका दिनको ज्ञान, सीप र अनुभवलाई आत्मसाथ गर्दै वर्तमानमा भविष्यको आशाका लागि काम गर्न सघाउँछ । यी र यीनै विचारहरुलाई मन्थन गर्दै जोरायल गाउँपालिकाले यो दश बर्षे जोरायल गाउँ शिक्षा योजना तर्जुमा गरेको छ । स्थानीय तहका रुपमा स्थापित भै सकेपछि नियमित रुपमा यस गाउँपालिकाले शिक्षासम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गरि रहेको छ । ती कार्यक्रमहरु केही संघीय सरकारको योजनाले डोग्राएको बाटो अँगाल्दै, केही सुदूरपश्चिम प्रदेश सरकारको लक्ष्य र उद्देश्यलाई साथ दिंदै र केही गाउँपालिकाको आफ्नै रणनीति अनुसार सञ्चालन भएका थिए र हुँदै पनि आएका छन । जोरायल गाउँपालिकाले आगामी दश बर्षको अवधिमा जोरायल गाउँपालिकालाई नमुना शैक्षिक केन्द्रका रुपमा विकास गर्न शिक्षा विकासका लागि मार्गचित्र कोर्न यो योजना तर्जुमा गरेको छ ।

यसमा जोरायल गाउँपालिकाका समग्र शैक्षिक विकासका योजनाहरु के ? कसरी ? कसद्वारा ? कुन स्रोतसामग्रीको उपयोग गरेर ? शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने भन्ने कुरालाई मुख्य मुद्दाका रुपमा प्रस्तुत गरिएको छ । यसका साथै शिक्षामा नवीनतम सूचना सञ्चार प्रविधिको प्रयोग बालमैत्री विद्यालय वातावरण निर्माण ,शिक्षकको पेसागत विकास , विद्यालय व्यवस्थापन,शिक्षक व्यवस्थापन, विद्यालय बाहिर रहेका बालवालिकाहरुलाई विद्यालय भित्र्याउने जस्ता प्राथमिक मुद्दाहरुलाई समेत समेटेर जोरायल गाउँपालिकाद्वारा वि.सं. २०७८ देखि वि.सं. २०८७ साल सम्मको १० बर्षमा क्रमशः कार्यान्वयनमा लैजानका लागि मार्ग प्रशस्त गर्न यो १० बर्षे शिक्षा योजना तयार पारिएको छ ।

## विगतका प्रयासः

सिकाइका लागि वातावरणको भूमिका मुख्य हुन्छ । यस गाउँपालिकाका विद्यालयहरुको वातावरण पूर्ण रुपमा बालमैत्री भौतिक पूर्वाधारयुक्त बनाउन सकिएको छैन । विद्यालयहरुमा कक्षागत र विषयगत आधार एवम् विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी व्यवस्थापन गर्नुपर्नेछ । विद्यालयको चौतर्फी विकासका लागि प्रभावकारी ढंगबाट अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्न सकिएको छैन । विद्यालयहरुको नियमित अनुगमन मूल्याङ्कन भई अनुगमन मूल्याङ्कनको प्रतिवेदन अनुसार कार्यक्रम सञ्चालन हुने परिपाटी बसेको पाईदैन । पाठ्यक्रम, पाठ्यपुस्तक तथा अध्यावधिक शैक्षिक कार्यक्रम सम्बन्धमा शिक्षकहरुलाई दक्ष बनाउन पर्याप्त अध्ययन तालिमका अवसर जुटाउन सकिएको छैन, भएका तालिम कार्यक्रमहरु समेत सैद्धान्तिक कक्षा क्रियाकलापमै सिमित रहेका छन् । साक्षरताको दर शतप्रतिशत पुग्राउन अझ धेरै मेहनेत गर्नु पर्ने देखिन्छ । सबै बालबालिकाहरुको विद्यालयमा भर्ना तथा भर्ना भएका विद्यार्थीको विद्यालयमा टिकाउने कार्यमा थुप्रै समस्याहरु रहेका छन् ।

## समस्या तथा मुद्दाहरूः

जोरायल गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा भर्ना भई अध्ययन गरिरहेका प्रत्येक बालबालिकालाई गुणस्तरीय शिक्षाको प्रत्याभूति दिन, गाउँपालिका क्षेत्रका सबै विद्यालयहरुमा बालमैत्री भौतिक संरचना निर्माण गर्न, कक्षागत र विषयगत रुपमा पर्याप्त शिक्षक संख्याको व्यवस्था गरी शिक्षकहरुको ज्ञान, सीप र क्षमतालाई अध्यावधिक गरी गुणस्तर सिकाइ क्रियाकलाप सञ्चालनका खातिर उपयोग गर्न पेशागत तालिमको सञ्चालन एवम् निरन्तरता, सबै अभिभावकहरुमा बालबालिकाको भविष्य प्रतिको आस्था जगाउन, वर्तमान युग सुहाउँदो सूचना तथा सञ्चार प्रविधिको संरचना विकास गरी शिक्षक/विद्यार्थीको पहुँचमा पुग्राउन, विद्यालय शिक्षाको गुणस्तर विकासका लागि अपरिहार्य पुस्तकालय , विज्ञान प्रयोगशालाकोसमुचित प्रयोग हुने सुनिश्चितता सहित उचित व्यवस्था गर्न,प्राविधिक तथा व्यावसायिक शिक्षामा सबैको पहुँच विस्तार गरी सीपयुक्त सक्षम शैक्षिक उत्पादन गर्न विभिन्न चुनौतीहरुको सामना गर्नु पर्ने स्थिति रहेको छ ।

## अवसरहरू:

वर्तमान समयमा शिक्षा सम्बन्धी विभिन्न क्रियाकलापहरु आयोजना गर्ने, नीति, योजना तथा कार्यक्रमहरु तर्जुमा गर्नको लागि स्थानीय तहसँग विभिन्न अवसरहरु रहेका छन जसले शिक्षा क्षेत्रलाई प्रभावकारी तथा सफल ढङ्गले अघि बढाउन सकिएको छ । यो योजना निर्माणका लागि केहि अवसरहरु यसप्रकार छनः

१. स्थानीय सरकारले शिक्षासम्बन्धी संघीय सरकारको शैक्षिक नीति नियम मापदण्डसँग नबाझिने गरी नीति ,कानून, मापदण्डकार्यान्वयन र , अनुगमन गर्ने व्यवस्था हुनु ।
२. संघीय संरचना अनुसार संचालनमा रहेका सबै तहमा स्थानीय तह स्वायत्त हुनु ।
३. योजना तथा बजेट निर्माणमा स्थानीय तह स्वायत्त हुनु ।
४. राष्ट्रिय शिक्षा नीति २०७६ निर्माण हुनु ।
५. राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ कार्यान्वयन हुनु ।
६. स्थानीय तहमा शिक्षा, युवा तथा खेलकुद शाखामार्फत समग्र शिक्षाको गुणस्तर र सेवा प्रवाह प्रभावकारिता अभिवृद्धि सम्बन्धी योजनाबद्ध सुरुवात हुनु ।

७. स्थानीय सरकारले आवश्यकताका आधारमा आधारभूत तहमा संरचनामा तोके बमोजिम स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास गर्न सक्ने प्रावधान हुनु ।
८. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहका लागि शिक्षा सम्बन्धी २३ वटा अधिकारहरुको व्यवस्था भएको हुनु ।

## गाउँ शिक्षा योजनाका उद्देश्यहरूः

१. जोरायल गाउँपालिकाका सबै बालबालिकालाई प्रारम्भिक बालविकासको अनुभवसहित आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षा निःशुल्क सहित शिक्षामा पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय,जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु ।
२. प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार गरी सबैको पहुँच तथा गुणस्तर सुनिश्चित गर्नु,
३. गाउँपालिका भित्रको शिक्षा प्रणालिमा सुशासन कायम गरी पारदर्शिता,उत्तरदायित्व र जवाफदेहिताको विकास गर्नु ।
४. ज्ञानविज्ञान र प्रविधिको विकाससँगै आएको नवीन परिवर्तन शिक्षा क्षेत्रमा समावेश गर्नु,।

## दीर्घकालिन सोच र गन्तव्यः

आर्थिक तथा सामाजिक रुपान्तरणको माध्यमबाट न्यायपुर्ण समाजको विकास सहित शिक्षा प्राप्तिमा सबैको पहुँच सुनिश्चितता, अनिवार्य र निशुल्क शिक्षाको कार्यान्वयन तथा व्यावसायिक र आत्मनिर्भर गुणस्तरीय शिक्षाको अवसर प्रदान गरी समृद्ध नेपाल र सुखि नेपाली बनाउन योगदान गर्ने ।

## शिक्षा योजना निर्माण प्रकृयाः

यस योजना निर्माणका क्रममा देहायबमोजिमका प्रक्रियाहरु अवलम्बन गरिएका छन् :

- ❖ गाउँ कार्यपालिका,शिक्षा सम्बद्ध व्यक्तिहरु तथा सरोकारवाल बिच गाउँ शिक्षा योजना निर्माण सम्बन्धी प्रारम्भिक छलफल ।
- ❖ गाउँ शिक्षा योजना निर्माण मूल समिति, विषयगत कार्यदल, मस्यौदा लेखन तथा सम्पादन समिति गठन तथा जिम्मेवारी बाँडफाँड ।
- ❖ गाउँ शिक्षा योजनाका लागि आवश्यक विवरण सङ्कलन मस्यौदा समितिका सदस्यहरुलाई योजना निर्माणका विभिन्न प्रमुख क्षेत्रहरुमा अध्ययन गरी मस्यौदा तयारिको जिम्मेवारी प्रदान ।
- ❖ मस्यौदा समिति सदस्यहरुले तयार गरेको मस्यौदाको विषयगत कार्यदलमा छलफल,परिमार्जन तथा सुधार ।
- ❖ तयार भएको योजना मूल समितिमा अध्ययन तथा सम्बन्धित सरोकारवालाको सुझाव सङ्कलनका लागि पेश ।
- ❖ समिति सदस्यहरुको सुझावसहित गाउँ शिक्षा योजनाको अन्तिम मस्यौदा तयार र उक्त मस्यौदा उपर कार्यपालिकाका सम्पुर्ण सदस्यहरुसँग छलफल तथा सुझाव सङ्कलन ।
- ❖ कार्यपालिका सदस्यहरुबाट प्राप्त सुझावको आधारमा परिमार्जित मस्यौदा तयार अध्ययन तथा गाउँ कार्यपालिका वैठकमा स्वीकृतिका लागि सिफारिस गर्न गाउँ शिक्षा समितिमा पेश ।
- ❖ गाउँ शिक्षा समितिको सिफारिससहित गाउँ शिक्षा योजना गाउँ कार्यपालिकाको बैठकमा पेश छलफल र स्वीकृत ।
- ❖ गाउँ शिक्षा योजना छपाई तथा वितरण ।

## गाउँ शिक्षा योजनाका मुख्य रणनीतिहरूः

- ❖ प्रारम्भिक बालविकास शिक्षाको व्यवस्थापन गर्दै सो तहको शिक्षा सबै बालबालिकाहरुका लागि अनिवार्य गर्ने,
- ❖ अनिवार्य तथा निःशुल्क गुणस्तरीय शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न सरोकारवाला सबै निकायको क्षमता विकासजागरुक र , जवाफदेही बनाउने,
- ❖ प्रतिभा पलायनबाट बच्न मागमा आधारित प्रविधिमैत्री शिक्षा प्रणालिको विकास गरी सीपयुक्त जनशक्ति तयार पार्ने,
- ❖ लागि यस गाउँपालिकामा प्राविधिक तथा व्यवसायिक धारका विद्यालयहरु सञ्चालन गरी गुणस्तरीय प्राविधिक युवाहरुका तथा व्यावसायिक शिक्षामा पहुँच सुनिश्चित गर्ने,
- ❖ नागरिकहरुलाई कामको संसारसँग परिचित गराइ सीपको प्रमाणीकरणको व्यवस्था मिलाउने,
- ❖ शिक्षाको समग्र गुणस्तर कायम गर्न विद्यालयमा गरिएको लगानीको प्रतिफलमा आधारित थप लगानी पद्धतिको विकास गर्ने,
- ❖ सम्पूर्ण शिक्षा प्रणालीलाई सूचना तथा सञ्चार प्रविधिमा आधारित बनाउने ।
- ❖ विद्यालय नक्शाङ्कनका आधारमा विद्यालय समायोजन, तह मिलान र दरबन्दी मिलान तथा पुनरवितरणको कार्य गर्ने,

## अपेक्षित उपलब्धिहरूः

यस १० वर्षे शिक्षा योजनाले आधारभुत तहको खुद भर्नादर १०० प्रतिशत पुर्याउने ,माध्यमिक तहको खुद भर्नादर ७५ प्रतिशत पुग्राउने, आधारभुत तहको कूल भर्ना दर १०० प्रतिशतमा झार्ने, माध्यमिक तहको कुल भर्नादर ८० प्रतिशतमा झार्ने, सबै तहको टिकाउ दर १०० प्रतिशत पुर्याउने १ लैङ्गिक समता सूचक ,पुग्राउने संङ्ख्या शून्यमा झार्ने विद्यालय बाहिर रहेका बालबालिकाको कक्षा दोहोर्याउने दर शून्यमा झार्ने , पन्ध्र वर्ष भन्दा माथिको साक्षरता दर १०० प्रतिशत पुग्राउने र जोरायल गाउँपालिकाले आफ्नो बार्षिक कुल समानीकरण बजेटको २० प्रतिशत शिक्षामा लगानी गर्ने लक्ष्य राखेको छ ।

# परिच्छेद:१(एक)
# परिचय

## १.१ गाउँपालिकाको समान्य परिचय:

### १.१.१ भौगोलिकता:

डोटी जिल्ला सदरमुकाम सिलगढी डोटीबाट लगभग ६० किलोमिटर टाढा दक्षिण पश्चिम दिशातिर पर्ने रमणीय उपत्यकाको नाम नै जोरायल हो। यस गाउँपालिका क्षेत्रको नाम "जोरायल" किन रहन गयो भन्ने बिषयमा एकमत देखिदैन। तर महाभारतको कथा अनुसार भीमले जरासन्ध नामक राक्षकलाई दुई तिघ्रा समातेर बिचोबिच च्यातेर फाल्दा एक भाग यस क्षेत्रमा परेको हुँदा जरासन्धबाट 'जरालय' हुँदै 'जोरायल' भएको हो भन्ने धैरैको मत छ। कौरवहरुसँग जुवा हारेपछि १२ बर्षको बनबास र एक बर्षको गुप्तबासका क्रममा संयोगले एकदिन उनीहरू जोरायलको शिरस्थान स्थित चौड़ेथल महाभारत पर्वतमा आइपुगे। चौड़ेथल जगत्तड़ी पर्वतको बसाइसितै एकदिन त्यहाँबाट तलतिर पर्ने 'जोरायल'को भौगोलिक दृश्य हेर्न जाँदा चौतर्फी भौगोलिक एवं प्राकृतिक सुन्दरताले ओतप्रोत भएको र बीचमा उपत्यका जस्तो परेकोसम्म फाँटलाई जलमग्न अवस्थामा देखे। त्यो जलमग्नताको रहस्य बुझ्न समग्र भूगोल परीक्षण गर्दा त्यसको पुछारस्थान अर्थात् निकास मार्ग 'नङ्गेउठी' (बेत्थीखोला) भन्ने ठाउँमा वरपरबाट दुईवटा डाँडाहरू तलैसतह देखि आपसमा मिलेको र माथिको भाग एक आपसमा खुला रहँदा सतहबाट पानी जम्मा भएर त्यसको झण्डै १०० मिटर माथिबाट पानी उतातिर छहरा जस्तो भई बग्दा जलमग्नता रहेको देखे।उनीहरुले जोरायलको जल निकास गरेर त्यसलाई बस्ती योग्य बनाइदिने योजना सहित दुई डाणाहरू जोड़िएको ठाउँ 'नङ्गेउठीमा' जल निकासमार्ग बनाए। यसरी जोरायलको जल निकास भइसकेपछि विगतमा जलमग्न स्थानको भू–भाग कहाँ के–कस्तो रहेछ भनी माथि हेर्दै जाँदा हालको सिलङ्गीबाग भन्ने ठाउँमा यौटा अजङ्ग र अर्धअंग भएको जीव त्यहाँ लडिबुडी गरिरहेको अवस्थामा देखियो। 'मगधदेशमा राक्षस जरासन्धसँग भगवान श्रीकृष्णको युद्ध हुँदा पाण्डव भ्राता भीमले भगवान कृष्णको संकेतमा दुई खुट्टा समाति च्यातेर अर्ध अंग बनाई शरीरको यौटा आधा फक्लेटो आकास मार्ग तिर फाल्ने क्रममा कसरी–कसरी यहाँ आइपरेको प्रत्याभूति हुन पुग्यो किनभने मगधदेशमा भएको 'जरासन्ध'+कृष्णयुद्धमा पाण्डव सखाहरू सहभागी थिए भन्ने कुरा श्रीमद्भावगत महापुराणको 'दशंम–स्कन्ध'मा आख्यानात्मक वर्णन पाइन्छ।

राक्षस जरासन्धले त्यहाँका राजा–महाराजा देखि सर्वसाधारण जन जीवनमाथि हिंसात्मक आतंक र उपद्रव मचाएका कारण युद्धमा यस्तो दुर्दशा गरिएको कुरा अवगत भएपछि उसको सचेतन शारीरिक अर्धांशले पुनः जोरायल क्षेत्रमा पनि त्यसै किसिमको पीड़ा–आतंक पार्ला भन्ने लागेर पाण्डवहरूले जरासन्धको बध गरे। त्यसैले यसको नाम जोरायल रहन गएको हो भन्ने जनश्रुति छ।यस्तै चारैतिर डाँडाकाडाँ भएको र विचमा समथर जग्गा भएको र उक्त जग्गा जलासययुक्त अवस्थामा रहेकोले पहिलो 'जलासय' नाम रहेको र पछि जलासयबाट अपभ्रंस हुँदै जोरायल भएको भन्ने भनाई पनि छ। जलनिकास भई बसोवास गर्न योग्य भएपछि उक्त स्थानमा बिभिन्न ठाउँका व्यक्तिहरु बसोवास गर्न आएका कारण यसलाई "जोडीजाडी जोरायल" भन्ने गरेको पनि सुनिन्छ। एकथरीको बुझाइमा जोरायलको शीर्षस्थानमा 'ज्वालादेवी' (जरादेवी) विराजमान भएकीले सोही नामाक्षरको आधारमा 'जोरायल' भएको हो भन्ने छ। भू–बनोट अनुसार भित्रीमधेश जस्तो ठाउँ हुँदा विगतमा यहाँ औलो ज्वरोको प्रकोप भइरहने हुँदा 'जोरायल' भएको हो भन्ने पनि छ।समग्रमा हेर्दा जरासन्ध नामको राक्षकको अंगको एक भाग जोरायलमा परेको र त्यो भागको बध गरिएको हुँदा नै यसलाई जोरायल भनिएको हो भन्ने तर्क नै बलियो देखिन्छ।

जोरायल गाउँपालिका डोटी २७.५५ देखि २७.९१ अक्षाङ्स तथा ८४.१५ देखी ८४.२५ डिग्री देशान्तरको विचमा समुद्र सतह देखी ११२६ मिटरको उचाइमा रहेको छ। गाउँपालिकाको पूर्वमा डोटीको बडिकेदार गाउँपालिका,पश्चिममा आलिताल गाउँपालिका, डडेल्धुरा, उत्तरमा गन्यापधुरा गाउँपालिका,डडेल्धुरा र शिखर नगरपालिका, डोटी तथा गाउँपालिकाको दक्षिणमा चुरे गाउँपालिका, कैलाली रहेका छन। प्रशासनिक विभाजनका हिसावले ६ वटावडाहरु (वडा नं. १ घण्टेश्वर, वडा नं. २ छतिवन, वडा नं. ३ सरस्वतीनगर, वडा नं. ४ लक्ष्मीनगर, वडा नं. ५ गडसेरा र वडा नं. ६ निरौली) रहेका छन। गाउँपालिका अन्तरगत ६१ वटा (५८ वटा सामुदायीक, ३ वटा संस्थागत) विद्यालयहरु, १२ वटा ( १ वटा प्राथिमक स्वास्थ्य केन्द्र, ५ वटास्वास्थ्य चौकी, ६ वटा सामुदायीक स्यास्थ्य केन्द्र) स्वास्थ्य संस्थाहरु, ६९ वटा ( ४६ वटा तत्कालिन जिल्ला शिक्षा कार्यालयको कोटा र २३ वटा गाउँपालिकाको कोटा) वालविकास केन्द्रहरु र ५ वटा (घण्टेश्वर , छतिवन, सरस्वतीनगर, लक्ष्मीनगर र भागेश्वर सामुदायीक सिकाइ केन्द्र) सामुदायीक सिकाइकेन्द्रहरु रहेका छन। जोरायल गाउँपालिका डोटी धार्मिक तथा पर्यटकिय हिसावले उत्कृष्ट गन्तव्य मानिन्छ। यहाका प्रमुख धार्मिक तथा पर्यटकिय क्षेत्रहरुमा घन्टेश्वर मन्दिर, भमदेउली मन्दिर, ज्वालावोन, कफलडा, ब्राहमदेव, सिद्वनाथ, सिद्वबाबा, घन्टेश्वर मन्दिर, अगेण मन्दिर, अक्कडकाजी मन्दिर, भुमदेउली मन्दिर, पुर्णगिरी मन्दिर,छतिवन ताल, छहरा झर्ना, भिमदत्त पन्त शहिद गल्लेक स्थान, मालिका मन्दिर, कपलकेट्टेश्वर, मसानी, डाडाखाली ताल (मन्दिर), भिम छेदन सिला, ज्वालादेबी, शिव मन्दिर,घन्टेस्वर मन्दिर, असीउ मन्दिर,सुनसमैजी मन्दिर, ग्वासी मन्दिर, कैलपाल मन्दिर, गण्याप शिला, नुवादेबी माण्डौ, तेरी निमाउने, भुमदेउ शिला, छडी माण्डौ, भागेश्वर मन्दिर, पडरे माण्डौ, शोलादेउ माण्डौ,टुणे माण्डौ, बेताल मन्दिर, थली गुफा केदार, मालीका देबी, चडेउलो देवता मन्दिर, मालीका देबी, पिनाकेश्वर मेला, समौजी, महादेव, अन्नपूर्ण, पासो, शिलजि मन्दिर, केदार बाबा, सिह जलदेबी मिन्दर,छेडेपानी केदार, किमगडे मन्दिर, निमाउने मिन्दर, मसानी माण्डौ,डुणेमसानि माडौ, अठबरी मन्दिर, गडतोला मन्दिर, पासाको मन्दिर, दुर्गा मन्दिर, मस्टा मन्दिर, गन्याप मन्दिर, शिबजी मन्दिर, केदार मन्दिर, कालिका मन्दिर, द्रगा मन्दिर, भामदेउले, गडरी, बडाथरी, पणरे,

भगबती मन्दिर,समैजी, भागेश्वर, मालीका भगवती, केदार मन्दिर,डुडा घोल्डाङी, मसानी, भगवती, मसानी, मट्टेकेदार मन्दिर, मालीका भगवती मन्दिर, बेताल, तेडी, भागेश्वर, ग्वासी समैजी आदी रहेका छन।

### १.१.२ राजनीतिक अवस्था:

राजनीतिक रुपमा जोरायल गाउँपालिका डोटी जिल्लामै अग्रणी स्थानमा रहेको छ। साविकको गडसेरा गा.वि.स. (हालको वडा नं. ५) बाट ३ जना राज्यको मन्त्रीसम्म भएक छन भने विभिन्न पार्टिबाट जिल्ला स्तरीय नेताहरु रहेका छन । पञ्चायतकालिन अवस्थादेखि नै राजनैतिक गतिविधिका हिसावले मुख्य केन्द्रबिन्दुको रुपमा रहदै आएको जोरायलमा कम्युनिष्ट बिचारधाराका राजनितिक कृयाकलापहरु बढि हुने गरेको देखिन्छ । वर्तमान अवस्थामा पनि राजनितिक गतिविधिका हिसावले जोरायल गाउँपालिका अगाडि नै देखिएको छ । यस गाउँपालिकामा हाल नेपाल कम्युनिष्ट पार्टी एमाले, नेपाली कांग्रेस र नेकपा मावबादी केन्द्र प्रमुख राजनीतिक शक्तिका रुपमा देखिएका छन। हाल गाउँ कार्यपालिका र गाउँसभामा नेपाल कम्युनिष्ट पार्टी एमालेले  नेतृत्व गरेको छ  भने नेपाली कांग्रेसको समेत प्रतिनिधित्व रहेको छ। अन्य राजनीतिक  दलहरुमा राष्ट्रिय प्रजातन्त्र पार्टी र जनमोर्चा नेपाल गाउँपालिका क्षेत्रमा उपस्थिति रहेको छ।

### १.१.३ धरातलिय अवस्था:

जोरायल गाउँपालिका डोटी साविकका ६ वटा गाउँ विकास समितिहरु मिलेर बनेको छ । जसमा घण्टेश्वर, छतिवन, लक्ष्मीनगर, सरस्वतीनगर, गड्सेरा र निरौली गा.वि.स. रहेका छन। साविकका गाउँ विकास समितिहरुलाई  हालको गाउँपालिकाको वडाहरु बनाइएको छ। प्रत्यक वडामा वडास्तरिय प्रशासनिक तथा सेवा प्रदायक इकाइहरु रहेका छन्। यस क्षेत्रमा देश तथा वदेशका बिभिन्न स्थानबाट बसाइ सराइ गरी आएकाहरुको बस्ति रहेको छ । यहाको भौगोलिक स्वरुप हेर्दा अग्ला-अग्ला डाँडाहरु, महाभारतको लेक, खोला, नदीहरु, सम्म परेको भित्रिमदेशको फाँट रहेका छन। जोरायलको सम्म परेको फाँट जहाँ बासमति धानको राम्रो उत्पादन हुने गर्दछ।

### १.१.४ प्राकृतिक सम्पदा:

जोरायल गाउँपालिका प्राकृतिक सम्पदाको हिसावले महत्वपूर्ण भु-भागहरु रहेका छन। चारैतिर डाँडाकाँडाले घेरिएको बिचमा समथर फाँट भएको जोरायल उपत्यकामा प्राकृतिक सम्पदाहरु महत्पूर्ण रहेका छन।  तेले महाभारतसँग सिमाना जोडिएको यस गाउँपालिकामा जडिबुटी उत्पादनका प्रसस्त सम्भावनाहरु रहेका छन्। महाभारत लेकमा रहेका देउताल, मुस्ताल, लामिताल, बाटुलीताल, गन्यापताल, अग्लो स्थानमा रहेको निसानाको डाँडा, महाभारत मुल भई बग्ने  गोगनीगाड तथा लामिताल ब्रह्मछडा हुँदै जोरायलको बिचभाग भएर बग्ने जोरायलीगाड (गोमती नदि) यस क्षेत्रका महत्तपुर्ण प्राकृतिक सम्पदाहरु हुन्। यसको साथसाथै काठ कुकाठहरुको पनि प्रसस्त सम्भाबना रहेको छ। जोरायली गाड लगायत साना ठुला नदिनालाहरु जसको सहि प्रयोग गरि उर्जा उत्पादन तथा सिचाइ कुलोको विकास गरि खाद्यान्न, फलफुल, तरकारी उत्पादनमा बृद्धि गरी जनतालाई आत्मनिर्भर बनाउने खालका उत्पादन गर्न सक्ने जमिन पनि यस गाउँपालिकाको प्राकृतिक सम्पदा हो।

### १.१.५ सांस्कृतिक अवस्था:

जोरायल गाउँपालिका मिश्रित धर्म र संस्कृति भएको क्षेत्र हो । यस क्षेत्रमा ब्राहमण, क्षेत्री, दलित, जनजातिहरुको बसोबास रहेको छ । पाण्डवहरुले जोरायलको पानी निकास गरी बस्ति योग्य जमिन बनाउन र जरासन्ध नाम गरेको राक्षसलाई मार्न सफल भएपछि विशाल विजयी यज्ञको आयोजना गरेको र उक्त यज्ञको पुर्णाहुतिको दिन अग्नि ज्वालाबाट ज्वालादेवी भगवतीको प्रादुर्भाव भएको किम्बदन्ती छ। यस्तै अन्य चण्डेश्वर महादेव, भागेश्वर, बेतल, समैजी, महादेव, पिनाकेश्वर, चउडेला, केदार गुफा, मालिका आदि पर्दछन।  त्यसैगरी जोरायल क्षेत्रका अन्य बिभिन्न ग्रामीण भेग तथा कुना कन्दराहरुमा अन्य सहायक देवी देवताहरु पनि प्रतिष्ठापित, विराजित र यथा समयमा पुजित छन। एक अर्को पौराणिक किम्बदन्ती अनुसार राक्षस जरासन्धको दुष्प्रभावलाई दमन गर्न हरेक वर्ष कार्तिक कृष्णपक्ष यमपञ्चकको द्वितीया तिथिको राती विगतमा जरासन्ध जलभित्र लुकेर बसेको स्थान सिलङ्गीबागमा जोरायल क्षेत्रका वरपर रहेका विविध देवो देवताका पञ्चैबजासहित सम्बन्धित स्थानका मानिससमेत यहाँ भेला भएर भोस्सो सहित पञ्चैबाजाहरुको ताल र चालमा जरासन्धजन्य राक्षसी दुष्प्रवृत्तिलाई भावनात्मक रुपमा दमन गरेको अनुभुति गर्दै चौलो नृत्य गर्दछन। जोरायलको तल्लो क्षेत्र र मल्लो क्षेत्रका मानिसहरु तलमाथिबाट फरक-फरक लाइनमा संगठित भएर आफ्नो शक्तिसहित एकअर्को समुह सामु उत्तेजित भएर यौटा कृत्रिम भिडन्त गर्न आउछन, जसलाई स्थानीय जनश्रुतिमा भोस्सो जुझाउने भन्दछन। यस्को अलवा विभिन्न समुदायहरुले आफ्नो परम्परा अनुसारका दशै, तिहार, होली, माघी, चैतेदशै, तिज, गमरा लगायतका आफ्नो परम्परा अनुसारका संस्कृतिक पर्व मनाउँदै आएका छन्।

### १.१.६ विकासका सम्भावना:

विकासका थुप्रै सम्भावना हुँदाहुँदै पनि जोरायल गाउँपालिकाको समग्र विकास हुन सकेको देखिदैन । अहिलेको अवस्था हेर्दा गाउँपालिकाको केन्द्रसम्म पुग्ने कच्ची सडक मात्रै रहेको छ। भिमदत्त राजमार्गले छोएका वडा नं. १ र २ का केही बस्तीहरुसम्म मात्रै कालोपत्रे सडक छ। अन्य कुनै पनि बस्तीमा कालोपत्रे सडक पुगेको अवस्था छैन। वडा नं. ३, ४ र ६ मा पुगेका सडकहरु पनि हिँउदमा धुलाम्य र बर्षामा हिलाम्य हुने गरेका छन। यस्तै गाउँपालिकाभित्रका सवै बस्तीहरुमा अहिलेसम्म पनि बिद्युतीकरण हुन सकेको अवस्था छैन। गाउँपालिकाभित्र हुनुपर्ने आधारभूत पूर्वाधारहरु, खेल मैदान, बाल उद्यान, पिकनिक स्थल, मनोरञ्जन स्थल निर्माण भएका देखिदैनन्। खोलामा पुल पुलेसा नहुँदा

बर्षात्को समयमा ज्यान जोखिममा राखेर हिड्नु पर्ने अवस्था रहेको छ। यदि महाभारत तेले क्षेत्र हुँदै गाउँपालिका सिमानामा चक्रपथ (रिङ्गरोड) निर्माण गर्न सक्यो भने यस क्षेत्रको पर्यटकीय विकास र कानुन अनुरुप वैन पैदावारहरु निकालेर गाउँपालिकाको विकासमा खर्च गर्न सकिन्छ। यस्तै प्रत्येक वडा केन्द्रहरु जाने सडकहरुलाई ग्रावेल गर्दै विस्तारै कालोपत्रे तयार गर्ने योजना वनाउदा सवै वडाहरुलाई राम्रो सम्भाना देखिन्छ। अन्दाधुन्द डाँडा भत्काउने गरी जथाभावी सडक खन्नु भन्दा सडक निर्माण गुरु योजना तयार गर्नु जरुरी देखिन्छ। यस्तै प्रसस्त जलश्रोत भएका कारण खानेपानी, सिंचाई, उर्जामा जलश्रोतहरुको भरपुर प्रयोग गर्न सके एकातिर गाउँपालिकाबासी उत्पादनसँग जोडिने र अर्कोतिर गाउँपालिकाको तिब्र विकास हुन सक्ने सम्भावना रहेको छ। यस्तै जोरायलमा उत्पादन हुने बास्मति धानको पवर्धन गर्न सके यसले राम्रो वजार पाउने सम्भाना रहेको छ।

पर्यटकीय क्षेत्र, उत्पादनमुलक उर्वर जमिन, जलश्रोत, वातावरण आदिका दृष्टिले जोरायल गाउँपालिकाको विकासको प्रचुर सम्भावना रहेको क्षेत्र हो। यस गाउँपालिकाको समग्र विकासका लागि नेतृत्व वर्गले इमान्दार जुझारु र लगनशील भइ अगाडि बढ्नुपर्ने आवश्यकता देखिन्छ।

## १.२ शिक्षाको संक्षिप्त परिचयः

विद्यालय क्षेत्रको समग्र विकासका लागी नेपाल सरकारले विद्यालय शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्नुका साथै गुणस्तर सुधारका निमित्त विगतमा सात वर्षे विद्यालय क्षेत्र सुधार योजना कार्यान्वयनमा ल्याएको थियो। यस योजनाबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्न र विद्यालय शिक्षाका विविध सकारात्मक प्रयासहरूलाई निरन्तरता दिन तथा शिक्षाका नवीन कार्यक्रमहरूको प्रस्तावसहित २०७३ साउनदेखि २०८० असार (सन् २०१६ जुलाईदेखि २०२३ जुलाई) सम्मको सात वर्षे विद्यालय क्षेत्र विकास योजना निर्माण गरिएको छ। योजनाको प्रथम पाँच वर्ष २०७३ साउनदेखि २०७८ असार (सन् २०१६ देखि २०२१) सम्मका लागि स्रोतसहितको कार्ययोजना तयार गरिएको छ। वि.सं. २०७९ (सन् २०२२) सम्ममा नेपाललाई विकासशील राष्ट्रका रूपमा स्तरोन्नति गर्ने राष्ट्रिय दूरदृष्टिलाई आत्मसात् गर्दै शिक्षा मन्त्रालयको नेतृत्वमा सहभागितामूलक पद्धतिबाट यस योजनाको तर्जुमा गरिएको हो। दिगो विकासका लक्ष्य हासिल गरी वि.सं. २०८७ (सन् २०३०) सम्ममा नेपाललाई मध्यम आय भएको मुलुकको स्तरमा रूपान्तरणको लक्ष्य हासिल गर्ने महत्वपूर्ण साधनका रूपमा पनि यस योजनालाई हेरिएको छ। साबिकका उपलब्धि, सिकिएका पाठहरू तथा सबैका लागि शिक्षाको राष्ट्रिय कार्ययोजना (सन् २००१–२०१५) अन्तर्गत सञ्चालन गरिएका सबैका लागि शिक्षा कार्यक्रम (सन् २००४–२००९) र विद्यालय क्षेत्र सुधार कार्यक्रम (सन् २००९–२०१६) का एकीकृत कार्यसूचीहरू यस योजनाका प्रमुख मार्गदर्शक हुन्। सिकाइको वातावरण, पाठ्यक्रम, शिक्षण–सिकाइ सामग्री (पाठ्यपुस्तक लगायत), विधि, मूल्यांकन तथा परीक्षाको सान्दर्भिकता तथा गुणस्तरीयतामा अभिवृद्धि गराई विद्यार्थीको सिकाइमा सुधार सुनिश्चित गर्न, समग्रतामा सिकाइ वातावरण तथा शिक्षण–सिकाइ पद्धतिका न्यूनतम र सर्वस्वीकार्य मापदण्ड स्थापित गरी सुशासन तथा व्यवस्थापकीय सक्षमताको सुदृढीकरणबाट विद्यालय क्षेत्रलाई स्थानीय सरकारप्रति उत्तरदायी बनाउन, पहिचान भएका आवश्यकता तथा संघीय स्वरूपलाई ध्यानमा राख्दै शिक्षा क्षेत्रको राजनीतिक तथा प्रशासनिक पुनर्संरचना गर्दै संघीय, प्रान्तीय एवम् स्थानीय तह बीच लागत साझेदारीको अवधारणा अनुरूप दिगो र सुदृढ आर्थिक व्यवस्थापन सुनिश्चित गर्न, विद्यालयहरूलाई द्वन्द्वबाट सुरक्षित भएको सुनिश्चित गर्न विद्यालय तहको विपत् व्यवस्थापन तथा विद्यालय, विद्यार्थी, शिक्षक एवम् समुदाय बीच सहकार्य र सौहार्दता अभिवृद्धि गरी बृहत् विद्यालय सुरक्षा तथा विपत् जोखिम न्यूनीकरण शिक्षालाई समग्रतामा मूलप्रवाहीकरण गर्न, नेपालको संविधानले सबैका लागि निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा सुनिश्चित गर्ने र निःशुल्क माध्यमिक शिक्षा प्रदान गर्ने प्रत्याभूत गरेको सन्दर्भमा शिक्षा क्षेत्रको व्यवस्थापन एवम् सेवा प्रवाह प्रणालीको पुनरावलोकन एवम् परिमार्जन गरि संघिय शासन प्रणाली अनुरुप तिनै तहका सरकारहरुको आवश्यक क्षमता विकास तथा स्पष्ट कार्यदिसा सहितको देश तथा ठाउ विषेशको आवश्यकतालाई सम्बोधन गर्ने माटो सुहाउदो शिक्षा योजना निर्माण तथा शैक्षिक जनशक्ति विकासमा जोड दिनु नितान्त आवश्यक छ। संविधानले स्थानीय तहहरूको अधिकार वृद्धि गरेको हुँदा समग्र शिक्षा प्रणलीको विकासका लागी स्थानीय शिक्षा योजना निर्माण र कार्यन्वयनमा जोड दिनु आवश्यक भएको छ।

शिक्षा मानव विकास र समाज विकासको मुख्य आधार एवम् मानवअधिकारको विषय हो। हाल विद्यालय शिक्षा सबैको प्राथमिकतामा पर्दै चासो र चिन्ताको विषय पनि बनेको छ। हाम्रो जोरायल गाउँपालिका पनि यसबाट अछुतो रहेको छैन। वर्तमान नेपालको संविधानले पनि शिक्षालाई मौलिक हकको रुपमा उल्लेख गरी अनिवार्य तथा निःशुल्क विद्यालय शिक्षा सुनिश्चित गरेको छ। यसरी संविधानले सुनिश्चित गरेका शिक्षा सम्बन्धी मौलिक हक आत्मसात गरी कार्यान्वयन गर्ने जिम्मेवारी तथा दायित्व सँघ प्रदेश र स्थानीयतहका सरकारहरूको रहेको छ। योसँगै नेपाल सरकारले इन्चोन घोषणामा हस्ताक्षर गरी नेपालको सार्वजनिक शिक्षा सुदृढीकरण गर्ने प्रतिबद्धता पनि जनाएको छ। तर सीमित स्रोतसाधन र असीमित आवश्यकताले गर्दा जोरायल गाउँपालिकाले यी सबै कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनलाई चुनौतीको रुपमा लिइ रहेको छ। यसका लागि अन्य स्थानीय तह प्रदेश तथा संघीय सरकार र सहयोगी संघसंस्थाहरूसँग निरन्तर समन्वय गरी आवश्यक सहयोग जुटाउन समेत गाउँपालिका प्रयासरत रहेको छ। वर्तमान शिक्षा प्रणालीका शिक्षक, विद्यार्थी, व्यवस्थापन, प्रशासन, नेतृत्व, पाठ्यक्रम, पाठ्यपुस्तक, लगानी, पठनपाठन प्रक्रिया, मूल्याङ्कन प्रणाली, शिक्षामा राजनीतीकरण, शिक्षा क्षेत्रको जनशक्तिहरुको क्षमता विकास, शिक्षा क्षेत्रमा जनशक्तिको प्रवेशदेखि अवकाससम्मका विभिन्न पक्षहरुमा विगतमा हामीले धैरैथोरै आलोचना गर्यौं र गर्दै पनि छौ अर्थात् शिक्षामा गुणस्तरीयता अपेक्षित सुधार हुन सकेन। यसैबिच संविधानको अनुसूची ८ अनुसार स्थानीय सरकारलाई प्रारम्भिक बालविकास शिक्षा,अनौपचारिक शिक्षा, आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षाको जिम्मेवारी दिइएको छ। यसैमा प्रादेशिक तथा सङ्घीय सरकारलाई

उच्च शिक्षाको जिम्मेवारी तोकिएको छ। प्राविधिक तथा व्यवसायिक शिक्षा स्थानीय, प्रदेश एवम् सङ्घीय सरकारको साझा जिम्मेवारीमा रहेको छ । यस स्थितिमा नेपालको शिक्षालाई कसरी व्यावहारिक प्रतिस्पर्धी वैज्ञानिक, रोजगार उन्मुख, गुणस्तरीय, जनमुखी, जीवनोपयोगी,समालोचकीय क्षमतासहितको अनुसन्धानमूलक, एवम् पूर्वीय दर्शन तथा ज्ञानलाई यस जोरायल गाउँपालिकाको विविध कला, सँस्कृति, ज्ञान, सिप, प्रविधि, धार्मिक तथा जनज्ञान आदिसँग जोड्दै पश्चिमी प्रविधि, ज्ञान तथा सिपको पनि भरपूर प्रयोग गर्नसक्ने विद्यार्थी उत्पादन गर्ने भन्ने जिम्मेवारी हाम्रो काँधमा आएको छ। स्वदेश तथा विदेश जहाँ रहेका भए पनि यस गाउँपालिकाका बालबालिका तथा युवाहरूले आजीवन शिक्षा पाउने हक कसरी सुनिश्चित गर्ने भन्ने कुराको पनि उत्तिकै जरुरी छ। राज्यको पुर्नसंरचना तथा विकेन्द्रीकरणको अवधारणा अनुसार आफ्नो सेवाक्षेत्रको शिक्षाको विकास आफैं गरौं भन्ने उद्देश्यले स्थानीय तहमा रहेर शिक्षाको गुणस्तर वृद्धि गर्दै विद्यालयको समग्र पक्षको सुधार, विद्यालय शिक्षामा लगानी तथा गुणस्तर कायम गर्न विद्यालय सुधार योजना (SIP) ले उल्लेखनीय भूमिका खेलेको हुन्छ। तर्सथ गाउँपालिका भित्रका सम्पुर्ण सार्वजनिक विद्यालयहरूको विद्यालय सुधार योजना तयार गरी कार्यान्वयनमा आएको अवस्था रहेको छ। विद्यालयहरुले निर्माण गरि कार्यान्वयन गरिरहेका विद्यालय सुधार योजनाको विश्लेषण, पटक–पटक गाउँपालिका, शिक्षा युवा तथा खेलकुद शाखा तथा निर्वाचित जनप्रतिनिधिहरुबाट गरिएका स्थलगत अनुगमन निरिक्षण गर्दा त्यसबाट देखिएका नतिजा तथा विद्यालयहरुले शैक्षिक सत्रको सुरु र अन्तिममा भर्ने IEMIS मा अधावधिक गरिएका शैक्षिक तथ्याङ्कमा आधारित भएर तयार गरिएको जोरायल शिक्षा पाश्र्वचित्र–२०७८ लाई मूल आधार मानेर यो जोरायल गाउँ शिक्षा योजना तयार गरि स्वीकृत गरिएको छ।

शिक्षा विकासको प्रमुख पूर्वाधार र मेरुदण्ड हो, जसले व्यक्ति र समुदायको विकासमा महत्वपुर्ण भुमिका निर्वाह गरेको हुन्छ । बालवालिकाहरुलाई गुणस्तरीय शिक्षा प्रदान गरी सभ्य तथा सुसंस्कृत समाजको विकास गर्नु आजको अपरिहार्य आवश्यकता भएको छ। वर्तमान नेपालको संविधानले संघीय गणतन्त्रात्मक व्यवस्था सहित संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको संरचना रहने भनि उल्लेख गरेको छ। साथै सो संविधानको अनुसुचि-८ ले स्थानीय तहलाई आधारभुत र माध्यमिक शिक्षाको अधिकार प्रदान गरेको छ। नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा उल्लेखित स्थानीय तहलाई प्रदान गरीएका शिक्षा सम्बन्धी अधिकारहरुलाई कार्यान्वयन गरी सम्पुर्ण बालवालिकाहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्न योजनाबद्ध तरिकाबाट अघि बढ्नु वर्तमान समयको आवश्यकता हो।

जोरायल गाउँपालिकाको शैक्षक गुणस्तरमा देखिएका समस्या, शिक्षक, विद्यार्थी, व्यवस्थापनसँग सम्बन्धित समस्याहरु पहिचान गरी समाधान गर्नु, राष्ट्रिय शिक्षा नीति २०७६ बमोजिम कार्य गर्दै अघि बढ्नु तथा दिगो विकास लक्ष्य नं. ४ मा उल्लेख भएको सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरमा प्रोत्साहित गर्ने नेपाल सरकारको लक्ष्यमा हातेमालो गर्दै संघ, प्रदेश र स्थानीय तहको बिचमा हुनुपर्ने समन्वय, सहअस्तित्व र सहकार्यको नारालाई कार्यान्वयन गर्नु समेत यस योजनाको प्रमुख उद्धेश्य हो।

हाल विद्यालय शिक्षा सबैको चिन्ता र चासोको विषय बनेको छ। नेपाल सरकारले यसको विकासका लागि विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरु समेत गरेको पाइन्छ। युनेस्कोद्वारा दक्षिण कोरियाको ईन्चोनमा आयोजना गरेको विश्व शिक्षा मञ्च, २०१५ को ईन्चोन घोषणामा समेत नेपालले प्रतिबद्धता गरेको छ। यसका अतिरिक्त वर्तमान नेपालको संविधानमा रहेको शिक्षाको मौलिक हक कार्यान्वयन गर्नको लागि समेत जोरायल गाउँपालिका स्तरीय दश वर्षे गाउँ शिक्षा योजना निर्माण गर्नु आवश्यक देखिन्छ। विभिन्न समयमा देखा पर्ने महामारी, प्रकोप तथा आपत विपतबाट उत्पन्न हुने जोखिम न्युनीकरण गर्न सक्षम उत्थानशिल शिक्षा पद्धतिको विकास गर्नु जरूरी छ भन्ने कुरा समेत कोभिड-१९ को महामारीले समेत पुष्टि गरीसकेकोछ। उल्लेखित सन्दर्भहरु तथा राज्यको विकेन्द्रीकरण तथा पुर्नसंरचनाको अवधारणा अनुसार आर्थिक तथा सामाजिक रुपान्तरणको माध्यमबाट न्यायपूर्ण समाजको विकाससहित शिक्षा प्राप्तिमा सबैको पहुँच सुनिश्चितता, अनिवार्य र निशुल्क शिक्षाको कार्यान्वयन तथा व्यावसायिक र आत्मनिर्भर गुणस्तरीय शिक्षाको अवसर प्रदान गरी समृद्ध नेपाल र सुखी नेपाली बनाउन योगदान गर्ने गाउँपालिकाको दीर्घकालिन सोचको परिपुर्तिका लागि जोरायल गाउँपालिकालाई शैक्षिक हवको रुपमा विकास गर्न, जोरायल गाउँपालिकाको दश बर्षे गाउँ शिक्षा योजना (२०७८-२०८७) तयार गरीएको छ।

## १.३ शिक्षा सम्बन्धि कानुन, नीति,संरचना तथा कार्यक्रमः

यस शीर्षकमा शिक्षा सम्बन्धी संवैधानिक व्यवस्था, संघ, प्रदेश र स्थानीय तहका शिक्षा सम्बद्ध कानूनहरु, पन्ध्रौ आवधिक योजना तथा दिगो विकास लक्ष्यमा शिक्षामा उल्लिखित शिक्षा सम्बद्ध विषयवस्तुहरु, विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य, तहगत संरचना एवम् सक्षमता, गाउँपालिकाले निर्माण गरेका शिक्षा सम्बन्धी विभिन्न कार्यविधि तथा कार्ययोजना, गाउँपालिका अन्तरगतका शिक्षा सम्बद्ध समिति, शिक्षा, युवा तथा खेलकुद शाखाको संरचना, विद्यालयस्तरमा रहने समिति, सामुदायिक सिकाइ केन्द्र र संघ, प्रदेश र स्थानीय तहका रुपमा जोरायल गाउँपालिकाको शिक्षा सम्बन्धी बार्षिक नीति तथा कार्यक्रमहरु समेटिएका छन्।

### १.३.१ शिक्षा सम्बन्धी संवैधानिक व्यवस्थाः

जनता र सरकारबीचको सन्तुलन कायम गर्ने महत्त्वपूर्ण लिखित दस्तावेज हो संविधान। यो राज्य सञ्चालन गर्ने मूल कानून हो। यसै कानूनका आधारमा राज्यका अन्य कानूनहरू निर्माण एवम् कार्यान्वयन गरिन्छन्। तसर्थ संविधानलाई देशको मूल कानून पनि भनिन्छ। नेपालको संविधानको धारा १ को उपधारा (१) मा "यो संविधान नेपालको मूल कानून हो। यस संविधानसँग बाझिने कानून बाझिएको हदसम्म

अमान्य हुनेछ ।" भन्ने कुरा उल्लेख भएबाट समेत संविधान देशको मूल कानून भएको कुरा पुष्टि हुन्छ । सामान्यतया संविधान लिखित र अलिखित दुई किसिमका हुन्छन् । संसारमा बेलायत बाहेक अरू सबै देशको लिखित संविधान हो । संविधानलाई एकात्मक तथा सङ्घात्मक, अध्यक्षात्मक तथा संसदात्मक, कठोर र नमनशील, गणतन्त्रात्मक तथा राजतन्त्रात्मक गरेर पनि विभाजन गर्ने गरिन्छ । हामीले बुझ्नु पर्ने कुरा के हो भने संविधान पहिले नै वर्गीकरण गरेर लेखिने विषय होइन्, निर्माण गरेर मात्र वर्गीकरण गरिन्छ ।

"वर्तमान नेपालको संविधान" २०७२ असोज ३ गते देखि कार्यान्वयनमा आएको नेपालको सातौं लिखित संविधान हो । जुन संविधान सभाबाट जारी पहिलो संविधान हो । नेपालको संविधान २०७० मङ्सिर ४ गते भएको अर्को संविधान सभाको निर्वाचनको परिणामबाट चुनिएका सांसदहरूबाट निर्माण गरिएको हो । जननिर्वाचित सांसदहरूले निर्माण गरेकाले यसलाई जनताद्वारा निर्माण गरिएको संविधानका रूपमा लिइन्छ । पहिलो पटक सर्वप्रथम २०७२ असार ११ गते पहिलो एकीकृत मस्यौदा तयार भएको परिमार्जित विधेयक २०७२ भदौ १० गते संविधान सभामा पेश भएको थियो । २०७२ भदौ ३० गते संविधान सभाका दुईतिहाई भन्दा बढी मतले पारित भएको थियो । यो संविधान पारित हुँदा तत्काल कायम रहेका ५९७ जना सांसद मध्ये ५३२ जना उपस्थित भई ५०७ जनाले पक्षमा, २५ जनाले विपक्षमा मत जाहेर गरेका थिए । त्यसैगरी ८ जना अनुपस्थित रहेका र ५७ जनाले बहिस्कार गरेका थिए ।

यस संविधानमा २०७२ असोज १ गते संविधान सभाका ५३७ जना सभासदले हस्ताक्षर गरी सोही दिन संविधान सभाका अध्यक्ष सुवासचन्द्र नेम्वाङ्ले हस्ताक्षर गरेका थिए । २०७२ असोज ३ गते संविधान सभामा आयोजित भव्य समारोहकाबीच तत्कालिन राष्ट्रपति डा.रामवरण यादवबाट नेपालको संविधान जारी गर्दै सोही दिनदेखि लागु भएको हो । जसमा ३५ भाग, ३०८ धारा र ९ अनुसूची रहेका छन् । यो संविधान यसैको धारा २९६ को उपधारा (१) बमोजिम व्यवस्थापिका संसदले २०७२ फागुन १६ गते पहिलो र २०७७ असार ४ गते दोस्रो पटक संशोधन भैसकेको छ । यसै संविधानमा शिक्षा सम्बन्धमा उल्लेख भएका व्यवस्थाहरु यहाँ प्रस्तुत गर्ने जमर्को गरिएको छ ।

### भाग ३: मौलिक हक र कर्तव्य:

#### धारा ३१ शिक्षा सम्बन्धि हक:

यस धारामा जम्मा ५ ओटा उपधारा रहेका छन् । सबै उपधारामा शिक्षा सम्बन्धी व्यवस्था रहेको छ ।

१. प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।
२. प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।
३. अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।
४. दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।
५. नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

#### धारा ३८ महिलाको हक:

यस धारामा जम्मा ६ ओटा उपधारा रहेका छन् । तिनीहरुमध्ये उपधारा ५ मा महिला शिक्षाको हक रहेको छ ।

५. महिलालाई शिक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।

#### धारा ३९ बालबालिकाको हक:

जम्मा १० ओटा उपधारा रहेको बालबालिकाको हक सम्बन्धी धाराको उपधारा २ र ३ बालबालिकाको शिक्षाको हकसँग सम्बन्धित छ ।

१. प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षाको हक हुनेछ ।
२. प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ ।

#### धारा ४० दलितको हक:

यस भएका जम्मा ७ उपधारामध्ये उपधारा २ मा दलितलाई शिक्षाको हक सम्बन्धमा देहायको व्यवस्था उल्लेख गरिएको छ ।

१. दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानून बमोजिम छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ । प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानून बमोजिम विशेष व्यवस्था गरिनेछ ।

#### धारा ४२ सामाजिक न्यायको हक:

जम्मा उपधारा ५ मध्ये उपधारा २ र ५ का केही व्यवस्थाहरु शिक्षासँग सम्बन्ध राख्दछन् ।

१. आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ ।

२. नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनको लागि भएका सबै जन आन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहीदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्वपीडित र विस्थापित, अपाङ्गता भएका व्यक्ति, घाइते तथा पीडितलाई न्याय एवम् उचित सम्मान सहित शिक्षामा कानून बमोजिम प्राथमिकताका साथ अवसर पाउने हक हुनेछ।

## भाग ४ : राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वः

### धारा ५१ राज्यको नीतिहरूः

यसमा जम्मा १३ वटा नीतिहरु रहेका छन्। खण्ड (च), (ज) र (ञ) का उपखण्डहरुमा शिक्षा सम्बन्धी नीतिगत व्यवस्था उल्लेख गरिएका छन्।

### च.विकास सम्बन्धी नीति

४. वैज्ञानिक अध्ययन अनुसन्धान एवम् विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने तथा वैज्ञानिक, प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाहरूको संरक्षण गर्ने,

### ज.नागरिकका आधारभुत आवश्यकता सम्बन्धी नीति

१. शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने,
२. शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने,
३. उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाइ क्रमशः निःशुल्क बनाउँदै लैजाने,
४. नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्धन गर्ने,

### ञ.सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति

७. राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तीकरण र विकासका लागि शिक्षाका लागि उपयुक्त अवसर प्रदान गर्ने,

### अनुसूचीः

नेपालको संविधानमा जम्मा ९ वटा अनुसूचीहरु रहेका छन्। अनुसूची ५, ६, ८ र ९ मा शिक्षा सम्बन्धी ११ वटा अधिकारहरु उल्लेख गरिएका छन्।

| अनुसूची | | क्र.सं. | अधिकार क्षेत्र | संख्या |
|---|---|---|---|---|
| ५. | संघको अधिकार | १५ | केन्द्रीय विश्वविद्यालय, केन्द्रीयस्तरका प्रज्ञाप्रतिष्ठान, विश्वविद्यालय मापदण्ड र नियमन, केन्द्रीय पुस्तकालय | ४ |
| ६. | प्रदेशको अधिकार | ८ | प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय र संग्रहालय | ४ |
| ८. | स्थानीय तहको अधिकार | ८ | आधारभूत र माध्यमिकशिक्षा | २ |
| ९. | संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार | २ | शिक्षा, खेलकूद र पत्रपत्रिका | १ |

## १.३.२ शिक्षा सम्बन्धी संघ, प्रदेश तथा स्थानीय कानुनः

### १.३.२.१ राष्ट्रिय शिक्षा नीति, २०७६

वि.सं. २०७६ साल पूर्व शिक्षा सम्बन्धी शैक्षिक जनशक्ति विकास केन्द्रको तालिम नीति,२०६२, अनौपचारिक शिक्षा नीति, २०६३, प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम नीति, २०६९, उच्च शिक्षा नीति, २०७२ र अपाङ्गता भएका बालबालिकाहरूका लागि समावेशी शिक्षा नीति, २०७३ का नाममा भिन्नाभिन्नै नीतिहरु रहेका थिए। नेपाल सरकार मन्त्रीपरिषद्बाट २०७६ कार्तिक १८ मा राष्ट्रिय शिक्षा नीति स्वीकृत भएसँगै विगतका ती नीतिहरु खारेज भएर एकीकृत शिक्षा नीतिका रुपमा हाल राष्ट्रिय शिक्षा नीति २०७६ बनेको छ। यसमा त्यही नीतिका मुख्य-मुख्य कुराहरु उल्लेख गरिएका छन्।

#### ❖ दुरदृष्टिः

"शिक्षित, सभ्य, स्वस्थ र सक्षम जनशक्ति; सामाजिक न्याय, रुपान्तरण र समृद्धि"

#### ❖ लक्ष्यः

सबै तहको शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाइ देशको आवश्यकता अनुरुपको मानव संशाधन विकास गर्ने।

#### ❖ उद्देश्यः

१. बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउनु।

२. आधारभूत शिक्षामा सबैको सहज एवं समतामूलक पहूँच र निरन्तरता सुनिश्चित गर्दै सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरयुक्त अनिवार्य तथा निःशुल्क शिक्षाको प्रत्याभूति गर्नु ।
३. गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहूँच सुनिश्चित गर्दै सिर्जनशिलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवं उत्पादनशील जनशक्ति तयार गर्नु ।
४. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरूलाई व्यापक विस्तार गरी सबै इच्छुक नागरिकहरूका लागि समावेशी एवं समतामूलक पहूँच स्थापित गर्दै देश विकासका लागि योग्य, सक्षम, सीपयुक्त र उद्यमशील जनशक्ति तयार पार्नु ।
५. ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माणका लागि उच्च शिक्षाको पहूँच र गुणस्तर अभिबृद्धि गरी विभिन्न क्षेत्रहरूमा सक्षम नेतृत्व प्रदान गर्न सक्ने योग्य, दक्ष, बैज्ञानिक, नवप्रवर्तनात्मक, अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी र अनुसन्धानमुखी मानव संशाधन विकास गर्नु ।
६. नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु ।
७. सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवन यापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्नु ।
८. शिक्षा प्रणालीका विभिन्न अवयवहरूमा रहेर सेवा प्रवाह गर्ने जनशक्तिलाई उत्कृष्ट नतिजा प्रदर्शन गर्न उनीहरूको पेसागत योग्यता, सक्षमता, इमान्दारिता, प्रतिबद्धता र जवाफदेहीता सुनिश्चित गर्दै शैक्षिक सुशासन कायम गर्नु ।
९. सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यास (Best Practices) लाई सम्मिलन (Fusion) गर्दै निजी लगानीका शिक्षण संस्थाहरूको प्रभावकारी परिचालन, नियमन एवम् सार्वजनिक शिक्षा प्रणालीको रुपान्तरणको प्रक्रियामा सवलीकरण गर्नु ।
१०. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभव तथा अभ्यास समेतका आधारमा शैक्षिक गुणस्तर मानक तथा मापदण्ड तयार गरी सबै तह र प्रकारका शिक्षाको गुणस्तर अभिबृद्धि गर्नु ।
११. औपचारिक (Formal), अनौपचारिक (Non-formal) र अरीतिक (Informal) शिक्षाबीच अन्तरसम्बन्ध स्थापित गरी योग्यताको समकक्षता (Equivalency), गतिशिलता (Mobility) र पारगम्यता (Permeability) सुनिश्चित गर्दै राष्ट्रिय योग्यता प्रारुपमा आधारित शिक्षा प्रणालीको विकास गर्नु ।
१२. शिक्षा प्राप्तिको संवैधानिक र कानूनी दायित्व पूरा गर्न राष्ट्रिय प्राथमिकताका आधारमा पर्याप्तता (Sufficiency), समन्यायिकता (Equitability) र प्रतिफलमुखी (Best Value for Money) हुने गरी शैक्षिक लगानी सुनिश्चित गर्नु ।
१३. व्यक्तिमा वैज्ञानिक चिन्तन र व्यवहार विकास गर्न विज्ञान तथा प्रविधिलाई शिक्षा प्रणालीमा एकिकरण गर्दै परम्परागत एवं आधुनिक प्रविधिलाई राष्ट्रिय विकासको लागि उपयोग गर्न सक्ने क्षमता विकास गर्नु

### ❖ रणनीतिः

१. उपयुक्त पूर्वाधारसहितको बालमैत्री वातावरण सुनिश्चित गरी प्रारम्भिक बालविकासको अवसर विस्तार गर्ने । (८.१)
२. तीनै तहका सरकार र अभिभावकको साझेदारीमा बालबालिकाहरूको सर्वाङ्गीण विकास एवं विद्यालय शिक्षाको पूर्वतयारीका लागि कम्तीमा एक बर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गर्ने । (८.१)
३. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रत्याभूति गर्न सबै बालबालिकालाई विद्यालय भर्ना गराउने एवं भर्ना भएका सबैलाई अध्ययनमा निरन्तरता दिने र गुणस्तर अभिबृद्धिका लागि उत्प्रेरणामूलक उपायहरू अवलम्बन गर्ने । (८.२)
४. सान्दर्भिक एवं गुणस्तरीय आधारभूत र माध्यमिक शिक्षामा सबैको पहूँच सुनिश्चितता गर्न औपचारिक, अनौपचारिक, बैकल्पिक र खुला शिक्षा प्रणालीको अवलम्बन गर्ने । (८.२ र ८.३)
५. माध्यमिक शिक्षामा सरकार, निजी क्षेत्र र सहकारी समेतको सहभागितामा प्रभावकारी व्यवस्थापन गर्ने । (८.३)
६. स्वायत्तता, विकेन्द्रीकरण, साझेदारी, लचिलोपना र सरल नियमन व्यवस्था गर्दै प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा व्यापक सहभागिताको वातावरण सिर्जना गर्ने । (८.४)
७. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा विभिन्न सरोकारवालाहरूको सहभागिता एवं साझेदारीमा दिगो लगानी सुनिश्चित गर्ने । (८.४)
८. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई समेट्न विशेष सहुलियत दिने नीति अख्तियार गर्ने । (८.४)
९. राष्ट्रिय, प्रादेशिक र स्थानीय श्रम बजारको आवश्यकता एवं प्राथमिकताका आधारमा योग्यता र क्षमता अनुसार सान्दर्भिक, उपयोगी, गुणस्तरीय र प्रतिस्पर्धी प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका अवसरहरू सबैलाई प्रदान गर्ने । (८.४)
१०. विश्वसनीयता एवं प्रतिस्पर्धात्मक क्षमताको सुनिश्चितता हुने गरी खुला एवं दूर शिक्षा मार्फत उच्च शिक्षामा पहूँच अभिबृद्धि गर्ने । (८.५)
११. उच्च शिक्षा प्रदायक संस्थाहरूको स्थापना, सञ्चालन, नियमन र व्यवस्थापनलाई प्रभावकारी बनाउन विद्यमान कानूनी तथा संस्थागत संयन्त्रको पुनः संरचना गर्ने । (८.५)

१२. उच्च शिक्षा प्रदायक संस्थाहरूको गुणस्तर अभिबृद्धि गरी उच्च शिक्षालाई राष्ट्रिय आवश्यकता एवं अन्तर्राष्ट्रिय मान्यता र प्रचलन अनुरुप हुने गरी सान्दर्भिक बनाउने। (८.५)
१३. विश्वविद्यालय तथा उच्च शिक्षा प्रदायक संस्थाहरूलाई सार्वजनिक, सामुदायिक र निजी संस्थाको रुपमा विकास गर्दै हाल सञ्चालनमा रहेका विश्वविद्यालयहरूमध्ये इच्छुक विश्वविद्यालयलाई प्रदेशसँग समन्वय गरी प्रादेशिक विश्वविद्यालयका रुपमा सञ्चालन गर्न अभिप्रेरित गर्ने। (८.५)
१४. साक्षरता, अनौपचारिक शिक्षा र आजीवन सिकाइलाई पेसा एवं व्यवसाय, सामाजिक जीवन र सहभागितासँग आवद्ध गर्ने। (८.६)
१५. परम्परागत शिक्षाको मूलप्रवाहीकरण एवं वैकल्पिक र खुला शिक्षाको अवसर विस्तार गरी विद्यालय शिक्षामा पहुँच अभिबृद्धि गर्ने। (८.६)
१६. भौतिक पूर्वाधार, पाठ्यत्रmम तथा पाठ्यसामग्री, शिक्षण सिकाइ प्रकृया र मूल्याङ्कन प्रणालीलाई समावेशी एवम् अपाङ्गमैत्री बनाउने। (८.७)
१७. अपाङ्गता भएका बालबालिकाहरूको आवश्यकता र समावेशीकरणको सिद्धान्तका आधारमा विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरू उपलब्ध गराउने। (८.७)
१८. दक्ष, योग्य, सक्षम, गुणस्तरीय जनशक्तिको व्यवस्थापन गरी शिक्षण, प्रशिक्षण, अनुसन्धान, नवप्रवर्तन, शैक्षिक प्रशासन जस्ता पक्षमा उत्कृष्ट नतिजा हासिल गर्ने। (८.८)
१९. विद्यालय शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र उच्च शिक्षामा अध्यापन वा प्रशिक्षण गर्ने जनशक्तिको सक्षमता परीक्षण र तालिमलाई अनिवार्य गर्ने। हाल कार्यरत शिक्षकको सक्षमता परीक्षणको व्यवस्था गरी पेसागत सक्षमता, अद्यावधिकता, उत्प्रेरणा, कार्यसम्पादनस्तर र अनुभव जस्ता पक्षहरूलाई शिक्षकको बृत्ति विकाससँग आवद्ध गर्ने। (८.८)
२०. विद्यालयमा विषयगत शिक्षकको सुनिश्चितता गर्नुका साथै शिक्षकको तयारी, प्राप्ति, विकास र उपयोग प्रणालीमा सुधार गरी विद्यालय शिक्षाको गुणस्तर अभिबृद्धि गर्ने। (८.८)
२१. विश्वविद्यालयबाट उत्कृष्ट नतिजा प्राप्त गरेका मेधावी विद्यार्थीहरूलाई शिक्षण पेसामा आकर्षित गर्ने। (८.८)
२२. तीनै तहका सरकारका शैक्षिक सेवाप्रदायक संरचनाहरूलाई आवश्यकता अनुसार पुनःसंरचना, सुदृढीकरण र सवलीकरण गरी दक्षतापूर्ण, प्रभावकारी र नतिजामूलक बनाउने। (८.८)
२३. विद्यालय, प्राविधिक शिक्षालय र उच्च शिक्षा प्रदायक सार्वजनिक, सामुदायिक तथा निजी शिक्षण संस्थाहरूको नक्साङ्कन, समायोजन र स्तरोन्नति गर्ने। (८.८)
२४. सूचना तथा सञ्चार प्रबिधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा एकिकृत गर्दै प्रविधिमैत्री, व्यावहारिक र नतिजामूलक बनाउने। सङ्घ, प्रदेश र स्थानीय स्तरमा अनलाइनमा आधारित एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (Integrated Educational Management Information System-IEMIS) को सुदृढीकरण गर्ने। (८.८)
२५. अपनत्वको सिर्जना, नेतृत्वको सबलीकरण, शिक्षण सिकाइ प्रक्रियामा सुधार, पेशागत नैतिकताको प्रवर्धन, लगानी अभिवृद्धि र प्रविधिको उच्चतम प्रयोगद्वारा सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धि गर्ने। (८.९)
२६. विद्यालय शिक्षातर्फ कम्पनीको रुपमा सञ्चालित निजी लगानीका शिक्षण संस्थाहरूलाई नियमन गर्ने। (८.९)
२७. शैक्षिक गुणस्तर अभिबृद्धिका लागि शिक्षण संस्थाहरूको प्रभावकारी अनुगमन, निरीक्षण तथा मूल्याङ्कनको व्यवस्था गर्ने। (८.१०)
२८. राष्ट्रिय योग्यता प्रारूप (National Qualification Framework-NQF) का आधारमा क्रेडिट ब्याङ्किङ र क्रेडिट ट्रान्सफरको प्रणाली लागू गर्ने। (८.११)
२९. औपचारिक तथा अनौपचारिक रुपमा प्राप्त गरेको सीपको परीक्षण र प्रमाणीकरण गर्ने व्यवस्था मिलाउने। (८.११)
३०. विद्यालय तथा उच्च शिक्षामा तीनै तहका सरकारको लगानी बृद्धि गर्ने। (८.१२)
३१. प्राविधिक तथा व्यावसायिक शिक्षामा सार्वजनिक क्षेत्रको लगानी क्रमशः बृद्धि गर्दै जाने र यस क्षेत्रमा लागत साझेदारीको सिद्धान्तका आधारमा स्रोत परिचालन गर्ने। (८.१२)
३२. विज्ञानलाई शिक्षा र शिक्षालाई विज्ञानमा आधारित बनाई वैज्ञानिक अध्ययन र चिन्तन मनन् गर्ने प्रवृत्ति एवम् व्यवहारको विकासमा जोड दिने। (८.१३)
३३. सबै तहको शिक्षामा विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित शिक्षा (STEM-Education)लाई पाठ्यक्रमको अभिन्न अङ्ग बनाइने। (८.१३)

### ❖ नीतिः

#### १. प्रारम्भिक बालविकास तथा शिक्षाः

१. नेपाल सरकारले तोकेको शर्त तथा मापदण्ड पालना गर्ने गरी स्थानीय तहको अनुमति वा स्वीकृतिमा सरकारी, गैरसरकारी, सामुदायिक वा निजी लगानीमा बालमैत्री तथा पूर्वाधारयुक्त प्रारम्भिक बालविकास कक्षा र बालविकास तथा स्याहार केन्द्रको व्यवस्थापन गरी बालविकास कार्यक्रम सञ्चालन गर्ने।

२. प्रारम्भिक बालविकास कक्षा र बालविकास केन्द्रका शिक्षकहरूको न्यूनतम योग्यता निर्धारण गरी हाल कार्यरत बालविकास शिक्षकहरूलाई योग्यतामा आधारित वृत्ति विकास र स्तरवृद्धिको अवसर प्रदान गर्ने।
३. प्रारम्भिक बालविकास कक्षा र बालविकास केन्द्रमा बालबालिकाको सर्वाङ्गीण विकास तथा आधारभूत शिक्षाको तयारीका लागि पर्याप्त पूर्वाधार व्यवस्था गरी अभिभावकको समेत सहभागितामा बालविकास कक्षामा गुणस्तरीय पूर्वाधार र गतिविधिहरू व्यवस्थित, प्रभावकारी र बालमैत्री बनाइने।

## क. अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा

१. सबैका लागि अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाको सुनिश्चितता गर्न पहूँच र सहभागिता, संस्थागत क्षमता र गुणस्तर अभिबृद्धि सम्बन्धी कार्यक्रmम सञ्चालन गर्ने।
२. विद्यालय सेवाक्षेत्र सम्बन्धी मापदण्ड तथा कार्यविधि तयार पारी सोका आधारमा सबै प्रकारका आधारभूत विद्यालयहरूलाई सेवाक्षेत्र (School Zone) को अवधारणा अनुरुप ब्यबस्थित गर्ने।
३. आधारभूत विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालय भर्ना गराई तह पुरा गराउने व्यवस्था मिलाउने।
४. आधारभूत शिक्षामा आवश्यक जनशक्ति व्यवस्थापन, भौतिक एवं शैक्षिक पूर्वाधार व्यवस्था र शिक्षण सिकाइ प्रक्रिmयामा सुधार गरी गुणस्तर अभिबृद्धि गर्ने।
५. नेपालको भाषिक विविधता, बालबालिकाको रुचि र आवश्यकता अनुसार मातृभाषाको अतिरिक्त मातृभाषामा आधारित बहुभाषिक शिक्षा, नेपाली र अंग्रेजी भाषालाई शिक्षणको माध्यम भाषाको रुपमा व्यवस्थापन गर्ने।

## ख. माध्यमिक शिक्षा नीति

१. माध्यमिक शिक्षाको संरचनागत एकीकरण गरी विविधिकृत विद्यालयहरूको प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गर्ने।
२. माध्यमिक शिक्षामा सबैको पहुँच विस्तार गर्नुका साथै विद्यार्थीको रुचि र समाजको आवश्यकता अनुरुप माध्यमिक शिक्षामा प्राविधिक तथा व्यावसायिक शिक्षाको अवसर प्रदान गर्ने।

## ग. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम नीति

१. सङ्घीय तहमा स्थापना हुने राष्ट्रिय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम परिषद्मार्फत प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन, अनुसन्धान, नवप्रवर्तन र उद्यमशीलता विकास जस्ता कार्य सम्पादन गरी दक्ष प्राविधिक जनशक्ति उत्पादनमा जोड दिने।
२. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा संस्थागत विस्तार गरी सीप विकासमा जोड दिँदै रुचि राख्ने सबैका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सीप विकास अवसर उपलब्ध गराउने।
३. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता विकासको लागि निरन्तर पेशागत क्षमता विकास गर्नुका साथै सेवा प्रवेशका लागि प्रशिक्षकहरूको प्रशिक्षण अनुमति पत्रको व्यवस्था लागू गर्ने र प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको पाठ्यक्रम, पाठ्यसामग्री र प्रशिक्षण विधिमा आधुनिकीकरण गर्ने।

## घ. उच्च शिक्षा नीति

१. उच्च शिक्षामा समन्वय, अनुदान वितरण, गुणस्तर सुनिश्चितता तथा प्रत्यायन, राष्ट्रिय योग्यता परीक्षण, मापदण्ड निर्धारण, अनुगमन तथा नियमन लगायतका कार्य गर्न संस्थागत विकास तथा सुदृढीकरण गर्ने।
२. विश्वविद्यालयस्तरको शिक्षाको शिक्षण सिकाइका विधि, प्रविधि, प्रक्रिया र पाठ्यक्रममा समयानुकूल परिमार्जन गर्नुका साथै सूचना प्रविधिको प्रयोग बढाउने।
३. हाल सञ्चालनमा रहेका र प्रदेशस्तरमा रहन इच्छुक विश्वविद्यालयहरुलाई प्रदेश सरकारको समन्वयमा प्रादेशिक विश्वविद्यालयका रुपमा संचालन गर्न अभिप्रेरित गर्ने।
४. चिकित्सा शिक्षालाई सेवामूलक तथा गैरनाफामूलक बनाउन गुणस्तरीय, विवेकशील तथा सामाजिक दायित्वबोध भएका चिकित्साकर्मीहरूको उत्पादन गर्न चिकित्सा शिक्षा आयोगको सुदृढीकरण गर्ने र चिकित्सा शिक्षामा सक्षमतामा आधारित (Competency Basedपाठ्य (क्रम लागू गर्ने।
५. आयुर्वेद चिकित्सा क्षेत्रमा स्वदेशमै विशेषज्ञ जनशक्तिको उत्पादन, औषधि उत्पादन र गुणस्तर अभिवृद्धि गर्न आयुर्वेद विश्वविद्यालय स्थापना गर्ने।
६. उच्च शिक्षामा विभिन्न विधामा अध्ययन तथा अनुसन्धान विस्तार गर्नुका साथै हालको शिक्षाशास्त्रको शैक्षिक कार्यक्रममको समयानुकूल पुनरावलोकन तथा पुनसंरचना गर्ने।
७. उच्च शिक्षाका कार्यक्रमहरूमा अन्तराष्ट्रिय विद्यार्थीहरू पनि आकर्षित हुने गरी गुणस्तर र अध्ययन विधि तय गरी नेपालका उच्च शिक्षाका कार्यक्रमहरूलाई अन्तर्राष्ट्रियकरण गर्ने। नेपाली परम्परागत ज्ञान, सीप र प्रविधिको अनुसन्धान गरी प्रतिलिपि अधिकारको सुनिश्चिततासहित विश्वस्तरमा विस्तार गर्ने।

८. उच्च शिक्षा हासिल गरिसकेपछि कामको संसारमा प्रवेश गर्न आवश्यक पर्ने ज्ञान, सीप र अभिवृत्तिको व्यावहारिक अनुभव हासिल गर्न र उच्च शिक्षाको लाभ प्रत्यक्ष रूपमा जनतासमक्ष पुऱ्याउन अनिवार्य स्वयंसेवकीय सामाजिक सेवाका रूपमा "राष्ट्रिय विकास सेवा" सञ्चालन गर्ने।
९. अनुसन्धानलाई उच्च शिक्षाको अभिन्न अङ्गका रूपमा विकास गर्दै नवपर्वतनलाई प्रोत्साहन गर्न कानूनी, संस्थागत र व्यावहारिक उपायहरू अवलम्बन गर्ने।
१०. शैक्षिक गुणस्तर कायम गर्न सक्ने अवस्थामा मात्र विदेशी विश्वविद्यालय वा सम्बद्ध शैक्षिक संस्थाहरूलाई नेपालमा कार्यक्रम चलाउने स्वीकृति दिने र नेपालका विश्वविद्यालयहरूमा सञ्चालन नभएका, नयाँ प्रविधिसम्बद्ध विषयका कार्यक्रमहरू विदेशी विश्वविद्यालयसँग सम्बन्धनमा नेपालमा सञ्चालन गरी नेपाललाई विश्वस्तरीय शिक्षा प्रदान गर्ने शैक्षिक केन्द्र (Education Hub) बनाउने।
११. हिन्दु, वौद्ध लगायतका पौरस्त्य दर्शन, सभ्यता, संस्कृति लगायतको केन्द्रविन्दु बनाई पूर्वीय दर्शन, पूर्वीय चिन्तन, मौलिक दर्शन एवं परम्परा, आयुर्वेद, योग, प्राकृतिक चिकित्सा, मानविकी, समाजशास्त्र, मानवशास्त्र, जैविक विविधता, पर्यटन, जडिबुटी लगायत सम्पदामा आधारित अध्ययन तथा अनुसन्धानको व्यवस्था मिलाउने।
१२. अनुसन्धान तथा विकासमा लगानी बढाउने र यस्तो लगानी आधारभूत तथा बैज्ञानिक अनुसन्धान र व्यवहारिक (Applied) अनुसन्धानका निम्ति सार्वजनिक, निजी क्षेत्रका उद्योगहरू एवं अन्य शैक्षिक एवं प्राज्ञिक क्षेत्रहरूबीच सहकार्य गर्ने र अनुसन्धानलाई विकाससँग जोड्न अनुसन्धान संस्था र उत्पादन संस्थाबिच साझेदारी गराउने।

## ङ. अनौपचारिक, जीवन पर्यन्त, परम्परागत र खुला शिक्षा नीति

१. राष्ट्रिय पुस्तकालयहरूको क्षमता अभिबृद्धि गर्दै सामुदायिक पुस्तकालय र सामुदायिक सूचना केन्द्रलाई सामुदायिक सिकाइ केन्द्रसँग जोडेर सुदृढ सामुदायिक सिकाइ तथा स्रोत केन्द्रको रूपमा विकास गरी आजीवन सिकाइ र निरन्तर शिक्षाको केन्द्र बनाउने।
२. अनौपचारिक, खुला र परम्परागत बिद्यालयबाट प्रदान गरिने शिक्षालाई राष्ट्रिय शिक्षा प्रणालीमा आबद्ध गरी औपचारिक विद्यालय शिक्षाको समकक्षी बनाउने।

## च. समावेशी र विशेष शिक्षा नीति

१. अपाङ्गता भएका बालबालिकाहरूको सिकाइ आवश्यकता पूरा गर्न समावेशी शिक्षा एवं विशेष शिक्षाका अवसर प्रदान गर्ने र जीवनोपयोगी तथा व्यावसायिक सीप विकासका लागि पाठ्यक्रम तथा पाठ्यसामग्रीमा अनुकूलन गर्ने।
२. आर्थिक, सामाजिक तथा सांस्कृतिक कारणले पछि परेका व्यक्तिहरूलाई शिक्षाको अवसर सुनिश्चित गर्न आरक्षण, सकारात्मक विभेद, प्राथमिकता, प्रोत्साहन लगायतका उपायहरू अवलम्बन गर्ने।

## छ. शैक्षिक सुशासन र जनशक्ति व्यवस्थापन नीति

१. सबै विद्यालयमा योग्य तथा सक्षम विषयगत शिक्षकको व्यवस्थापन गर्दै उनीहरूको उत्प्रेरणा, पेसागत नैतिकता र सक्षमता अभिबृद्धि गर्नुका साथै शिक्षकको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोड्ने।
२. विद्यालयमा अध्यापन बाहेककासरसफाई, सूचना संप्रेषण,कार्यालय व्यवस्थापन, प्रयोगशाला व्यवस्थापन, पुस्तकालय व्यवस्थापन जस्ता कार्यकोलागि आवश्यक संख्यामा कर्मचारीको व्यवस्था गर्ने।
३. शिक्षण पेसामा प्रवेश गर्न चाहने व्यक्तिहरूलाई रजिष्ट्रेशन तथा अनुमतिपत्र प्रदान गर्नका लागि शिक्षक सेवा आयोगको सुदृढीकरण गर्ने।
४. विद्यालय र समुदायबीच सहयोगात्मक र सहकार्यात्मक साझेदारी निर्माण गर्दै विद्यालय विकासका लागि प्रभावकारी रुपमा परिचालन गर्ने।
५. विद्यालयको शासकीय सुधारसहित जनसहभागिता, सरोकारवालाको प्रतिनिधित्व, पारदर्शिता, अपनत्व र उत्तरदायित्व प्रवद्र्धन गर्न सहभागितामूलक संयन्त्र निर्माण गरी शैक्षिक सुशासन कायम गर्ने।
६. विद्यालय नेतृत्वको भूमिका सवलीकरण गर्न प्रधानाध्यापकको योग्यता, सक्षमता र कार्य सम्पादनका आधारमा सुविधा बृद्धि गर्नुका साथै छनौट प्रक्रियालाई योग्यता प्रणालीमा आधारित एवम् पारदर्शी बनाउने।
७. शिक्षालयहरूका शैक्षिक तथ्याङ्कलाई क्लाउड प्रविधिमार्फत् व्यवस्थापन गर्नुका साथै नीति निर्माण गर्न आवश्यक तथ्याङ्क सङ्कलन, प्रशोधन र सम्प्रेषणका लागि वास्तविक समय (Real Time) मा सूचना प्राप्त गर्न उपयुक्त प्रविधि पूर्वाधार तथा संरचना बनाउने।
८. शिक्षक तथा कर्मचारी र पदाधिकारीहरूलाई आफ्नो जिम्मेवारी वहन गर्दै पेसा वा जिम्मेवारीप्रति उत्तरदायी बनाउन पेसागत आचारसंहिता बनाई लागू गर्ने एवं पेसागत हक हित संरक्षणका लागि एकल पेसागत संगठनको कानूनी प्रबन्ध गर्ने।
९. शैक्षिक परामर्श सेवालाई थप प्रभावकारी बनाउनुको साथै यस्तो सेवा प्रदान गर्ने संस्थाहरूको नियमन गर्ने।

## ज. सार्वजनिक – निजी साझेदारी र सामुदायिक एवं सार्वजनिक शिक्षा प्रणालीको सवलीकरण नीति

१. नेतृत्व सवलीकरण तथा अभिभावकको अपनत्व सिर्जना गर्दै सार्वजनिक शिक्षा प्रणालीको रुपान्तरणका लागि सरोकारवालाहरूको सक्रिय सहभागितामा अल्पकालीन तथा दीर्घकालीन लक्ष्य किटान गरी सामुदायिक एवम् सार्वजनिक शिक्षा प्रणाली सवलीकरण अभियान सञ्चालन गर्ने।

२. संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरूको स्थानीय सरकारबाट प्रभावकारी नियमन गर्ने।

३. शिक्षा क्षेत्रमा छायाँ शिक्षाको रूपमा रहेका ब्रिज कोर्श सञ्चालक संस्था, ट्युसन सेन्टर र कोचिङ सेन्टर लगायत शैक्षिक सेवा प्रदायक संस्थाहरूलाई मापदण्डका आधारमा सञ्चालन, नियमन र व्यवस्थापन गर्ने।

## झ. राष्ट्रिय योग्यता प्रारुपमा आधारित शिक्षा प्रणाली नीति

१. राष्ट्रिय योग्यता प्रारुप निर्माण गरी औपचारिक र अनौपचारिक तथा साधारण र प्राविधिक एवं व्यावसायिक शिक्षाको योग्यताबीच समकक्षता (Equivalence) र पारगम्यता (Permeability) को प्रणाली स्थापित गर्न कानुनी तथा संस्थागत व्यवस्था गर्ने।

## ञ. शिक्षामा गुणस्तर नीति

१. संघ, प्रदेश र स्थानीय तहको विद्यालय शिक्षामा पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धी जिम्मेवारी किटान गर्ने र पाठ्यक्रम, पाठ्यसामग्री विकास एवं कार्यान्वयन, शिक्षण सिकाइ प्रक्रिया र विद्यार्थी मूल्याङ्कन प्रणालीमा सुधार गर्ने।

२. सबै प्रकारका विद्यालयमा अध्यापन गर्ने शिक्षकका लागि राष्ट्रिय शिक्षक सक्षमताको मापदण्ड निर्धारण गरी सोको आधारमा शिक्षक तयार गर्ने र शिक्षक सक्षमताका आधारमा निरन्तर पेसागत विकास कार्य सञ्चालन गर्ने।

३. विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद् जोखिममुक्त बनाउनुका साथै सबै विद्यालयलाई सुरक्षित एवं हरित विद्यालयको रुपमा विकास गर्ने।

४. विद्यालय अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण प्रक्रियालाई विकेन्द्रित गरी विद्यालय र स्थानीय तहबाट प्राविधिक सहायता प्रदान गर्ने पद्धतिको विकास गर्ने।

५. संघीय शिक्षा हेर्ने मन्त्रालयले आधारभूत तथा माध्यमिक बिद्यालयका गुणस्तरमानक तथा सूचकहरू निर्धारण गरी प्रदेश र स्थानीय तहबाट सोको कार्यान्वयन तथा आवधिक समीक्षा गर्ने।

६. सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा प्रणालीको अभिन्न अंगको रुपमा एकिकृत गर्दै विद्यालय तथा शिक्षण संस्था प्रविधिको पूर्वाधार विकास गर्ने र शिक्षण सिकाइ प्रक्रिmयालाई सूचना प्रविधिमैत्री बनाउने।

७. गुणस्तर प्रत्यायन र प्रमाणीकरण निकायमार्फत उच्च शिक्षा संस्थाहरूको गुणस्तर मापनका मापदण्डका आधारमा गुणस्तको प्रमाणपत्र लिनुपर्ने व्यवस्था गरी सोको आधारमा थप अनुदान तथा अन्य सुविधा प्रदान गर्ने।

## ट. शिक्षामा लगानी नीति

१. शिक्षामा पर्याप्त लगानीको सुनिश्चितता गर्न सरकारले समग्र शिक्षा बजेट र कार्यक्रमको पुनःसंरचना गर्ने तथा विभिन्न तह वा निकायबाट हुने कामको दोहोरोपना कम गर्न सार्वजनिक जवाफदेही पद्धति अवलम्बन गर्दै आवश्यकता तथा अनुसन्धानमा आधारित भएर लगानी गर्ने परिपाटी विकास गर्ने।

२. शिक्षा विकासका निम्ति संघीय, प्रादेशिक तथा स्थानीय तहमा सम्बन्धित सरकारले नै परिचालन गर्ने गरी प्रादेशिक र स्थानीय शिक्षा कोष खडा गरी त्यस्तो कोषमा अन्तरसरकारी वित्तीय हस्तान्तरणमार्फत् प्राप्त हुने स्रोत, सम्बन्धित सरकारी स्रोत, विभिन्न सङ्घ/संस्था र दाताहरूबाट प्राप्त सहयोगलाई एकीकृत गर्ने र वित्तीय व्यवस्थापनमा राष्ट्रिय नीति तथा मापदण्ड अन्तर्गत रहेर स्थानीय र प्रादेशिक आवश्यकतालाई सम्बोधन हुने गरी स्रोत परिचालन गर्ने।

३. प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका क्षेत्रमा कुशलता र प्रभावकारिता अभिवृद्धि गर्न दिगो लगानीको एकीकृत र क्षेत्रगत लगानी ढाँचा तयार गरी राष्ट्रिय प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास कोष स्थापना गरी कार्यान्वयनमा ल्याउने।

४. वैदेशिक सहायतालाई राष्ट्रिय बजेट प्रणालीमा आबद्ध गराई परिचालन गर्ने र विभिन्न स्रोतबाट बैदेशिक सहयोग स्वतन्त्रपूर्वक कुनै संस्था वा व्यक्तिमार्फत् शिक्षामा खर्च गर्ने, गराउने परिपाटीको अन्त्य गर्ने।

## ठ. विज्ञान तथा प्रविधि नीति

१. १०.५४ विज्ञान तथा प्रविधिको अध्ययनको अवसर विस्तार गर्न सोसम्बन्धी शिक्षण संस्थाहरूको विस्तार एवं सवलीकरण गर्दै विज्ञान तथा प्रविधि क्षेत्रमा सक्षम र प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्ने र आम जनसमुदायमा विज्ञानसम्मत व्यवहार विकास गर्ने

२. उपयुक्त नीति, लगानी, जनशक्ति विकास, पाठ्यक्रम समायोजन र शिक्षण पद्धतिको आधुनिकीकरण गरी बिज्ञान, प्रबिधि, इञ्जिनियरिङ् तथा गणित शिक्षा (STEM Education) लाई समग्र शिक्षा प्रणालीको अभिन्न अंगको रूपमा विकास तथा विस्तार गर्ने।

## ❖ नीति कार्यान्वयन गर्ने स्थानिय सरकारको जिम्मेवारी

१. प्रारम्भिक बाल विकास सम्बन्धी कानून, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन एवम् प्रारम्भिक बालविकास केन्द्रको अनुमति, सञ्चालन र व्यवस्थापन,
२. आधारभूत शिक्षा सम्बन्धी कानून, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन तथा आधारभूत विद्यालय अनुमति, स्वीकृति, व्यवस्थापन र नियमन,
३. अनौपचारीक, वैकल्पिक शिक्षा तथा आजीवन सिकाइसम्बन्धी कानून, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,
४. निरन्तर सिकाइ तथा सामुदायिक सिकाइ केन्द्र सम्वन्धी कानून, योजना तथा कार्यक्रम तर्जुमा, सञ्चालन, अनुगमन, मूल्याङ्कन र नियमन,
५. अभिभावक शिक्षा सम्बन्धी कानून, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,
६. खुला तथा दूर शिक्षा सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,
७. आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
८. मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,
९. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुगमन, मूल्याङकन र नियमन,
१०. गाउँ तथा नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन
११. विद्यालयको नामाकरण, नाम परिवर्तन र स्थानान्तरण,
१२. विद्यालयको चल अचल सम्पत्तिको अभिलेख, सुरक्षा र संरक्षण,
१३. घस्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास एवं कार्यान्वयन र संघ तथा प्रदेश स्तरबाट विकास गरिएका पाठ्यपुस्तक तथा पाठ्यसामग्री वितरण एवं कार्यान्वयन सहजीकरण,
१४. विद्यालयको गुणस्तर अभिवृद्धि योजना तथा कार्यक्रम निर्माण तथा कार्यान्वयन,
१५. राष्ट्रिय मापदण्डका आधारमा सार्वजनिक विद्यालयको शिक्षक दरबन्दी पुनर्वितरण र मिलान,
१६. विद्यालयको नक्शाङ्कन, समायोजन तथा नियमन,
१७. सार्वजनिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
१८. आधारभूत तहको परीक्षा सञ्चालन, व्यवस्थापन र प्रमाणीकरण,
१९. स्थानीय स्तरमा विद्यार्थी सिकाई उपलव्धीको परीक्षण र व्यवस्थापन,
२०. अनिवार्य तथा निशुल्क शिक्षाको कार्यान्वयन, विद्यार्थी प्रोत्साहन व्यवस्थापन,
२१. स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप, प्रविधिको संरक्षण, प्रबर्धन, र स्तरीकरण,
२२. सार्वजनिक विद्यालयलाई अनुदान प्रदान तथा सोको बजेट व्यवस्थापन,
२३. विद्यालयको आर्थिक अनुशासन, अनुगमन र लेखापरीक्षण,
२४. शिक्षक र कर्मचारीको क्षमता विकास, तालिम, अभिमुखीकरण, गोष्ठी, कार्यशाला, सञ्चालन,
२५. स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
२६. विद्यालय शिक्षक तथा कर्मचारीको पुरस्कार र प्रोत्साहन व्यवस्थापन,
२७. अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन तथा व्यवस्थापन

## १.३.२.२ शिक्षा ऐन, २०२८

शिक्षा ऐन, २०२८ विद्यालय शिक्षाको लागि प्रमुख कानून हो। यो ऐन सर्वप्रथम २०२८ असोज २४ मा प्रकाशन भएको हो भने लागू चाहि पहिलो पटक २०२८ कार्तिक १५ गते देखि देशका दुईवटा जिल्ला चितवन र कास्कीमा भएको थियो। वि.सं. २०३२ असोज २० सम्म देशभरका सबै जिल्लाहरुमा लागू भएको शिक्षा ऐन, २०२८लाई वि.सं. २०७४ कार्तिक ६ गतेसम्म नवौं पटक संशोधन गरिएको छ।

शिक्षा ऐन (संशोधन सहित), २०२८ को मुख्य उद्देश्य देशको शासन व्यवस्था अनुकूल सर्वसाधारण जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्दै मुलुकभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालन भइरहेका विद्यालयको व्यवस्थापनमा सुधार गर्दै गुणस्तरयुक्त शिक्षाको विकास गर्नु रहेको छ। यसको इलेक्ट्रोनिक कपी मुद्रण विभागको बेभसाइट https://www.dop.gov.np वा नेपाल कानून आयोगको वेभसाइट https://www.lawcommission.gov.np बाट प्राप्त गरेर यस सम्बन्धी विस्तृत जानकारी हासिल गर्न सकिन्छ।

### १.३.२.३ अनिवार्य तथा नि:शुल्क शिक्षा सम्बन्धी ऐन, २०७५

शिक्षा सम्बन्धी हकलाई नेपालको संविधानले मौलिक हकको रुपमा उल्लेख गरेको छ । मौलिक हकको कार्यान्वयनका लागि संविधान प्रारम्भ भएको तीन वर्ष अर्थात २०७५ असोज २ गतेभित्र कानुनी व्यवस्था गर्नु पर्ने अनिवार्य व्यवस्था रहेको छ । त्यही कुरालाई मध्यनजर गर्दै संवैधानिक व्यवस्थाको अन्तिम दिन अनिवार्य तथा नि:शुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ प्रमाणीकरण भएको देखिन्छ ।

यस ऐनको प्रमुख उद्देश्य शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको आधारभूत मानव अधिकार एवं संविधान प्रदत्त मौलिक हकलाई व्यवहारमा कार्यान्वयन गरी शिक्षालाई लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद उन्मुख राष्ट्र निर्माणमा केन्द्रित गर्दै शिक्षामा सबैको सहज एवं समतामूलक पहुँच र निरन्तरता सुनिश्चित गर्न तथा शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रस्तिपर्धी एवं गुणस्तरयुक्त बनाउनु रहेको छ ।

यस ऐनका सातवटा परिच्छेद र एकचालीसवटा दफामाअनिवार्य तथा नि:शुल्क शिक्षा सम्बन्धमा विभिन्न व्यवस्थाहरु उल्लेख गरिएका छन् । यस ऐनको इलेक्ट्रोनिक कपी https://www.dop.gov.np वा https://www.lawcommission. gov. np बाट प्राप्त गरेर यस सम्बन्धी विस्तृत जानकारी हासिल गर्न सकिन्छ ।

### १.३.२.४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४

स्थानीय सरकार नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्था संसदले बनाएको यस ऐनको प्रमाणिकरण २०७४ असोज २९ गते भएको हो । यस ऐनमा स्थानीय सरकारले गर्नु पर्ने काम, कर्तव्य र अधिकारहरुलाई १५ (पन्ध्र) विभिन्न परिच्छेद र १२१(एक सय एक्कइस) दफाहरुमा व्यवस्थित गरिएको छ ।

#### उद्देश्य:

१. संघ, प्रदेश र स्थानीय तह बीचको सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रबर्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्नु,
२. लोकतन्त्रका लाभहरूको समानुपातिक समावेशी र न्यायोचित वितरण गरी कानूनी राज्य र दिगो विकासको अवधारणा अनुरूप समाजवाद उन्मुख सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्नु,
३. स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्नु ।

#### ❖ शिक्षा सम्बन्धि व्यवस्था

स्थानीय सरकार सञ्चालन ऐनको परिच्छेद ३ गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारको दफा ११ को उपदफा २ को खण्ड (ज) मा आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी व्यवस्था उल्लेख गरिएको छ । जसलाई जस्ताको त्यस्तै रुपमा तलका हरफमा उल्लेख गरिएको छ ।

#### परिच्छेद: ३ (गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार)

११. गाउँपालिका तथा नगरपालिकाको अधिकार: (१) गाउँपालिका तथा नगरपालिकाको एकल अधिकार संविधानको अनुसूची–८ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

#### ज. आधरभुत र माध्यमिक शिक्षा

१. प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,
२. सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन,
३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन,
४. मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,
५. गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन,
६. गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन,
७. विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,
८. विद्यालयको नामाकरण,
९. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,

१०. विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण,
११. सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान,
१२. विद्यालयको नक्साकंन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,
१३. सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
१४. आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,
१५. विद्यार्थी सिकाई उपलब्धीको परीक्षण र व्यवस्थापन,
१६. निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,
१७. ट्यूसन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,
१८. स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण,
१९. स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
२०. माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,
२१. सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,
२२. शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास,
२३. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन।

(३) गाउँपालिका तथा नगरपालिकाले सङ्घ तथा प्रदेशसँगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार संविधानको अनुसूची–९ मा उल्लेख भए बमोजिम हुनेछ।

(६) सङ्घ वा प्रदेशले संविधान तथा प्रचलित कानून बमोजिम आफ्नो अधिकारक्षेत्रभित्रको कुनै विषय गाउँपालिका वा नगरपालिकालाई कानून बनाई निक्षेपण गर्न सक्नेछ।

(७) गाउँपालिका वा नगरपालिकाले उपदफा (१), (३), (४) र (५) बमोजिमको काम, कर्तव्य र अधिकारको प्रयोग गर्दा आवश्यकता अनुसार कानून, नीति, योजना, मापदण्ड तथा कार्य्विधि बनाई लागू गर्न सक्नेछ।

(८) स्थानीय तहले प्रदेश सरकारको परामर्शमा नेपाल सरकारको पूर्व स्वीकृति लिई विदेशका कुनै स्थानीय सरकारसँग भगिनी सम्बन्ध कायम गर्न सक्नेछ।

### १२ वडा समितिको काम, कर्तव्य र अधिकारः

उपदफा (२) को खण्ड (ग) विकास कार्य

(२) अनौपचारिक शिक्षा कार्यक्रम, शिशु स्याहार तथा प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन
(३) पुस्तकालय, वाचनालय, सामुदायिक सिकाइ केन्द्र, बाल क्लब तथा बाल सञ्जालको सञ्चालन र व्यवस्थापन गर्ने
(१९) वडाभित्र खेलकूद पूर्वाधारको विकास गर्ने
(२०) अन्तर विद्यालय तथा बालक्लबमार्फत खेलकुद कार्यक्रमको सञ्चालन गर्ने गराउने
(२९) वडालाई बालमैत्री बनाउने

उपदफा (२) को खण्ड (ङ) सिफारिस तथा प्रमाणित गर्ने

(२७) आधारभूत विद्यालय खोल्न सिफारिस गर्ने
(२९) विद्यालयको कक्षा थप गर्न सिफारिस गर्ने
(३३) विद्यालय ठाउँ सारी गर्न सिफारिस गर्ने

### १.३.२.५ शिक्षा नियमावली, २०५९

शिक्षा नियमावली, २०५९ को मुख्य उद्देश्य शिक्षा ऐन, २०२८ लाई कार्यान्वयनमा ल्याउनु हो। शिक्षा ऐन, २०२८ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी बनेको यो नियमावली पहिलो पटक वि.सं. २०६० असार २४ गते राजपत्रमा प्रकाशन भएको हो। २०७७ फागुन ३ गतेसम्म यो नियमावली नवौंपटक संशोधन भइसकेको छ। यस नियमावलीको इलेक्ट्रोनिक कपी मुद्रण विभागको बेभसाइट https:// www. dop. gov. np वा नेपाल कानून आयोगको वेभसाइट https://www.lawcommission.gov.np बाट प्राप्त गरेर यस सम्बन्धी विस्तृत जानकारी हासिल गर्न सकिन्छ।

### १.३.२.६ शिक्षक सेवा आयोग नियमावली, २०५७

शिक्षा ऐन (संशोधन सहित), २०२८ ले शिक्षक सेवा आयोगको स्थापनाको व्यवस्था गरेपश्चात शिक्षक सेवा आयोगको काम, कर्तव्य अधिकारहरुलाई व्यवस्थित गर्दै विद्यालय शिक्षक सेवा सम्बन्धी कार्यहरुलाई व्यवस्थित गर्न नेपाल सरकारले सर्वप्रथम वि.सं. २०५७ कार्तिक २४ गते शिक्षक सेवा आयोग नियमावली जारी गरेको हो। यो नियमावली हालसम्म दशौंपटक संशोधन भइसकेको छ। हाल यसै

नियमावलीको आधारमा शिक्षक सेवा आयोगले अध्यापन अनुमति पत्र तथा शिक्षक नियुक्तिको सिफारिसका साथै शिक्षकहरुको बढुवा सम्बन्धी कार्य गर्दै आइरहेको छ।

यस नियमावलीको इलेक्ट्रोनिक कपी मुद्रण विभागको बेभसाइट https://www.dop.gov.npवा नेपाल कानून आयोगको वेभसाइट https://www.lawcommission.gov.np बाट प्राप्त गरेर यस सम्बन्धी विस्तृत जानकारी हासिल गर्न सकिन्छ।

### १.३.२.७ एकीकृत छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०७६

यो निर्देशिका सुदूर पश्चिम प्रदेश सरकारबाट जारी गरिएको हो। सुदूरपश्चिम प्रदेशको मन्त्रीपरिषद्को मिति २०७६ मंसीर १३ मा स्वीकृत प्राप्त भएको यस निर्देशिकाको मुख्य उद्देश्य सुदूरपश्चिम प्रदेश सरकार सामाजिक विकास मन्त्रालयक स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतका सबै प्रकारका छात्रवृति एकीकृत रुपमा लक्षित वर्गसम्म व्यवस्थित, पारदर्शी र प्रभावकारी तवरबाट पुऱ्याउनु हो।

यस निर्देशिकाको इलेक्ट्रोनिक कपी सुदूरपश्चिम प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयको वेभसाइट http://mosd.sudurpashchim.gov.np बाट प्राप्त गरेर यस सम्बन्धी थप जानकारी हासिल गर्न सकिन्छ।

### १.३.३ पन्ध्रौ आवधिक योजना (२०६७/०७७–२०८०/०८१) मा शिक्षा

हाम्रो देशमा हाल पन्ध्रौ आवधिक योजना कार्यान्वयनमा रहेको छ। यसको अवधि आर्थिक वर्ष २०७६।७७ देखि २०८०।८१ सम्म तोकिएको छ। यो योजना समृद्ध नेपाल, सुखी नेपाली को दीर्घकालीन सोच हासिल गर्ने आधार योजना हो।

यस योजनाका प्रमुख तीनवटा राष्ट्रिय उद्देश्यहरुमा पहिलो सर्वसुलभ, गुणस्तरीय र आधुनिक पूर्वाधार निर्माण, उत्पादशील र मर्यादित रोजगारी अभिवृद्धि, उच्च, दिगो र समावेशी आर्थिक वृद्धि तथा गरिबी निवारण गर्दै समृद्धिको आधार निर्माण गर्नु हो भने दोस्रो गुणस्तरीय स्वास्थ्य तथा शिक्षा, स्वस्थ तथा सन्तुलित वातावरण, सामाजिक न्याय र जवाफदेही सार्वजनिक सेवा कायम गरी संघीय शासन व्यवस्थाको सदृढिकरण गर्दै नागरिकलाई परिष्कृत र मर्यादित जीवनयापनको अनुभूति गराउनु हो भने तेस्रो अर्थात अन्तिम उद्देश्य सामाजिक-आर्थिक रुपान्तरण तथा स्वाधीन राष्ट्रिय अर्थतन्त्र निर्माण गरी देशको स्विमान, स्वतन्त्रता र राष्ट्रिय हित संरक्षण गर्नु हो।

यस योजनाले शिक्षालाई सामाजिक क्षेत्र अन्तर्गत एउटा छुट्टै विषयका रुपमा उल्लेख गरेर चौधौं योजनाअवधिमा के कस्ता समस्याहरु भोग्नु पऱ्यो? अझैं के, कस्ता चुनौतिहरुको समाधान गर्नु पर्ने स्थिति छ ? पन्ध्रौं योजना अवधिभर शिक्षाको सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति कस्तो हुने र तिनीहरुको कार्यान्वयनबाट कस्तो उपलब्धी हासिल हुने अपेक्षा गरिएको छ भन्नेबारेमा स्पष्ट पारेको छ। यस शिर्षकमा देशको पन्ध्रौं योजनामा उल्लेख भएको शिक्षासम्बन्धी व्यवस्थालाई हुबहु प्रस्तुत गरिएको छ।

#### ❖ पृष्ठभुमि

शिक्षा विकासको आधार हो।साथै, परिष्कृत एवम् मर्यादित जीवन र सम्मानित रोजगारी तथा उद्यम विकासको आधार शिक्षा हो।ज्ञानमा आधारित समाजको माध्यमबाट मुलुकको दिगो शान्ति र समृद्धिका लागि शिक्षालाई महत्वपूर्ण माध्यमको रुपमा स्वीकार गरिँदै आएको छ। नेपालको संविधानले शिक्षा सम्बन्धी हकलाई मौलिक हकका रुपमा प्रत्याभूत गरेको छ। संविधानले आधारभूत तह सम्मको शिक्षामा पहुँच, आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यमिक तह सम्मको निःशुल्क शिक्षा पाउने हक प्रत्याभूती गरेको छ। अपांगता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र संचालन गर्ने हक प्रत्याभूती गरेको छ। साथै शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमूलक तथा रोजगारमूलक बनाउँदै शिक्षामा राज्यको लगानी अभिवृद्धि गर्दै निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने नीति अबलम्बन गरेको छ।

आ.व. २०७४/७५ को अन्त्यमा १५ वर्ष माथिको जनसंख्याको साक्षरता दर ५८ प्रतिशत पुगेको छ भने १५ देखि २४ वर्ष उमेर समूहको युवा साक्षरता दर ९२ प्रतिशत पुगेको छ। पूर्व प्राथमिक शिक्षामा कुल भर्नादर ८४.१ प्रतिशत, पूर्वप्राथमिक शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना हुने बालबालिकाको संख्या ६६.३ प्रतिशत पुगेको छ। कक्षा १ देखि ५ सम्मको खुद भर्नादर ९७.२ प्रतिशत र कक्षा १ देखि ८ सम्मको खुद भर्नादर ९२.३ प्रतिशत र माध्यमिक तह (कक्षा ९-१२) को खुद भर्नादर ४६ प्रतिशत रहेको छ। अध्ययनको क्रममा बीचैमा विद्यालय छाड्ने दर कक्षा १ देखि ५ मा ३.८ प्रतिशत, कक्षा ६ देखि ८ मा ४.४ प्रतिशत र कक्षा ९ देखि १० मा ३.७ प्रतिशत छ। यसै गरी प्राथमिक तह र माध्यमिक तह (११-१२) को लैङ्गिक समता सूचकाङ्क क्रमश: १.० र १.०२ रहेको छ। उच्च शिक्षामा सहजै देखिने भर्नादर १२ प्रतिशत रहेको छ। विदेश पढ्न जाने एवम् वैदेशिक संस्थामा पढ्ने समेत गर्दा यो करिब १५ प्रतिशत पुगेको देखिन्छ। वार्षिक झण्डै ५ लाख युवा श्रम बजारमा प्रवेश गर्दछन् तर करिब १ लाख ५० हजारले मात्र प्राविधिक तथा व्यवसायिक तालिम प्राप्त गर्ने गरेका छन। जनसांख्यिक संरचनालाई विश्लेषण गर्दा हाल १०- २४ वर्ष उमेर समूहको हिस्सा सर्वाधिक रहेकोले आगामी वर्षहरुको लागि शिक्षाको व्यवस्थापनमा यसलाई ध्यान दिनु जरुरी देखिन्छ। राज्यको नेतृत्वदायी र निजी क्षेत्रको परिपूरक भूमिकामा गुणस्तर अभिवृद्धि गर्दै समग्र शिक्षा क्षेत्रको विकास गर्ने मुलभूत सोच यस योजनाले राखेको छ।

## ❖ प्रमुख समस्याः

सबैका लागि गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्न नसकिनु, विशेष तथा लक्षित समूहका बालबालिकाको पहुँच गर्न नसकिनु, भर्ना भएका विद्यार्थीको निरन्तरता कायम गर्दै अपेक्षित रुपमा सिकाइ उपलब्धि हासिल हुन नसक्नु, तहगत,क्षेत्रगत एवम् विषयगत रुपमा सवै विद्यालयमा शिक्षक व्यवस्थापन गर्न नसक्नु, प्राविधिक शिक्षालाई शिक्षाको मूलधारको रुपमा विकास गर्न नसकिनु, प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकास एवम् शिक्षा सम्बन्धी अधिकार कारयान्वयन गर्नका लागि प्रयाप्त स्रोतको व्यवस्थापन गर्न नसकिनु, विश्वविध्यालय शिक्षालाई अनुसनधानमा आधारित बनाइ ज्ञानमा आधारित अर्थतन्त्रमा टेवा पुर्याउन सक्ने जनशक्ति उत्पादनमा केन्द्रित गर्न नसकिनु, तोकिएका शैक्षिक वर्षमा तह पार गर्नेको संख्या कम हुनु, बजारको मागअनुसार जनशक्ति उपलब्ध नहुनु, उत्पादित जनशक्तिले पनि योग्यताअनुसारको रोजगारी प्राप्त गर्न नसक्नु, पठन संस्कृतको विकास तथा जीवनपर्यन्त शिक्षाका लागि सार्वजनिक पुस्तकालय प्रणालीको विकास नहुनु, शिक्षा क्षेत्रको सबै तहमा सुशासनको प्रत्याभूति गर्न नसकिनु, सार्वजनिक र निजी लगानीका शैक्षिक संस्थाको उचित व्यवस्थापन,प्रतिभाहरुको पलायन नियन्त्रणजस्ता विषयहरु शिक्षा क्षेत्रमा प्रमुख समस्याका रुपमा रहेका छन ।

## ❖ चुनौती तथा अवसर

विद्यालय शिक्षाको सर्वसुलभता, उपयुक्त पूर्वाधारको विकास, समन्ययिकता, गुणस्तरको सुनिश्चितता सहित सार्वजनिक शिक्षाप्रतिको आकर्षण अभिवृद्धि गर्नु, विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्नु, शैक्षिक सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु, सबै प्रकारका विद्यालयमा भौतिक पूर्वाधारसहितको आकर्षक सिकाइ वातावरण विकास गर्नु, शिक्षण सिकाइ पद्धतिलाई व्यवहारिक, बालमैत्री एवम् प्रविधिमा आधारित बनाउनु, उद्यमशील, समालोचनात्मक र अन्वेषणकारी नागरिक तयार गर्नु, विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालयमा भर्ना गर्नु, कक्षा छाड्ने दर शून्यमा झारी अपेक्षित सिकाइ उपलब्धि हासिल गर्नु, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको विकासका लागि भौतिक पूर्वाधार, प्राविधिक जनशक्तिको उपलब्धता र समान्यायिक पहुँच सुनिश्चित गर्न आवश्यक पर्ने स्रोत साधनको उपलब्धता व्यवस्थापन गर्नु, सबै विश्वविद्यालयबाट उत्पादन हुने जनशक्तिलाई अन्तराष्ट्रियस्तरमा समकक्षी र प्रतिस्पर्धी बनाउनु, प्राविधिक उच्च शिक्षाको अवसर विस्तार गर्दै ज्ञान र प्रविधिमा आधारित अर्थतन्त्र प्रवर्द्धन गर्ने नवीन सोचलाई वास्तविकतामा उतार्नु, शिक्षा क्षेत्रमा सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु, क्षमतावान् युवालाई स्वदेशमै सेवा गर्ने अवसरको सिर्जना गर्नु, शैक्षिक प्रशासनको समयसापेक्ष पुनःसंरचना, जनसांख्यिक बनोट, आन्तरिक र बाह्य बसाइँसराइको प्रवृत्तिसमेतको अध्ययन गरी शैक्षिक संस्थाहरुको नक्साङ्कन गर्नु र सूचना तथा सञ्चार प्रविधिले ल्याएका विविध अवसरको सदुपयोग गर्नु यस क्षेत्रका प्रमुख चुनौती हुन् ।

शिक्षालाई मौलिक हकको रुपमा स्थापित गर्दै अधिकार र जिम्मेवारीसहित स्थानिय तहलाई जिम्मेवार गराउने संवैधानिक आधार भएकाले शिक्षामा सहभागिता र पहुँचमा वृद्धि गरी गुणस्तर सुधार गर्न सकिने अवसर सिर्जना हुनु, साक्षरता दरमा भएको वृद्धि, विध्यालय तहको खुद भर्नादर र लैङ्गिक समता सूचकाङ्कमा प्रगति देखिन, शिक्षामा समावेशी सहभागिता अभिवृद्धि हुनु, सार्वजनिक विद्यालयप्रतिको चासो र जनअपेक्षा बढ्दै जानु, प्राविधिक शिक्षालाई हरेक स्थानिय तहसम्म सर्वसुलभ गराउने तथा प्राविधिक उच्च शिक्षालाई प्रवर्द्धन गर्दै रोजगारीका अवसरमा वृद्धि गर्ने सरकारको नीति रहनु, शिक्षा तिन वटै तहका सरकारको साझा अधिकार क्षेत्रको रुपमा रहेकोले आपसी साझेदारीमा लगानी अभिवृद्धि गर्न सकिने अवस्था देखिनु, तीन तहका सरकारको क्षमता विकास गर्दै शिक्षाको व्यवस्थापनलाई प्रभावकारी तुल्याई शैक्षिक सेवा प्रवाहमा सुधार गर्न सकिने अवसर रहनु, प्राविधिक शिक्षा विस्तारमार्फत स्वदेशमा नै रोजगारीका अवसर सिर्जना गरी देशको आर्थिक विकासमा टेवा पुर्याउन सक्ने एवम रोजगारीको खोजीमा बाहिर पलायन भएका युवा जनशक्तिलाई स्वदेशमा नै फिर्ता गर्न सकिने वातावरण तयार हुनु र गुणस्तरीय शैक्षिक वातावरण सिर्जना गर्दै खोज र अनुसन्धानमा आधारित उच्च शिक्षाको विकास गरी नेपाललाई विविध विषयमा उच्च शिक्षाको अध्ययन केन्द्र बनाउन सकिने वातावरण तयार हुनु यस क्षेत्रका प्रमुख अवसर हुन् ।

## ❖ सोच,लक्ष्य,उद्देश्य,रणनीति तथा कार्यनीति

**सोचः** सामाजिक आर्थिक रुपान्तरणका लागि मानव संसाधनको विकास ।

**लक्ष्यः** गुणस्तरीय शिक्षामार्फत सिर्जनशील, दक्ष, प्रतिस्पर्धी, उत्पादनशील र नवप्रवर्तनशील मानव स्रोतको विकास गर्ने ।

**उद्देश्यः**

१. सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अनुभवसहित आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षामा निःशुल्क पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु ।
२. प्राविधिक शिक्षा तथा व्यवसायिक सीप विकासमा समावेशी र समतामूलक पहुँच विस्तार र गुणस्तर सुनिश्चितता गर्नु ।
३. पहुँच र गुणस्तर अभिवृद्धि गरी उच्च शिक्षालाई वैज्ञानिक, नवप्रवर्तनात्मक, अनुसन्धानात्मक, प्रविधिमैत्री र रोजगारमूलक बनाउँदै ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माण गर्नु ।
४. सबै नागरिकका लागि जीवन पर्यन्त शिक्षाको अवसर सुनिश्चित गर्नु ।
५. संघिय संरचना अनुरुप सबै तहका शैक्षिक प्रशासनिक निकाय र शिक्षण संस्थामा सुशासन कायम गर्नु ।

## ❖ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अंगको रुपमा विकास गरी यसलाई सबै बालबालिकाका लागि अनिवार्य गर्ने। | १. कम्तिमा एक विद्यालय, एक बालविकास केन्द्रको अवधारणा अन्तर्गत स्थानिय तह मार्फत् बालबिकास केन्द्रहरुको पुनर्वितरण गरी संघीय सरकारबाट हाल दिइँदै आएको अनुदानलाई निरन्तरता दिँदै प्रवेश तथा स्थानिय तहबाट समेत लगानी गरी बालविकास केन्द्रको विकासका लागि लागत साझेदारी गरिनेछ।<br>२. प्रारम्भिक बालविकास तथा शिक्षाका शिक्षकको न्यूनतम शैक्षिक योग्यता र तालिम अबधिको पुनरावलोकन गरी योग्य शिक्षकबाट सेवा प्रवाह हुने व्यवस्था गरिनेछ।<br>३. प्रारम्भिक बाल कक्षामा निर्धारित मापदण्ड अनुरुप बसाइँ व्यवस्था र सरसफाईलाई ध्यान दिई खेलसामग्री, सिकाइ सामग्री, मनोरञ्जन सामग्री, अडियो भिडियो सामग्री सहित आकर्षण, मनोरञ्जक र बालमैत्री कक्षाकोठा व्यवस्थापन गरिनेछ। |
| २. अनिवार्य तथा निःशुल्क शिक्षाको मापदण्डको आधारमा विद्यालय शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्न सरकारका सबै तहलाई क्षमतावान र जवाफदेही बनाउने। | १. विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय भर्ना गर्ने अभियानलाई सबै तहको सरकार, राजनीतिक दल, स्थानिय बुद्धिजीवी, समाजसेवी, सरकारी तथा गैरसरकारी निकायहरुको साझेदारीमा निरन्तरता दिई सबै बालबालिकालाई विद्यालयमा भर्ना गरी स्थानीय तहले आफ्नो भौगोलिक क्षेत्रभित्र विद्यालय बाहिर बालबालिका नभएको घोषणा गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।<br>२. सबैका लागि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सुनिश्चित गर्न जोखिममा परेका, अल्पसंख्यक तथा लोपोन्मुख समुदायका विद्यार्थीहरु तथा सीमान्तीकृत समूहका विद्यार्थीको सिकाइ आवश्यकता सम्बोधन गर्न खुला एवम् वैकल्पिक शिक्षाको व्यवस्था गरिनुका साथै अपाङ्गता भएका बालबालिकाको पहिचान एवम् लेखाजोखा गर्ने र उचित शैक्षिक अवसरको सिर्जना गर्न अपाङ्गता अनुकूल सिकाइ सामग्रीको प्रबन्ध र आवश्यकताका आधारमा आवासीय तथा विशेष शिक्षाको व्यवस्था गरिनेछ।<br>३. कक्षा छाड्ने समस्या सामाधान गर्न र विद्यालयमा विद्यार्थी टिकाइ राख्नका लागि आधारभूत तहका बालबालिकालाई दिवा खाजा, अपाङ्गता भएका बालबालिका एवम् विपन्न लक्षित छात्रवृत्ति र स्थानीय स्वास्थ्य केन्द्रमा आधारित स्वास्थ्य परीक्षण र उपचार जस्ता प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ।<br>४. सबै प्रकारका विपदबाट क्षतिग्रस्त शिक्षण संस्थाहरुको पुनःनिर्माण गरी शिक्षण संस्थाहरुलाई भौतिक पूर्वाधार सम्पन्न गर्ने तथा बहुप्रकारका विपदप्रति संवेदनशील र अपाङ्गमैत्री बनाइनेछ।<br>५. दुर्गम तथा हिमाली क्षेत्रका, विशेष आवश्यकता भएका बालबालिका अध्ययन गर्ने विद्यालय तथा नमूनाको रुपमा विकास गरिने विद्यालयमा आवासीय सुविधा सहितको शैक्षिक प्रबन्ध गरिनुका साथै स्थानीय आवश्यकताका आधारमा विपन्न,सीमान्तकृत तथा लोपोन्मुख समुदायका बालबालिकालाई लक्षित गरी आवासीय सुविधा सहितका विद्यालय सञ्चालनमा ल्याउनेछ।<br>६. प्रत्येक गाउँपालिका र नगरपालिकामा नपुग विषयगत शिक्षक दरबन्दी व्यवस्था गर्न संघिय, प्रदेश र स्थानिय तहबीच समन्वय र सहकार्य गरी सबै विद्यालयमा न्यूनतम शिक्षक सुनिश्चित नहुँदासम्मका लागि एकमुष्ट अनुदान तथा पट्के अनुदान जस्ता वैकल्पिक विधिहरुबाट शिक्षक व्यवस्थापन गरिनेछ।<br>७. शिक्षण संस्थाहरुको प्रविधि सहितको भौतिक पूर्वाधार विकासको लागि संघ, प्रदेश र स्थानीय तहको लगानीमा प्राथमिकता दिइनेछ।<br>८. जनसांख्यिक बनोट, भौगोलिक अवस्थाको आधारमा विद्यालय नक्साङ्कन गरी विद्यालय गाभ्ने, सार्ने तथा नयाँ स्थापना गरिनेछ। |
| ३. विद्यालय शिक्षामा गुणस्तर मापदण्ड र प्रत्ययन प्रणाली (Accreditation System) | १. पढ्नका लागि सिक्ने तथा सिक्नका लागि पढ्ने प्रक्रियालाई प्रोत्साहित गर्न विद्यालयमा उचित प्रयोगशाला र पुस्तकालय तथा सिकाइ कुनाको व्यवस्था गरिनेछ।<br>२. शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन विद्यार्थी संख्या कम भएका |

| रणनीति | कार्यनीति |
| --- | --- |
| विकास गरी विद्यालयमा समान गुणस्तर कायम गर्ने। | विद्यालयमा बहुकक्षा शिक्षण व्यवस्था, कक्षा शिक्षण पद्धति मार्फत पढाइ सीप प्रवर्धन गर्न उपयुक्त पाठ्यसामग्री, सन्दर्भ सामग्री, स्रोत सामग्री, प्रयोगात्मक सामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापन लगायतको व्यवस्थापन लगायतको व्यवस्था मिलाइनेछ।<br>३. शिक्षकको न्यूनतम शैक्षिक योग्यतामा पुनरावलोकन तथा आवधिक रुपमा योग्यता परीक्षण गर्ने प्रणाली स्थापना गरिनुका साथै शिक्षकको निरन्तर पेसागत क्षमता विकासका लागि शिक्षक पेसागत विकास कार्यक्रम सञ्चालन गरिनेछ। |
| ४. मानव संसाधन, पूर्वाधार तथा प्रविधिको विकास र जीवनोपयोगी ज्ञान र सीपमा आधारित पाठ्यक्रम मार्फत् सबै तहको शिक्षामा गुणस्तर सुनिश्चितता गर्ने। | १. प्रदेश र स्थानिय तहबाट समेत आवधिक रुपमा विद्यार्थी उपलब्धि परीक्षण गरी स्तरीकृत परीक्षणबाट प्राप्त नतिजाका आधारमा परिमार्जित विद्यालय सुधार योजना कार्यान्वयन ल्याइनेछ।<br>२. विद्यालय शिक्षाको पाठ्यक्रम र पाठ्यपुस्तक समयानुकूल परिमार्जन गर्नुका साथै आधारभूत तहको कक्षा १ देखि ३ सम्मको एकीकृत पाठ्यक्रम कार्यान्वयन गर्दै आधारभूत तहको शिक्षण सिकाइका लागि आवश्यकता अनुसार माध्यम भाषाको रुपमा मातृभाषा वा स्थानीय भाषा वा नेपाली भषा प्रयोग गर्ने व्यवस्था मिलाई संघबाट तोकिएको मापदण्ड बमोजिम विद्यालय तहको स्थानिय पाठ्यक्रम तथा पाठ्यसामग्री स्थानिय तहबाट विकास गर्ने गरी स्थानिय तहको क्षमता विकास गर्ने गरी स्थानिय तहको क्षमता विकास गरिनेछ।<br>३. प्रारम्भिक कक्षामा अन्तरसम्बन्धित ज्ञान र सीपलाई एकीकृत गर्दै विद्यालय तह (कक्षा १-१२) को पाठ्यक्रमलाई सक्षमतामा आधारित हुने गरी परिवर्वतन गरिनेछ । साथै, विद्यालय तहमा नागरिक शिक्षालाई समेत समावेह गरिनेछ।<br>४. शिक्षण सिकाइमा टेवा पुग्ने खालका विशेषतः अंग्रेजी, गणित, विज्ञान र प्रविधिक विषयका डिजिटल पाठ्यसामग्रीहरु वसकास गरी प्रयोगमा ल्याइनेछ।<br>५. विज्ञान शिक्षालाई व्यवहारिक र रुचिकर तुल्याउन सबै माध्यमिक विद्यालयहरुमा विज्ञान प्रयोगशाला तथा आधारभूत विध्यालयहरुमा विज्ञान कक्षा निर्माणमा जोड दिँदै निर्धारित मापदण्ड अनुसारको पूर्वाधार,जनशक्ति, विद्यार्थी संख्या, जनघनत्व लगायतका पक्षमा उपयुक्त देखिएका र उच्च शैक्षिक उपलब्धि हासिल गर्ने अवस्था रहेका सार्वजनिक माध्यमिक विद्यालयमा कक्षा १२ सम्म विज्ञान विषयमा कार्यक्रम सञ्चालन गरी नमूना विद्यालयको रुपमा विकास गरिनेछ।<br>६. शिक्षण पेसामा अब्बल प्रतिभाहरुलाई प्रवेश गराउन विश्वविद्यालयबाट उत्कृष्६ अङ्क हासिल गरेका प्रतिभाहरुलाई सोझै शिक्षण पेशामा प्रवेश गर्न पाउने कानूनी व्यवस्था गरिनेछ।<br>७. चिकित्सा, इन्जिनियरिङ लगायतका प्राविधिक विषयमा विशिष्टिकृत जनशक्ति उत्पादन गर्न उच्च शिक्षा प्रदायक शैक्षिक संस्था स्थापना गरिनेछ। |
| ५. निजी लगानीका विद्यालयको नियमन गर्ने व्यवस्था मिलाई नाफामूलकबाट सेवामूलकमा रुपान्तरण गर्ने। | १. स्थानिय तह द्वारा निजी लगानीका विद्यालय सहित सबै विद्यालयको पाठ्यक्रम, भौतिक वातावरण, शिक्षक तथा कर्मचारी एवम् आर्थिक व्यवस्थापन लगायतका विषयमा नियमन गरिनेछ।<br>२. निजी लगानीका विद्यालयहरुको प्रभावकारीताका लागि आवश्यक नीतिगत र कानूनी व्यवस्था गरी त्यस्ता शैक्षिक संस्थालाई सेवामूलक बनाइनेछ। |
| ६. युवाका लागि स्थानिय तहमै प्राविधिक शिक्षा तथा व्यवसायिक सीप विकासको अवसर र पहुँच सुनिश्चित गर्न व्यापक रुपमा प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम कार्यक्रमको विस्तार गर्ने। | १. सीप नक्साङ्कन (Skills Mapping) रमापदण्डका आधारमा स्थानमान ग्रिड (Distribution Grid) को ढाँचचा तयार गरी प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकासमा पहुँच र अवसरमा व्यापकता ल्याउन तथा सार्वजनिक, सहकारी र औद्योगिक तथा निजी क्षेत्रसँग सहकार्य गरी कार्यस्थलको सिकाइ सहित रोजगार सुनिश्चित गर्न औद्योगिक प्रशिक्षार्थी कार्यक्रम (Apprenticeship) सञ्चालन गरिनेछ।<br>२. प्राविधिक शिक्षा तथा व्यवसायिक सीप विकासका लागि गुरुयोजना स्वीकृत गरी एकिकृत प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकास ऐन तर्जुमा र एकीकृत कोष |

| रणनीति | कार्यनीति |
|---|---|
| | निर्माण गरिनेछ ।<br>३. प्रत्येक स्थानिय तहमा दक्ष शिक्षक तथा आवश्यक पूर्वाधार सहितको कम्तीमा एउटा प्राविधिक शिक्षालय तथा व्यवसायिक सीप विकास तालिम केन्द्र क्रमशः स्थापना गरिनेछ ।<br>४. संरचनागत विकास तथा नियमनकारी व्यवस्था मिलाई साधारण एवम् प्राविधिक दुवै धारका कक्षा सञ्चालन गर्ने माध्यमिक विद्यालयहरुलाई आवश्यक स्रोत व्यवस्था गरिनेछ ।<br>५. बहुआयामिक गरिबीको क्षेत्रभित्र परेका, बहुवञ्चितीकरणमा परेका (Multiple Disadvantaged), आर्थिक-सामाजिक रुपमा पछाडि परेका, अपाङ्गता भएका र औपचारिक शिक्षा हासिल गर्ने अवसरबाट वञ्चित नागरिकहरुका लागि आवश्यकताका आधारमा प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकासको समन्यायिक अवसर प्रदान गर्न विद्यार्थी वित्तिय सहायता प्रणाली लागू गरिनेछ ।<br>६. प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकासमा तोकिएको गुणस्तर सुनिश्चित हुने गरी घुम्ती सीप विकास तथा तालिम (Mobile Skill Development and Training) को व्यवस्था गरिनेछ ।<br>७. प्रत्येक स्थानिय तहबाट सीपको बदलिँदो आवश्यकतालाई परिपूर्ति गर्ने र वृत्ति (पेसा वा व्यवसाय) सँग सम्बन्धित सल्लाह (Career Counseling) सेवा प्रवाह गर्ने प्रणालीको विकास गरिनेछ ।<br>८. प्रत्येक सामुदायिक विद्यालयमा एउटा प्राविधिक धारको शिक्षा सञ्चालन गरिनेछ । |
| ७. सिकाइका सबै विधि र मार्गहरु खुला गर्दै राष्ट्रिय योग्यता प्रणाली (National Qualification System) को माध्यमबाट साधारण शिक्षा, प्राविधिक शिक्षा तथा व्यवसायिक सीप विकासको गतिशीलता (Mobility) र पारगम्यता (Permeability) को सिद्धान्तको आधारमा शिक्षा, तालिम, सीप र सिकाइको योग्यता निर्धारण गर्ने । | १. साधारण शिक्षा र प्राविधिक तथा व्यवसायिक सीप विकासको गतिशिलता (Mobility) र पारगम्यता (Permeability) को आधारमा शिक्षा, तालिम, सीप र सिकाइको योग्यता निर्धारण गर्ने संयन्त्र र कार्यक्रम विकास गरिनेछ ।<br>२. प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकास तालिम प्राप्त जनशक्तिलाई उनीहरुले हासिल गरेका सीप र दक्षता उल्लेख भएको सीप-राहादानी (Skills Passport) उपलब्धता गराउने व्यवस्था गरिनेछ ।<br>३. राष्ट्रिय पेसागत सक्षमता मानक (National Occupational Competency Standard) को आधारमा पाठ्यक्रम, सिकाइ सामग्री र प्रशिक्षक तयार गरी सीप विकास तालिम प्रदायक संस्थाहरुले अनिवार्य रुपमा राष्ट्रिय मान्यता प्राप्त गुणस्तर मानकमा आधारित प्रत्ययन प्रमाणपत्र (Quality Assurance and Acredititation) लिनुपर्ने कानुनी व्यवस्था गरिनेछ । |
| ८. उच्च स्तरको प्राविधिक जनशक्ति उत्पादन गर्न उच्च शिक्षा प्रदायक शिक्षण संस्थालाई प्रतिस्पर्धी एवम् नतिजामूखी बनाउने । | १. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रदायक सार्वजनिक शैक्षिक संस्थालाइ आवश्यक पर्ने उच्च स्तरीय जनशक्ति उत्पादनका लागि विश्व विद्यालय तथा क्याम्पसहरुसँग साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. विज्ञान क्षेत्रमा प्रतिभावान विद्यार्थीको छनौट गरी विज्ञान प्रतिको रुचीलाई निरन्तरता दिन हरेक प्रदेशमा संघिय सरकारको लगानीमा राष्ट्रिय विज्ञान माध्यमिक विद्यालयको विकास गरी यस्ता विद्यालयमा अध्ययन गर्ने विद्यार्थी राष्ट्रिय प्रतिस्पर्धाका आधारमा छनौट गरिनेछ ।<br>३. उच्च शिक्षाको पहुँच पुग्न नसक्ने दुर्गम स्थान र वैकल्पिक पहुँचको आवश्यकता पर्नेहरुलाई ध्यानमा राखी खुला विश्वविद्यालय लगायत खुला एवम् दूर शिक्षा प्रणालीको विस्तार र सुदृढीकरण गरिनेछ । |
| ९. शिक्षण पेसामा दक्ष जनशक्ति उत्पादनका लागि विश्वविद्यालय अन्तर्गतका संकायहरु तथा शिक्षण तालिम प्रदायक संस्थाको | १. उच्च शिक्षा नीतप अनुरुप विश्वविद्यालय अनुदान आयोगलाई उच्च शिक्षा आयोगका रुपमा पुनःसंरचना गरी उच्च शिक्षाको सुधार र विकासका लागि क्रियाशिल बनाइनेछ ।<br>२. राष्ट्रिय प्राथमिकताका आधारमा कृषि तथा वन, पर्यावरण, विज्ञान तथा प्रविधि, चिकित्सा विज्ञान,आयुर्वेद, पर्यटन, इंजिनियरिङ, जलविद्युत, नविकरणीय ऊर्जा, उद्योग |

| रणनीति | | कार्यनीति |
|---|---|---|
| पुनर्संरचना गर्ने। | | तथा व्यापार लगायतका प्राविधिक विषय क्षेत्रलाई उच्च शिक्षामा सम्बद्ध गरी बाहिर जाने जनशक्तिलाई देशमा नै रहने वातावरण सिर्जना गर्न कार्यमूलक एवम् रोजगारमूलक उच्च शिक्षाको विकास र विस्तारमा प्राथमिकता दिइनेछ। |
| | ३. | उच्च शिक्षाका पाठ्यक्रम तथा कार्यक्रमलाई राष्ट्रिय आवश्यकतासँग आबद्ध गरी अनुसब्धानमूलक एवम् प्रवर्तनात्मक बनाउन प्रोत्साहित गर्दै क्रेडिट ट्रान्सफरको व्यवस्था गरी गुणस्तर सुधारका लागि गुणस्तर प्रत्ययन सुनिश्चित गरिनेछ। |
| | ४. | उच्च शिक्षामा प्रवेश गर्ने जनशक्तिको पुर्वयोग्यता परीक्षा प्रणाली कार्यान्वयन गरिनेछ। साथै, विदेशी विश्वविद्यालयमा अध्यापन गर्ने जनशक्ति नेपाली विश्वविध्यालयमा भित्र्याउन उत्प्रेरित गरिनेछ। |
| १०. ज्ञानमा आधारित अर्थतन्त्रमा टेवा पुर्‍याउन सक्ने जनशक्ति उत्पादन गर्न तथा रोजगार प्रवर्द्धन गर्न नविनतम खोज र अनुसन्धानमा आधारित उच्च शिक्षाको विकास गर्न नतिजामा आधारित लगानी पद्धति विकास गर्ने। | १. | स्नातक र स्नातकोत्तर तहका विद्यार्थीहरुलाई कार्यस्थलमा व्यवहारिक अभ्यासका लागि स्वयम् सेवकको रुपमा स्थानीय तहसम्म परिचालन गरिनेछ। |
| | २. | उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीका लागि शैक्षिक प्रमाणपत्र धितो राखी सहुलियतपूर्ण कर्जाको व्यवस्था गरिनेछ। |
| | ३. | प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासमा औद्योगिक प्रशिक्षार्थी कार्यक्रम विस्तार गर्न तथा विद्यालय,शिक्षालय, तालिम प्रदायक संघ-संस्था र शिक्षार्थीका लागि आर्थिक सहजीकरणका लागि औद्योगिक प्रशिक्षार्थी सहुलियत ऋण उपलब्ध गराउन सीप विकास बैंकको अवधारणा लागू गरिनेछ। |
| ११. ज्ञानमा स्थानान्तरण र विकासका लागि उच्च शिक्षा प्रदायक विश्वविद्यालय तथा शिक्षण संस्थाहरुलाई प्रविधियुक्त सिकाइ केन्द्रका रुपमा विकास गर्दै गुणस्तर सुनिश्चितता एवम प्रत्ययन प्रणाली (Quality Assurance and Accreditation System) लाई सुदृढ,सबल एवम् अनिवार्य बनाउने। | १. | उच्च शिक्षाको गुणस्तर निर्धारण तथा प्रत्ययन गर्न एक स्वतन्त्र गुणस्तर निर्धारण तथा प्रत्ययन प्राधिकरण रहनेछ र निश्चित मापदण्डमा आधारित स्वचालित प्रणाली विकास गरी उच्च शिक्षा प्रदान गर्ने संस्थाहरुको गुणस्तर प्रत्ययन गरिनेछ। |
| | २. | उच्च शिक्षा प्रदान गर्ने संस्थाहरुलाई प्रदान गरिने अनुदान तथा थप सुविधालाई गुणस्तर मापदण्डसँग आबद्ध गरिनेछ। |
| | ३. | सबै किसिमका शैक्षिक कार्यक्रमहरुलाई सूचना तथा सञ्चार प्रविधिले ल्याएका अवसरको उपयोग गरी अध्ययन अनुसन्धान कार्यमा सहयोग गर्न केन्द्रिय केन्द्रीय डाटासेन्टर बनाइनेछ र इ-पुस्तकालयको स्थापना र सञ्चालन गरिनेछ। |
| १२. अनौपचारिक शिक्षा तथा वैकल्पिक सिकाइ मार्फत् सिकेका ज्ञान तथा सीपलाई आयमूलक कार्यक्रमसँग आबद्ध गरी जीवन पर्यन्त सिकाइलाई सुनिश्चत गर्ने। | १. | औपचारिक, अनौपचारिक र अतिरिक्त माध्यमबाट सिकाइ सुनिश्चित गर्ने गरी सिकाइका सबै विधि र मार्गहरु खुला गर्न राष्ट्रिय योग्यता प्रणाली (National Qualifications System) विकास गरी अनौपचारिक क्षेत्रमा विद्यमान सीपहरुको अभिलेखिकरण, सीप परीक्षण र प्रमाणीकरणका लागि कार्यविधि,प्रक्रिया र संयन्त्रहरुलाई सुदृढ गरिनेछ। |
| | २. | पठन संस्कृतिको विकास तथा जीवनपर्यन्त शिक्षाका लागि सार्वजनिक पुस्तकालय प्रणालीको विकास गरी प्रदेश र स्थानीय तहमा आधारभूत सुविधा सहितको पुस्तकालय र विद्युतीय-पुस्तकालय सेवा विस्तार गर्ने व्यवस्था मिलाइनेछ। |
| १३. परम्परागत र स्थानिय ज्ञान, सीप र प्रविधिको सम्वर्द्धन र संरक्षण गर्दै वैज्ञानिक खोज र अनुसन्धानबाट प्रतिपादित नवीनतम प्रविधिलाई मुलुकको समग्र विकास प्रक्रियामा उपयोग गर्ने। | १. | परम्परागत र स्थानिय प्रविधिको सम्बर्धन र संरक्षण गर्दै वैज्ञानिक खोज र अनुसन्धानलाई उच्च शिक्षाको कार्यक्रममा आबद्ध गरी नविनतम प्रविधिलाई मुलुकको समग्र विकास प्रक्रियामा उपयोग गर्न अनुसन्धान गरी उपयुक्तताको आधारमा विद्यालय र विश्वविद्यालयको पाठ्यक्रममा समावेश गरिनेछ। |
| | २. | नेपालको आफ्नै मौलिक कला र संस्कृति समेटिएको र विशिष्टतामा आधारित उच्च शिक्षण संस्थाको स्थापना र विकास मार्फत विदेशी विद्यार्थीहरुलाई समेत आकर्षित गरिनेछ। |
| १४. संरचना तथा कानूनी आधार तयार गरी सुशासन, पारदर्शिता र जवाफदेहिता कायम गर्न शिक्षा र | १. | सार्वजनिक माध्यमिक विद्यालयमा क्रमशः अलग्गै प्रधानाध्यापकहरुको व्यवस्था गरी सबै प्रधानाध्यापकहरुको व्यवस्थापकीय एवम् नेतृत्व क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| विज्ञान तथा प्रविधि सम्बद्ध सबै तह र निकायलाई तोकिएको कार्य सम्पादन र उपलब्धिप्रति जिम्मेवार बनाउने। | २. शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप व्यवस्थित, प्रभावकारी र प्रविधियुक्त बनाई विद्यालय एवम् उच्च शैक्षीक संस्थाबाटै अनलाइन प्रणाली मार्फत सूचना प्रवाह हुने व्यवस्था गरी प्रणालीलाई स्थानिय, प्रदेश र संघमा योजना निर्माण, कार्यान्वयन र अनुगमनमा उपयोग गरिनेछ।<br>३. शिक्षकले कक्षाकोठामा बिताउने समयलाई नियमित पठन पाठनसँग सुनिश्चितता गरी कार्यसम्पादनलाई अनुदानसँग आबद्ध गर्दै शिक्षकहरुलाई पेसाप्रति समर्पित बनाइ शिक्षको गुणस्तर सुधारका लागि स्थानीय तहमा उत्प्रेणाका कार्यक्रम सञ्चालन गरिनेछ।<br>४. संघिय शासन प्रणाली अनुरुप शिक्षा र विज्ञान तथा प्रविधिसँग सम्बन्धित ऐन तथा नियमावलीहरु आवश्यकता अनुसार तर्जुमा तथा संसोधन गरी विद्यालयबाट हुने सेवा प्रवाहहरुलाई थप प्रभावकारी बनाई जवाफदेहिता सुनिश्चित गर्न विद्यालयहरुको सञ्चालन तथा कार्यसम्पादन स्तरको वार्षिक रुपमा कार्य सम्पादन परीक्षण गर्ने व्यवस्था मिलाइनेछ। |

### ❖ अपेक्षित उपलब्धि

योजनाको अन्त्य सम्ममा १५ वर्ष माथिको साक्षरता दर ५८ बाट ९५ प्रतिशत पुगेको हुने, युवा साक्षरता दर ९२ बाट ९९ प्रतिशत पुगेको हुने, आधारभूत तहमा खुद भर्नादर ९३ बाट ९९ प्रतिशत र माध्यमिक तह (९-१२) मा खुद भर्नादर ४६ बाट ६५ पुगेको हुनेछ। प्रारम्भिक बालविकासमा खुद भर्नादर शत प्रतिशत पुगेको हुनेछ। उच्च शिक्षाको कुल भर्नादर २२ प्रतिशत र काम गर्ने उमेर समूहका प्राविधिक क्षेत्रमा तालिम प्राप्त जनसंख्या ३१ बाट ५० प्रतिशत पुगेको हुनेछ। मातृभाषामा पठनपाठन हुने विद्यालय संख्यामा २० प्रतिशतले वृद्धि भएको हुनेछ। आधारभूत तहमा महिला शिक्षकको अनुपात कम्तीमा ५० प्रतिशत कायम भएको हुनेछ। माध्यमिक शिक्षामा अध्ययन गर्नेमध्ये ३० प्रतिशत प्राविधिक धारमा र १५ प्रतिशत विज्ञान विषय अध्ययन गरेका हुनेछन्। कक्षा ५, ८,१० र १२ मा विद्यार्थी उपलब्धि परीक्षण भएको हुनेछ।

## १.३.४ दिगो विकास लक्ष्यमा शिक्षा

दिगो विकासको मूल विषय आर्थिक विकास हासिल गर्ने क्रममा प्राकृतिक साधनको प्रयोगमा विचार पुर्याउनुपर्छ भन्ने हो। यस सम्बन्धी अवधारणा सर्वप्रथम राष्ट्र सङ्घीय विकास तथा वातावरण सम्बन्धि ब्रुटल्याण्ड आयोगले सन् १९८७ मा हाम्रो साझा भविष्य नामक प्रतिवेदनबाट आएको हो। बुरन्टल्याण्ड आयोगका अनुसार भविष्यको पिंढीको आवश्यकता पूरा गर्न बाधा पुर्याउने गरी वर्तमान गुणस्तरलाई बृद्धि गर्ने गरी हुने विकास नै दिगो विकास हो। सेप्टेम्बर १५, २०१५ मा संयुक्त राष्ट्र संघ दिगो विकास शिखर सम्मेलनले संसारबाट गरिबी निवारण, असमानता र अन्याय बिरुद्धको लडाई तथा जलवायुमा भएको असमन्जस परिवर्तनलाई सम्बोधन गर्ने हेतुले सन् २०३० सम्ममा हासिल गरिसक्नु पर्ने गरी १७ ओटा लक्ष्य (Goal) र १२६ ओटा परिलक्ष्य (Target) हरू निर्धारण गरेको छ, जसलाई दिगो विकासको लक्ष (Sustainable Development Goals-SDGs) भनिएको छ। दिगो विकासका १७ लक्ष्यहरू निम्नअनुसार रहेका छन्:

१. सबै प्रकारका गरिबीको अन्त्य गर्ने।
२. भोकमरीको अन्त्यर दिगो कृषि विकास गर्ने।
३. असल स्वास्थ्य जीवन र रहनसहन सुनिश्चित गर्ने
४. सबैका लागि समावेशी तथा गुणस्तरीय शिक्षाको सुनिश्चित गर्ने
५. लैङ्गिक समानता सुनिश्चित गर्ने।
६. स्वच्छ खानेपानी र सरसफाइको व्यवस्थापन गर्ने।
७. धान्न सक्ने गरी आधुनिक उर्जाको पहुँच।
८. समावेशी र दिगो औद्योगिकरण मार्फतश्रमको अवसर।
९. पूर्वाधार र उद्योगको प्रबर्धन गर्ने।
१०. देशभित्र र देशहरूबिचको असमानताको दुरी घटाउने।
११. सहरलाई समावेशी, सुरक्षित, सुदृढ र दिगो बनाउने।
१२. उपभोग र उत्पादन पद्धतिलाई दिगो बनाउने।
१३. जलवायु परिवर्तन तथा यसको प्रभाव विरूद्ध तत्काल कार्य गर्ने।
१४. सामूद्रिक स्रोतहरूको दिगो उपयोग।
१५. जमिन तथा पर्यावरणीय क्षयको न्युनिकरणका उपायको अबलम्वन।
१६. न्यायपूर्ण, शान्तिपूर्ण र समावेशी समाज बनाउने।

१७. दिगो विकासका लक्ष्य प्राप्तिमा विश्वव्यापी सहभागिता।

दिगो विकासका १७ ओटा लक्ष्यको लक्ष्य नं. ४ मा शिक्षा सम्बन्धी लक्ष्य समेटिएको छ। उक्त लक्ष्यमा **समाबेसी र गुणस्तरीय शिक्षामा सबैको पहूँच र जिवनपर्यन्त शिक्षाको प्रवर्धन गर्ने (Ensure inclusive and quality education for all and promote lifelong learning)** कुरा उल्लेख गरिएको छ। यस लक्ष्यका लागि संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रहरुमा देहायका कुराहरुको सुनिश्चितता गर्नु पर्ने हुन्छः

१. सबै बालबालिकाले समतामूलक गुणस्तरीय एवम् निःशुल्क प्राथमिक र माध्यमिक शिक्षा सान्दर्भिक सिकाई उपलब्धिका साथ पूरा गर्ने,
२. सबै बालबालिकाले गुणस्तरीय पूर्व बाल्यावस्था विकास, रेखदेख र प्राथमिक शिक्षाको तयारीका लागि पूर्व प्राथमिक शिक्षाको अवसर,
३. सबै पुरुष र महिलाले सरल मूल्यमा विश्वविद्यालयलगायत गुणस्तरीय प्राविधिक, व्यावसायिक र विद्यालय पछिको शिक्षामा समान पहुँच,
४. प्राविधिक र व्यावसायिक सीप लगायत अन्य सान्दर्भिक सीप भएका यूवा र प्रौढको संख्यामा वृद्धि गरी रोजगारी, आकर्षक कार्य बजार तथा स्व–रोजगार,
५. शिक्षामा लैंगिक विभेदको अन्त्य तथा अपाङ्गता, जनजाति लगायत जोखिममा रहेका बालबालिकाहरुका लागि सबै तहको शिक्षा र व्यावसायिक तालिममा समान पहूँच,
६. सबै यूवा र बहुसंख्यक प्रौढले साक्षरता प्राप्त गर्ने,
७. सबै विद्यार्थीले दिगो विकास प्रवर्धनका लागि आवश्यक ज्ञान र सीप हासिल गर्ने,
८. बालक, अपाङ्गता र लैंगिक हिसाबले मैत्री हुने गरी सुरक्षात्मक, हिंसारहित, र प्रभावकारी सिकाई वातावरणको लागि सुबिधा उन्नयन र अभिवृद्धि गर्ने,
९. सन् २०२० सम्ममा गरीब र पिछडिएका मुलुकका लागि सम्पन्न मुलुकहरुमा खासगरी प्राविधिक, इन्जिनियरिङ, सूचना प्रविधि लगायतका उच्च शिक्षामा प्रवेशका लागि आवश्यक छात्रवृत्तिको व्यवस्था गर्ने,
१०. गरीब र पिछडिएका मुलुकका लागि शिक्षक तालीमको अन्तर्राष्ट्रिय सहयोग लगायत शिक्षक योग्यताको अधिकतम अभिवृद्धि गर्ने।

## १.३.५ इन्चोन घोषणामा शिक्षा

सन् २०१५ को मे महिनामा दक्षिण कोरियाको इन्चिोनमा १६० देशका १६०० प्रतिनिधिबिच छलफल गरी विश्व शिक्षा सम्बन्धमा सन् २०३० सम्मको साझा अवधारणा (Incheon Declaration on Education 2030) घोषणा गरिएको छ। उक्त घोषणापत्रका मूल प्रतिबद्धताहरू देहाय बमोजिम रहेका छन्:

१. विकासको सम्बाहक र दिगो विकासका लक्ष्यहरु प्राप्त गर्ने साधनको रुपमा शिक्षालाई जीवन रुपान्तरणका रुपमा विकास गर्ने र खासगरी दिगो विकासको चौथो लक्ष्य अङ्गीकार गरी शिक्षामा समाबेशी र समतामूलक गुणस्तरीय शिक्षा र जीवनपर्यन्त शिक्षाको सुनिश्चितता गर्ने
२. सहस्राब्दी विकास लक्ष्यका उपलब्धिलाई आत्मसात गरी सरकारी लगानीमा १२ कक्षा सम्मको निःशुल्क शिक्षा, प्राथमिक र माध्यमिक तहमा समतामूलक गुणस्तरीय शिक्षा, कम्तिमा कक्षा ९ सम्म अनिवार्य शिक्षा, एक वर्षे अनिवार्य तथा गुणस्तरीय निःशुल्क पूर्वप्राथमिक शिक्षाको सुनिश्चितता गर्ने
३. शिक्षाबाट कोही पनि बञ्चित नहोउन भन्ने उद्देश्यका साथ शिक्षामा पहूँच, सहभागिता र उपलब्धिमा सुबिधाविहीन, सिमान्तकृत, तथा अपाङ्गता भएका समेतको समतामूलक र समाबेशी पक्षलाई सम्बोधन गर्ने गरी शिक्षा नीतिमा परिवर्तन गर्ने
४. सबैका लागि शिक्षाको लक्ष प्राप्त गर्न लैंगिक समानतामा जोड दिने गरी लैंगिक नीति, योजना, र सिकाई वातावरण, शिक्षक तालिम र पाठ्यक्रममा लैंगिक मूलधार एवम् शिक्षामा लैंगिक आधारमा हुने विभेद र हिंसा अन्त्य गर्ने अभियानमा सघाउने
५. शिक्षक र शिक्षक प्रशिक्षकको सशक्तिकरण, उचित छनौट, तालिम, व्यावसायिक दक्षता, एवम् स्रोतमा आधारित शिक्षक उत्प्रेरणा र सहयोग मार्फत शिक्षामा गुणस्तरीयता र सिकाई उपलब्धिमा सुधार गर्ने
६. गुणस्तरीय जीवनपर्यन्त शिक्षा प्रत्येक तहमा सुनिश्चित गर्ने
७. विद्यालयबाहिर रहेका अधिकतम बालबालिकाहरु द्वन्द प्रभावित क्षेत्रमा बसोबास गर्ने हुँदा त्यस्ता सबै प्रकारका बालबालिकालाई द्वन्दरहित वातावारणमा सिक्न पाउने अधिकारका लागि राष्ट्रिय, क्षेत्रीय एवम् विश्वव्यापी रुपमा सम्बोधन गर्ने।

## १.३.६. विद्यालय शिक्षाको राष्ट्रिय उद्धेश्य, तहगत संरचना, सक्षमता

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ मा विद्यालय शिक्षाको देहायका राष्ट्रिय उद्देश्य, तहगत संरचना र सक्षमताहरु उल्लेख गरिएका छन्।

### १.३.६.१. विद्यालय शिक्षाको राष्ट्रिय उद्धेश्य

१. प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने
२. राष्ट्र र राष्ट्रियताप्रति निष्ठावान्, सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य मान्यताप्रति प्रतिबद्ध, स्वाभिमानी,सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान् एवम् जिम्मेवार नागरिकतयार गर्ने
३. श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगारउन्मुख, उत्पादनमुखी,उद्यमशील र सिपयुक्त नागरिक तयार गर्ने
४. व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्नसहयोग पुर्‍याउने
५. प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, संवर्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदानगर्ने सचेत नागरिक तयार गर्ने
६. प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यताअनुरूपकोआचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवादउन्मुख राष्ट्र निर्माणमा मदत गर्ने
७. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्नेविश्वपरिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने
८. वैज्ञानिक अवधारणा, तथ्य, सिप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएकातथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने
९. रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सिप भएका सहिष्णु र भाषिक सक्षमतामा निपुणनागरिक तयार गर्ने
१०. नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संवर्धन र विस्तारतर्फअभिप्रेरित भएका नेपालको इतिहास, भूगोलको ज्ञान भएका, नेपाली पहिचान र जीवनशैलीप्रति गारैव गर्ने नागरिक तयार गर्ने
११. जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिमन्यूनीकरण तथा विपत् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने
१२. सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने

### १.३.६.२. तहगत संरचना र उमेरः

नेपालको विद्यालय शिक्षा आधारभूत र माध्यमिक गरी दुई तहको रहेको छ। एक वर्ष अवधिको प्रारम्भिकबालविकास तथा शिक्षापछि कक्षा १ देखि कक्षा ८ सम्म गरी जम्मा आठ वर्षको आधारभूत शिक्षा कायमगरिएको छ भने कक्षा कक्षा ९ देखि १२ सम्मको चार वर्ष अवधिको शिक्षालाई माध्यमिक शिक्षा कायमगरिएको छ। माध्यमिक शिक्षा साधारण, परम्परागत र प्राविधिक तथा व्यावसायिक गरी तीन प्रकारको हुनेछ। माध्यमिक शिक्षाको प्राविधिक तथा व्यावसायिक धारतर्फ थप एक वर्ष अवधिको व्यावहारिक अभ्यास समेटिने छ। बालमनोविज्ञान, सिकारुको उमेर तथा सिकाइ क्षमतास्तरका आधारमा विद्यालय शिक्षाको तहगतर कक्षागत खाका देहायबमोजिम हुनेछ।

| विद्यालयको तह | कक्षा | उमेर समूह | सिकाइ क्षमतास्तर |
|---|---|---|---|
| प्रारम्भिक बालविकास र शिक्षा | प्रारम्भिक बालविकास र शिक्षा | ४ वर्ष | |
| आधारभूत | कक्षा १-३ | ५ देखि ७ वर्षसम्म | |
| | कक्षा ४-५ | ८ देखि ९ वर्षसम्म | |
| | कक्षा ६-८ | १० देखि १२ वर्षसम्म | |
| माध्यमिक | कक्षा ९-१० | १३ देखि १४ वर्षसम्म | |
| | कक्षा ११-१२ | १५ देखि १६ वर्षसम्म | |

**द्रष्टव्य :**

१. उपर्युक्त खाकाबमोजिम सिकाइ क्षमतास्तरसँग तादाम्य हुने गरी राष्ट्रिय योग्यता प्रारूपमा सिकाइ क्षमता स्तरको तहगत सक्षमता निर्धारण हुने छ।
२. माध्यमिक तहको प्राविधिक तथा व्यावसायिक धारमा थप एक वर्ष अवधिको व्यावहारिक अभ्यास अनिवार्य हुने छ।
३. उल्लिखित तालिकामा निर्दिष्ट उमेर समूहले सम्बन्धित वर्षको उमेर पूरा भएको जनाउने छ।

### १.३.६.३. सक्षमता

#### प्रारम्भिक बालविकास र शिक्षाका सक्षमताहरू

चार वर्षको उमेर पूरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गरिनेछ। चार वर्ष उमेरभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक,संवेगात्मक र सामाजिक विकास तथा स्याहारका क्रियाकलाप सञ्चालन गर्न सकिने छ। प्रारम्भिकबालविकास र शिक्षाको मुख्य उद्देश्य विविध किसिमका मनोरञ्जनात्मक सिकाइ सहजीकरण क्रियाकलापका माध्यमद्वारा बालबालिकाहरूको सर्वाङ्गीण विकासमा सहयोग पुर्‍याउनु र कक्षा १ मा प्रवेशका लागि तयारपार्नु हुनेछ। प्रारम्भिक बालविकास र शिक्षाको पाठ्यक्रम बालबालिकाको उमेरगत विकासात्मक पक्षलाई ध्यान दिई एकीकृत सिद्धान्तअनुसार विकास

गरिनेछ । यस तहमा बालबालिकाहरूले आफ्नो मातृभाषामा सिक्ने अवसर प्राप्त गर्ने छन् । प्रारम्भिक बालविकास र शिक्षाका सक्षमताहरू निम्नानुसार हुनेछन्:

१. सर्वाङ्गीण विकासका क्रियाकलापमा संलग्नता
२. पोषणयुक्त खाना र स्वस्थकर बानी विकास
३. वैयक्तिक सुरक्षाका उपायहरू अवलम्बन
४. सरसफाइ र सामाजिक बानी व्यवहारको अवलम्बन
५. सिर्जनात्मक सोचको विकास
६. भाषिक तथा सञ्चार सिपको विकास

## आधारभुत शिक्षा (कक्षा १–८) का सक्षमताहरू

आधारभूत शिक्षाले विद्यार्थीकेन्द्रित शिक्षाका माध्यमद्वारा बालबालिकामा अन्तर्निहित प्रतिभाको विकास गर्नुपर्छ । यसको मूल उद्देश्य राष्ट्र प्रेम र लोकतन्त्रमा विश्वास गरी राष्ट्रियताको संरक्षण र संवर्धन गर्ने,अधिकार र कर्तव्यको पालनासहित स्वतन्त्रताको सम्मान गर्ने, सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत भइ मानवीय मूल्य र मान्यताअनुकूल व्यवहार गर्ने कर्तव्यनिष्ट नागरिक उत्पादन गर्नु हो । यस तहको शिक्षा ग्रहण गरिसकेका बालबालिकाहरू आफ्ना विचार आदानप्रदान एवम् दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्या समाधान गर्न सक्षम, स्वावलम्बी, परिश्रमी, वैज्ञानिक सुझबुझ भएका, स्वास्थ्यप्रति सचेत र नैतिकवान हुने छन् । आधारभूत शिक्षाका सक्षमता देहायबमोजिम हुनेछन्:

१. देशप्रेम र राष्ट्रिय एकताको भावनाबाट ओतप्रोत एवम् लोकतान्त्रिक मूल्य, मान्यता र संस्कारको विकास व्यवहारमा प्रदर्शन
२. भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक, सिर्जनात्मक एवम् सान्दर्भिक प्रयोग
३. सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग
४. तार्किक तथा व्यावहारिक गणितीय ज्ञान, सिप एवम अभिवृत्ति विकास र प्रयोग
५. वैज्ञानिक अवधारणा, तथ्य, सिद्धान्त र नियमप्रतिको जिज्ञासा एवम् बोध र व्यावहारिक जीवनमा प्रयोग
६. मानवमूल्य र मान्यता एवम् सामाजिक गुणको विकास तथा नागरिक कर्तव्यप्रति सजग
७. जनसङ्ख्या, वातावरण संरक्षण र दिगो विकासबिचको अन्तरसम्बन्धको बोध र व्यवस्थापनमा सहयोग
८. शारीरिक तन्दुरुस्ती, स्वस्थकर जीवनशैली र जीवनोपयोगी सिप (Life Skills) को विकास
९. स्थानीय, आधुनिक पेसा, व्यवसाय र प्रविधि एवम् श्रमप्रति सम्मान तथा व्यवहारकुशल सिप (Soft Skills) को प्रयोग
१०. नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा संवर्धन एवम् सिर्जनशीलताको विकास र प्रयोग
११. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भइ विविधता, विश्वबन्धुत्व र सहअस्तित्व बोध तथा स्वीकार
१२. दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान, विश्लेषण तथा समाधान

## आधारभुत शिक्षा (कक्षा १–३) का सक्षमताहरू

आधारभूत शिक्षा (कक्षा १–३) को उद्देश्य बालबालिकालाई औपचारिक शिक्षासँग परिचित गराउने रआधारभूत साक्षरता, गणितीय ज्ञान र सिप तथा जीवनोपयोगी सिपहरूका साथै व्यक्तिगत स्वास्थ्य तथा सरसफाइ सम्बन्धी बानीको विकास गर्ने अवसर प्रदान गर्ने हुने छ । उनीहरू आफू रहेको प्राकृतिक तथा सामाजिक वातावरणसँग परिचित र सचेत हुनेछन् । यस तहको पाठ्यक्रम बालबालिकाको उमेरगत क्षमता एवम् रुचिलाई ध्यान दिई एकीकृत सिद्धान्तअनुसार विकास गरिनेछ । आधारभूत शिक्षा (कक्षा १–३) का सक्षमता देहायबमोजिम हुनेछन्:

१. आधारभूत भाषिक तथा सञ्चार सिपको विकास र प्रयोग
२. आधारभूत गणितीय अवधारणा र सिपको विकास र प्रयोग
३. अनुशासन, सदाचार र स्वावलम्बन जस्ता सामाजिक एवम् चारित्रिक गुणको विकास
४. विज्ञान, वातावरण, सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञानको विकास
५. शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी र जीवनोपयोगी सिप (Life Skills) को विकास
६. कला तथा सौन्दर्यप्रति अभिरुचि र सिर्जनात्मकताको विकास
७. आफ्नो परिवेशसँग परिचित भई विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको
८. विकास

## आधारभुत शिक्षा (कक्षा ४–५) का सक्षमताहरू

आधारभूत शिक्षा (कक्षा ४– ५) का सक्षमताहरू निम्नानुसार हुनेछन्:

१. देशप्रेमको भावना एवम् लोकतान्त्रिक मूल्य मान्यता र संस्कारको विकास
२. आधारभूत भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक प्रयोग
३. आधारभूत गणितीय अवधारणा र सिपको विकास र प्रयोग

४. नैतिकता, अनुशासन, सदाचार र स्वावलम्बन जस्ता सामाजिक मूल्य मान्यता एवम् चारित्रिक गुणको विकास
५. विज्ञान, वातावरण, सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञान र सिपको विकास
६. शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी, सरसफाइ र जीवनोपयोगी सिप (Life Skills) तथा व्यवहारकुशलसिप (Soft Skills) को विकास
७. कला तथा सौन्दर्यप्रति अभिरुचि, सिर्जनात्मक र समालोचनात्मक सिपको विकास
८. आफ्नो परिवेशसँग परिचित भइ विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास

## आधारभुत शिक्षा (कक्षा ६–८) का सक्षमताहरू

आधारभूत शिक्षा (कक्षा ६–८) का सक्षमता देहायबमोजिम हुने छन्:

१. देशप्रेम एवम् राष्ट्रिय एकताको भावनाको विकास
२. लोकतान्त्रिक मूल्य मान्यता र संस्कारको विकास र विविधताप्रति सम्मान
३. भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक, सिर्जनात्मक एवम् सान्दर्भिक प्रयोग
४. सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग
५. तार्किक तथा व्यावहारिक गणितीय ज्ञान, सिप र अभिवृत्तिको विकास र प्रयोग
६. वैज्ञानिक अवधारणा, तथ्य, सिद्धान्त र नियमप्रतिको जिज्ञासा एवम् बोध र व्यावहारिक जीवनमा प्रयोग
७. नैतिकता, अनुशासन, सदाचार, स्वावलम्बन जस्ता सामाजिक र मानवमूल्य, मान्यता एवम् चारित्रिक रनागरिक गुणको विकास
८. जनसङ्ख्या, वातावरण संरक्षण र दिगो विकासबिचको अन्तरसम्बन्धको बोध एवम् व्यवस्थापनमा सहयोग
९. शारीरिक तन्दुरुस्ती, स्वस्थकर जीवनशैली र जीवनोपयोगी सिप (Life Skills) विकास
१०. स्थानीय र आधुनिक पेसा, व्यवसाय र प्रविधि र श्रमप्रति सम्मान तथा व्यवहारकुशल सिप (Soft Skills) को प्रयोग
११. नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा संवर्धन एवम् सिर्जनशीलताको प्रयोग
१२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सामाजिक तथा भौगोलिक परिवेशसँग परिचत भई विविधता, सद्भाव रसहअस्तित्व बोध तथा स्वीकार
१३. दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान, विश्लेषण तथा समाधान

## माध्यमकि शिक्षा (कक्षा ६–१२) का सक्षमताहरू

सिकाइ र वास्तविकताबिच सम्बन्ध स्थापित गर्ने, सिद्धान्त र व्यवहारको समन्वय गर्ने, स्वपरावर्तित हुँदै ज्ञान,सिप र क्षमतालाई अद्यावधिक गर्ने, नवीनतम ज्ञानको खोजी र प्रयोग गर्ने, अधिकार, स्वतन्त्रता र समानताको प्रवर्धन गर्ने, स्वस्थ जीवनको अभ्यास गर्ने, तार्किक विश्लेषण गरी निर्णय गर्ने, वैज्ञानिक विश्लेषणका आधारमाव्यक्ति, समाज र राष्ट्रको दिगो विकासमा सरिक हुने, नैतिक आचरण प्रदर्शन गर्ने, विविधतालाई सम्मान गर्ने,पर्यावरणीय सन्तुलनप्रति संवेदनशील हुने, द्वन्द्व व्यवस्थापन गर्दै दिगो शान्तिका लागि प्रतिबद्ध रहने, आधुनिक ज्ञान, सिप र सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, स्वावलम्बी र व्यवसायमुखी सिपको अभ्यास गर्ने,राष्ट्, राष्ट्रियता र राष्ट्रिय आदर्शको सम्मान गर्ने, समाज स्वीकार्य आचरण र कार्य संस्कृतिको अवलम्बनगर्ने, सहिष्णुभाव राख्ने, सिर्जनशील, उद्यमशील एवम् सकारात्मक सोच भएको, उच्च आदर्शमा आधारित व्यवहार गर्ने, समसामयिक चुनौतीहरूको सफल व्यवस्थापन गर्ने लगायतका विशेषताले युक्त स्वावलम्बी,देशभक्त, परिवर्तनमुखी, चिन्तनशील एवम् समावेशी समाज निर्माणमा योगदान गर्न सक्ने सक्षम नागरिकतयार गर्नेतर्फ माध्यमिक शिक्षा केन्द्रित रहेको छ। यसका लागि माध्यमिक तहका विद्यार्थीमा निम्नानुसारका सक्षमता विकासको अपेक्षा गरिएको छ:

१. मानवीय मूल्य, मान्यता र लोकतान्त्रिक संस्कार अवलम्बन गर्दै राष्ट्र र राष्ट्रियताको प्रवर्धनका लागि सचेत नागरिकको जिम्मेवारी वहन
२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, सद्भाव र सहअस्तित्वलाई आत्मसात् गर्दैसभ्य, सुसंस्कृत र समतामूलक समाज निर्माणका लागि भूमिका निर्वाह
३. दैनिक क्रियाकलापका साथै प्राज्ञिक क्षेत्रमा आत्मविश्वासका साथ उपयुक्त, सिर्जनात्मक र सान्दर्भिकरूपमा भाषिक सिपको प्रयोग
४. प्रभावकारी सिकाइ, रचनात्मक र विश्लेषणात्मक सोच तथा सामाजिक सम्पर्क र सञ्चारबाट विचारहरूको आदान प्रदान
५. व्यक्तिगत विकास र आवश्यकताको परिपूर्तिका लागि सिकाइप्रति सकारात्मक सोचको विकास तथा स्वअध्ययन एवम् ज्ञान र सिपको खोजी गर्ने बानीको विकास
६. गणितीय समस्या समाधानमा गणितीय अवधारणा, सिद्धान्त तथा तार्किक सिपको प्रयोग
७. व्यावहारिक गणितीय ज्ञान र सिपको बोध र प्रयोग
८. वैज्ञानिक ज्ञान, तथ्य, सिद्वान्त र प्रविधिको समुचित प्रयोग
९. जीवनजगत् र व्यवहारसँगको तादात्म्य बोध गरी जीवनोपयोगी सिपको प्रयोग गर्दै समाजसापेक्ष व्यवहार प्रदर्शन
१०. स्वास्थ्यप्रतिको सचेततासहित वातावरण संरक्षण र संवर्धन तथा जनसङ्ख्या व्यवस्थापनमा सक्रिय सहभागिता
११. प्राकृतिक तथा सामाजिक घटनाको विश्लेषण, तिनको कारण र असर बोध तथा सकारात्मक व्यवहार प्रदर्शन
१२. वैज्ञानिक खोज तथा अनुसन्धान गर्न आवश्यक प्रक्रियागत सिपहरू हासिल गरी आधुनिक प्रविधिहरूको दैनिक जीवनमा प्रयोग

१३. श्रमप्रति सम्मान गर्दै कामको संसारमा आत्मविश्वाससाथ तयारी
१४. प्राविधिक ज्ञान, सिप, प्रवृत्ति तथा पेसागत र व्यवस्थापकीय क्षमताको विकास र प्रयोग
१५. उच्च तहमा अध्ययनको आधार विकास

### माध्यमकि शिक्षा (कक्षा ९–१०) का सक्षमताहरू:

माध्यमिक शिक्षा (कक्षा ९–१०) का सक्षमताहरू निम्नानुसार हुनेछन्:

१. मानवीय मूल्य, मान्यता र लोकतान्त्रिक संस्कार अवलम्बन गर्दै राष्ट्र र राष्ट्रियताको प्रवर्धनका लगि सचेत नागरिकको जिम्मेवारी वहन
२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, सद्भाव र सहअस्तित्वलाई आत्मसात् गर्दैसभ्य, सुसंस्कृत र समतामूलक समाज निर्माणका लागि भूमिका निर्वाह
३. दैनिक क्रियाकलापमा आत्मविश्वासका साथ उपयुक्त र सान्दर्भिक रूपमा भाषिक सिपको प्रयोग
४. प्रभावकारी सिकाइ, रचनात्मक र विश्लेषणात्मक सोच तथा सामाजिक सम्पर्क र सञ्चारबाट विचारहरूको आदान प्रदान
५. गणितीय समस्या समाधानमा गणितीय अवधारणा, सिद्धान्त तथा तार्किक सिपको प्रयोग
६. जीवनजगत् र व्यवहारसँगको तादात्म्य बोध गरी जीवनोपयोगी सिपको प्रयोग गर्दै समाजसापेक्ष व्यवहार
७. स्वास्थ्यप्रतिको सचेततासहित वातावरण संरक्षण र संवर्धन तथा जनसङ्ख्या व्यवस्थापनमा सक्रिय सहभागिता
८. प्राकृतिक तथा सामाजिक घटनाको विश्लेषण, तिनको असर बोध तथा सकारात्मक व्यवहार प्रदर्शन
९. वैज्ञानिक खोज तथा अनुसन्धान गर्न आवश्यक प्रक्रियागत सिपहरू हासिल गरी आधुनिक प्रविधिहरूको दैनिक जीवनमा प्रयोग
१०. श्रमप्रति सम्मान गर्दै कामको संसारको तयारी
११. प्राविधिक ज्ञान, सिप, प्रवृत्ति तथा पेसागत र व्यवस्थापकीय क्षमताको विकास र प्रयोग

### माध्यमकि शिक्षा (कक्षा ११–१२) का सक्षमताहरू:

माध्यमिक शिक्षा (कक्षा ११–१२) का सक्षमताहरू निम्नानुसार हुनेछन्:

१. मानवीय मूल्य, मान्यता र लोकतान्त्रिक संस्कार अवलम्बन गर्दै राष्ट्र र राष्ट्रियताको प्रवर्धनका लागि सचेत नागरिकको जिम्मेवारी वहन
२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, सद्भाव र सहअस्तित्वलाई आत्मसात् गर्दैसभ्य सुसंस्कृत र समतामूलक समाज निर्माणका लागि भूमिका निर्वाह
३. दैनिक क्रियाकलापका साथै प्राज्ञिक क्षेत्रमा आत्मविश्वासका साथ उपयुक्त, सिर्जनात्मक र सान्दर्भिकरूपमा भाषिक एवम् सञ्चार सिपको प्रयोग
४. व्यक्तिगत विकास र आवश्यकताको परिपूर्तिका लागि सिकाइप्रति सकारात्मक सोचको विकास तथा स्वअध्ययन एवम् ज्ञान र सिपको खोजी गर्ने बानीको विकास
५. जीवन, जीविका र वृत्ति एवम् सामाजिक सांस्कृतिक व्यवहारसँग तादात्म्य बोध गरी जीवनोपयोगी सिपको विकास
६. स्वस्थ्य जीवनशैलीको अवलम्बन एवम् वातावरण संरक्षण र दिगो विकासका लागि भूमिका निर्वाह
७. प्राकृतिक तथा सामाजिक घटनाको विश्लेषण, तिनको कारण र असर बोध तथा सकारात्मक व्यवहार प्रदर्शन
८. श्रमप्रति सम्मान गर्दै कामको संसारमा आत्मविश्वासको साथ प्रवेश
९. प्राविधिक ज्ञान, सिप, प्रवृत्ति तथा पेसागत र व्यवस्थापकीय क्षमताको विकास र प्रयोग
१०. उच्च तहमा अध्ययनको लागि विषयगत/विधागत आधार विकास

## १.४. बार्षिक शैक्षिक नीति तथा कार्यक्रममा शिक्षा:

### १.४.१. संघीय सरकारको बजेटमा शिक्षा:

यस अन्तर्गत आर्थिक वर्ष २०७८।७९ को आय व्ययको सार्वजनिक वक्तव्यमा उल्लेखित शिक्षाको बजेट सम्बन्धमा उल्लेखित बुँदाहरु हुबहु प्रस्तुत गरिएको छ।

२१३. मानव पुँजी निर्माणको आधार शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी, व्यावसायिक र प्रविधिमैत्री बनाइ शिक्षामा सबै नागरिकको पहुँच सुनिश्चित गरिनेछ। दक्ष शैक्षिक जनशक्ति विकास र ज्ञान एवम् सीपमूलक पाठ्यक्रम तर्जुमा गरी अनुकूल सिकाई वातावरण निर्माण गरिनेछ। नतिजामूलक शैक्षिक मूल्याङ्कन प्रणाली अवलम्बन गरिनेछ। सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न शैक्षिक नतिजाको आधारमा अनुदान दिने व्यवस्था गरिनेछ।

२१४. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमलाई शैक्षिक क्षेत्रको पूर्वाधार निर्माणमा केन्द्रित गरिनेछ। तीन वर्षभित्र सबै तहका सामुदायिक विद्यालय र क्याम्पसको कक्षाकोठा, प्रयोगशाला, पुस्तकालय,खानेपानी तथा शौचालय लगायत वैकल्पिक सिकाई विधि अनुकूलका

भवन तथा पूर्वाधार निर्माण गरिनेछ । आगामी वर्ष प्राथमिकताको आधारमा १ हजार ५ सय सामुदायिक विद्यालय र क्याम्पसको भौतिक पूर्वाधार निर्माण प्रारम्भ गरिनेछ । यस कार्यक्रमको कार्यान्वयनबाट शैक्षिक पूर्वाधार निर्माणमा क्रान्तिकारी परिवर्तन हुने, देशसुहाँउदो दक्ष जनशक्ति उत्पादन गरी सामाजिक न्याय सहितको आर्थिक-सामाजिक रुपान्तरण गर्न महन्वपूर्ण योगदान पुग्ने विश्वास लिएको छु । राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि रु.१० अर्ब विनियोजन गरेको छु ।

२१५. आगामी शैक्षिक सत्रमा आधारभूत तहमा विद्यार्थी भर्नादर शतप्रतिशत पुर्‍याई अनिवार्य र निःशुल्क आधारभूत शिक्षा सुनिश्चित गरिनेछ । गुरुकूल, मदरसा र गुम्वा जस्ता परम्परागत शिक्षा विधिलाई औपचारिक शिक्षा प्रणालीमा आवद्ध गरिनेछ ।

२१६. प्रारम्भिक बालविकास केन्द्रका शिक्षिका र विद्यालय कर्मचारीलाई नेपाल सरकारले निर्धारण गरे बमोजिम रु.१५ हजार न्यूनतम मासिक पारिश्रमिक उपलब्ध गराइनेछ । नेपाल सरकारले हाल उपलब्ध गराउदै आएको मासिक पारिश्रमिकमा वृद्धि गरी रु.८ हजार पुर्‍याएको छु । न्यूनतम पारिश्रमिक भन्दा कम हुन आउने रकम सम्बन्धित स्थानिय तहले व्यहोर्ने व्यवस्था मिलाइनेछ । यसका लागि रु. ५ अर्ब ५५ करोड विनियोजित गरेको छु ।

२१७. बालालिकाको पोषण स्तरमा सुधार ल्याउन र शैक्षिकसत्र पूरा नगरी बीचमा नै कक्षा छोड्ने समस्या सामाधान गर्न सार्वजनिक विद्यालयका कक्षा ५ सम्मका सबै बालबालिकालाई दिवा खाजा कार्यक्रम सञ्चालन गर्न रु. ८ अर्ब ७३ करोड विनियोजित गरेको छु । यसबाट देशभरका ३५ लाख विद्यार्थी लाभान्वित हुनेछन ।

२१८. शिक्षक-विद्यार्थी अनुपातको आधारमा शिक्षकको दरबन्दी मिलान गरिनेछ । प्राथमिक तहमा बढी हुने दरबन्दी माध्यमिक तहमा ररुपान्तरण गरी बढी भएको दरबन्दी खारेज गरिनेछ । माध्यमिक तहका विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा विज्ञान, गणित र अंग्रेजी विषयका शिक्षक व्यवस्था गर्न थप अनुदानका लागि रु.२ अर्ब ६६ करोड विनियोजन गरेको छु ।

२१९. आगामी दुई वर्षभित्र सबै सामुदायिक विद्यालयमा निःशुल्क ब्रोडब्याण्ड इन्टरनेट सेवा पुर्‍याउने उद्देश्यका साथ आगामी आर्थिक वर्षको अन्तसम्ममा मुलुकभरका ६० प्रतिशत विद्यालयमा सेवा बिस्तार गरिनेछ ।

२२०. वैकल्पिक शिक्षण सिकाइ कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ । विद्यालय जान नपाएका विद्यार्थीलाई लक्षित गरी सिकाइ पोर्टलको विकास तथा नेपाल टेलिभिजन मार्फत शैक्षिक च्यानल सञ्चालन गर्ने व्यवस्था मिलाएको छु । वैकल्पिक शिक्षण सिकाइ कार्ययोजना कार्यान्वयनका लागि रु.१ अर्ब २० करोड विनियोजन गरेको छु ।

२२१. सार्वजनिक विद्यालयमा कक्षा नौसम्म अध्ययन गर्ने बालबालिकालाई रङ्गीन पाठ्यपुस्तक छपाई गरी शैक्षिक सत्र शुरु हुनु अगावै निःशुल्क वितरण गरिनेछ । कक्षा १२ सम्मका छात्रछात्रालाई निःशुल्क पाठ्यपुस्तक र छात्रालाई निःशुल्क स्यानिटरी प्याड वितरण गर्न रु. ४ अर्ब ७९ करोड विनियोजित गरेको छु ।

२२२. जोखिममा परेको अल्पसंख्यक, लोपोन्मुख, सीमान्तकृत समुदाय तथा विपन्न वर्गका बालबालिकाका लागि ताप्लेजुङ्ग, रसुवा, मुस्ताङ, मुगु, दार्चुला लगायतका १३ हिमाली जिल्लामा माध्यमिक तहका आवासीय विद्यालय सञ्चालन गरिनेछ ।

२२३. चेपाङ्ग, राउटे, बादी, माझी, मुसहर लगायत आर्थिक सामाजिक रुपमा सीमान्तकृत र लोपोन्मुख समुदाय, अपाङ्गता भएका व्यक्ति, सहिद परिवार, द्वन्द पिडित, कोभिड-१९ को संक्रमणबाट मृत्यु भएका परिवारका छात्रछात्रा तथा एचआईभि एड्स संक्रमित बालबालिकाको शिक्षा प्राप्तिको अधिकारको संरक्षण गर्न छात्रवृत्तिका लागि बजेट व्यवस्था गरेको छु । दलित, मुस्लिम महिला तथा मुक्त कमलरी महिला विद्यार्थीका लागि सबै विषयमा उच्च शिक्षासम्म छात्रवृत्ति प्रदान गर्ने र निःशुल्क शिक्षा सुनिश्चित गर्ने व्यवस्था मिलाएको छु ।

२२४. दृष्टिबिहिन बालबालिकालाई ब्रेल लिपिका पाठ्यपुस्तक लगायत आधुनिक प्रविधिको सहायताबाट शिक्षा प्राप्त गर्ने व्यवस्था मिलाईनेछ । बौद्धिक अपाङ्गता भएका विद्यार्थीका लागि आवासीय सुविधा सहित प्रत्येक प्रदेशमा एक-एक विशेष विद्यालय स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।

२२५. एक विद्यालय-एक स्वास्थ्यकर्मी नीति अबलम्बन गरी विद्यालयमा स्वास्थ्य सचेतना अभिवृद्धि गरिनेछ । प्रत्येक शैक्षिक सत्रको शुरुमा सबै विद्यार्थीको अनिवार्य रुपमा आँखा, कान लगायतका आधारभूत स्वास्थ्य परीक्षण गर्ने व्यवस्था कार्यान्वयन गरिनेछ ।

२२६. माध्यमिक तहका विद्यार्थीलाई दैनिक पठनपाठनको अतिरिक्त नेपाल स्काउट, जुनियर रेडक्रस सर्कल, खेलकूद र सङ्गीत लगायतका अतिरिक्त क्रियाकलापमा सहभागी हुन प्रोत्साहित गरिनेछ ।

२२७. विश्वविद्यालय अनुदान आयोगलाई राष्ट्रिय योग्यता परीक्षण, मापदण्ड निर्धारण तथा विश्वविध्यालयको अनुगमन र नियमन गर्ने सवल र सक्षम निकायमा विकास गरिनेछ । विश्वविद्यालयलाई प्रदान गरिने अनुदान कार्यसम्पादनमा आधारित बनाइनेछ । विश्वविद्यालय अनुदान आयोग मार्फत वितरण हुने अनुदान वृद्धि गरी रु.१८ अर्ब ३४ करोड पुर्‍याएको छु ।

२२८. सत्तरी प्रतिशत प्राविधिक र तीस प्रतिशत साधारण शिक्षाको अवधारणा कार्यान्वयन गरिनेछ । महोत्तरीको जलेश्वरमा इन्जिनियरिङ्ग कलेज स्थापना गरिनेछ । कृषि तथा वन विश्वविद्यालयका आङ्गिक क्याम्पस विस्तार गरिनेछ ।

२२९. मदन भण्डारी प्रोद्यौगिक विश्वविद्यालय आगामी दुई वर्षभित्र सञ्चालनमा ल्याइनेछ । आगामी वर्ष विश्वविद्यालयको पूर्वाधार निर्माण प्रारम्भ गर्न बजेट व्यवस्था गरेको छु ।

२३०. दुई वर्षभित्र योगमाया आयुर्वेदिक विश्वविद्यालय सञ्चालनमा ल्याउने गरी पूर्वाधार निर्माणको कार्य प्रारम्भ गर्न बजेट छुट्याएको छ।

२३१. प्रस्तावित नेपाल विश्वविद्यालयको स्थापना तथा सञ्चालनको लागि आवश्यक सहजीकरण गरिनेछ।

२३२. आगामी वर्ष सुदूरपश्चिम प्रदेशको गेटामा निर्माणाधिन मेडिकल कलेज सञ्चालनमा ल्याइनेछ। बुटबल मेडिकल कलेजको विस्तृत परियोजना प्रतिवेदन तयार गरी निर्माण कार्य प्रारम्भ गरिनेछ। प्रदेश नं. २ को बर्दिबास र कर्णाली प्रदेशको सुर्खेतमा मेडिकल कलेज स्थापना गर्न जग्गा प्राप्ती र विस्तृत परियोजना प्रतिवेदन तयार गरिनेछ।

२३३. विश्वविद्यालय शिक्षालाई अनुसन्धानमा आधारित बनाइनेछ। त्रिभुवन विश्वविद्यालय अन्तर्गतका सेडा, सिनास, सेरिड र रिकास्टलाई अनुसन्धानको अग्रणी संस्थाको रुपमा विकास गर्न बजेट व्यवस्था गरेको छ।

२३४. स्थानीय विशेषता र आवश्यकताका आधारमा सीपयुक्त दक्ष जनशक्ति तयार गर्न सबै स्थानीय तहमा प्राविधिक शिक्षालय सञ्चालन गरिनेछ। प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदको सम्बन्धन र सम्बन्धित स्थानीय तहको व्यवस्थापनमा प्राविधिक शिक्षालय स्थापना गर्न सशर्त अनुदान उपलब्ध गराइनेछ। प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदलाई पाठ्यक्रम विकास, दक्ष प्रशिक्षक उत्पादन, शिक्षालयको गुणस्तर निर्धारण, सिकाई प्रमाणिकरण र नियमन कार्यमा केन्द्रीत गरिनेछ।

२३५. इतिहासको अध्ययन, अन्वेषण र खोज गरी भौगोलिक,राजनीतिक, सांस्कृतिक एवम् सामाजिक पक्षमा प्रमाणिकता स्थापित गर्न क्रियाशील रहेको इतिहास संसोधन मण्डललाई सवल बनाउन रकम उपलब्ध गराइनेछ। काठमाडौं जगडोलमा युनेस्को ग्राम निर्माण गरिनेछ।

### १.४.२. प्रदेश सरकारको बजेटमा शिक्षा:

यस अन्तर्गत आर्थिक वर्ष २०७८।७९ को सुदूरपश्चिम प्रदेश सरकारको बजेट वक्तव्यमा उल्लेखित शिक्षाको बजेट सम्बन्धमा उल्लेखित बुँदाहरु हुबहु प्रस्तुत गरिएको छ।

१२२. प्रदेशभित्रका विज्ञान वा प्राविधिक विषय पठनपाठन हुने क्याम्पसहरुलाई प्रोत्साहन अनुदान, प्रयोगशाला अनुदान र प्रदेशभित्रका ९ वटा नमुना क्याम्पस तथा नमुनाको रुपमा स्तरोन्नति हुने क्याम्पसहरुको व्यवस्थापनको लागि पूँजिगत अनुदान प्रदान गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

१२३. प्रदेशमा उच्च शिक्षा प्रदान गर्ने क्याम्पसहरुको भौतिक पूर्वाधारको अवस्था कमजोर भएको कारण अभ्ययन अभ्यापन गर्ने कार्य गर्न असहज भएकोले उच्च शिक्षा कार्यक्रम अन्तर्गत क्याम्पस भवन निर्माण, क्याम्पसहरुमा पुस्तकालय व्यवस्थापन तथा ICT व्यवस्थापनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१२४. युवा जनशक्तिलाई प्रदेशकै सेवाका लागि प्रेरित गर्न " मेरो विशेषज्ञता, मेरै प्रदेशका लागि" भन्ने मर्मसहित पिछडिएको वर्गका जेहेन्दार विद्यार्थीहरुलाई MD र MBBS सहित चिकित्सा शिक्षा छात्रवृति, लक्षित वर्गका लागि उच्च शिक्षा अध्ययन छात्रवृति र अति विपन्न वर्गका विद्यार्थीहरुका लागि प्राविधिक डिप्लोमा अध्ययन छात्रवृतिका लागि रु. ३ करोड ५० लाख विनियोजन गरेको छु।

१२५. आर्थिक वर्ष २०७६।७७ र चालु आर्थिक वर्षमा निर्माण प्रारम्भ भएका र आगामी आर्थिक वर्षमा निर्माण गरिने प्राविधिक धारका सामुदायिक विद्यालय तथा सामुदायिक क्याम्पसमा छात्राबास निर्माणको लागि रु. २८ करोड विनियोजन गरेको छु।

१२६. संघ, प्रदेश र स्थानीय तह बीचको लागत साझेदारीमा ठूला विद्यालय स्थापनाका लागि छनौट भई गुरुयोजना र डिपिआर तयार भईसकेका महेन्द्र मा. वि. खलङ्गा दार्चुला, हिमालय मा.वि. साँफेबगर अछाम र कान्ति राज्यलक्ष्मी मावि घोडाघोडी कैलालीका लागि रु. ३ करोड रकम विनियोजन गरेको छु।

### १.४.३.स्थानीय सरकारको बजेटमा शिक्षा:

यस शिर्षक अन्तर्गत आर्थिक वर्ष २०७८।७९ को जोरायल गाउँपालिकाको बजेट, निति तथा कार्यक्रममा उल्लेखित शिक्षाको बजेट सम्बन्धमा उल्लेखित बुँदाहरु जस्ताकोतस्तै प्रस्तुत गरिएको छ।

१८. यसै शैक्षिक सत्रदेखी स्थानीय पाठ्यक्रम कार्यान्वयनमा ल्याइनेछ।

१९. सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धिको लागि हालसम्म ५ वटा विद्यालयमा सूचना प्रविधि प्रयोगशाला र ६ वटा विद्यालयहरुमा विज्ञान प्रयोगशालाहरु स्थापना भएका छन्। थप विद्यालयहरुमा प्रयोगशाला स्थापना गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ।

२०. आधारभूत तह कक्षा ८ को परीक्षा सञ्चालन कार्यक्रमलाई थप व्यवस्थित गरिने छ।

२१. शिक्षाको गुणस्तर अभिवृद्धी लागि प्रधानाध्यापक र शिक्षकको पेसागत क्षमता विकासका लागि तालिम कार्यक्रम संचालन गरिने छ।

२२. सामुदायिक विद्यालयहरुको शैक्षिक स्तर सुधारका लागि नियमित अनुगमन गर्ने कार्यलाई निरन्तरता दिई उत्कृष्ट विद्यालयलाई नमूना विद्यालयका रुपमा छनोट गरी पुरस्कृत गरिने कार्यक्रम, उत्कृष्ट प्रधानाध्यापक, शिक्षक तथा विद्यार्थीलाई सम्मान गर्ने कार्यक्रम तथा सबै छात्राहरुलाई स्यानिटरी प्याडको व्यवस्था गरिनेछ।

२३. यस गाउँपालिका अन्तर्गत आवासीय कक्षा संचालन भएका सामुदायिक विद्यालयहरुलाई अनुगमन, निरिक्षण, मूल्याङ्कन गरी थप व्यवस्थित गर्न आवश्यक पहल गरिनेछ।

२४. आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तहमा विषयगत आधारमा तथा आधारभूत तह (कक्षा १-५) मा शिक्षक विद्यार्थी अनुपात, विद्यालय नक्साङ्कनका आधारमा दरबन्दी मिलान तथा पुनर्वितरण कार्य गरिनेछ।

२५. प्रत्येक वडाहरुमा कम्तिमा एक/एक वटा मा.वि. र आधारभूत विद्यालय (कक्षा ६-८) संचालन भएका सामुदायिक विद्यालयलाई स्वीकृत गरिनेछ।

२६. बालविकास शिक्षक, विद्यालय कर्मचारी र सहायक कर्मचारीहरुको मासिक पारिश्रमिकमा गाउँपालिकाले रु. २०००।- थप दिने गरी बजेट बिनियोजन गरिएको छ।

२७. शिक्षातर्फका कार्यक्रम कार्यान्वयन गर्न गाउँपालिकाले रकम रु १ करोड ५० लाख विनियोजन गरिएको छ। (निसर्त तर्फ)

## १.५. शिक्षा क्षेत्रको वर्तमान अवस्था विश्लेषण:

### १.५.१. गाउँपालिकाको ५ वर्ष भन्दा माथिको साक्षरताको अवस्था:

तालिका: १

| वडा नं. | निरक्षर जनसंख्या | सामान्य साक्षर | प्ररम्भिक कक्षा उत्तिर्ण | आधारभुत तह उत्तिर्ण | माध्यमिक तह उत्तिर्ण | स्नातक तह उत्तिर्ण | स्नातकोत्तर उत्तिर्ण | विद्यावारिधी उत्तिर्ण | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १९८ | ७९९ | ५०१ | ४५५ | ३५१ | १५१ | २२ | ० | २४७७ |
| २ | ४३६ | ९८८ | ५२८ | ११५२ | ८५१ | १५१ | ४१ | ० | ४१४७ |
| ३ | ४२६ | १२९८ | ३६६ | ३४४ | ३६६ | ११७ | ३७ | ० | २९५४ |
| ४ | ४१६ | १४२२ | ९१८ | १०८९ | ६२४ | २०३ | ४५ | ० | ४७१७ |
| ५ | २२९ | ११६२ | १८ | ५६० | ४०२ | १०८ | ८ | ० | २४८७ |
| ६ | ३५६ | १५२५ | ३३६ | २९१ | १६३ | ३२ | ८ | १ | २७१२ |
| **जम्मा संख्या** | **२०६१** | **७१९४** | **१६६७** | **३८९१** | **२७५७** | **७६२** | **१६१** | **१** | **१९४९४** |
| **साक्षरता%** | **१०.६२** | **३७.१** | **१३.७५** | **२०.०६** | **१४.२२** | **३.९३** | **०.८३** | **०.०१** | **१००** |

**Source: Jorayal Village Profile, 2075BS**

जोरायल गाउँपालिका डोटीले घरधुरि सर्वेक्षणका आधारमा तयार गरेको जोरायल गाउँ शिक्षा पार्श्वचित्र (Jorayal Village Profile-2075 BS) मा उल्लेख गरिएको विवरण अनुसार ५ वर्ष माथिको साक्षरता विवरण हेर्दा ८९.३८ प्रतिशत जनसंख्या साक्षर रहेको र बाकी १०.६२ प्रतिशत जनसंख्या निरक्षर रहेको देखिन्छ। साक्षर जनसंख्यामध्ये ३७.१ प्रतिशत सामान्य साक्षर, १३.७५ प्रतिशत प्रारम्भिक कक्षा उत्तिर्ण, २०.०६ प्रतिशत आधारभुत तह उत्तिर्ण, १४.२२ प्रतिशत माध्यमिक तह उत्तीर्ण, ३.९३ प्रतिशत स्नातक उत्तिर्ण, ०.८३ प्रतिशत स्नातकोत्तर तह उत्तिर्ण र ०.०१ प्रतिशत अर्थात १ जना विद्यावारिधि उत्तिर्ण गरेको देखिन्छ।

### १.५.२. तहगत रूपमा शैक्षिक संस्थाहरूको अवस्था:

तालिका: २

| वडा नं | बालविकास केन्द्रहरु | | आधारभुत तह सञ्चालित विद्यालयहरु | | माध्यमिक तह सञ्चालित विद्यालयहरु | | उच्च शिक्षा (क्याम्पसहरु) | | जम्मा शैक्षिक संस्थाहरु | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत |
| १ | १० | १ | ५ | १ | १ | ० | ० | ० | १६ | २ |
| २ | ११ | १ | ६ | १ | १ | ० | १ | ० | १९ | २ |
| ३ | ९ | ० | ९ | ० | १ | ० | ० | ० | २० | ० |
| ४ | १७ | १ | १४ | १ | २ | ० | १ | ० | ३३ | २ |
| ५ | ८ | ० | ५ | ० | २ | ० | ० | ० | १५ | ० |
| ६ | १४ | ० | ८ | ० | ४ | ० | ० | ० | २६ | ० |
| जम्मा | ६९ | ३ | ४७ | ३ | ११ | ० | २ | ० | १२९ | ६ |

जोरायल गाउँपालिका अन्तरगत वालविकास केन्द्र देखी क्याम्पस सम्मका सामुदायीक तथा संस्थागत शैक्षिक संस्थाहरु १३५ वटा रहेका छन। जसमध्य ७२ वटा वालविकास केन्द्रहरु (६९ वटा सामुदायीक तथा ३ वटा संस्थागत), ५० वटा आधारभुत तह (कक्षा १-८) सञ्चालित विद्यालयहरु (सामुदायीक ४७ वटा र संस्थागत ३ वटा), ११ वटा माध्यमिक तह (कक्षा ९-१०) सञ्चालित विद्यालयहरु तथा २ वटा सामुदायीक क्याम्पसहरु रहेका छन।

### १.५.३. सञ्चालन अनुमतिका आधारमा बालविकास केन्द्र विवरण:

तालिका: ३

| वडा नं. | तत्कालिन जिल्ला शिक्षा कार्यालयबाट प्राप्त कोटा | | गाउँपालिकाबाट खोलिएका | | संस्थागत वालविकास केन्द्रहरु | जम्मा |
|---|---|---|---|---|---|---|
| | विद्यालयमा आधारित | सामुदायमा आधारित | विद्यालयमा आधारित | सामुदायमा आधारित | | |
| १ | ४ | २ | २ | २ | १ | ११ |
| २ | ६ | २ | १ | २ | १ | १२ |
| ३ | ७ | १ | १ | ० | ० | ९ |
| ४ | १० | ० | ६ | १ | १ | १८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | ५ | १ | २ | ० | ० | ८ |
| ६ | ६ | २ | ६ | ० | ० | १४ |
| जम्मा | ३९ | ७ | १८ | ५ | ३ | ७२ |

सञ्चालन अनुमतिका आधारमा जोरायल गाउँपालिकामा ७२ वटा वालविकास केन्द्रहरु रहेका छन । तत्कालिन जिल्ला शिक्षा कार्यालयबाट प्राप्त ४६ वटा वाविकास केन्द्रहरु मध्य ३९ वटा विद्यालयमा आधारित र बाकि ७ वटा समुदायमा आधारित रहेका छन। त्यसै गरि २३ वटा वालविकास केन्द्रहरु (१८ वटा विद्यालयमा आधारित र ५ वटा समुदायमा आधारित) गाउँपालिकाबाट अनुमति प्राप्त गरि सञ्चालनमा रहेका छन।

### १.५.४. शिक्षक विवरण:

#### १.५.४.१. विद्यालयमा कार्यरत तहगत शिक्षक विवरण:

**तालिका: ४**

| क्र.सं. | शिक्षक विवरण | आधारभुत तह (कक्षा १–५) | | | आधारभुत तह (कक्षा ६–८) | | | माध्यमिक तह (कक्षा ९–१०) | | | माध्यमिक तह (कक्षा ११-१२) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | स्थायी शिक्षक | १३ | ८१ | ९४ | २ | १७ | १९ | २ | १२ | १४ | | | - |
| २ | करार शिक्षक | ३ | १ | ४ | ० | २ | २ | ० | १ | १ | १ | ७ | ८ |
| ३ | राहत शिक्षक | १९ | ४५ | ६४ | १ | १६ | १७ | ० | १० | १० | | ४ | ४ |
| ४ | निजि शिक्षक | १४ | २४ | ३८ | ४ | २१ | २५ | २ | १९ | २१ | १ | ७ | ८ |
| जम्मा | | ४९ | १५१ | २०० | ७ | ५४ | ६३ | ४ | ४२ | ४६ | २ | १८ | २० |

विद्यालयमा कार्यरत तहगत शिक्षक विवरण हेर्दा यस गाउँपालिकामा आधारभुत तह कक्षा १-५ मा कुल जम्मा २०० जना (४९ जना महिला शिक्षकहरु र १५१ जना पुरुष शिक्षकहरु) शिक्षकहरु रहेका छन, जसमध्य ९४ जना स्थायी शिक्षकहरु, ४ जना करार शिक्षकहरु, ६४ जना राहत शिक्षकहरु र १४ जना निजि शिक्षकहरु रहेकाछन। त्यसैगरि आधारभुत तह कक्षा ६-८ मा कुल जम्मा ६३ जना (७ जना महिला शिक्षकहरु र ५४ जना परुष शिक्षकहरु ) रहेका छन, जसमध्य १९ जन स्थायी शिक्षकहरु, २ जना करार शिक्षकहरु, १७ जना राहत शिक्षकहरु र २५ जना निजि शिक्षकहरु रहेका छन। माध्यमिक तह कक्षा ९-१० मा कुल जम्मा ४६ जना शिक्षकहरु (४ जना महिला र ४२ जना पुरुष शिक्षकहरु) रहेका छन, जसमध्य १४ जन स्थायी शिक्षकहरु, १ जन करार शिक्षक, १० जना राहत शिक्षकहरु र २१ जना निजि शिक्षकहरु रहेका छन। माध्यमिक तह कक्षा ११-१२ मा कुल २० जना शिक्षकहरुमा २ जना महिला र १८ जना पुरुष शिक्षकहरु रहेका छन। यसरी समग्रमा आधारभुत तह (कक्षा ६–८), माध्यमिक तह (कक्षा ९–१०), माध्यमिक तह (कक्षा ११-१२) विद्यालय संख्याको आधारमा शिक्षक दरबन्दीको अभाव रहेको देखिन्छ।

नोटः निम्न माध्यमिक तहमा कुल राहत दरबन्दि १५ वटा भए पनि श्री रामपुर मा.वि. बुडरको विषेश शिक्षामा कार्यरत २ जना शिक्षक तथा श्री घण्टेश्वर मा.वि. जोरायल कृषि प्राविधिक धार अन्तरगत कक्षा ११-१२ मा ४ जना प्रशिक्षकहरुको राहात अनुदानबाट तलव भत्ता भुक्तान गरिने हुदा सोहि बमोजिम राहत शिक्षक विवरणमा समावेश गरिएको छ।

#### १.५.४.२. श्रेणीगत शिक्षक विवरण:

**तालिका: ५**

| क्र.सं. | आधारभुत तह (कक्षा १–५) | | | | आधारभुत तह (कक्षा ६–८) | | | | माध्यमिक तह (कक्षा ९–१०) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रथम | द्वितीय | तृतीय | जम्मा | प्रथम | द्वितीय | तृतीय | जम्मा | प्रथम | द्वितीय | तृतीय | जम्मा |
| १ | १ | ४५ | ५२ | ९८ | ० | ३ | १८ | २२ | ० | ४ | ९ | १३ |

जोरायल गाउँपालिका डोटीमा कार्यरत स्थायट्ठ शिक्षकहरुमा आधारभुत तह (कक्षा १–५) मा कुल जम्मा स्थायी शिक्षकहरु मध्य १ जना प्रथम श्रेणी, ४५ जना द्धितीय श्रेणी र ५२ जना तृतिय श्रेणिका रहेका छन। त्यैगरी आधारभुत तह (कक्षा ६–८) मा कुल जम्मा २२ जना स्थायी शिक्षकहरुमा ३ जना द्धितिय श्रेणिका शिक्षकहरु र १८ जना तृतिय श्रेणीका शिक्षकहरु रहेका छन। माध्यमिक तह (कक्षा ९–१०) मा कुल १३ जना स्थायी शिक्षकहरुमा ४ जना द्धितिय श्रेणीका शिक्षकहरु र ९ जना तृतिय श्रेणिका शिक्षकहरु रहेका छन।

#### १.५.४.३.तह तथा विललयको प्रकारको आधारमा शिक्षकको विवरण:

**तालिका: ६**

| विद्यालयको प्रकार | प्रारम्भिक बाल विकास सहजकर्ता | आधारभुत तह १-५ | आधारभुत तह ६-८ | माध्यमिक तह ९-१० | माध्यमिक तह ११-१२ | जम्मा |
|---|---|---|---|---|---|---|
| जम्मा | ७२ जना | २०० जना | ६३ जना | ४६ जना | २० जना | ४०१ जना |
| महिला | ७१ जना | ४९ जना | ७ जना | ४ जना | २ जना | १३३ जना |
| विद्यालयको प्रकार | | | | | | |
| सामुदायिक | ६९ जना | १९० जना | ७० जना | ४६ जना | ८ जना | ३८३ जना |
| महिला | ६८ जना | ४७ जना | ७ जना | ४ जना | छैन | १२६ जना |
| निजी | ३ जना | ८ जना | ४ जना | - | ८ जना | २३ जना |
| महिला | ३ जना | २ जना | ० जना | - | १ जना | ६ जना |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| प्राविधिक विद्यालय | - | - | - | ४ जना | ४ जना | ८ जना |
| महिला | - | - | - | ० जना | १ जना | १ जना |
| उच्च शिक्षा | - | - | - | - | - | - |
| महिला | - | - | - | - | - | - |
| प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | - | - | - | ४ जना | ३ जना | ७ जना |
| महिला | - | - | - | १ जना | ० जना | १ जना |

माथिको तालिकाको आधारमा तहगत तथा विद्यालयको प्रकारका आधारमा शिक्षकहरुको विवरणको विष्लेशण गर्दा गाउँपालिकामा १ जना पुरुष र ७१ जना महिला शिक्षक सहित कुल जम्मा ७२ जना बालविकास शिक्षकहरु रहेका छन् । आधारभुत तह १-५ मा सामुदमयीक तथा संस्थागत विद्यालयका ४९ जना महिला शिक्षक सहित २०० जना शिक्षकहरु कार्यरत रहेकाछन । त्यसैगरी आधारभुत तह ६-८ मा ७ जना महिला शिक्षक सहित कुल जम्मा ६३ जना शिक्षकहरु रहेकाछन । माध्यमिक तह कक्षा कक्षा ९-१० मा सामुदायीक, संस्थागत विद्यालयहरु, प्राविधिक विद्यालयहरु तथा CTEVT जस्ता शिक्षण संस्थाहरुमा ४ जना महिला सहित ४६ जना शिक्षकहरु कार्यरत छन । माध्यमिक तह कक्षा ११-१२ मा २ जना महिला शिक्षकहरु सहित २० जना शिक्षकहरु विद्यालयमा कार्यरत छन । यसररु समग्रमा भन्नुपर्दा गाउँपालिकामा १३३ जना अर्थात ३३% महिला सहित ४०१ जना कार्यरत रहेका छन ।

### १.६. शिक्षा क्षेत्रमा कार्यरत विकास तथा कल्याणकारी संस्थाहरू:

जोरायल गाउँपालिका डोटीमा शिक्षा क्षेत्रको समग्र विकासका लागि गाउँपालिकासँगको साझेदारीमा काम गर्ने विभिन्न संघसंस्थाहरु कार्यरत रहेका छन । जस अन्तरगत सामुदायिक सिकाइ केन्द्रहरु जसले प्रौढ शिक्षा, निरन्तर शिक्षा, आयआर्जन समुह गठन र परिचालन लगायतका कार्यहरु गर्दै आएका छन, यस्ता सामुदायिक सिकाइ केन्द्रहरु गाउँपालिकामा ५ वटा रहेका छन । त्यसै गरि युनिसेफ नेपाल,सि.डि.एफ.नेपाल डोटी र अपाङ्ग सेवा संघ डोटी जस्ता संघसंस्थाहरुले पनि शिक्षा,स्वास्थ्य, खानेपानि, सरसफाइ तथा स्च्छता ,विपत जोखिम न्युनीकरण, बालसंरक्षण जस्ता क्षेत्रमा कार्य गर्दै आएका छन । युनिसेफ नेपालले गाउँपालिका संगको साझेदारीमा विद्यालय खानेपानि ससफाई तथा स्वच्छता प्रवर्धन, विद्यालय सेवा क्षेत्र भित्र जोखिम नक्शांङ्कन, विद्यालयहरुमा रहेका विभिन्न जोखिमहरु पहिचान गरि न्युनिकरणका कार्य गरिरहेको छ । अपाङ्ग सेवा संघले अपाङ्गता भएकाहरुका लागी आवश्यक सामग्रीहरु उपलब्ध गराउने तथा अपाङ्गमैत्री संरचना निर्माणका लागी आवश्यक सहयोग गरिरहेको पाइन्छ ।

### १.७. सामुदायिक सिकाई केन्द्र सम्बन्धि विवरण:

**तालिका: ७**

| वडा नं. | सिकाई केन्द्रको नाम | स्थापना | अध्यक्षको नाम | परिचालिकाको नाम | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री घण्टेश्वर सामुदायिक सिकाइ केन्द्र गैरा | वि.स. २०७० | श्री गम बहादुर खत्री | श्री गीता कुमारी महता | ९८४८६६३७८५ |
| २ | श्री छतिवन सामुदायिक सिकाइ केन्द्र छतिवन | वि.स. २०७० | श्री रनबहादुर जेठारा | श्री बेलु कुमारी साउँद | ९८४९०१२४४१ |
| ३ | श्री सरस्वतिनगर सामुदायिक सिकाइ केन्द्र | वि.स. २०६८ | श्री भिम बहादुर शाहु | श्री शारदा कुमारी ओझा | ९८६८७४२४४७ |
| ४ | श्री लक्ष्मीनगर सामुदायिक सिकाइ केन्द्र जोरायल | वि.स. २०७१ | श्री लक्ष्मी कुमारी बोगटी | श्री ललीता कुमारी थापा | ९८६३२९८९०७ |
| ५ | श्री भागेश्वर सामुदायिक सिकाइ केन्द्र निरौली | वि.स. २०७२ | श्री सुदिप साउँद | श्री चन्द्र कुमारी बोहरा | ९८४८५४६१५८ |

जोरायल गाउँपालिकामा ५ वटा सामुदायिक सिकाइ केन्द्रहरु सञ्चालनमा रहेका छन । वडा नम्बर ५ बाहेक अन्य सबै वडाहरुमा यि केन्द्रहरु रहेका छन । वडा नम्बर १ को गैरामा घण्टेश्वर सामुदायिक सिकाई केन्द्र, वडा नम्बर २ को छतिवनमा छतिवनमा सामुदायिक सिकाई केन्द्र, वडा नम्बर ३ को राउतकट्टेमा सरस्वतिनगर सामुदायिक सिकाइ केन्द्र, वडा नम्बर ४ को लक्ष्मीनगरमा लक्ष्मीनगरमा सामुदायिक सिकाइ केन्द्र र वडा नम्बर ६ को निरौलीमा भागेश्वर सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा रहेका छन ।

### १.८. विद्यार्थी भर्ना सम्बन्धि विवरण:

**तालिका: ८**

| कक्षा | जम्मा विद्यार्थी | | | दलित विद्यार्थी | | | जनजाति विद्यार्थी | | | ब्राहमण/क्षेत्री विद्यार्थी | | | अपाङ्ग विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| बाविके | ५१६ | ४७१ | ९८७ | १२० | १३५ | २५५ | ८५ | ७९ | १६४ | ३१० | २५६ | ५६६ | ५ | | ०६ |
| १ | ३७१ | ३४७ | ७१८ | ८४ | ७२ | १५६ | ६४ | ५६ | १२० | २२३ | २१९ | ४४२ | १२ | ८ | २० |
| २ | ३१९ | २६० | ५७९ | ७२ | ५९ | १३१ | ५४ | ४१ | ९५ | १९३ | १५७ | ३५० | १५ | १२ | २७ |
| ३ | २८७ | २५५ | ५४२ | ५६ | ५१ | १०७ | ४८ | ४५ | ९३ | १८२ | १५८ | ३४० | ९ | ६ | १५ |
| ४ | २७१ | ३१७ | ५८८ | ६६ | ८० | १४६ | ४४ | ४४ | ८८ | १५८ | १९१ | ३४९ | ४ | ५ | ९ |
| ५ | ३०३ | २९० | ५९३ | ६१ | ५९ | १२० | ५४ | ३३ | ८७ | १८६ | १९७ | ३८३ | ११ | ८ | १९ |
| ६ | २६४ | ३१९ | ५८३ | ५२ | ६१ | ११३ | ३६ | ५६ | ९२ | १७२ | १९९ | ३७१ | १३ | ४ | १७ |
| ७ | २८२ | २८६ | ५६८ | ४८ | ३८ | ८६ | ३८ | ४९ | ८७ | १९५ | १९६ | ३९१ | २२ | ९ | ३१ |
| ८ | २५६ | २८६ | ५४२ | ३६ | ४४ | ८० | ५० | ३८ | ८८ | १६४ | १९१ | ३५५ | १० | ६ | १६ |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | २१७ | २७१ | ४८८ | ३५ | ३४ | ६९ | २८ | ४४ | ७२ | १५३ | १८९ | ३४२ | ३ | ५ | ८ |
| १० | १६६ | १८९ | ३५५ | २१ | १८ | ३९ | १९ | ३० | ४९ | १२४ | १४० | २६४ | १ | १ | २ |
| ११ | ८५ | ११४ | १९९ | १२ | ९ | २१ | १४ | १६ | ३० | ५९ | ८९ | १४८ | ० | २ | २ |
| १२ | ६६ | ९९ | १६५ | ९ | १३ | २२ | १६ | १५ | ३१ | ४१ | ७१ | ११२ | ० | ० | ० |
| **जम्मा** | **३४०३** | **३५०४** | **६९०७** | **६७२** | **६७३** | **१३४५** | **५५०** | **५४६** | **१०९६** | **२१६०** | **२२५३** | **४४१३** | **१०५** | **६७** | **१७२** |

स्रोतः **IEMIS** तथ्याङ्क -२०७७

विद्यालय सूचना व्यवस्थापन प्रणाली EMIS-२०७७ मा विद्यालयहरुले भरेको तथ्याङ्कका आधारमा यस गाउँपालिकामा कुल जम्मा ६९०७ (३४०३ छात्र र ३५०४ छात्रा) विद्यार्थीहरु रहेका छन। यसै गरी कक्षा १ मा ७१८ (३७१ छात्र र ३४७ छात्रा), कक्षा २ मा ५७९ (३१९ छात्र र २६० छात्रा), कक्षा ३ मा ५४२ (२८७ छात्र र २५५ छात्रा), कक्षा ४ मा ५८८ (२७१ छात्र र ३१७ छात्रा), कक्षा ५ मा ५९३ (३०३ छात्र र २९० छात्रा), कक्षा ६ मा ५८३ (२६४ छात्र र ३१९ छात्रा), कक्षा ७ मा ५६८ (२८२ छात्र र २८६ छात्रा), कक्षा ८ मा ५४२ (२५६ छात्र र २४२ छात्रा), कक्षा ९ मा ४८८ (२१७ छात्र र २७१छात्रा), कक्षा १० मा ३५५ (१६६ छात्र र १८९ छात्रा), कक्षा ११ मा १९९ (८५ छात्र र ११४ छात्रा) र कक्षा १२ मा १६५ (६६ छात्र र ९९ छात्रा) विद्यार्थीहरु रहेकाछन्। यसैगरी १३४५ जना (६७२ छात्र र ६७३ छात्रा) दलित विद्यार्थीहरु , १०९६ जना (५५० छात्र र ५४६ छात्रा) जनजाती विद्यार्थीहरु, ४४९३ जना (२१६० छात्र र २२९३ छात्रा) ब्राह्मण क्षेत्री विद्यर्थीहरु, १७२ जना (१०५ छात्र र ६७ छात्रा) अपाङ्ग विलार्थीहरु रहेकाछन्।

### १.८.१. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिममा भर्नाः

**तालिकाः ६**

| | कूल | | आंगिक | | सम्बन्धन प्राप्त | | अन्य | |
|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | छात्रा | जम्मा | छात्रा | जम्मा | छात्रा | जम्मा | छात्रा |
| **TSLC** १८ महिने | ३३ | १३ | - | - | ३३ | १३ | - | - |
| डिप्लोमा ३६ महिने | ३४ | १० | - | - | ३४ | १० | - | - |
| अन्य | | | | | | | | |

यस गाउँपालिका अन्तरगत सञ्चालित नवोदय मा.वि. जो.गा.पा.-५ गडसेरा, डोटीमा कृषि भेटेनरी तर्फ TSLC २९ महिने डिप्लोमा कार्यक्रम र रघुनाथ मा.वि. निरौलीमा कृषि बालि विज्ञान तर्फ TSLC १८ महिने प्राविधिक शिक्षाका कार्यक्रहरु लागु भएका छन। यि दुवै विद्यालयहरुमा प्रति कक्षा ४० जनाको कोटा भए पनि भौगोलिक कठिनाइ, विद्यालयहरुको व्यवस्थापकीय कम्जोरी तथा योग्य र अनुभवी शिक्षकहरुको अभावका कारण विद्यार्थी संख्या न्युन रहेको देखिन्छ।

### १.८.२.विद्यालमा उमेरगत भर्ना विवरणः

**तालिकाः १०**

| जनसंख्या | विद्यालय जाने उमेर समुह जनसंख्या | | | विद्यालय जाने उमेर समूह भर्ना प्रतिशत | | | विद्यालय बाहिर रहेका वालवालिका प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष |
| ३-४ वर्ष | ११६१ | ५५१ | ६१० | ८० | ८० | ८९ | २० | २० | ११ |
| ५ वर्ष | ४६७ | २२८ | २३९ | ९३ | ९४ | ९१ | ७ | ६ | ९ |
| ५-९ वर्ष | २४४६ | १२७८ | ११६८ | ९८ | ९८ | ९८ | २ | २ | २ |
| ५-१२ वर्ष | ४२९१ | २२४९ | २०४२ | ९२ | ९२ | ९३ | ८ | ८ | ७ |
| १०-१२ वर्ष | १८४५ | ९७१ | ८७४ | ८५ | ८३ | ८६ | १५ | १७ | १४ |
| १३-१४ वर्ष | ७९९ | ४१९ | ३८० | ५१ | ५२ | ४९ | ४९ | ४८ | ५१ |
| १५-१६ वर्ष | ७३३ | ३१८ | ४१५ | २८ | ३० | २७ | ७२ | ७० | ७३ |
| १३-१६ वर्ष | १५३२ | ७३७ | ७९५ | ४० | ४२ | ३७ | ६० | ५८ | ६३ |

**स्रोतः** फल्यास रिपोट-२०१९/०२०

माथिको तथ्याङ्कका आधारमा हेर्दा जोरायल गाउँपालिकामा ३ देखी ४ वर्षका विद्यालय उमेर समुहका ११६१ बालवालिकाहरु (५५१ महिला र ६१० परुष) मा ८० प्रतिशत (८० प्रतिशत महिला र ८९ प्रतिशत पुरुष) विद्यालयमा भर्ना भएका र बाँकी २० प्रतिशत (२० प्रतिशत महिला र ११ प्रतिशत महिला ) विद्यालय बाहिर रहेका देखिन्छन । ५ वर्ष उमेर समुहका कुल ४६७ बालवालिकाहरु (२२८ महिला र २३९ पुरुष) मा ९३ प्रतिशत (९४ प्रतिशत महिला र ९१ प्रतिशत पुरुष) विद्यालयमा भर्ना भएका र बाकी ७ प्रतिशत (६ प्रतिशत महिला र ९ प्रतिशत महिला ) विद्यालय बाहिर रहेका देखिन्छन। ५-९ वर्ष उमेर समुहका कुल २४४६ बालवालिकाहरु (१२७८ महिला र ११६८ पुरुष) मा ९८ प्रतिशत (९८ प्रतिशत महिला र ९८ प्रतिशत पुरुष) विद्यालयमा भर्ना भएका र बाँकी २ प्रतिशत (२ प्रतिशत महिला र २ प्रतिशत महिला ) विद्यालय बाहिर रहेका देखिन्छन। ५-१२ वर्ष उमेर समुहका कुल ४२९१ बालवालिकाहरु (२२४९ महिला र २०४२पुरुष) मा ९२ प्रतिशत (९२ प्रतिशत महिला र ९३ प्रतिशत पुरुष) विद्यालयमा भर्ना भएका र बाकी ८ प्रतिशत (८ प्रतिशत महिला र ७ प्रतिशत महिला ) विद्यालय बाहिर रहेका देखिन्छन। १०-१२ वर्ष उमेर समुहका कुल १८४५ बालवालिकाहरु (९७१ महिला र ८७४ पुरुष) मा ८५ प्रतिशत (८३ प्रतिशत महिला र ८६ प्रतिशत पुरुष) विद्यालयमा भर्ना भएका र बाकी १५ प्रतिशत (१७ प्रतिशत महिला र १४ प्रतिशत महिला ) विद्यालय बाहिर रहेका देखिन्छन। १३-१४ वर्ष उमेर समुहका कुल ७९९ बालवालिकाहरु (४१९ महिला र ३८० पुरुष) मा ५१ प्रतिशत (५२ प्रतिशत महिला र ४९ प्रतिशत पुरुष)

विद्यालयमा भर्ना भएका र बाकी ४९ प्रतिशत ( ४८ प्रतिशत महिला र ५१ प्रतिशत महिला ) विद्यालय बाहिर रहेका देखिन्छन । १५-१६ वर्ष उमेर समुहका कुल ७३३ बालवालिकाहरु (३१८ महिला र ४१५ पुरुष) मा २८ प्रतिशत (३० प्रतिशत महिला र २७ प्रतिशत पुरुष) विद्यालयमा भर्ना भएका र बाकी ७२ प्रतिशत ( ७० प्रतिशत महिला र ७३ प्रतिशत महिला ) विद्यालय बाहिर रहेका देखिन्छन । १३-१६ वर्ष उमेर समुहका कुल १५३२ बालवालिकाहरु (७३७ महिला र ७९५ पुरुष) मा ४० प्रतिशत (४२ प्रतिशत महिला र ३७ प्रतिशत पुरुष) विद्यालयमा भर्ना भएका र बाकी ६० प्रतिशत ( ५८ प्रतिशत महिला र ६३ प्रतिशत महिला ) विद्यालय बाहिर रहेका देखिन्छन ।

### १.८.३. अपाङ्गता भएका विद्यार्थी भर्ना विवरण:

**तालिका: ११**

| अपाङ्गता सम्बन्धि विवरण | कुल जम्मा | | | आ.वि. (कक्षा १-५) | | | आ.वि. (कक्षा ६-८) | | | माध्यमिक (कक्षा ९-१२) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| लैंगिकताका आधारमा | ६७ | १०५ | १७२ | ४४ | ८६ | १३० | १७ | १३ | ३० | ६ | ६ | १२ |
| शारीरिक अपाङ्गता | १८ | २२ | ४० | ८ | १६ | २४ | ४ | ४ | ८ | ६ | २ | ८ |
| बौद्धिक अपाङ्गता | १ | २ | ३ | ० | २ | २ | १ | ० | १ | ० | ० | ० |
| बहिरा | ३८ | ६२ | १०० | २६ | ५४ | ८० | १२ | ८ | २० | ० | ० | ० |
| दृष्टिविहिन | २ | ३ | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| कमजोर दृष्टि | ६ | १२ | १८ | ६ | ८ | १४ | ० | ० | ० | ० | ० | ० |
| बहिरा तथा दृष्टिविहिन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| दृष्टिविहिन तथा बोल्न नसक्ने | २ | ५ | ७ | ४ | २ | ६ | ० | १ | १ | ० | ० | ० |

स्रोत: फल्यास रिपोट-२०१९/०२०

माथिको तथ्याङ्क विष्लेशण गर्दा यस गाउँपालिका भित्र कुल जम्मा १७२ जना बालबालिकाहरु (६७ छात्रा र  १०५ छात्र) मा आधारभुत तह कक्षा १-५ मा १३० जना बालवालिकाहरु (४४ छात्रा र ८६ छात्र), आधारभुत तह कक्षा ६-८ मा ३० जना विद्यार्थीहरु (१७ छात्रा र  १३ छात्र) र माध्यमिक तह कक्षा ११-१२ मा १२ जना बालवालिकाहरु (६ छात्रा र ६ छात्र) मा विभिन्न प्रकारका अपांङ्गता भएका विद्यार्थीहरु रहेका छन । अपाङ्गताको प्रकारका आधारमा शारीरिक अपाङ्गता भएका बालवालिकाहरु जम्मा ४० जना (१८ छात्रा र २२ छात्र), बौद्धिक अपाङ्गता भएका बालवालिकाहरु जम्मा ३ जना (१ छात्रा र २ छात्र), बहिरा बालबालिकाहरु १०० जना (३८ छात्रा र ६२ छात्र), दृष्टिबिहिन ५ जना बालबालिकाहरु (२ छात्रा र ३ छात्र), कम्जोर दृष्टि भएका बालबालिकाहरु १८ जना (६ छात्रा र १२ छात्र) र दृष्टिबिहिन तथा बोल्न नसक्ने बालबालिकाहरु ७ जना (२ छात्रा र ५ छात्र) रहेको देखिन्छ ।

### १.८.४. स्रोत कक्षा तथा अपाङ्गता भएका विद्यार्थी:

अपाङ्गता भएका विद्यार्थीहरुका लागि यस गाउँपालिकामा ३ वटा स्रोतकक्षाहरु रहेको ८० जना विद्यार्थीहरुका लागी आवासीय सुविधा सहितको बहिरा बालबालिकाहरुलाई रामपुर माध्यमिक विद्यालय बुडर डोटीमा पठनपाठन गरिन्छ । प्रति विद्यर्थी  मासिक रु ४०००/- वार्षिक १० महिनाको रु ४०,०००/-(चालिस हजार मात्र) आवासिय छात्रवृत्ति प्रदान गरिदै आएको छ । यक्त बहिरा कक्षा सञ्चालनको लागी ५ जना श्रोत शिक्षकहरु (३ जना प्राथमिक र २ जना आधारभुत तह कक्षा ६-८ ) र १ जना लेखाजोखा संयोजक कार्यरत छन । कक्षा १० सम्म सञ्चालन अनुमति लिई कक्षा १० पठनपाठन हुदै आएकोमा माध्यमिक तहको लागी संघ र प्रदेश सरकारबाट कुनै किसिमको सहयोग प्राप्त नभए पनि १जना शिक्षकको बार्षिक तलव भत्ता बराबरको रकम अनुदान स्वरुप गाउँपालिकाले उपलब्ध गराएको छ । स्रोत कक्षा सञ्चालनको लागि आवश्यक पर्ने स्रोत सामग्रीहरुको उपलब्धता अप्रयाप्त रहेको छ ।

### १.६. सामुदायीक विद्यालय विद्यार्थी उपलब्धी वविरण:

**तालिका: १२**

| | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | कक्षा ९ | कक्षा १० | कक्षा ११ | कक्षा १२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **सबै अनिवार्य विषयहरु** | | | | | | | | | | | | |
| नेपाली | ६१.३८ | ५७.२२ | ५७.१८ | ४९.४९ | ५१.२० | ४५.८८ | ४५.३८ | ५७.६८ | ५७.३४ | ० | ० | ० |
| छात्रा | ६०.५८ | ५७.८० | ५८.११ | ४९.७९ | ५१,८६ | ४५.६७ | ४४.९४ | ५५.११ | ५६.६४ | ० | ० | ० |
| छात्र | ६२.१८ | ५६.६४ | ५६.२४ | ४९.१९ | ५०.५४ | ४६.०८ | ४५.८२ | ६०.२४ | ५८.०१ | ० | ० | ० |
| अंग्रेजी | ६०.२३ | ५८.३० | ५३.५७ | ४७.१७ | ५०.५४ | ४३.३१ | ४५.६३ | ५८.५२ | ४९.०२ | ० | ० | ० |
| छात्रा | ५९.८५ | ५९.०३ | ५२.०४ | ४६.३६ | ४९.५८ | ४३.४५ | ४४.०७ | ५७.७७ | ४६.७२ | ० | ० | ० |
| छात्र | ६०.०६ | ५७.५६ | ५५.१० | ४७.९७ | ५१.४९ | ४३.१६ | ४७.१९ | ५९.२७ | ५१.३१ | ० | ० | ० |
| गणित | ६२.११ | ५८.१५ | ५७.५४ | ४५.९८ | ४७.७० | ४७.३५ | ४९.९६ | ४२.९७ | ४६.६६ | ० | ० | ० |
| छात्रा | ६१.१३ | ५६.५५ | ५६.८० | ४६.१८ | ४६.६५ | ४८.२६ | ५०.२० | ३९.९७ | ४७.४२ | ० | ० | ० |
| छात्र | ६३.०९ | ५९.७५ | ५८.२८ | ४५.७८ | ४६.७४ | ४६.४३ | ४९.७२ | ४५.९७ | ४५.८९ | ० | ० | ० |
| विज्ञान | ६१.३० | ६१.०९ | ५९.९८ | ५४.५८ | ५३.६६ | ४२.६० | ४४.४७ | ५५.३७ | ५१.२४ | ० | ० | ० |
| छात्रा | ४९.०० | ६०.७४ | ५९.५६ | ५२.९४ | ५३.८८ | ४२.३४ | ४२.६० | ५४.९७ | ५०.३५ | ० | ० | ० |
| छात्र | ४८.५० | ६१.४४ | ६०.२९ | ५६.२१ | ५३.४४ | ४२.८६ | ४६.३४ | ५५.७६ | ५२.१३ | ० | ० | ० |
| सामाजि | ६१.०३ | ६१.४६ | ५९.०२ | ५२.९८ | ४९.५२ | ४४.४० | ४४.४८ | ५५.०१ | ५३.४८ | ० | ० | ० |

| क | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| छात्रा | ६१.०४ | ६१.३० | ६०.७२ | ५२.४८ | ५१.३० | ४४.८९ | ४३.४७ | ५४.१४ | ५३.४५ | ० | ० | ० |
| छात्र | ६१.०२ | ६१.६१ | ५७.६७ | ५३.४८ | ४७.७३ | ४३.९० | ४५.४९ | ५५.८८ | ५३.५० | ० | ० | ० |

माथिको तालिकाको आधारमा सामुदायीक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको मुख्य ५ विषयहरुको सिकाइ उपलब्धिको अवस्थाको विश्लेषण गर्दा कक्षा १ को नेपाली विषयको औषत सिकाइ उपलब्धि ६१.३८ (छात्रा ६०.५८ र छात्र ६२.१८), अंग्रेजी विषयको औषत सिकाई उपलब्धि ६०.२३ (छात्रा ५९.८५ र छात्र ६०.०६), गणित विषयको औषत सिकाइ उपलब्धि ६२.११ (छात्रा ६१.१३ र छात्र ६३.०९), विज्ञान विषयको औषत सिकाइ उपलब्धि ६१.३० (छात्रा ४९ र छात्र ४८.५०) र सामाजिक विषयको औषत सिकाइ उपलब्धि ६१.०३ (छात्रा ६१.०४ र छात्र ६१.०२) रहेको छ। त्यसैगरी कक्षा २ को नेपाली विषयको औषत सिकाइ उपलब्धि ५७.२२ (छात्रा ५७.८० र छात्र ५६.६४), अंग्रेजी विषयको औषत सिकाइ उपलब्धि ५८.३० (छात्रा ५९.०३ र छात्र ५७.५६), गणित विषयको औषत सिकाइ उपलब्धि ५८.१५ (छात्रा ५६.५५ र छात्र ५९.७५), विज्ञान विषयको औषत सिकाइ उपलब्धि ६१.०९ (छात्रा ६०.७४ र छात्र ६१.४४) र सामाजिक विषयको औषत सिकाइ उपलब्धि ६१.४६ (छात्रा ६१.३० र छात्र ६१.६१) रहेको छ। त्यसैगरी कक्षा ३ को नेपाली विषयको औषत सिकाइ उपलब्धि ५७.१८ (छात्रा ५८.११ र छात्र ५६.२४), अंग्रेजी विषयको औषत सिकाइ उपलब्धि ५३..५७ (छात्रा ५२.०४ र छात्र ५५.१०), गणित विषयको औषत सिकाइ उपलब्धि ५७.५४ (छात्रा ५६.८० र छात्र ५८.२८), विज्ञान विषयको औषत सिकाइ उपलब्धि ५९.९८ (छात्रा ५९.५६ र छात्र ६०२९) र सामाजिक विषयको औषत सिकाइ उपलब्धि ५९.०२ (छात्रा ६०.७२ र छात्र ५७.६७) रहेको छ। त्यसैगरी कक्षा ४ को नेपाली विषयको औषत सिकाई उपलब्धि ४९.४९ (छात्रा ४९.७९ र छात्र ४९.१९), अंग्रेजी विषयको औषत सिकाई उपलब्धि ४७.१७ (छात्रा ४६.३६ र छात्र ४७.९७), गणित विषयको औषत सिकाइ उपलब्धि ४५.९८ (छात्रा ४६.१८ र छात्र ४५.७८), विज्ञान विषयको औषत सिकाइ उपलब्धि ५३.६६ (छात्रा ५३.८८ र छात्र ५३.४४) र सामाजिक विषयको औषत सिकाइ उपलब्धि ५२.९८ (छात्रा ५२.४८ र छात्र ५३.४८) रहेको छ। त्यसैगरी कक्षा ५ को नेपाली विषयको औषत सिकाइ उपलब्धि ५१२० (छात्रा ५१८६ र छात्र ५०५४), अंग्रेजी विषयको औषत सिकाइ उपलब्धि ५०५४ (छात्रा ४९५८ र छात्र ५१४९), गणित विषयको औषत सिकाइ उपलब्धि ४७७० (छात्रा ४६६५ र छात्र ४६७४), विज्ञान विषयको औषत सिकाइ उपलब्धि ५३६६ (छात्रा ५३.८८ र छात्र ५३.४४) र सामाजिक विषयको औषत सिकाइ उपलब्धि ५२.९८ (छात्रा ५२.४८ र छात्र ५३.४८) रहेको छ।

### १.१०. निजी विद्यालय विद्यार्थी उपलब्धी विवरण:

तालिका: १३

| | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | कक्षा ९ | कक्षा १० | कक्षा ११ | कक्षा १२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सबै अनिवार्य विषयहरु | | | | | | | | | | | | |
| नेपाली | ७२.९८ | ६४.६७ | ६२.७३ | ६३.३७ | ६७.१० | ६२.८२ | ६०.९० | ७७.२९ | ० | ० | ० | ० |
| छात्रा | ७२.४२ | ६५.६४ | ६१.७५ | ५३.६७ | ६५.५० | ० | ६०.५० | ७७.०० | ० | ० | ० | ० |
| छात्र | ७१.५४ | ६३.७० | ६३.७१ | ७३.०६ | ६८.७० | ६२.८२ | ६१.२९ | ७७.५७ | ० | ० | ० | ० |
| अंग्रेजी | ७८.११ | ६९.७५ | ६०.३२ | ६२.४६ | ७९.८० | ६५.६४ | ८२.२९ | ७८.२९ | ० | ० | ० | ० |
| छात्रा | ८२.१७ | ७०.३६ | ५८.६३ | ५३.६७ | ८५.५० | ० | ७७.०० | ७९.०० | ० | ० | ० | ० |
| छात्र | ७४.०४ | ६९.१३ | ६२.०० | ७१.२५ | ७४.१० | ६५.६४ | ८७.५७ | ७७.५७ | ० | ० | ० | ० |
| गणित | ७८.२६ | ६८.१५ | ४८.९४ | ५१.८८ | ५९.७५ | ५५.७३ | ६१.०७ | ७१.३२ | ० | ० | ० | ० |
| छात्रा | ८१.२५ | ६५.०० | ४६.८८ | ४५.०० | ६९.५० | ० | ५२.०० | ७३.५० | ० | ० | ० | ० |
| छात्र | ७५.२६ | ७१.३० | ५१.०० | ५८.७५ | ५०.०० | ५५.७३ | ७०.१४ | ६९.१४ | ० | ० | ० | ० |
| विज्ञान | ७०.४० | ६९.३२ | ६७.१३ | ५७.२६ | ७२.४५ | ६०.५५ | ६५.९१ | ७८.३२ | ० | ० | ० | ० |
| छात्रा | ७३.०० | ६७.७३ | ६५.१३ | ४२.३३ | ७६.५० | ० | ५९.२५ | ७८.५० | ० | ० | ० | ० |
| छात्र | ६७.९६ | ७०.९१ | ६९.१२ | ७२.१९ | ६८.४० | ६०.५५ | ६२.५७ | ७८.१४ | ० | ० | ० | ० |
| सामाजिक | ७४.६२ | ७३.९१ | ५८.०३ | ५६.१४ | ७२.८० | ५६.०९ | ६४.२० | ७७.१८ | ० | ० | ० | ० |
| छात्रा | ७८.५० | ७२.९१ | ५२.८८ | ४४.३३ | ७६.५० | ० | ६०.२५ | ७७.५० | ० | ० | ० | ० |
| छात्र | ७०.७३ | ७४.९१ | ६३.१८ | ६७.९४ | ६९.१० | ५६.०९ | ६८.१४ | ७६.८६ | ० | ० | ० | ० |

### १.११. विद्यालयमा उपलब्ध भौतिक सुविधा:

जोरायल गाउँपालिका डोटीमा ५८ वटा सामुदायीक र ३ वटा संस्थागत विद्यालयहरु सञ्चालनमा रहेकाछन। जसमा ५ वटा कक्षा ११ र १२ सञ्चालन भएका माध्यमिक विद्यालयहरु, ११ वटामा कक्षा ९ र १० सञ्चालन भइरहेको, २२ वटा विद्यालयहरुमा कक्षा ८ सम्म सञ्चालन भइरहेको तथा बाकि अन्य विद्यालयहरुमा कक्षा ५ सम्म सञ्चालनमा रहेका छन। त्यसैगरी १२ वटा सामुदायमा आधारित वालविकास केन्द्रहरु पनि रहेका छन। गाउँपालिकामा सञ्चालित विद्यालयहरु तथा वालविकास केन्द्रहरुको भौतिक अवस्थाको विश्लेशण गर्दा माध्यमिक तहमा अधिकांश विद्यालयहरुमा ४ कोठे विज्ञान प्रयोगशाला भवन प्राप्त गरेको भएता पनि शिक्षक विद्यार्थी अनुपात मिलाउन नसक्दा यसको न्यायोचित वितरणमा समस्या देखिएको छ। विद्यालयहरुमा प्राथमिकताको आधारमा विद्यलय भवन, शौचालय, खानेपानि लगायतका भौतिक संरचनाहरु प्रतेयक वर्ष वितरण गरिए पनि अप्रयाप्त रहेको देखिन्छ। आधारभुत कक्षाहरुमा विद्यालय भवनहरु जिर्ण अवस्थाका रहेका,

शौचालयको अभाव, प्रयाप्त शुद्ध खानेपानिको अभाव, विद्यालयको घेरवार नहुदा विद्यालय सञ्चालन तथा व्यवस्थापनमा समस्या रहेको देखिन्छ। विद्यालय भवन भएको ठाउमा विद्यार्थी संख्या न्युन रहेको, विद्यार्थी संख्य प्रयाप्त भएको ठाउमा विद्यालयको भौतिक संरचना कम्जोर रहेको देखिन्छ। यसरी समग्रमा हेर्दा गाउँपालिका भित्र सञ्चालि विद्यालयहरुको पुनरसंरचना गरि आवश्यकताका आधारमा नया निर्माण, पुराना संरचनाहरुको मर्मत सम्भार लगायतका कार्यहरु गर्नु पर्ने देखिन्छ।

# परिच्छेदः-२ (दुई)
# नयाँ शिक्षा क्षेत्र योजना

## २.१. सन्दर्भ र औचित्य

जोरायल गाउँपालिकाको गाउँ शिक्षा योजनाको परिच्छेद एकमा उल्लेख गरिएको गाउँपालिका स्तरीय शैक्षिक परिवेशको समीक्षा सहित उठान गरिएका मुख्य चुनौति तथा वर्तमान अवस्थाको समीक्षा समेतको आधारमा यस गाउँपालिकाको १० वर्षे शिक्षा योजना तयार गरिएको छ। वर्तमान संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायतमा उल्लिखित शिक्षा सम्बन्धी अधिकारहरु कार्यान्वयन गर्न, अनिवार्य तथा निःशुल्क आधारभुत शिक्षा र निःशुल्क माध्यमिक शिक्षा कार्यान्वयन गर्न वि स २०८७ (सन् २०३०) सम्म प्राप्त गर्ने उपलब्धिहरुलाई समेट्ने गरी यस परिच्छेदमा गाउँ शिक्षा योजनाको दूरदृष्टि (Vision), ध्येय (Mission), उद्येश्यहरु Objectives) रणनीतिहरु (Strategies) तथा प्रमुख उपलब्धी सूचक (Key Indicators) प्रस्तुत गरिएको छ।

## २.२. दीर्घकालिन सोच र गन्तव्य

आर्थिक तथा सामाजिक रुपान्तरणको माध्यमबाट सभ्य, सु-संस्कृत र न्यायपुर्ण समाजको विकास सहित शिक्षा प्राप्तिमा सबैको पहुँच सुनिश्चितता, अनिवार्य र निशुल्क शिक्षाको कार्यान्वयन तथा व्यावसायिक र आत्मनिर्भर गुणस्तरीय शिक्षाको अवसर प्रदान गरी समृद्ध नेपाल र सुखि नेपाली बनाउन योगदान गर्ने।

## २.३. स्थानीय तहको शिक्षाको लक्ष्यः

गाउँपालिकाले योजना अवधिभित्र शिक्षा पाउने उमेरका सबै बालबालिकाहरुको शिक्षामा पहूँचको सुनिश्चित गरी अनिवार्य र निशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन संगै गुणस्तरीय शिक्षा प्रदान गर्ने।

## २.४. प्रमुख उद्देश्यहरू :

१. जोरायल गाउँपालिकाका सबै बालबालिकालाई प्रारम्भिक बालविकासको अवसर सुनिश्चित गर्नु
२. आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षामा पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु
३. प्राविधिक तथा व्यावसायीक शिक्षाको विस्तार गरी सबैको पहुँच तथा गुणस्तर सुनिश्चित गर्नु,
४. गाउँपालिका भित्रको शिक्षा प्रणालीमा सुशासन कायम गरी पारदर्शिता,उत्तरदायित्व र जवाफदेहिताको विकास गर्नु।
५. सबै नागरीकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाको अवसर सुनिश्चित गर्नु।
६. सार्वजनिक शिक्षाको गुणस्तरीयता विकास सुनिश्चित गर्नु।
७. स्थानीय परिवेशसँग बालबालिकालाई परिचित गराउन स्थानीय पाठयक्रम निर्माण तथा कार्यान्वयनको सुनिश्चित गर्नु।
८. सामुदायिक तथा संस्थागत विद्यालयको असल अभ्यास आदान–प्रदानको वातावरण सिर्जना गर्नु।
९. अपाङ्गमैत्री विद्यालय वातावरण निर्माणलाई प्राथमिकता प्रदान गर्नु।
१०. दक्ष र स्वरोजगार जनशक्ति उत्पादन गर्न प्राविधिक तथा व्यावसायिक शिक्षालाई प्राथमिकता प्रदान गर्नु।
११. शिक्षाको अवसरबाट वञ्चित बालबालिका र निरक्षर प्रौढ समूहका लागि वैकल्पिक सिकाइ मार्गहरुको सुनिश्चितता गर्नु।
१२. शिक्षण सिकाइका वैकल्पिक मार्गहरु सुनिश्चित गर्नु।
१३. विद्यालयको अपुग शिक्षक दरबन्दी व्यवस्थापन गरी शिक्षण सिकाइको सुनिश्चितता गर्नु।
१४. विद्यालय नक्साङ्कन, समायोजन, दरबन्दि मिलान तथा पुनरवितरण गरी शिक्षामा गुणस्तर सुनिश्चित गर्नु।

## २.५. गाउँ शिक्षा योजनाका मुख्य रणनीतिहरूः

- ❖ प्रारम्भिक बालविकास शिक्षाको व्यवस्थापन गर्दै सो तहको शिक्षा सबै बालबालिकाहरुका लागि अनिवार्य गर्ने,
- ❖ आवस्यकता र औचित्यका आधारमा समुदायमा आधारित प्रारम्भिक बालविकास केन्द्रहरु समायोजन, वितरण तथा पुनरवितरण गरि एक विद्यालय एक बालविकास केन्द्र स्थापना जस्ता कार्यहरु गर्ने,
- ❖ अनिवार्य तथा निःशुल्क गुणस्तरीय शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न सरोकारवाला सबै निकायको क्षमता विकासजागरुक र , जवाफदेही बनाउने,
- ❖ प्रतिभा पलायनबाट बच्न मागमा आधारित प्रविधिमैत्री शिक्षा प्रणालिको विकास गरी सीपयुक्त जनशक्ति तयार पार्ने,
- ❖ यस गाउँपालिकामा स्थापना भई सञ्चालनमा रहेका प्राविधिक तथा व्यवसायिक धारका विद्यालयहरु तथा थप नयाँ विद्यालयहरु सञ्चालन गरी गुणस्तरीय प्राविधिक युवाहरुका तथा व्यावसायिक शिक्षामा पहुँच सुनिश्चित गर्ने,
- ❖ नागरिकहरुलाई कामको संसारसँग परिचित गराइ सीपको प्रमाणीकरणको व्यवस्था मिलाउने,
- ❖ शिक्षाको समग्र गुणस्तर कायम गर्न विद्यालयमा गरिएको लगानीको प्रतिफलमा आधारित थप लगानी पद्धतिको विकास गर्ने,

- सम्पूर्ण शिक्षा प्रणालीलाई सूचना तथा सञ्चार प्रविधिमा आधारित बनाउने,
- विद्यालय नक्शाङ्कनका आधारमा विद्यालय समायोजन, तह मिलान र दरबन्दी मिलान तथा पुनरवितरणको कार्य गर्ने,
- विद्यालयको शैक्षिक गुणस्तर सुधारकालागी एक वडा एक मा.वि. स्वीकृत गरी आवासिय रुपमा सञ्चालन गर्ने,
- विद्यालयमा सुशासन कायम गर्न तथा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न शिक्षा नियमावली २०५९ बमोजिम विद्यालय विकास प्रस्तावका आधारमा प्र.अ. नियुक्ति तथा कार्यविवरण सहितको करार सम्झौता गर्ने,

## २.६. उपलब्धि सूचकाङ्कः

**तालिकाः १४**

दश वर्षे गाउँ शिक्षा योजनाका प्रमुख उपलब्धि सूचक

| क्र स | सुचकहरु | आधार वर्ष (वि स २०७७) को अवेस्था | वि स २०८२ को लक्ष्य | वि स २०८७ को लक्ष्य |
|---|---|---|---|---|
| १ | प्रारम्भिक वालविकास शिक्षा | | | |
| १.१ | कुल भर्नादर | १७५ | १२० | १०० |
| १.२ | चार वर्षका वालवालिकाको भर्ना अनुपात | ८० | | |
| १.३ | न्युनतम योग्यता पुगेका शिक्षक प्रतिशत | ९५ | १०० | १०० |
| १.४ | कक्षा १ मा नवप्रवेशि मध्ये प्रारम्भिक वालविकास शिक्षाको अनुभव प्राप्त बालवालिकाको प्रतिशत | ९३.९ | ९८ | १०० |
| १.५ | आधारभुत तालिम प्राप्त शिक्षक | ६५ | | |
| २ | आधारभुत शिक्षा | | | |
| २.१ | कक्षा १ मा कुल प्रवेशदर | ११५.६ | | १०० |
| २.२ | कक्षा १ मा खुद प्रवेशदर | ९७ | | ९९ |
| २.३ | कक्षा १-५ कुल भर्नादर | १२१.९ | १०५ | १०० |
| २.४ | कक्षा १-५ मा खुद भर्नादर | ९८.३ | ९९ | १०० |
| २.५ | कक्षा १-८ मा कुल भर्नादर | १११.२ | १०५ | १०० |
| २.६ | कक्षा १-८ मा खुद भर्नादर | ९२.४ | ९८ | १०० |
| २.७ | कक्षा १-८ को लैङ्गिक समता सुचकाङ्क | ०.८४ | | १.० |
| २.८ | कक्षा ८ मा टीकाउ दर | ८५.२ | ९५ | १०० |
| २.९ | आधारभुत शिक्षाको तह पुरा गर्ने दर | ८२.२ | ९५ | १०० |
| २.१० | ५ देखि १२ वर्ष उमेरका विद्यालय वाहिर रहेका वालवालिकाको प्रतिशत | १.६ | ०.५ | ० |
| ३ | माध्यमिक शिक्षा | | | |
| ३.१ | कुल भर्नादर कक्षा ९-१० | १०४.५ | १०० | १०० |
| ३.२ | खुद भर्नादर कक्षा ९-१० | ५०.५ | ८५ | १०० |
| ३.३ | कुल भर्नादर कक्षा ९-१२ | ७८.५ | ८०.५ | ९० |
| ३.४ | खुद भर्नादर कक्षा ९-१२ | ४७.५ | ६० | ७५ |
| ३.५ | कुल भर्नादर कक्षा ११-१२ | ५३.३ | ६०.१ | ७० |
| ३.६ | खुद भर्नादर कक्षा ११-१२ | २८.२ | ४५ | ६५ |
| ३.७ | कक्षा १० सम्मको टीकाउदर | ५९.३ | ९० | १०० |
| ३.८ | कक्षा १२ सम्मको टीकाउदर | ९० | ९५ | १०० |
| ३.९ | कक्षा १ देखि १२ मा खुद भर्नादरको आधारमा लैङ्गिक समता सुचकाङ्क | ०.९० | | |
| ४ | अनौपचारिक शिक्षा तथा निरन्तर सिकाई | | | |
| ४.१ | ५ वर्ष माथिको साक्षरता दर | ९७ | ९९ | १०० |
| ४.२ | १५ देखि २४ वर्षको साक्षरता दर | ९८ | ९९ | १०० |
| ४.३ | १५ वर्ष माथिको साक्षरता दर | ९५ | ९९ | १०० |

| | | | | |
|---|---|---|---|---|
| ५ | महिला शिक्षक प्रतिशत | | | |
| ५.१ | आधारभुत तह १-८<br>आधारभुत तह १-५<br>आधारभुत तह ६-८ | २१.३<br>२४.५<br>११.१ | ३०<br>३५<br>१५ | ४०<br>४५<br>२५ |
| ५.२ | माध्यमिक तह ९-१२<br>माध्यमिक तह ९-१०<br>माध्यमिक तह ११-१२ | ९.०९<br>८.७<br>१०.० | १५<br>१५<br>१५ | २५<br>२५<br>२५ |
| ६ | प्राथमिकता प्राप्त न्युनतम सक्षमता (PMEC) पुरा गरेका विद्यालय प्रतिशत | | | |
| ६.१ | प्रारम्भिक वालविकास तथा शिक्षा केन्द्र | ४० | | |
| ६.२ | आधारभुत विद्यालय | ३५ | | |
| ६.३ | माध्यमिक विद्यालय | ६० | | |
| ७ | स्थानीय बजेटमा शिक्षा क्षेत्रको बजेटको प्रतिशत | ६ | | |

# परिच्छेदः-३(तीन)
# शिक्षाका क्षेत्रहरू

## ३.१. प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१. परिचय

कक्षा एकमा भर्ना गर्ने उमेर नपुगेका बालबालिकाहरुका लागि विद्यालयले शिशु कक्षाको व्यस्था गर्ने प्रचलन पहिले देखिनै रहेको भएतापनि बि.सं. २०५६ सालमा शिक्षा बिभागले समुदायमा आधारित बालविकास कार्यक्रम सुरु गरेपछि नेपालमा सरकारी स्तरवाट बालविकास शिक्षाको सुरुवात भएको हो । सवैकालागि शिक्षा राष्ट्रिय कार्य योजना २००३ को पहिलो लक्ष्यमा राखिएपछि यसको बिस्तारमा व्यापकता आएको हो । नेपालको संबिधानको धारा ३९(३) मा प्रत्येक बालवालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को आठौँ संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै रुपमा मान्यता दिनुले यसको आवश्यकता र महत्व थप पुष्टि भएको छ । बालवालिकाहरुको चौतर्फि विकासमा सघाउँदै उनिहरुलाई आधारभुत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालयिय शिक्षाको लागि एक मार्गचित्रका रुपमा रहेको छ । बालविकास शिक्षालाई सर्वसुलभ र गुणस्तरीय नवनाय अरु शैक्षिक तहको अप्ठ्यारो मार्ग खुल्न सक्दैन । यस अर्थ पनि बालबिकास शिक्षालाई बालवालिकाको पहिलो आकर्षक गन्तब्य बनाउन सक्नुपर्दछ जुन बालवालिकाको संबिधान प्रदत्त हक समेत हो । यसै कुरालाई मध्यनजर गरी जोरायल गाउँपालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउनका लागि आवश्यक रणनीति,कार्यनीति तथा कार्यक्रमहरु समावेस गरिएका छन् ।

जोरायल गाउँपालिकामा हाल औपचारिक शिक्षाको मुलद्वारको रुपमा बालविकास शिक्षालाई नै मान्दै विद्यालयमा आधारित ६९ वटा सामुदायिक र ३ वटा निजिस्तरबाट बालविकासको कक्षा तथा केन्द्रहरुको स्थापना भएकोछ । जोरायल गाउँपालिकाले बालविकास शिक्षाको पहुँचलाई सहज र सरल प्राप्ति तिर लैजान समुदायमा आधारित ७ वटा बालविकास कक्षाहरु रहेकोमा आफ्नै स्रोतबाट व्ययभार व्यहोर्ने गरी जम्मा २३ वटा (१८ वटा विद्यालयमा आधारित र ५ वटा समुदायमा आधारित) बालबिकास केन्द्रको स्थापना गरि हाल सञ्चालनमा ल्याएको छ । यस गाउँपालिकाले बालविकास केन्द्रलाई बालवालिकाको सर्वाङ्गीण विकासको मुख्य गन्तव्य बनाउन तथा बालबालिकाको रमाइलो र अर्थपुर्ण सिकाइ केन्द्रको रुपमा विकसित गराउन भौतिक आर्थिक तथा स्रोत साधनले पूर्ण बनाउन केहि कसरत गर्नुपर्ने देखिन्छ । बालविकास शिक्षकहरुलाई पेशागत तालिम दिइदै आएकोमा थप छोटो तथा लामो अवधिको समेत पेशागत विकास तालिमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ ।

### ३.१.२. चुनौती तथा अवसरः

वर्तमान शिक्षा ऐनमा बालबिकास शिक्षलाई विद्यालय शिक्षामा समावेश गरेता पनि योग्यता पुगेका बालबिकास शिक्षक दरबन्दी नहुनु,बालविकास शिक्षकको पारिश्रमिक न्युन. सामाजिक तथा सांस्कृतिक विविधताका कारण सबै बालबालिकाहरुको पहुँच शिक्षामा नपुग्न सक्नु, भौगोलिक कठिनताका कारण बालविकास शिक्षालाई अनिवार्य पुर्वसर्तको रुपमा स्विकार गर्न नसकिनु,नेपाल बालअधिकार महासन्धिको पक्ष राष्ट्र भएकोले संविधान प्रदत्त अधिकारको सुनिश्चितता दिलाउन तथा शिक्षालाई बालवालिकाको मौलिक अधिकारको रुपमा स्वीकार गरि त्यसको प्राप्तिको व्यवस्थापन गर्नु, स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको बालविकास शिक्षाको अधिकार प्राथमिकतामा नपर्नु, बालवालिकाका लागि पठनपाठन गर्न कक्षाकोठा मात्र निर्माण गर्ने परिपाटीका कारण विभिन्न फनपार्क ,बालउद्यान ,शिशुस्याहार केन्द्र र पोषण केन्द्रहरु निर्माण गर्न नसक्नु,बालविकास शिक्षकहरुलाई मन्टेश्वरि तालीमको आयोजना गर्न नसक्नु, अभिभावक सचेतना कार्यक्रम तथा सक्रियता बढाउन नसक्नु प्रमुख चुनौतिका रुपमा रहेका छन् ।

शिक्षा ऐन परिवतर्न भइ बालविकास शिक्षासमेत विद्यालय शिक्षाको तह भित्र समावेश गरिनु,राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बाल अधिकार सन्धि सम्झौता कार्यान्वयनका लागि राष्ट्रिय बाल संरक्षण नीति बनी कार्यान्वयनमा आउनु,गाउँपालिकाका सबै क्षेत्रमा बालबालिकालाई सहजता हुने गरी बालविकास केन्द्र खोलिनु,बालविकास केन्द्रहरुमा बालमैत्री वातावरणका लागि गाउँपालिकाबाट मापदण्डका आधारमा प्रोत्साहन तथा सहयोग हुनु बालविकास शिक्षाका लागि प्रमुख अवसरहरु रहेका छन् ।

### ३.१.३. लक्ष्यः

शारीरिक तथा मनोवैज्ञानिक हिसावले बालबालिकालाई स्वस्थ राख्दै बालबिकास तथा पूर्व विद्यालय उमेरका सबै बालबालिकालाई बालविकास केन्द्रमा भर्ना गराई औपचारिक शिक्षाको तयारी गराउने तथा बालविकास केन्द्रलाई न्युनतम राष्ट्रिय मापदण्ड अनुसार स्तरोन्नती गर्दै सुरक्षित सिकाइ वातावरणको सुनिश्चितता गर्ने ।

### ३.१.४. उद्देश्यः

१. औपचारिक शिक्षा प्रणालीमा बालबालिकाको रहरसहितको प्रवेशलाई सुनिश्चितता गर्नु ।
२. हाँस्दै खेल्दै बालविकास केन्द्रमा जाने नानीहरुको संख्यालाई गुणात्मक तरिकाले बृद्धि गर्नु ।
३. बालविकास शिक्षाको उमेर पुगेर घरमै बसेका बालबालिकाहरुको आकर्षक गन्तब्यको रुपमा बालविकास केन्द्रलाई स्थापित गर्नु ।

४. तीन बर्ष उमेर समुहका बालबालिका र गर्भमा रहेका बालबालिकाहरुको समेत स्वास्थ्य सुरक्षालाई ध्यानदिदै पोषण, सुरक्षा र बालविकासका लागि आमाबाबु समेतलाई सहयोग गर्नु।

५. सबै उमेर पुगेका बालबालिकालाई एउटै प्रकारको सिकाइ वातावरण तयार पारी गुणस्तरीय सिकाइ सहजीकरणको वातावरणको निर्माण गर्नु।

### ३.१.५. रणनीति तथा कार्यनीतिः

| क्र.सं. | रणनीति | कार्यनीति |
|---|---|---|
| १ | बालबालिकाको शारीरिक तथा मानसिक स्वास्थ्यको सुरक्षा तथा प्रारम्भिक सिकाइको अवसर प्रदान गर्ने। | १. गर्भवति आमा देखी दुध चुसाउने आमा र ५ वर्षे उमेरका बालबालिका भएका घर परिवारका लागि पोषण,सुरक्षा,संरक्षण कार्यक्रम लागु गरिने छ। |
| | | २. नेपाल सरकारले तोकेको शर्त तथा मापदण्ड पालना गर्ने गरी गाउँपालिकाले सरकारी तथा गैर सरकारी सामुदायिक वा निजी लगानीमा बालमैत्री तथा पुर्वाधारयुक्त प्रारम्भिक बालविकास केन्द्रको व्यवस्थापन गरी बाल स्याहार र पोषण कार्यक्रम सञ्चालन गरिने छ। |
| २ | गाउँपालिकाको भौगोलिक, सामाजिक र जातिय विविधतालाई ध्यान दिदै मापदण्ड अनुसार बालविकास केन्द्रको स्थापना समायोजन गरी उपयुक्त शैक्षिक वातावरण तयार गर्ने। | १. बालविकास उमेर समूहका सबै बालबालिकाहरुलाई बालविकास केन्द्रमा भर्ना गराइने छ। |
| | | २. तोकिएको राष्ट्रिय मापदण्ड तथा गाउँपालिकाले आफ्नो निश्चित मापदण्ड बनाइ कम्तिमा एक विद्यालय एक बालविकास केन्द्र रहने गरी बालविकास केन्द्रहरु समायोजन मिलान तथा स्थानन्तरण गरिने छ। |
| | | ३. भौगोलिक रुपले विकट,जातिगतरुपमा पिछडिएको क्षेत्रमा बालविकास केन्द्रहरु खोलिने छ । |
| ३ | हाल सञ्चालनमा रहेका बालविकास केन्द्रहरुको भौतिक तथा शैक्षिक वातावरण विकासका लागि सहभागितात्मक साझेदारी प्रणालिको विकास गरी भवन तथा बालउद्यान निर्माण गर्ने। | १. बालमैत्री सिकाइ सामग्रीसहित बालविकास केन्द्रका कक्षाहरु व्यवस्थापन गरिने छ। |
| | | २. राष्ट्रिय न्युनतम् मापदण्ड मार्ग दर्शक पुस्तिका २०६७ को पहिलो संशोधन २०७५ अनुसार न्युनतम माप दण्ड पुरा नभएका पुराना बालबिकास केन्द्रलाई मापदण्ड पुरा गर्ने अवसर दिने र नयाँलाई मापदणड अनुसार मात्र निर्माण गर्ने। |
| ५ | सबै बालविकास शिक्षकहरुको न्युनतम सिकाइ सिप विकासका लागि मागमा आधारीत सेवाकालिन तालिमका साथै नयाँ नियुक्त हुने शिक्षकका लागि न्युनतम योग्यता निर्धारण गरी लागु गर्ने। | १. बालविकास केन्द्रका शिक्षकका लागि तोकिएको न्युनतम् योग्यता लागु गरिने छ। |
| | | २. बालविकास कक्षाका शिक्षकहरुलाई शिक्षण सिकाइ सहयोग र शिक्षक पेशागत तालिम दिइने छ। |
| ६ | कक्षाकोठा निर्माण तथा व्यवस्थापनमा राष्ट्रिय र अन्तराष्ट्रिय मापदण्ड अनुसार बृहत विद्यालय सुरक्षा कार्यक्रम तथा विपद् व्यवस्थापनका पुर्वसर्त पालना गरी निर्माण तथा व्यवस्थापनमा जोड दिने। | १. बृहद विद्यालय सुरक्षाको मापदण्ड पुरा गरेर मात्र भवन तथा कक्षाकोठा निर्माण गर्ने। |
| ७ | एक वडा एक नमूना बालविकास केन्द्र निर्माण गर्ने। | १. प्रत्येक वडामा न्युनतम मापदण्ड अनुसारको एक एक ओटा नमुना बालविकास केन्द्र स्थापना गरिने छ। |
| ८ | बालबालिकालाई मानोरञ्जनयुक्त वातावरण तयार गरी सिकाइ सहजीकरण गर्न श्रव्यदृष्य सामग्रीको प्रयोगदर बृद्धि र वितरण गर्ने। | १. भर्ना अभियानको अवसर पारि सामुदायमा रहेका बालबिकास उमेर समुहका बालबालिकालाई बालबिकासकेन्द्रमा न्यानो स्वागत सहित भर्ना गर्न सरोकारवाला सबैलाई परिचालन गरिने छ। |

| | | |
|---|---|---|
| | | २. बालविकास केन्द्रहरुमा सिकाइ सहजीकरणमा सहयोग पुग्ने श्रव्य दृश्य सामग्रीको व्यवस्था गरिने छ। |
| ९ | गरिव असाहाय बेसाहारा बालबालिकालाई स्थानीय तहले संरक्षकको भुमिका निर्वाह गरी शिक्षा स्वास्थ्य तथा पोषणयुक्त खानेकुराको व्यवस्थापनमा सहयोग गर्ने। | १. आर्थिक रुपले विपन्न साहाराविहिन र संरक्षक नभएका बालबालिकाको संरक्षकत्वको जिम्मेवारी लिइ पोषणयुक्त खानाको व्यवस्था गरिने छ। |

### ३.१.६. अपेक्षित उपलब्धि:

| पहिलो ५ वर्ष (२०७८ देखि २०८३ सालसम्म) | दोस्रो ५ वर्ष (२०७८ देखि २०८३ सालसम्म) |
|---|---|
| १. प्रत्येक विद्यालयमा बालविकासको कक्षा सञ्चालन भएको हुनेछ।<br>२. भौगोलिकता मापदण्डमा तोकिएको अवस्थाका आधारमा बालविकास केन्द्रहरु विद्यालयमा समायोजन,कटौती तथा स्थानान्तरण भएका हुनेछन्।<br>३. न्यूनतम् शैक्षिक योग्यता पुगेका शिक्षकहरुको व्यवस्था प्रत्येक बालविकास केन्द्रमा भएको हुने छ।<br>४. बालविकास केन्द्रमा भर्ना हुने उमेरका ८५% बालबालिका विद्यालय वा बालविकास केन्द्रमा भर्ना भएका हुनेछन्।<br>५. बालविकास केन्द्रका सबै शिक्षकले पेशागत र क्षमता विकास तालिम प्राप्त गरेको हुने छ।<br>६. बालविकास केन्द्रका शिक्षकहरुको तलव सुविधामा बृद्धि भएको हुने छ। | १. कक्षा १ मा बालविकासको अनुभवसहित भर्ना हुने बालबालिकाको संख्या १००% पुगेको हुने छ।<br>२. प्रत्येक वडामा कम्तिमा १/१ओटा बाल उद्यानसहित नमुना बालविकास केन्द्र विकास भएको हुने छ।<br>३. बालविकास केन्द्रका भवन तथा कक्षाकोठा विपद्को जोखिम नभएका सुरक्षित र बालमैत्री सिकाइ सामग्रीसहितको हुनेछन्। |

### ३.१.७ प्रमुख क्रियाकलाप र लक्ष्य:

**तालिका: १५**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्डको प्रबोधिकरण | जना | १५ | १५ | १५ | १५ | १५ | ७५ | १०० | |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण | वटा | १५ | ५ | ४ | ३ | २ | २९ | ३० | |
| ३ | परिवार, समुदाय, गैर सरकारी संघसंस्था, निजीक्षेत्रसँगको सहकार्य | वटा | ५ | ८ | १० | १२ | १५ | ५० | ५० | |
| ४ | बालबालिकाको अभिलेखीकरण | % मा | १५ | १५ | १५ | १५ | १५ | ७५ | ७५ | |
| ५ | पोषणयुक्त दिवा खाजाको व्यवस्था | वटा | २० | १० | १० | १० | १० | ६० | ६० | |
| ६ | पाठ्यक्रम प्रबोधिकरण | जना | १५ | १५ | १५ | १५ | १० | ७० | ७० | |
| ७ | शिक्षकको योग्यता र क्षमता विकास तालिम | जना | २० | २० | २० | २० | २० | १०० | १०० | |
| ८ | अभिभावक शिक्षा | जना | २० | २० | २० | २० | २० | १०० | १०० | |
| ९ | बालबालिकाको शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षा तथा आवश्यकता अनुसार मनोसामाजिक परामर्श उपलब्ध गराउने | जना | १० | १० | १० | १० | १० | १०० | १०० | |
| १० | शिक्षक पेसागत विकास | जना | १५ | १५ | १५ | १५ | १५ | ७५ | ७५ | |
| ११ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली | % | ५० | ६० | ७० | ७५ | १०० | १०० | १०० | |

## ३.२. आधारभुत शिक्षा

### ३.२.१. परिचय:

विद्यालय स्तरको शिक्षालाई बढी उद्देश्यमुलक,व्यावहारिक,समसामयिक एवम् सान्दर्भिक बनाउने अभिप्रायले यस जोरायल गाउँपालिकाले आधारभूत शिक्षालाई प्राथमिकतामा राखेको छ। विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२ ले विद्यालय शिक्षाको पुनार्संरचना गरेर कक्षा १-८ लाई आधारभूत शिक्षा र कक्षा ९-१२ लाई माध्यमिक शिक्षाको रुपमा परिभाषित गरेपछि विद्यालय शिक्षा हाल दुई तहको

भएको छ। पहिलेको प्राथमिक र निम्नमाध्यमिक तहलाई मिलाएर बनाइएको आधारभूत तहले व्यक्ति,समाज र राष्ट्रको विकासमा महत्वपूर्ण भुमिका खेल्ने भएकोले नेपालको संविधानको धारा ३१(१) मा यसलाई नागरिकको मौलिक हक अन्तरगत राखिएको छ।

गुणस्तरीय आधारभूत शिक्षाले गरिवी घटाउन मद्दत गर्ने र व्यक्तिको जीवनस्तरमा उल्लेखनीय सुधार ल्याउन सक्ने तथा यसबाट समाज र राष्ट्रलाई नै विकासको बाटोमा लम्कन सहयोग पुर्‍याउने युनेस्कोको एउटा प्रतिवेदनले यदि कम आय भएका मुलुकका सबै विद्यार्थीहरुले आधारभूत पढाइ सिप हासिल गरेर विद्यालय छोड्ने हो भने मात्र पनि १७ करोड १० लाख मानिसहरुलाई गरिबीबाट माथि उठाउन सकिने तथ्य प्रकाशन गरेको छ। आधारभूत तहको शिक्षालाई दृष्टिगत गर्दै योजनाबद्ध रुपमा यसको विकासका लागि यस गाउँपालिकाले शैक्षिक योजनामा आधारभूत शिक्षा विकासका तमाम कार्यक्रमहरु समावेश गरेको छ।

शिक्षाको सबैभन्दा पहिलो तह नै आधारभूत तह हुने भएकाले यसलाई औपचारिक शिक्षाको जगको रुपमा पनि लिने गरिएको छ। आफ्नो समुदाय र राष्ट्रको सकृय सदस्य र नागरिकाका लागि चाहिने आधारभूत ज्ञना, सिप कला आधारभूत शिक्षाले प्रदान गर्दछ। त्यसैले आधारभूत शिक्षालाई विश्वब्यापी रुपमा सबैका लागि शिक्षा २००० देखि २०१५ ,सहस्राब्दि विकास लक्ष्य २००० देखि २०१५, दिगो विकास लक्ष्यहरु २०१५ देखि २०३० समेतले उच्च महत्व दिएको पाइन्छ। नेपालले पनि आफ्नो मौजुदा संविधानको धारा ३१ को उपधारा १ मा प्रत्येक नागरिकलाई राज्यवाट आधारभूत शिक्षा अनिवार्य र निःशुल्क पाउने हक हुनेछ भनि उल्लेख गरेको छ। साविकको शिक्षा ऐन तथा नियमावली परिमार्जन गरी आधारभूत शिक्षामा सुधारको प्रयास गरेको छ ।

शिक्षा योजनाको इतिहासलाई नियाल्ने हो भने वि. सं. २००७ सालमा प्रजातन्त्रको स्थापना भएपछि नेपालले शिक्षा विकासमा ठुलो फड्को मारेको पाइन्छ। राष्ट्रिय शिक्षा योजना आयोग २०११ सर्वाङ्गिण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन २०१८ रा. सि.प.यो २०२८ राष्ट्रिय शिक्षा आयोग २०४९ र उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०५४ ले विभिन्न समयमा प्रतिवेदन पेश गरी आधारभूत शिक्षालाई सर्वसुलभ आधुनिक व्यावहारिक अनिवार्य र निःशुल्क बनाउने जस्ता विषयवस्तुमा जोड दिएको पाइन्छ।

शिक्षा परियोजनाहरुको इतिहासलाई हेर्दा प्राथमिक शिक्षा परियोजना २०४१-२०४२ आधारभूत तथा प्राथमिक शिक्षा परियोजना २०४९ आधारभूत तथा प्राथमिक शिक्षा परियोजना दोस्रो-२०५६ र प्राथमिक शिक्षा परियोजनाले आधारभूत तथा प्राथमिक शिक्षामा पहुँच सान्दर्भिकता,सक्षमता र गुणस्तरमा ध्यान दिइ कार्यक्रम सञ्चालनमा ल्याएको पाइन्छ।

जोरायल गाउँपालिका भित्र हाल आधारभूत तहको पठन पाठन हुने विद्यालयहरु सामुदायिक ४७ र संस्थागत ३ ओटा गरी जम्मा ५० ओटा रहेका छन्। जोरायल गाउँपालिकामा आधारभूत तहमा २०७७ सालको इमिस तथ्याङ्क अनुसार जम्मा ३८९१ जना बालबालिका र २०० जना शिक्षकहरु रहेका छन्।

### ३.२.२. लक्ष्यः

आधारभूत विद्यालयका बालबालिकाको विद्यालय प्रवेशदर र टिकाउदर सत प्रतिशत पुर्यायी गुणस्तरीय सिकाइ वातावरण सृजना,जोखिम सुन्य सुरक्षित, समतामुलक र समावेशी भौतिक वातावरणमा दक्ष र तालिमप्राप्त शिक्षकबाट सिकाइको सुनिश्चतता प्रदान गर्दै माध्यमिक शिक्षाका लागि सक्षम बालबालिका तयार गर्ने।

### ३.२.३. उद्देश्यः

१. आधारभूत तह (५-१२) उमेर समुहका सबै बालबालिकालाई आधारभूत शिक्षाको सुनिश्चितता गर्नु।
२.आधारभूत शिक्षामा सबै समुदाय,जाति,धर्म र वर्गको पहुँच सुनिश्चितता गरी बालमैत्री,अनिवार्य, निःशुल्क ,समावेशी बनाउदै लैजानु
३. भौगोलिकता,शिक्षक विद्यार्थीको अनुपात अनुसार विद्यालय समायोजन तथा स्थापना गर्नु
४. विपद् जोखिमबाट बचाउन प्रत्येक विद्यालयमा बृहत विद्यालय सुरक्षा योजना निर्माणका गरी कार्यक्रम लागु गर्नु।
५.कक्षा १ मा भर्ना हुने सबै बालवालिकालाई कक्षा ८ सम्म टिकाई राख्न शिक्षण सिकाइ वातावरण बालमैत्री तथा प्रविधिमैत्री बनाउनु
६. गुणस्तरीय सिकाइका लागि दक्ष र योग्य शिक्षक नियुक्ति तथा शिक्षक पेशागत तालिम प्रदान गर्नु

### ३.२.४. रणनीति तथा कार्यनीतिः

| क्र सं. | रणनीति | कार्यनीति |
|---|---|---|
| १ | विद्यालय उमेरका हरेक बालबालिकाल विद्यालय भर्ना गराउने | १. प्रत्येक वर्ष कम्तिमा पनि शैक्षिक सत्रको सुरुको एक हप्तालाई विद्यार्थी भर्ना सप्ताहाव रुपमा मनाउने र विद्यार्थी भर्ना शैक्षिक सत्र भरी खुला गराइने छ। |
| २ | विद्यालयमा जाति, धर्म तथा वर्गव आधारमा हुने कुनै पनि किसिमको भेदभा हुन नदिने | १. विद्यालयका बालबालिकालाई बालक्लबमा आवद्द गराइने छ ।<br>२. विद्यालयमा भेदभावरहित सामुहिक रुपमा दिवा खाजा वितरण गरिने छ।<br>३. कुनैपनि फरक जात र क्षमताका बालबालिकालाई विभेदको अनुभूति हुन नवि सरोकारवालाका लागि प्रशिक्षणको व्यवस्था गरिने छ। |
| ३ | आर्थिक हिसावले पिछडिएका गरिव, दलित, जनजाति बालबालिकाका लागि छात्रवृति व्यवस्था गर्ने | १. विद्यालयमा निरन्तर वितरण गरिदै आएको छात्रवृतिका अलावा गरिव,दलित,जनजाति ,पिछडिएका वर्ग तथा जेहेन्दार बालबालिकाका लागि गाउँपालिकामा एक विपन्न जेन्दार छात्रवृति कोष खडा गरी वितरणको व्यवस्था |

| | | |
|---|---|---|
| | | मिलाइने छ। |
| ४ | भौगोलिक विकटता र विद्यार्थी अनुपातलाई मध्यनजर गर्दै विद्यालय गाभ्ने तथा दरवन्दी मिलान गर्ने | १. राष्ट्रिय मापदण्डका अलावा स्थानीय मापदण्ड र कार्यविधि तयार गरी भौगोलिक दुरी र विद्यार्थी संख्याको आधारमा विद्यालय गाभ्ने, तह थप्ने तथा घटाउने,स्वीकृत गर्ने र प्रत्येक वर्ष शैक्षिक सत्र सुरु हुनुभन्दा एक महिना अगाडि गाउँपालिकाको दरबन्दी मिलान गरिने छ। |
| ५ | सरकारी तथा गैहसरकारी सहयोगबाट वृहत विद्यालय सुरक्षा कार्यक्रम लागु गर्ने | २. विद्यालयका पुराना संरचनालाई रेक्ट्रोफिटिङ तथा नयाँ बन्ने संरचनालाई भुकम्प प्रतिरोधी र अपाङ्गमैत्री बनाइने छ।<br>३. संरचना बनाउनु अघि भौगोलिक अध्ययन र जमिनको प्राविधिक जाँच गरिने छ।<br>४. विद्यालय भवन अपुग रहेका विद्यालयमा सुरक्षित विद्यालय भवन निर्माण गरिने छ। |
| ६ | सबै बालबालिकालाईआधारभूत तह पुरा गराउन आवश्यकताको आधारमा सहयोग गर्ने | १. आधारभूत तहमा भर्ना भएका बालबालिकालाई सो तह पुरा गराउन व्यक्तिगत विवरण संकलन कार्यलाई जोड दिने र आवश्यकताको आधारमा स्थानीय तहबाट सहयोग प्रदान गरिने छ। |
| ७ | शिक्षकको पेशागत दक्षताका लागि निरन्तर तालिमको आयोजना गर्ने | १. सबै सेवारत स्थायी शिक्षकलाई टि.पि.डि. तालिममा सहभागि गराइने छ।<br>२. गाउँपालिकाले शिक्षक नियुक्त गर्दा विषयगत दक्षता भएका मात्र छनोट गरी नियुक्त गरिने छ।<br>३. मागमा आधारित तालिम कार्यक्रम तथा विद्यालय व्यवस्थापन तालिमको आयोजना गरिने छ। |
| ८ | स्थानीय आवश्यकताको आधारमा पेशा व्यवसायलाई थप सहयोग पुग्ने विषयको पठनपाठनको व्यवस्था मिलाउने | १. स्थानीय पाठ्यक्रम तयार गर्दा स्थानीय पेशा व्यवसायमा दक्षता प्रदान गर्ने गरि तयार गर्ने<br>२. कक्षा ६-८ मा स्थानीय विषय छनौट गर्दा भविष्यमा दक्ष जनशक्ति उत्पादनमा टेवा पुग्ने गरी छनौट गर्ने |

### ३.२.५. कार्यक्रम कार्यान्वयन र कार्यविधिः

यस गाउँपालिकाले गुणस्तरीय तथा व्यावहारिक आधारभूत शिक्षा प्रत्येक बालबालिकाको नैसर्गिक अधिकारको रुपमा स्थापित गर्न तपशिलको कार्यक्रम कार्यान्वय कार्यविधी तयार गरी कार्यान्वयन गर्नेछ।

| क्र.सं. | कार्यक्रमहरु | कार्यक्रम कार्यान्वयन |
|---|---|---|
| १ | विद्यार्थी भर्ना कार्यक्रम | १. भर्ना अभियान सञ्चालन गर्न सबै शिक्षकहरु परिचालन गर्ने<br>२. शैक्षिक सत्रको सुरुमै बृहत छलफलको आयोजना गरी विद्यालयले वार्षिक कार्ययोजना प्रस्तुत गर्ने<br>३. सिङ्गो शैक्षिक वर्षभरि विद्यार्थी भर्ना खुल्ला गर्ने |
| २ | अतिरिक्त क्रियाकलाप सञ्चालन | १. विद्यालयले कम्तिमा पनि महिनाको एकपटक प्रतिस्पर्धात्मक क्रियाकलाप सञ्चालन गर्ने<br>२. वडा तथा गाउँपालिका स्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने<br>३. गाउँशिक्षा समितिबाट विद्यालय अनुगमन गरी जातजाति,धर्म संस्कृति र भाषा भाषीको अवस्था र विभेदको अवस्था अध्ययन गर्ने |
| ३ | छात्रवृति वितरण | १. विद्यालयको सामुदायिक अवस्था अध्ययन गरी सोअनुसारको छात्रवृति प्रदान गर्ने<br>२. गाउँपालिकाले कार्यविधि तयार पारी विपन्न जेहन्दार छात्रवृति कोष स्थापना गरी विभिन्न शीर्षकमा छात्रवृति प्रदान गर्ने<br>३. छात्रवृति वितरण नियमसंगत भए नभएको गाउँ शिक्षा समिति र शिक्षा युवा तथा खेलकुद शाखाबाट अनुगमन गर्ने |
| ४ | वृहत विद्यालय सुरक्षा कार्यक्रम | १. प्रत्येक वडामा गाउँपालिकाले भौगोलिक जोखिम क्षेत्र पहिचान गर्ने<br>२. जोखिमयुक्त भौगोलिक क्षेत्रमा भएका संरचनालाई सुरक्षित स्थानमा स्थानान्त्रण गर्ने<br>३. विद्यालय क्षेत्रमा विपद् जोखिम न्युनीकरण सम्बन्धि काम गर्ने सबै संध संस्थासँग समन्वय गरी विद्यालय सुरक्षा कार्यक्रम लागु गर्ने<br>४. गाउँपालिकाले पुराना जोखिमयुक्त कक्षाकोठा तथा विद्यालय भवनलाई पहिचान गरी पुनर्निमाण गर्ने |
| ५ | विद्यार्थी टिकाउदर | १. भर्ना भएका बालबालिकालाई विद्यालय छोड्नुपर्नाका कारण प्रत्येक विद्यालयबाट संकलन गर्ने |

| | | |
|---|---|---|
| | बढाउने | २. विद्यालयले प्रत्येक विद्यार्थीको व्यक्तिगत विवरण, शारीरिक मानसिक अवस्था, पारिवारिक तथा आर्थिक अवस्था संकलन गरी बालबालिकाको अवस्था अद्यावधिक राख्ने<br>३. गाउँपालिकाले आवश्यकताको आधारमा बालबालिकालाई सहयोग प्याकेज उपलब्ध गराउने |
| ६ | पेशागत दक्षता वृद्धि कार्यक्रम | १. शिक्षा युव तथा खेलकुद शाखाले आफ्नो गाउँपालिकामा भएका सबै शिक्षक को विवरण राखि सवै स्थायी शिक्षकलाई टि पि डि र व्यवस्थापन तालिमको अवसर मिलाउने<br>२. गाउँपालिकाबाट नियुक्त शिक्षक तथा निजिस्रोतका शिक्षकलाई मागमा आधारित तालिमको आयोजना गर्ने<br>३. न्युनतम सेवा सुविधाको सुनिश्चितता गरी विद्यालयमा बिताउने समय वृद्धि गराउने<br>४. तालिम प्राप्त शिक्षकमात्र नियुक्त गर्ने |
| ७ | विद्यालय समायोजन तथा दरवन्दी मिलान | १. नियमानुसार दरवन्दी मिलान गर्न शिक्षा समितिको निर्णय बमोजिम एक समित गठन गरी सम्बन्धित क्षेत्रका सरोकारवालासँग अन्तरक्रिया गरि शिक्षक विद्यार्थी अनुपात मिलाउने।<br>२. आवश्यकताको आधारमा विद्यालय समायोजन तथा स्थापना गर्ने कार्यलाई नियमितता दिने। |
| ८ | व्यावहारिक तथा प्राविधिक शिक्षा | १. राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ मा भएको प्रावधान अनुरुप आधारभूत तहमा स्थानीय स्तरमा छनोट गर्न मिल्ने स्थानीय विषयको ठाउँमा सबै सरोकारवालासँग छलफल गरी व्यावहारिक,स्थानीय पेशा व्यवसायमा सहयोग पुग्ने, स्थानीय धर्म संस्कृति, जातिय विविधता,भाषाभाषिप्रति सम्मान पैदा गर्ने खालको विषयवस्तु निर्माण तथा लागु गर्ने। |

### ३.२.६. प्रमुख क्रियाकलाप र लक्ष्यः

**तालिकाः १६**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | वटा | ५ | २ | २ | २ | २ | १३ | १३ | |
| २ | मापदण्डअनुसार शिक्षक व्यवस्था | वटा | १० | १० | १० | १० | १० | ५० | ५० | |
| ३ | सबै बालबालिकालाई विद्यालय भर्ना | % | २० | २० | २० | २० | २० | १०० | १०० | |
| ४ | प्रारम्भिक कक्षाका बालबालिकाहरूका लागि पठन सामग्री व्यवस्था | वटा | २० | २० | २० | २० | २० | १०० | १०० | |
| ५ | प्रारम्भिक कक्षा शिक्षणसम्बन्धि शिक्षक तालिम | जना | ३० | ३० | ३० | ३० | ३० | १५० | १५० | |
| ६ | विद्यालयको न्यूनतम भौतिक पुर्वाधार विकास | वटा | १५ | १५ | २० | २० | २० | ९० | १५० | |
| ७ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | | | | | | | | | |
| ८ | शिक्षक क्षमता विकास | जना | १५ | १५ | १५ | १५ | १५ | १५ | ७५ | |
| ९ | विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन | | | | | | | | | |
| १० | सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | वटा | २० | २० | २० | २० | २० | १०० | १०० | |
| ११ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजाको प्रबन्ध | वटा | ७० | ७० | ७० | ७० | ७० | ७० | ७० | |
| १२ | पाठ्यपुस्तक व्यवस्था | % | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| १३ | सन्दर्भ सामग्रीको व्यवस्था | % | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| १४ | विपन्नका लागि ड्रेस, स्टेशनरीका लागि छात्रबृत्ति | वटा | ५० | ५० | ५० | ५० | ५० | २५० | ५०० | |
| १५ | शैक्षिक मानव संशाधन सूचना प्रणाली स्थापना | वटा | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ | |
| १६ | विव्यस, शिअसंका पदाधिकारीहरूको क्षमता विकास | वटा | २० | २० | २० | २० | २० | १०० | २०० | |
| १७ | अभिभावक अभिमुखिकरण र सहभागिता | वटा | ५० | ५० | ५० | ५० | ५० | २५० | २५० | |
| १८ | व्यवस्थित परीक्षा प्रणाली | वटा | २२ | ३० | ४० | ५० | ६९ | ६९ | ६९ | |

## ३.३. माध्यमिक शिक्षा

### ३.३.१. परिचयः

नेपालको संविधानको धारा ३१ मा शिक्षा सम्बन्धी मौलिक हकको व्यवस्था रहेको छ। माध्यमिक तहसम्मको शिक्षा निशुल्करुपमा पाउनुपर्ने व्यवस्थाको सुनसश्चितात संविधानले गरेको छ। संविधानको अनुसूची-८ मा स्थानीय तहको अधिकार क्षेत्रमा अधारभत् तथा माध्यमिक तहसम्मको शिक्षा राखिएको छ। कक्षा १० देखि कक्षा १२ सम्म अध्ययन गरिने शिक्षालाई माध्यमिक तहका रुपमा मानिएको छ। बालबालिकाले आधारभूत तह कक्षा ८ सम्मको शिक्षा प्राप्त गरीसकेपछि छनौटका आधारमा प्राविधिक वा साधारण धारको माध्यमिक तहको शिक्षा पढन पाउने कानुनी व्यवस्था रहेको छ। यस तहको शिक्षालाई जीवनोपयोगी, उत्पादनमूलक, प्रविधियुक्त तथा व्यावहारिक बनाउन सकेमात्रै शैक्षिक लगानीको उचित प्रतिफल प्राप्त गर्न सकिने देखिन्छ। जोरायल गाउँपालिकामा माध्यमिक तहको कक्षा १२ सम्म पढाइ हुने ५ ओटा र कक्षा १० सम्म पढाइ हुने ६ ओटा गरि जम्मा ११ ओटा शैक्षिक संस्थाहरु सञ्चालनमा रहेमा छन्। जसमध्ये ३ ओटा विद्यालयहरुमा प्राविधिक तथा व्यावसायिक धारको अध्यापन हुने गरेको छ। गाउँपालिका भित्रमा माध्यमिक तहको शिक्षा लिने बालाबालिकाहरुले बढीभन्दा बढी प्राविधिक तथा व्यावसायिक शिक्षाको अवसर प्राप्त गरुन र यस तहको शिक्षा प्राप्ति पश्चात भावी जीवन निर्वाहमा सहजता एवम् आत्मनिर्भरता बढोस भन्ने चहाना अनुसार जोरायल गाउँपालिकाले माध्यमिक तहको शिक्षामा प्राविधिक तथा व्यावसायिक शिक्षालाई प्रोत्साहन गर्ने,सिपमूलक,निशुल्क,बालमैत्री र समावेशी शिक्षा प्रणालीको सुदृढीकरण गर्दै प्रविधिमैत्री शिक्षण सिकाइको अवसर प्रदान गरी योजनाबद्धरुपमा अगाडि बढाउने नीति लिएको छ।

### ३.३.२. चुनौती र अवसरः

वर्तमान संविधानले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई तोकि दिएकोमा उक्त अधिकारको प्रभावकारी कार्यान्वनका लागि संघीय र प्रदेश स्तरमा शिक्षा ऐन र नियमावली नबन्दा स्थानीय शिक्षा ऐन र नियमावली बनाइ कार्यान्वयन गर्न नसकिनु, विद्यालय तथा विद्यार्थी संख्यको आधारमा शिक्षक दरबन्दी नहुनु तथा सीमित आर्थिक स्रोतले गर्दा शिक्षा क्षेत्रमा आवश्यकता अनुसार गाउँपालिकाले लगानी गर्न नसक्नु,स्थानीय स्तरमा शिक्षक दरबन्दी सृजना गर्न नसिकिनु, गाउँपालिकामा तोकिए बमोजिमको अनुभवी जनशक्ति अभाव हुनु,माध्यमिक तहको शिक्षालाई संविधान अनुसार निशुल्क बनाउन नसक्नु, राष्ट्रिय शिक्षा नीति कार्यान्वयनमा नआउनु,माध्यमिक तहमा प्रविधिको ज्ञान भएका र तालिम प्राप्त शिक्षक अत्यन्त न्युन रहनु तथा तीन ओटै सरकारको समन्वय अभावका कारण संविधान अन्तर्गतका साझा अधिकार क्षेत्रका विषयहरु कार्यान्वयन गर्न नसक्नु प्रमुख चुनौतिका रुपमा रहेका छन्।

संघीय स्तरमा राष्ट्रिय शिक्षा नीति जारी हुनु,राष्ट्रिय पाठयक्रम प्रारुप २०७६ को आधारमा माध्यमिक तहसम्मको पाठ्यक्रममा समयानुकुल परिवर्तन तथा परिमार्जन हुनु,संघीय तथा प्रदेश स्तरको १० वर्षे शिक्षा योजना निर्माणको क्रममा रहनु,संघीय सरकारको सहयोगमा विकास गरिएको पालिकाको नमुना विद्यालयको शैक्षिक विकास द्रुत गतिमा अगाडि बढ्नु,स्थानीय सरकार सञ्चालन ऐनले तोकेबमोजिमका शिक्षाका २३ ओटा काम कर्तव्य र अधिकार अनुसार गाउँपालिकामा शैक्षिक गतिविधिहरु अगाडि बढुनु,गाउँपालिका स्तरमा दरबन्दी मिलान तथा माध्यमिक विद्यालय स्वीकृतिको कार्य सञ्चालनमा रहनु र विद्यालयहरुमा भौतिक संरचना निर्माण,पुस्तकालय,विज्ञान प्रयोगशाला,आइसिटी ल्यावको व्यवस्था भइ प्रविधियुक्त शिक्षणका लागि अवसर हुनु यस गाउँपालिकामा माध्यमिक तहको शिक्षाका लागि अवसरहरु रहेका छन्।

### ३.३.३. लक्ष्यः

माध्यमिक शिक्षाको गुणस्तर सुधार गरी दक्ष, व्यावसायिक,सृजनशील,प्रतिस्प्रधि र श्रमप्रति सकारात्मक सोच भएका नागरिक तयार गर्ने।

### ३.३.४. उद्देश्यः

१. माध्यमिक शिक्षामा सबै बालबालिकाको पहुँच पुर्यायी निशुल्क र गुणस्तरीय शिक्षाको सुनिश्चतता गर्नु।
२. जीवनपर्यन्त तथा रोजगारमूलक शिक्षा प्रदान गर्नु
३. स्थानीय भाषा,संस्कृति,ऐतिहासिक तथा प्राकृतिक सम्पदाको संरक्षण, संवर्धन र जोगेर्ना गर्नु।
४. विपद् जोखिम न्युनीकरणप्रति सचेत नागरिक तयार गर्नु।
५. शैक्षिक सुशासन,प्रभावकारी अनुगमन. सुपरीवेक्षण तथा पेशागत सहयोग प्रणालीको विकास गर्नु।

### ३.३.५. रणनीति तथा कार्यनीतिः

| क्र.सं. | रणनीति | कार्यनीति |
|---|---|---|
| १ | माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चिता कायम गर्ने। | १. कमजोर आर्थिक अवस्थाका कारण माध्यमिक तहको शिक्षा पुरा गर्न असमर्थ बालबालिकाका लागि गाउँपालिका अध्यक्ष विद्यार्थी सहायता कोष खडा गरी कार्यान्वयनमा ल्याइने छ। |
| | | २. गाउँपालिका र विद्यालयको साझेदारीमा प्रत्येक वडामा १/१ ओटा निशुल्क आवासिय सुविधासहित अध्ययनको व्यवस्था हुनेछ। |

| | | |
|---|---|---|
| | | ३. छात्राहरुको सिकाइ सुदृढीकरणका लागि छात्रा सिकाइ सहयोग कार्यक्रम ल्याइने छ। |
| | | ४. माध्यमिक तहको अन्तिम परीक्षामा गाउँपालिका भरी प्रत्येक वर्ष उत्कृष्ट नतिजा ल्याउने २/२ जना छात्रछात्रालाई उच्च शिक्षा अध्ययनका लागि छात्रवृतिको व्यवस्था गरिदै लगिने छ। |
| २. | माध्यमिक शिक्षामा प्राविधिक तथा व्यावसायिक शिक्षाको अवसर प्रदान गर्ने। | १. प्राविधिक तथा व्यवसायिक धार सञ्चालित विद्यालयलाई कार्यसम्पादनमा आधारित प्रोत्साहनको व्यवस्था गरिने छ। |
| | | २. माध्यमिक तहको साधारण र प्राविधिक शिक्षामा बालिकाको न्युन सहभागिता हुने क्षेत्रलाई प्राथमिकतामा राखी समावेशी पहुँच बढाउन विशेष कार्यक्रम सञ्चालन गरिने छ। |
| | | ३. विद्यालयहरुलाई सूचना सञ्चार प्रविधियुक्त बनाउन कम्प्यूटर,आइसिटी किट्स तथा इन्टरनेट कनेक्टिभिटि खरिदका लागि प्रबन्ध मिलाउने। |
| | | ४. प्राविधिक धारको विद्यालय नभएको वडामा उक्त प्रकृतिको विद्यालय स्थापनाका लागि आवश्यक पूर्वाधार तथा सञ्चालनको व्यवस्था गरिने छ। |
| ३. | माध्मिक शिक्षकलाई पेशागत सहयोग तथा प्रविधि प्रयोगमा दक्ष बनाउने। | १. शिक्षकको लागि विषयगत र प्रविधिमा आधारित तालिम तथा अभिमूखीकरणको व्यवस्था गरिदै लगिने छ। |
| ४. | गुणस्तरीय शिक्षाका लागि विद्यार्थीको स्वास्थ्य,सरसफाइ र पोषणमा सुधार र सहयोग गर्ने। | १. गुणस्तरीय शिक्षाका लागि विद्यार्थीको स्वास्थ्य सरसफाइ र पोषणका लागि कार्यक्रम सञ्चालन गरिने छ। |
| | | २. बालबालिकाको उमेर अनुसार यौनिकता एवम् प्रजनन शिक्षा सचेतीकरण कार्यक्रम सञ्चालन गरिने छ। |
| ५. | माध्यमिक तहका लागि आवश्यक दक्ष जनशक्तिको व्यवस्थापन गर्ने। | १. माध्यमिक तहका विद्यालयहरुलाई आवश्यकता र औचित्यका आधारमा समायोजन,दरबन्दी मिलान कक्षा ११/१२ का शिक्षकको कार्यभार मिलान गरी विषयगत दक्ष शिक्षकको व्यवस्थापन गरिने छ। |
| | | २. माध्यमिक तहमा अपुग हुने शिक्षक दरबन्दीका लागि शिक्षण सिकाइ अनुदानको व्यवस्था गरिने छ। |
| ६. | माध्यामिक विद्यालयहरुको स्तरीकरण र सबलीकरण गर्ने। | १. विद्यालय भवन र कक्षाकोठा अपुग रहेका विद्यालयहरुमा प्राथमिकताका आधारमा अपाङ्गमैत्री तथा बालमैत्री अवधारणामा विद्यालय भवन र कक्षा कोठा,सौचालय र सुरक्षित पिउने पानीको व्यवस्था गरिने छ। |
| | | २. विद्यालय सञ्चालन मापदण्डको मूल्याङ्कनका आधारमा विद्यालय स्तर निर्धारण गरिने छ। |
| ७. | माध्यमिक शिक्षामा विज्ञान तथा प्रविधि शिक्षाको अवसर प्रदान गर्ने। | १. सबै सामुदायिक माध्यमिक विद्यालयहरुमा विज्ञान प्रयोगशालाको व्यवस्था मिलाई प्रयोगात्मक शिक्षण सिकाइको वातावरण सुनिश्चित गरिने छ। |
| | | २. विद्यार्थीहरुलाई प्रविधिमा आधारित स्वाध्ययन सामग्री उपलब्धताको प्रबन्ध मिलाइने छ। |
| ८. | विद्यालय सुरक्षा तथा विपद् जोखिम न्यूनीकरण कार्यक्रम सञ्चालन गर्ने। | १. विद्यालय सुधार योजनामा विपद् जोखिम न्युनिकरणको योजना समावेश गरी विद्यालयहरुलाई प्रभावकारी कार्यान्वयन गर्न लगाइने छ। |
| | | २. बाढी, पहिरो तथा भु–स्खलनको जोखिममा रहेका विद्यालयहरुको पुनःस्थापना तथा योजनाबद्ध स्थानान्तरण गरिने छ। |
| | | ३. प्राकृतिक विपद् तथा महामारीको समयमा पठनपाठनलाई निरन्तरता दिन आवश्यक तयारी गरिने छ। |
| ९. | स्थानीय भाषा,संस्कृति र सम्पदाको संरक्षण र सम्वर्धन गर्ने। | १. जोरायल क्षेत्रको मौलिक पहिचान,संस्कृति,सभ्यता र विविधताको अध्ययन.संरक्षण तथा खोज अनुसन्धानलाई स्थानीय पाठ्यक्रमका माध्यमबाट उजागर गरिने छ। |
| १०. | शैक्षिक सुशासन कायम गर्न शैक्षिक संस्थाहरुको अनुगमन,सुपरीवेक्षण गर्ने। | १. स्थानीय अवकास प्राप्त शिक्षक,शिक्षा प्रशासनका कर्मचारीलाई अनुगमन.सुपरीवेक्षण तथा शैक्षिक परामर्शको जिम्मेवारी दिइने छ। |
| | | २. कम्पनी तथा निजी लगानीमा सञ्चालित विद्यालयहरुको सहकार्यमा आधारित अनुगमन |

| | | |
|---|---|---|
| | | सुपरीवेक्षण र नियमन गरिने छ। |
| ११. | शिक्षकहरुलाई विषयगत पेशागत सहयोग गर्ने। | १. विषयगत रोष्टर शिक्षकबाट नमुना शिक्षण,शैक्षिक परामर्श तथा विषयगत शैक्षिक पेशागत सहयोग प्रदान गरिने छ। |

### ३.३.६. अपेक्षित उपलब्धि:

| पहिलो ५ वर्ष (२०७८ देखि २०८३ सालसम्म) | दोस्रो ५ वर्ष (२०७८ देखि २०८३ सालसम्म) |
|---|---|
| १. आवश्यकता र औचित्यका आधारमा विद्यालय समायोजन,एकिकरण भएका हुनेछन्।<br>२. माध्यमिक तहका शिक्षकको कार्यभार समायोजन गरी तथा शिक्षण सिकाइ अनुदान दिइ सबै विद्यालयहरुमा विषयगत शिक्षकको व्यवस्था गरिसकिएको हुनेछ।<br>३. माध्यमिक तहका छात्राहरुको सिकाइ उपलब्धि कम्तिमा १०%ले बृधि भएको हुनेछ।<br>४. प्राविधिक तथा व्यावसायिक धारतर्फ अध्ययन गर्ने बालबालिकाको संख्यामा बृद्धि भएको हुनेछ।<br>५. माध्यमिक तहमा हुने गरेको ड्रपआउट दरमा कम्तिमा २०%ले कमी आएको हुनेछ।<br>६. सबै माध्यमिक विद्यालयहरु भौतिक रुपले सुविधा सम्पन्न भएका हुनेछन्।<br>७. स्थानीय भाषा,संस्कृति र मौलिकता समावेश पाठ्यसामग्री,तथा स्थानीय पाठ्यक्रम निर्माण भएको हुनेछ।<br>८. प्रतिकुल परिस्थितिका कारण विद्यालय वाहिर रहेका बालबालिका शिक्षाको मूल धारमा समाहित भएका हुनेछन्।<br>९. विपदमा सुरक्षित तरिकाले पठन पाठनको व्यवस्था भएको हुनेछ।<br>१०. सबै प्रकारका विद्यालयहरुको नियमित अनुगमन.सुपरीवेक्षण हुनेछ। | १. स्थानीय आवश्यकता परिपुर्ति गर्न सक्ने आधारभूत र मध्यम स्तरको जनशक्तिको संख्यामा बृद्धि भइ सोरोजगारको संख्या बढ्ने छ।<br>२. पिछडिएका वर्ग र छात्राहरु उच्च तहको शिक्षा र रोजगारीका क्षेत्रमा बढी संलग्न भएका हुनेछन्।<br>३. माध्यमिक तह कक्षा ९-१० र ९-१२ को सहजै देखिने भर्नादर क्रमसः १०० र ८५,खुद भर्नादर ७५ र ५५ प्रतिशत पुगेको हुनेछ र जोरायल गाउँपालिकाको माध्यमिक तहको लैङ्गिक समता सूचकाङ्क १ पुगेको हुनेछ। |

### ३.३.७. प्रमुख क्रियाकलाप र लक्ष्य:

**तालिका: १७**

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | नि:शुल्क माध्यमिक शिक्षाका लागि आवश्यक कानून, कार्यविधि र निर्देशिका तयार | वटा | १ | | | | | १ | १ | |
| २ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण,स्वीकृति तथा समायोजन | वटा | ३ | २ | | | | ५ | ४ | |
| ३ | विज्ञान, गणित तथा कम्प्यूटर विज्ञान विषय अध्ययनका लागि अवसर | वटा | १ | १ | १ | १ | १ | ५ | १ | |
| ४ | मापदण्ड अनुसार शिक्षक व्यवस्थाका लागि शिक्षण सिकाइ अनुदान वितरण | जना | ४ | ३ | २ | | १ | १० | ५ | |
| ५ | सबै बालबालिकाको माध्यमिक शिक्षामा पहुँच सुनिश्चितता | जना | १०० | ५० | ७० | ८० | १०० | ४०० | ३०० | |
| ६ | विद्यालयको न्यूनतम भौतिक पुर्वाधार विकास | वटा | २ | १ | १ | १ | १ | ६ | ५ | |
| ८ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | जना | १०० | १२० | ८० | ९० | ९५ | ४८५ | ३२० | |
| ९ | शिक्षक क्षमता विकास | जना | २० | १५ | १० | १० | २० | ७५ | ५० | |
| १० | विद्यालय विपत जोखिम न्युनीकरण योजना निर्माण तथा कार्यान्वयन | वटा | ४ | ३ | २ | १ | १ | ११ | ६ | |
| ११ | सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | वटा | २ | ३ | २ | २ | २ | ११ | ११ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | शिक्षक सहायता प्रणालीको पुनर्संरचना | वटा | २ | २ | १ | २ | २ | ९ | ५ | |
| १३ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | वटा | १ | १ | १ | १ | १ | ५ | ६ | |
| १४ | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | वटा | १ | | १ | | १ | ३ | ५ | |
| १५ | विपन्न तथा दलित बालबालिकाको नि:शुल्क माध्यमिक शिक्षा सुनिश्चितताका लागि छात्रवृत्ति र सिकाइ सामग्री व्यवस्था | जना | २० | २५ | २५ | ३० | २० | १२० | ११० | |
| १६ | कक्षाकोठामा आधारित मूल्याङ्कन | वटा | १ | २ | १ | २ | १ | ७ | ४ | |
| १७ | व्यवस्थित परीक्षा प्रणाली | वटा | ३ | २ | २ | २ | २ | ११ | ११ | |
| १८ | शैक्षिक मानव संशाधन सूचना प्रणाली स्थापना | वटा | १ | १ | १ | १ | १ | ५ | ४ | |
| १९ | विव्यस, शिअसंका पदाधिकारीहरूको क्षमता विकास | जना | १० | १५ | १० | १५ | १० | ६० | ५० | |
| २० | अभिभावक अभिमुखीकरण र सहभागिता | जना | ५० | ४० | ३० | २० | ४० | १८० | २०० | |
| २१ | लक्षित बालबालिकाहरूका लागि विद्यालयमा आवासीय प्रबन्ध | जना | ० | १० | १० | ५ | १० | ३५ | ५० | |

## ३.४. प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तथा तालिम

### ३.४.१. परिचय:

शिक्षालाई सिपयुक्त र व्यवहारमा प्रयोग योग्य बनाउनुपर्ने मान्यतालाई ध्यानमा राख्दै प्राविधिक शिक्षाको आवश्यकता महसुस गरिएको हो। मौजुदा शिक्षा नीतिमा पनि स्थानीय तहमा "संघीय तहमा स्थापना हुने राष्ट्रिय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम परिषदमार्फत प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन,अनुसन्धान,नवप्रवर्तन र उद्यमशीलता विकास जस्ता कार्य सम्पादन गरी दक्ष प्राविधिक जनशक्ति उत्पादनमा जोड दिने।" भन्नेकुरा उल्लेख भएकोछ।

हालको श्रम बजारमा आवश्यक शिक्षाको अभावमा दिनानु दिन युवा जमातहरु विदेशी भुमीमा रगत र पसिना बगाउन बाध्य भएको यथार्त हामी सामु छदैछ। वर्तमान परिवेशमा यस गाउँपालिकाबाट समेत ठुलो सङ्ख्यामा युवा जनशक्ति विदेशी भुमीमा श्रम बेच्न बाध्य छन्। त्यसैले हालको आवश्यकता भनेको घोकन्ते शिक्षालाई विस्तारै विस्थापित गरी स्वरोजगारमूलक प्राविधिक तथा व्यावसायिक शिक्षालाई स्थापित गर्नुपर्ने सोचका साथ यस गाउँपालिकाले प्राविधिक तथा व्यावसायिक शिक्षालाई प्राथमिकता दिएर सामुदायिक विद्यालयहरुमार्फत क्रमस:लागु गरि रहेको छ।

नेपालको संविधान,पन्ध्रौ आवधिक योजना,राष्ट्रिय शिक्षा नीति,प्राविधिक तथा व्यावसायिक शिक्षा नीति,दिगो विकास लक्ष्य तथा सदूरपश्चिम सरकारको नीति तथा कार्यक्रमले प्राविधिक तथा व्यावसायिक शिक्षालाई अत्यन्तै महत्वका साथ कार्ययोजनामा समावेश गरेको पाइन्छ।

वर्तमान अवस्थामा यस गाउँपालिकामा प्राविधिक धार सञ्चालन भइरहेका विद्यालयहरु जम्मा तीनवटा रहेका छन्। जसमा TSLC-१८ महिनेमा (तह-२) ३३ जना र TSLC २९ महिनेमा (तह ३) ३४ जना गरी जम्मा ६७ जना बालबालिका अध्यनतर छन् भने माध्यमिक तह कक्षा ९ -१० मा प्राविधिक धार अन्तर्गत ४० जना छात्रछात्राहरुले अध्ययन गरि रहेका छन्।

### ३.४.२. लक्ष्य:

प्राविधिक सिपयुक्त जनशक्ति उत्पादन गरी आत्मनिर्भर मध्यम स्तरको जनशक्ति निर्माण तथा आर्थिक रुपले सम्पन्न समाजको स्थापन गर्ने।

### ३.४.३. उद्देश्य:

१. प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिममा गाउँपालिका भित्र रहेका सबै बालबालिकाहरुको पहुँच सुनिश्चितता गर्नु

२. माग र आवश्यकताको आधारमा प्राविधिक विद्यालयहरुको सङ्ख्या थप गर्नु।

३. माग र आवश्यकताका आधारमा छोटा अवधिका तालिमहरु सञ्चालन गर्नु।

### ३.४.४. रणनीति तथा कार्यनीतिहरू:

| क्र. सं. | रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|---|
| १. | प्राविधिक तथा व्यावसायिक शिक्षा दिने विद्यालय विस्तार गर्ने | १. आवश्यकता र औचित्यका आधारमा प्रत्येक वडामा कम्तिमा एक व्यावसायिक तथा प्राविधिक धारको विद्यालय स्थापना गरिनेछ। |
| | | २. गरिबीको रेखामुनि रहेका आर्थिक हिसाबले बिपन्न परिवारका विद्यार्थीका लागि प्राविधिक शिक्षा अध्ययनका लागि छात्रवृति प्रदान गरिने छ। |
| २ | व्यावसायिक धारका विद्यालय स्थापना गर्ने | १. मौजुदा व्यावसायिक विषयभन्दा छुट्टै विषयको पठनपाठन हुने गरी फरक वडामा फरक धारको विद्यालय स्थापना गरिने छ। |

| | | |
|---|---|---|
| ३ | छोटा अबधिका तालिम आयोजना गर्ने | १. गाउँपालिकामा रहेका युवा युवतिहरुका लागि लक्षित गरी मागमा आधारित छोटा अबधिका व्यावसायिक तालिमहरुको आयोजना गर्ने र तालिम लिएकालाई व्यावसायमा आवद्ध हुन चाहानेलाई अवस्था हेरी आर्थिक सहयोग गर्ने। |

### ३.४.५. कार्यक्रम र कार्यान्वयन:

| क्र.सं. | कार्यक्रम | कार्यान्वयन |
|---|---|---|
| १ | भौतिक पुर्वाधार निर्माण | १. आवश्यकतानुसार प्रत्येक वडामा एक प्राविधिक धार सञ्चालन गर्न मिल्ने गरी ल्याव सहितको विद्यालय भवन निर्माण गर्ने। |
| | | २. हाल प्राविधिक तथा व्यावसायिक शिक्षा दिदै आएका विद्यालयमा योग्य दक्ष र तालिम प्राप्त शिक्षको व्यवस्था गर्ने। |
| २ | प्राविधिक कक्षा थप | १. प्रत्येक वडामा एक आवासिय व्यवस्थासहितको व्यावसायिक तथा प्राविधिक धार सञ्चालित विद्यालयको स्थापना गर्ने। |
| | | २. प्राविधिक तथा व्यावसायिक धारको पठनपाठन सञ्चालन गर्न वडा तथा गाउँपालिकाले बजेटको व्यवस्था गर्ने |
| ३ | छोटा अवधिका तालिम सञ्चालन | १. प्रत्येक वडाले आ-आफ्नो क्षेत्रमा शिक्षित वेरोजगारको तत्थ्याङ्क संकलन गर्ने। |
| | | २. वडा वडामा तालिम लिन चाहनेको सङ्ख्या एकिन गरी मागमा आधारित तालिमका लागि आर्थिक सहयोग गर्ने। |
| ४ | व्यावसायिक क्षमता बृद्धि | १. गरिव, दलित पिछडिएको बर्ग महिला लगायत नाजुक अवस्था भएका व्यक्तिका लागि प्रशिक्षणसहित व्यावसायिक सहयोगका लागि बिना धितो ऋणका लागि स्थानीय तहले स्थानीय सहकारी बैङ्क तथा बित्तिय संस्थामा सिफारिस गर्ने। |

### ३.४.६. अपेक्षाहरू:

यस योजना अबधिको अन्त्यसम्म प्रत्येक वडाहरुमा एक/एक ओटा आवासिय सुविधासहितको प्राविधिक तथा व्यावसायिक धार सञ्चालित विद्यालय स्थापना भएको हुनेछ। गाउँ गाउँमा प्राविधिक दक्षता भएका स्वरोजगार युवाहरु उत्पादनभएका हुनेछन जसका कारण स्थानीय स्तरमा आवश्यक पर्ने कुनै पनि दक्ष अर्धदक्ष प्राविधिक जनशक्ति बाहिरबाट ल्याउनुपर्ने छैन। सबै विकास निर्माणमा दक्ष र प्राविधिक कामदारहरु आफ्नै गाउँपालिकाका मात्र प्रयोग भएका हुनेछन्। कम्प्यूटर प्राविधिक,आयुर्वेद,पशु स्वास्थ्य,कृषि ,स्वास्थ्य सेवा, सिभिल इन्जिनियर तथा नापी प्राविधिक जस्ता दक्षता भएका व्यक्तिहरु अन्यत्रबाट ल्याउनु नपर्ने बरु अन्य ठाउँमा सम्मान पूर्वक दक्ष कामदारको रुपमा जाने अवस्थाको सृजना भएको हुनेछ। रोजगारीको अभावमा विदेशिनु पर्ने छैन। विदेश जानै परेता पनि सिपको अभावमा दुःख पाउनुपर्ने र सस्तो मुल्यमा श्रम बेच्नुपर्ने छैन।

### ३.४.७. प्रमुख क्रियाकलाप र लक्ष्य:

**तालिका: १८**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | प्राविधिक धारका माध्यमिक विद्यालयहरू स्थापना र सञ्चालन | वटा | ३ | | | | १ | ४ | ३ | |
| २ | प्राविधिक धार सञ्चालन भएका विद्यालयहरूको भौतिक पूर्वाधार विकास | वटा | १ | | १ | | १ | ३ | २ | |
| ३ | छोटो अवधिका सिपमूलक तालिम सञ्चालन | वटा | १ | २ | १ | १ | १ | ६ | ४ | |
| ४ | विपन्न तथा दलित बालबालिकालाई प्राविधिक शिक्षा अध्ययनका लागि छात्रवृत्ति प्रदान | जना | ५ | ५ | ५ | ५ | ५ | २५ | १० | |
| ५ | स्थानीय स्तरमा रहेका परम्परागत सिपहरूको पहिचान, प्रमाणीकरण तथा प्रबर्द्धन कार्यक्रम | जना | ५ | ५ | ५ | ५ | ५ | २५ | १५ | |

## ३.५. पाठ्यक्रम र पाठ्यसामाग्री

### ३.५.१. परिचय:

सिकाइको विस्तृत योजनालाई पाठ्यक्रम भनिन्छ । बालबालिकाको सर्बाङ्गिण विकासका लागि (शारीरिक, मानसिक, संवेगात्मक,सामाजिक, सांस्कृतिक,आध्यात्मिक ) विकासका लागि विद्यालय भित्र बाहिरबाट विद्यार्थीहरुमा सिकाइका अनुभवहरु हाँसिल

गराउन तयार पारिएकोबृहत योजना,शैक्षिक कृयाकलापको समग्र रुपलाई पाठ्यक्रम भनिन्छ । पाठ्यक्रममा यसको ढाँचा, सक्षमता, सिकाइ उपलब्धि, विषयवस्तुको क्षेत्र क्रम तथा विस्तृतीकरण मूल्याङ्कन प्रकृया आदि समावेश गरिएको हुन्छ।

एउटा कार्यक्रममा समावेश गरिएका र शैक्षिक उद्देश्य प्राप्तिका लागि विद्यालय भित्र वा बाहिरबाट सिकारुले प्राप्त गरेका सम्पूर्ण सिकाइ अनुभवलाई पाठ्यक्रम भनिन्छ । पाठ्यक्रम भन्नाले औपचारिक र अनियमित विषयवस्तु र प्रकृया हो जसद्वारा विद्यालयको मातहतमा सिकारुहरुले ज्ञान र बुझाइ प्राप्त गर्दछन् र सीपको विकास गर्दछन् । समाजवाद उन्मुख राष्ट्र निर्माणका लागि वैज्ञानिक,प्राबिधिक,व्यवसायिक,सिपमूलक तथा रोजगारमूलक एवम् जनमुखी बनाउदै सामाजिक न्यायमा आधारित सक्षम नैतिक राष्ट्रिय हितप्रति समर्पित र प्रतिस्प्रधि जनशक्ति तयार गर्ने र वि. सं २०८७ सम्म मध्यम आय भएको मूलकमा रुपान्त्रण गर्न आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य हाँसिल गर्न मेरुदण्डका रुपमा रहेको विद्यालय शिक्षामा राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ तथा राष्ट्रिय शिक्षा नीति २०७६ ले संघीय, प्रादेशिक तथा स्थानीय सरकारको जिम्मेवारी निर्दिष्ट गरेअनुसार स्थानीय सरकारले शिक्षा योजनामा पाठ्यक्रम सम्बद्ध नीति तर्जुमा गर्न आवश्यक छ।

### ३.५.२ वर्तमान अवस्था

भौगोलिक,जातिय, सांस्कृतिक विविधताले भरिपूर्ण राष्ट्र भए पनि देशमा आजसम्म पनि कुनै जातिय तथा सांस्कृतिक अनमेलता तथा दङ्गा फसाद नभएको मूलुकको रुपमा स्थापित हुन सक्नुको मुख्य कारण नै देशले अवलम्वन गरेको शिक्षा नीति हो । शिक्षा नीतिलाई कार्यान्वयनमुखी बनाउन राष्ट्रिय पाठ्यक्रमलाई मजबुत, समयानुकुल, बैज्ञानिक, बिविधतालाई सम्बोधन गर्ने, सह अस्तित्वलाई स्वीकार्ने ढाँचाबाट तयार पारिएको हुनुपर्छ जुन गुण हाम्रो देशको राष्ट्रिय पाठ्यक्रममा प्रचुर मात्रामा समावेश गरिएका छन्। यति हुदाहुदै पनि वर्तमान अवस्थामा पाठ्यक्रम सम्बद्ध केही समस्याहरु रहेका छनः

१. सैद्धान्तिक सीप विकासमा मात्र जोड दिएको पाठ्यक्रमबाट व्यवहारिक पक्षलाई उजागर गरी बालबालिकामा जीवनोपयोगी सीप विकास गर्न असमर्थ हुनु।
२. सुचना तथा प्रविधिलाई विषय वा शिक्षण सिकाइ कुन माध्यमका रुपमा प्रयोगमा ल्याउने भन्ने कुरा अस्पष्ट रहनु।
३. स्थानीय तहको सक्रियतामा मातृभाषाका पाठ्यक्रम तथा पाठ्यसामाग्री अपेक्षित रुपमा विकास हुन नसक्नु तथा स्थानीय भाषालाई कक्षा क्रियाकलापको माध्यम नबनाइनु ।
४. फरक फरक क्षमाता भएका बालबालिकाहरुलाई कसरी प्रभावकारी शिक्षण गर्ने, कसरी शिक्षालाई समावेशी बनाउने, कसरि बालमैत्रि शिक्षा पद्दति लागु गर्ने जस्ता तमाम प्रश्नलाई समाधान गर्न नसक्नु।
५. शिक्षणलाई सिकाइमा रुपान्त्रण गर्न,शिक्षक र विद्यार्थी सहकार्य बढाउन र उत्पादनमूखी शिक्षा प्रदायका कक्षाकार्य हुन नसक्नु।
६. स्थानीय स्रोत, साधन, स्थापित मूल्य मान्यता तथा मौलिक परम्परामा आधारित पाठ्यसामग्री निर्माण गर्न नसक्नु।
७. उत्पादित जनशक्तिले स्वदेशी बजारमा रोजगारीको अवसर प्राप्तिमा क्षमता प्रदर्शन गर्न नसक्नु।
८. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रकृयालाई सोचेअनुरुप प्रयोगमा ल्याइ पृष्ठपोषणका आधारमा शैक्षिक योजना निर्माण गरी कार्यान्वयनमा ल्याउन नसक्नु
९. पाठ्यपुस्तकका अलावा कुनै पनि शैक्षिक सन्दर्भ स्रोत सामाग्री र पुस्तक आदि प्रयोगमा बृद्धि हुन नसक्नु।

### ३.५.३ उद्देश्य

१. स्थानीय तहको आवश्यकता बमोजिमको स्थानीय विषयको पाठ्यक्रमको प्राथमिकिकरण , र विकास गर्नु ।
२. राष्ट्रिय पाठ्यक्रमले गरेको मार्गदर्शन र समय काल र परिस्थिति अनुसार स्थानीय आवश्यकतालाई सम्बोधन गर्ने गरि निर्माण गरी कार्यान्वयन गर्नु।
३. स्थानीय पाठ्यक्रममा आधारित भएको पाठ्य सामग्रिको विकास गर्नु।
४. विद्यार्थी मुल्याङ्कनलाई निरन्तर मूल्याङ्कन पद्धति अनुरुप विकसित गर्नु।
५. पाठ्यक्रम विकास समुहको पेशागत क्षमता निर्माण गर्नु।

### ३.५.४ रणनीति तथा कार्यनीति

पाठ्यक्रम र पाठ्यसामग्री सम्बन्धीउद्धेश्यहरु हासिल गर्न देहाए बमोजिमका रणनीतिहरु अवलम्बन गरीनेछ।

| क्र सं | रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|---|
| १ | स्थानीय स्तरका आवश्यकतामा आधारित नयाँ पाठ्यक्रमको निर्माण गर्ने गराउने | १. सरोकारवालाहरुको आम सहमति निर्माण गरी राष्ट्रिय पाठ्यक्रमले दिएको स्थानीय विषय निर्माण कार्यदल , बिज्ञ समुहद्वारा निर्माण गर्ने |
| २ | पाठ्यक्रम विकास समुहको पेशागत क्षमता निर्माण गर्ने | १. पाठ्यक्रम तयार पार्ने विभिन्न विषयगत समिति तथा कार्यदलका सदस्यलाई क्षमाता विकास तालिमको आयोजना गर्ने |

| | | |
|---|---|---|
| ३ | पाठ्यक्रममा समाविष्ट विषयवस्तु तथा शैक्षणिक कौशलमा पुनर्संरचना गर्ने | १. शिक्षकलाई पेशागत दक्षताका लागि शिक्षण सिप विकास तालिमहरुको आयोजना गर्ने |
| ४ | राष्ट्रिय तथा प्रदेशको पाठ्यक्रमसँग सम्बन्धित रही स्थानीय आवश्यकतासँग सान्दर्भिक स्थानीय पाठ्यक्रम तथा पाठ्य सामग्री निर्माण गरी कार्यान्वयन गर्ने । | १. बिज्ञ समूहको निर्माण गरी राष्ट्रिय तथा प्रदेश सरकारले तयार पारेको पाठ्यक्रममा न दोहोरिने र नबाझिने गरी पाठ्य तथा सन्दर्भ सामग्रीको निर्माण गर्ने । |
| ५ | विज्ञान,प्रविधि, इञ्जिनियरिङ् तथा गणित शिक्षालाई समग्र शिक्षा प्रणालीको अभिन्न अङ्गको रुपमा कार्यान्वयन गर्ने । | १. Science, Technology ,English and Math जस्ता अनिवार्य विषयहरुको सरल शिक्षण र मनोरञ्जनपूर्ण सिकाइका लागि विषयगत सहकर्मी सिकाइ समूह निर्माण गरी on the spot विद्यालयमा नै उपस्थित भइ सिकाइ सहजीकरण गर्ने |

### ३.५.५ अपेक्षित उपलब्धि

१. स्थानीय स्तरका आवश्यकतामा आधारित कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम निर्माण भएको हुनेछ ।
२. राष्ट्रिय तथा स्थानीय पाठ्यक्रमको कार्यान्वयन सम्बन्धी प्रबोधीकरण भएको हुनेछ ।
३. स्थानीय पाठ्यक्रमको सफल कार्यान्वयनको लागि पाठ्य सामग्रीहरुको विकास भएको हुनेछ ।
४. आधारभुत तहमा अध्ययनरत सबै विद्यार्थीहरुका हात हातमा स्थानीय पाठ्यक्रम सम्बद्ध पाठ्य सामग्री पुगेको हुने
५. सम्पुर्ण विद्यालयहरुमा आधारभुत तहमा स्थानीय पाठ्यक्रमको कार्यान्वयन भएको हुनेछ ।
६. स्थानीय पाठ्यक्रम निर्माण तथा प्रबोधीकरणमा सरोकारवालहरु सबैको सहभागिता भएको हुनेछ ।
७. नयाँ पाठ्यक्रमप्रति विद्यार्थीहरुको आकर्षण बढेको हुने छ ।
८. स्थानीय तहमा विज्ञान प्रविधी , अङ्ग्रेजी, गणित जस्ता बिषयहरुमा विद्यार्थीहरु सिकाइमा अब्बल हुनेछन् ।
९. सबै शिक्षकहरु शिक्षण कौषलमा बालमैत्री ,प्रबिधिमैत्री भइ उत्कृष्ट शिक्षणमा सहभागी भएका हुनेछन् ।

### ३.५.६ प्रमुख क्रियाकलाप र लक्ष्य:

**तालिका: १६**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | पाठ्यक्रम अभिमूखीकरण | जना | २५ | २० | ३० | २५ | २५ | १२५ | १३० | |
| २ | शिक्षक तालिम | जना | २५ | २० | ३० | २५ | २५ | १२५ | १२५ | |
| ३ | शिक्षक पेसागत सहयोग | जना | ५ | ५ | ५ | १० | २० | ४५ | ४० | |
| ४ | कक्षा कोठामा आधारित विद्यार्थी मूल्याङ्कन | वटा | ४० | ४५ | ५० | ५५ | ५८ | ५८ | ५८ | |
| ५ | आवधिक विद्यार्थी मूल्याङ्कन | वटा | ४० | ५ | ५ | ५ | ३ | ५८ | ५८ | |
| ६ | डिजिटल सामग्रीको प्रयोग | वटा | १ | १ | २ | २ | २ | ८ | ८ | |
| ७ | सूचना तथा सञ्चार प्रविधिको प्रयोग | वटा | ५ | ३ | २ | २ | २ | १४ | २० | |
| ८ | निःशुल्क पाठ्यपुस्तक | वटा | ५८ | ५८ | ५८ | ५८ | ५८ | ५८ | ५८ | विद्यालयमा |
| ९ | स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन | वटा | ३ | ४ | ५ | ६ | ८ | ८ | ८ | कक्षामा |
| ११ | माध्यम भाषाका रूपमा मातृभाषाको प्रयोग | वटा | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १२ | सुपरिवेक्षण तथा अनुगमन | वटा | ५८ | ५८ | ५८ | ५८ | ५८ | ५८ | ५८ | विद्यालयमा |
| १३ | परिक्षा सञ्चालन | वटा | ५८ | ५८ | ५८ | ५८ | ५८ | ५८ | ५८ | विद्यालयमा |

## ३.६. शिक्षक व्यवस्थापन र विकास

### ३.६.१. परिचय:

शिक्षाले देश विकासका लागि आवश्यक जनशक्ति उत्पादन गर्दछ । शिक्षाको गुणस्तर शिक्षकको गुणस्तरसँग सम्बन्धित हुन्छ । शिक्षकको गुणस्तरको मात्रा भने शिक्षक तयारी,विकास र व्यवस्थापनसँग प्रत्यक्ष रूपले सम्बन्धित हुन्छ । हाम्रो पूर्वीय दर्शनमा शिक्षकको भूमिका महत्त्वपूर्ण रहेको पाइन्छ । नेपालमा आधुनिक शिक्षा पद्धतिको विकास भएसँगै शिक्षक व्यवस्थापनका विविध पक्षमा विभिन्न कार्यहरू गरिँदै आएको छ । शिक्षा सम्बन्धी विभिन्न प्रतिवेदनहरूले शिक्षक व्यवस्थापनका सम्बन्धमा स्पष्ट धारणाहरू उल्लेख गरेका छन् ।

उक्त प्रतिवेदनहरूले शिक्षकको प्राज्ञिक योग्यता र तालिम दुबैलाई प्राथमिकता दिएका छन् । त्यस्तै,शिक्षक सेवा आयोग नियमावलीले शिक्षा विषय पढेर तोकिएका योग्यता प्राप्त गरेकालाई प्राज्ञिक योग्यता र तालिम प्राप्त दुबै मानेको छ । हाल कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र विकास योजनाले शिक्षक नियुक्ति,वृत्ति विकास,न्यूनतम् योग्यता,शिक्षक तयारी कोर्स र तालिम सम्बन्धमा गरिने कार्यहरू उल्लेख गरेको छ । सबै प्रतिवेदन र योजनाले शिक्षकको गुणस्तर सुनिश्चिततामा जोड दिएका छन् । तथापि उक्त दस्तावेजहरूमा सुझाइए बमोजिम शिक्षक व्यवस्थापन गर्दा पनि अपेक्षित स्तरका विद्यार्थी उत्पादन गर्न नसकिएको र नसकिने भएकाले शिक्षक व्यवस्थापनका विविध पक्षमा व्यापक परिवर्तन आवश्यक छ ।

समान तहको नोकरीमा भन्दा बढी तलब सुविधा प्रदान गर्ने,सबै सङ्कायका व्यक्तिहरूबाट शिक्षक छनौट गर्ने, विषयगत विषयवस्तुमा आधारित मौलिक प्रश्न निर्माण गरी शिक्षक छनौट परीक्षा सञ्चालन गर्ने,सिफारिस भएका शिक्षकहरूलाई पदस्थापना गरी बहुआयामिक एक वर्षे सघन तालिम सञ्चालन गर्ने, तालिमका विविध पक्षहरूलाई सुदृढीकरण गर्ने र तालिमपछि परीक्षासमेत सञ्चालन गर्ने आदि कार्यहरूको प्रभावकारी कार्यान्वयनबाट मात्र एक्काईसौं शताब्दीका लागि आवश्यक जनशक्ति उत्पादन गर्ने शिक्षक उत्पादन गर्न सकिन्छ ।

यस जोरायल गाउँपालिकामा हाल बालविकास कक्षाका लागि ६९,आधारभूत तह कक्षा १-५ मा १६२,आधारभूत तह कक्षा ६-८ मा ३८,माध्यमिक तह कक्षा ९-१० मा २५ र माध्यमिक तह कक्षा ११-१२ मा १२ गरी जम्मा ३०६ जना शिक्षकहरु स्थायी, करार र राहत दरबन्दीमा कार्यरत रहेका छन् ।

### ३.६.२ शिक्षक आपूर्ति

शिक्षा नियमावली २०५९ को नियम ९२ अनुसार विद्यालयमा रहने शिक्षक दरबन्दीको व्यवस्था अनुसूची १२ मा गरीएको छ । तथापी नियमावलीको व्यवस्था अनुसार यस गाउँपालिकामा शिक्षक दरबन्दी अभाव भएकाले आन्तरिक स्रोतबाट शिक्षक नियुक्त गरी शिक्षकको परिपूर्ति गर्नु परिराखेको बाध्यात्मक अवस्था छ । उपर्युक्त अवस्थाहरुको विश्लेषण गर्दा निम्नलिखित चुनौतिहरु पहिचान गरीएका छन ।

१. शिक्षण पेसालाई आकर्षक बनाउनु ।
२. सक्षम शिक्षक आपुर्तिका लागि शिक्षा विषय अध्यापन गर्ने संस्थाहरुमा विद्यार्थी भर्ना र शिक्षण सिकाइ तथा मुल्याङ्कन प्रक्रिया सुधार गरी व्यवस्थित गराउनु ।
३. पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धी हासिल गर्नु,गराउनु तथा शिक्षण क्रियाकलापमा विविधता ल्याउनु ।
४. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको कार्य सम्पादन मुल्याङ्कनसँग आबद्ध गर्ने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु ।
५. विषयगत दरबन्दी मिलान गर्नु र आवश्यक दरबन्दीको पूर्ति गर्नु ।
६. विद्यार्थी संख्या कम भएका विद्यालयहरुलाई तह घटाउनु तथा अर्को विद्यालयमा समायोजन गर्नु ।

#### ३.६.२.१ उद्देश्य

१. तहगत र विषयगत योग्य शिक्षकको सुनिश्चितता गर्नु ।
२. शिक्षकहरुको प्रविधिमैत्री पेशागत क्षमता विकास र विस्तार गर्नु ।
३. शिक्षक पेशामा नव प्रवेशी जनशक्तिलाई पेशागत दक्षता विकासका अवसर प्रदान गर्नु ।
४. शिक्षकहरुलाई निरन्तर पेशगत सहयोगका अवसरहरु प्रदान गर्नु ।

#### ३.६.२.२ रणनीति:

१. शिक्षक विद्यार्थी अनुपातको आधारमा र तहगत रुपमा विषयगत शिक्षक दरबन्दी मिलान र पुनर्वितरण गर्ने ।
२. तोकिएको शैक्षिक योग्यता अनुरुपको शिक्षक मात्र नियुक्ति गर्ने
३. स्थानीय स्रोतबाट शिक्षक नियुक्ति गर्नुपर्दा शिक्षक सेवा आयोगको प्रतिक्षा सूचीमा रहेका उमेद्वारहरुलाई पहिलो प्राथमिकता दिने र सो उपलब्ध हुन नसकेमा स्थानीय स्तरको छनौट समितिद्वारा शिक्षक सेवा आयोगले निर्धारण गरेको मापदण्ड अनुसार छनौट परीक्षा लिइ शिक्षक नियुक्त गर्ने ।
४. स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल तयार पार्ने ।
५. विषयगत दक्षता भएका र तालिम प्रशिक्षण अनुभव भएका कार्यरत शिक्षक तथा सेवा निवृत शिक्षकद्वारा पेशागत सहयोग पद्धतिको विकास गर्ने ।
६. शिक्षक पेशगात विकासका लागी विद्यालयस्तरमा शिक्षक सिकाई समुह गठन र परितालन,
७. शिक्षकको उपस्थिति,नियमितता र कार्य सम्पादनमा सुधार गरी नतिजा प्रति जवाफदेही हुने पद्धति विकासका लागि शिक्षक तथा प्रधानाध्यापकको वृति विकासलाई विद्यार्थीको सिकाइसँग आवद्ध गर्ने ।
८. विविधता व्यवस्थापनमा आधारित शिक्षण सिकाइ र विशेष शिक्षा प्रदान गर्न सक्ने शैक्षिक जनशक्ति उत्पादनका लागि क्षमता अभिवृद्धि तालिम तथा कार्यशाला सञ्चालन गर्ने ।

#### ३.६.२.३ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य

(क) उपलब्धि

१. सक्षम र प्रविधिको उपयोग गर्न सक्ने शिक्षकको व्यवस्था भए विद्यार्थीको सिकाइमा सुधार भएको हुनेछ।

## (ख) नतिजा

१. विभिन्न तहका शिक्षकमा प्रवेशका लागि हालको न्यूनतम शैक्षिक योग्यता पुनरावलोकन तथा सुधार हुने।
२. शिक्षण पेशा थप प्रतिस्पर्धी र सम्मानित हुने।
३. पेशागत विकासका प्रावधानहरुको विस्तार र सुदृढीकरण भइ स्थानीय तहमा शिक्षक पेशागत सहयोग प्रणाली मार्फत निरन्तर पेशागत सहयोग प्राप्त हुने
४. शिक्षकहरुको उपस्थिति शिक्षण विधि तथा तौर तरिका र कार्य सम्पादनमा ,सुधार हुने।
५. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण भएको हुने

## (ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य

१. स्थानीय स्तरको शिक्षक नियुक्ति सेवा सुविधा,सम्बन्धी निर्देशिका तयार गरीने छ।
२. विद्यार्थी संख्या र विषयको आधारमा दरबन्दी कायम र पुनर्वितरण गरिने छ।
३. सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीहरुको स्वास्थ्य बिमा गरीने छ।
४. शिक्षा संकायमा अध्ययनरत विद्यार्थीहरुको शिक्षण अभ्यास कार्यक्रमलाई व्यवस्थापन गर्न कार्यशाला संचालन गरिनेछ।
५. प्रत्येक विद्यालयमा पर्याप्त शैक्षणिक सामग्रीको व्यवस्थापन गरीने छ।
६. कक्षा ५ र ८ को प्रमुख विषयको सिकाइ उपलब्धि परिक्षण गरीने छ।
७. विषयगत तथा शिक्षणमा प्रविधिको प्रयोग सम्बन्धी शिक्षण तालिम सञ्चालन गरीने छ।
८. विषय विज्ञ रोष्टरबाट शिक्षकको कक्षावलोकन गरिने छ।
९. राहत तथा स्थानीय स्रोतबाट नियुक्त शिक्षकको का स मु को आधारमा प्रोत्साहनको लागि कार्य विधि तयार गरिने छ।
१०. शिक्षक संख्या र विद्यार्थी संख्या अनुपात तथा विषयगत आवश्यकताको आधारमा दरबन्दी निर्धारण गरीने छ
११. विषय विज्ञ र सेवा निवृत्त शिक्षकको सञ्जाल तयार गरीने छ।

### ३.६.२.४ प्रमुख क्रियाकलाप र लक्ष्यः

**तालिकाः २०**

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | शिक्षक दरवन्दि सहित मिलान तथा पुनर्वितरण | वटा | ८ | १५ | १५ | १५ | २२ | ७५ | ७५ | |
| २ | अस्थायी तथा विद्यालय स्रोतबाट नियुक्त शिक्षकहरूको व्यवस्थापन | वटा | ३२ | ३४ | ३६ | ४० | ४५ | ५० | ५० | |
| ३ | अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरूलाई शिक्षण पेसामा सहभागि गराउन क्षमता अभिवृद्धि | वटा | १० | १० | १० | १० | १० | ५० | ५० | |
| ४ | कमजोर विद्यार्थीका लागि विशेष सहयोगी कक्षा सञ्चालन गर्ने | वटा | ११ | २२ | ३० | ३५ | ४० | १०८ | १०८ | |
| ५ | उपचारात्मक शिक्षण पद्धति लागु गर्ने | वटा | १० | १० | १० | १० | १० | ५० | ५० | |
| ६ | अपाङ्गता भएका बालबालिकाका लागि विशेष व्यवस्था | वटा | ५ | १० | २० | २५ | ३० | ९० | ९० | |
| ७ | पुस्तकालय र पुस्तक कुना | वटा | ११ | २२ | ३३ | ४४ | ५५ | ५५ | ५५ | |
| ८ | सूचना प्रविधि प्रयोगशाला | वटा | ११ | १५ | २० | २५ | ३० | ३० | ३० | |
| ९ | शिक्षक पेसागत सहयोग | वटा | ४० | ३० | ३० | ३० | ३० | १५० | १५० | |
| १० | असल शिक्षण अभ्यासको अवलोकन भ्रमण | वटा | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ११ | सिकाइ आदानप्रदान, क्षमता विकास, प्रविधि हस्तान्तरण र ज्ञानको सञ्जालिकीकरण | वटा | ४ | ५ | ७ | ९ | १० | ३५ | ३५ | |
| १२ | विज्ञ समूहको गठन | वटा | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ | |
| १३ | सहपाठी कक्षा अवलोकन | वटा | ५ | १० | १० | १० | १० | ४५ | ४५ | |
| १४ | छोटो अवधिको शिक्षक तालिम | वटा | २ | २ | २ | २ | २ | १० | १० | |
| १५ | विद्यालय तहमा शिक्षकको पेसागत विकास | वटा | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १६ | प्रधानाध्यापकको व्यवस्था | वटा | १९ | २० | २५ | ३० | ३५ | ५८ | | |

## ३.७. विद्यालय व्यवस्थापन (प्रधानाध्यापक व्यवस्थापनसमेत)

### ३.७.१ संस्थागत क्षमता विकास:

नेपाल सरकारले नेपालको संविधानको धारा ३१ मा व्यवस्था भए अनुसार र संविधानको अनुसूची ५ ,६,७,८ र ९ मा भएको शिक्षा सम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्न संघीय प्रादेशिक र स्थानीय तहमा शैक्षिक प्रणालिको नीतिगत व्यवस्था गरेकोछ। स्थानीय तहमा शिक्षा युवा तथा खेलकुद शाखाले संविधान,ऐन, कानुन बमोजिम शैक्षिक प्रणाली सञ्चालनमा छ । वास्तवमा शैक्षिक संगठन कुशल व्यवस्थापन,समभावन र समावेशिता,भौतिक संरचना,शैक्षिक क्रियाकलापहरु तथा मानवस्रोत व्यवस्थापनमा क्षमतावान एवम् आत्मनिर्भर भएर चल्न सक्ने बनाउनु आजको आवश्यकता हो।

### ३.७.२ वर्तमान अवस्था:

यस गाउँपालिकाको सम्पूर्ण शैक्षिक प्रणालीको दक्षता र प्रभावकारिता अभिवृद्धिका लागि स्थापित विद्यालय, क्यामपस, सामुदायिक सिकाइ केन्द्र, बालक्लबहरु, अनौपचारिक सिकाइ केन्द्र, सार्बजनिक पुस्तकालय तथा अन्य तालिम केन्द्रहरु लगायतका सिकाइ र संगठनात्मक ढाँचामा रहनुपर्ने गरी स्थापना गरिएका सबै निकायहरुमा नीतिगत,कानुनसंगत संस्थागत संयन्त्र तयार पारिएको छ।

शिक्षा क्षेत्रमा कार्यरत शिक्षक तथा सारोकारवालाको क्षमता विकासका लागि यस गाँउपालिकामा कार्यरत जनशक्ति तथा शिक्षकहरुको क्षमता विकासका कार्यहरु गरिदै आएका छन् । संविधानको अनुसूची ८ बमोजिम शिक्षाका कार्यहरु शिक्षा युवा तथा खेलकुद शाखाबाट सञ्चालन हुदै आइरहेका छन्।

### ३.७.३ चुनौती:

१. नेपालको संघीय शासन व्यवस्था अनुसार संविधानमा व्यवस्था भए अनुरुप शासन प्रणाली प्रदेश र स्थानीय तहमासमेत हस्तान्तण भइसकेता पनि केन्द्रीय शासन पद्दतिको अवषेश केहि वाँकि रहेकै कारण अझै पनि स्थानीय तह स्वायत्त हुन नसक्नु
२. स्थानीय तहहरु गुणास्तरभन्दा सङ्ख्यात्मक विकास निर्माणमा रुमलिनु
३. संस्था स्थापनामा होडबाजी देखिएता पनि नियमन पक्ष फितलो हुनु
४. शैक्षिक तत्थ्याङ्क प्रणालिलाई प्रभावकारी रुपमा प्रयोग गर्न प्राविधिक सिप अभाव हुनु
५. तीन तहहरु बिच सह शासन र स्वशासनको अवधारणा अनुरुप कार्य गर्ने पद्दति बसि नसक्नु

### ३.७.३ लक्ष्य:

चुस्त,सक्षम र प्रभावकारी शैक्षिक प्रणालीको विकास गरी विद्यालयहरुको सांगठनिक स्वरुप मजबुत बनाउदै गुणस्तरीय शिक्षा प्रणालिको विकास गर्ने

### ३.७.४ उद्देश्य:

१. कानुन अनुसार शिक्षाका अधिकार र जिम्मेवारीहरुको योजनाबद्ध एवम् प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि आवश्यक संरचनागत विकास निर्माण गर्नु।
२. प्रविधियुक्त शैक्षिक जनशक्ति उत्पादनमा जोड दिनु
३. उपलब्ध जनशक्तिको उचित व्यवस्थापन गरी क्षमता विकास र सोको निरन्तरताका लागि चुस्त संयन्त्रको विकास गर्नु

### ३.७.५ रणनीति र कार्यनीतिहरू:

| क्र .सं. | रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|---|
| १. | आवश्यक नीति नियम तथा कानुन निर्माण गर्नु | १. नेपालको संविधान,स्थानीय स्वयत्त शासन ऐन ,राष्ट्रिय शिक्षा नीति २०७६ ले दिएको अधिकार प्रयोग गरी कार्यान्वयनमुखी कानुनको निर्माण गरिने छ। |
| | | २. कानुन निर्माण तथा कार्यान्वयनको चरणमा विकास साझेदार,नागरिक समाज,राजनीति कर्मी ,पेशाकर्मी लगायत सरोकारवाला सबैलाई सहभागि गरिने छ। |
| २. | शैक्षिक जनशक्ति उत्पादनमा प्राथमिकता | १. गुनासोरहित सेवा, चुस्त प्रशासनिक कार्य र भ्रष्टाचारमुक्त निकाय निर्माणका लागि नियुक्ति, पदन्नोती, सरुवा जस्ता कुरालाई तत्थ्याङ्कमा आधारित बनाइने छ। |
| | | २. शिक्षक तथा कर्मचारीको अभावलाई सम्बोधन गर्न दरवन्दी मिलान तथा समायोजन कार्यलाई निरन्तरता दिइने छ। |
| | | ३. सहपाठी सिकाइ अनुभव आदान प्रदान कार्यक्रम सञ्चालन गरिने छ। |
| | | ४. ईमेल, ईन्टरनेट, अनलाइन अन्तरक्रिया, ई–पुस्तकालय र आई.सि.टि. कक्षाकोठाको व्यवस्था गरिने छ । |
| ३. | शैक्षिक तत्थ्याङ्क तथा | १. शिक्षा क्षेत्रका शैक्षिक तत्थ्याङ्कहरु व्यवस्थित गर्न शैक्षिक सूचना प्रणालीलाई थप व्यवस्थित गरिने |

| | | |
|---|---|---|
| | जनशक्ति व्यवस्थापन | छ। |
| | | २. क्षमतावान तथा मेहेनती विज्ञ समूह गठन गरी स्थानीय संघ संस्थाको क्षमता विकास गरी उत्पादनमुखी योजना बनाइने छ। |
| | | ३. शैक्षिक संस्थामा नेतृत्व विकास गर्न शिक्षा ऐन तथा शिक्षा नियमावली अनुसार प्रधानाध्यापक छनौट कार्यमा निरन्तरता र सेवा सुविधमा बिस्तार गरिने छ। |

### ३.७.६ कार्यक्रम कार्यान्वयन:

| क्र.सं. | कार्यक्रमहरु | कार्यान्वयन |
|---|---|---|
| १ | स्थानीय शिक्षा नीति शिक्षा ऐन तथा कार्यविधी निर्माण | १. गाउँ शिक्षा समिति तथा विभिन्न सरोकारवाला संस्थाहरुसँग छलफल गर्ने |
| | | २. विज्ञ समुह गठन गर्ने र मस्यौदा तयार पार्ने |
| | | ३. विभिन्न विषयगत समिति गठन गरी ऐन कानुन र कार्यविधि तयार पार्ने |
| २ | शैक्षिक जनशक्ति विकास तथा परिचालन | १. शैक्षिक जनशक्तिको क्षमता विकास तथा परिचालनका लागि कार्ययोजना तयार पार्ने |
| | | २. स्थानीय तहबाट विद्यालयमा विषयगत तथा प्राविधिक सहयोग एवं सहजीकरणको प्रणाली विकास गर्ने |
| | | ३. विद्यालय तहमा नियुक्त गरिने सबै तहका शिक्षक कर्मचारी कार्य विधिमा आधारित रही निश्चित विषय विज्ञताको मापदण्ड तयार पार्ने। |
| ३ | शैक्षिक तत्थ्यङ्क व्यवस्थापन र प्रविधियुक्त कक्षाकोठा निर्माण | १. गाउँपालिकामा रहेका औपचारिक, अनौपचारिक, अनियमित, प्राविधिक तालिम प्रदायक संघसंस्था सबैको एकद्वार प्रणालीबाट नियमन गर्न तत्थ्याङ्क संकलन तथा अध्ययन गर्ने। |
| | | २. सामुदायिक तथा संस्थागत विद्यालय र बालविकास केन्द्रहरु शैक्षिक सूचना व्यवस्थापन प्रणाली IEMIS मा आवद्ध गराइ तिनको नियमन पुनःस्थापना तथा तत्थ्याङ्क विश्लेषण गरी भावी रणनीति तयार पार्ने। |
| | | ३. युग सुहाउदो शैक्षिक संगठन तयार पार्न सबै सामुदायिक विद्यालयहरुमा पठन पाठन गर्ने शिक्षकहरुलाई कम्प्यूटर प्रदान गरी कक्षाकोठालाई प्रविधि मैत्री बनाउने |
| | | ४. यस योजना अवधीको मध्यसम्ममा सबै विद्यालयहरुलाई सूचना तथा सञ्चार प्रविधि युक्त बनाइ इन्टरनेटको पहुँचमा पुर्‍याउने। |

### ३.७.७ अपेक्षाहरू:

व्यवस्थापन पक्षमा प्रणालीगत सुधार भइ राष्ट्रिय उपलब्धिस्तर सँग गाउँपालिकाको शैक्षिक अवस्था समान हुनेछ। शैक्षिक संस्थामा हुने गरेका व्यवस्थापकीय खराब अभ्यासहरुको अन्त्ये भएको हुनेछ। गाउँपालिकामा सञ्चालित छोटा तथा लामो अवधिका शैक्षिक जनशक्ति उत्पादक संस्थाहरु निश्चत मापदण्डमा टेकेर सञ्चालन भएका हुनेछन्। सूचाना तथा सञ्चार प्रविधिमा दक्ष जनशक्तिले शैक्षिक संस्थामा सिकाइ सहजीकरण गर्ने छन्। इन्टरनेट जडित विद्यालय, आई सि टि युक्त कक्षाकोठा र दक्ष शिक्षक विद्यार्थीको सहयोगमा शैक्षिक क्षेत्र अब्बल दर्जाको सावित हुनेछ। समग्रमा गाउँपालिकाको शैक्षिक संगठन र संस्थागत सवलीकरणमा उल्लेख्य परिवर्तन आएको हुनेछ।

### ३.७.८ प्रमुख क्रियाकलाप र लक्ष्य:

**तालिका: २१**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालय सुधार योजना तयारी तथा अध्यावधिक | वटा | ५८ | ५८ | ५८ | ५८ | ५८ | ५८ | ५८ | विद्यालयमा |
| २ | शैक्षिक कार्य योजनाको निर्माण | वटा | ५८ | ५८ | ५८ | ५८ | ५८ | ५८ | ५८ | विद्यालयमा |
| ३ | विद्यालयको विकास तथा व्यवस्थापन गुरुयोजना | वटा | १ | | | | १ | | २ | ३ |
| ४ | विद्यालय नक्शाङ्कन | वटा | १० | १२ | ५ | १० | १० | ४७ | ५८ | विद्यालयमा |
| ५ | विद्यालय समायोजन, पुनर्वितरण तथा स्थापना | वटा | १० | ५ | ४ | ३ | २ | २४ | २० | |
| ६ | शिक्षक दरबन्दी मिलान | वटा | १० | ५ | ४ | ३ | २ | २४ | २५ | |
| ७ | प्रधानाध्यापक नियुक्ति | वटा | १९ | १५ | ५ | ५ | १० | ५४ | ५८ | |
| ८ | वार्षिक कार्य सम्पादनको स्वमूल्याङ्कन | वटा | ५ | २ | ३ | २ | ३ | १५ | २० | |
| १० | अभिभावक भेला | वटा | ५८ | ५८ | ५८ | ५८ | ५८ | ५८ | ५८ | विद्यालयमा |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ११ | विद्यालयको लेखा तथा सामाजिक परिक्षण | वटा | ५८ | ५८ | ५८ | ५८ | ५८ | ५८ | ५८ | विद्यालयमा |
| १२ | विपद् व्यवस्थापन योजना निर्माण | वटा | ५ | ३ | २ | ४ | २ | १६ | २० | |
| १३ | विद्यालयका गतिविधिहरू सार्वजनिक | वटा | २ | १ | २ | १ | २ | ८ | १० | |
| १४ | क्षमता विकास र प्रोत्साहनका कार्यक्रम | वटा | १ | १ | १ | १ | १ | ५ | ५ | |

## ३.८. अनौपचारिक शिक्षा: (निरन्तर शिक्षा, खुला सिकाइ, जिवनपर्यन्त सिकाइ र शिक्षा)

### ३.८.१. परिचय

शिक्षाको ज्योति नै सबैभन्दा उज्यालो ज्योति हो। शिक्षा बिना मानिसको भित्री आँखाले देख्न सक्दैन। यसर्थ सबै नेपालीलाइ शिक्षा प्राप्त गर्न सहज तुल्याउन नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेकोछ। औपचारिक शिक्षामा पहुँच नपुगेका बालबालिका तथा प्रौढहरूलाई शिक्षामा पहुँच विस्तार गर्न,जिविकोपार्जनमा सहयोग पुर्याउन र संसारसँग आवद्य गर्न प्रचलनमा ल्याइएका पछिल्ला अवधारणाहरु हुन निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिकशिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा। निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर, सिकाइ अवसरका लागि स्तरवृद्धि, शिक्षासँग सीप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक, निरन्तर, खुला एवम् जीवयपर्यन्त शिक्षाले काम गर्दछ। संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिले अबलम्बन गरेको सिद्धान्त, दिगो विकास लक्ष्य तथा आवधिक योजनाले अपेक्षा गरेको प्रत्येक नागरीकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँगै अनौपचारिक शिक्षा प्रणालीले योगदान गर्दछ। वि.सं. २०८५ बैशाख १ गतेदेखि आधारभूत शिक्षा प्राप्त नगरेको व्यक्ति नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहको कुनै पनि सरकारी सेवामा वा नेपाल सरकार प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व, अनुदान वा नियन्त्रणमा रहेको कुनै पनि पदमा निर्वाचित, नियुक्ति वा मनोनयन हुन वा कुनै रोजगारी प्राप्त गर्न नपाउने व्यवस्था भएसँगै निरन्तर शिक्षा खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षाको भूमिका अझै महत्वपूर्ण रहेको देखिन्छ।

### ३.८.२ वर्तमान अवस्था:

आधारभूत तथा माध्यमिक शिक्षाको जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएसँगै स्थानीय सरकार सञ्चालन ऐन२०७४ ले अनौपचारिक सिकाइको व्यवस्थापन अन्तर्गत संरचना, लगानी, अपनत्व जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकाशित तथ्याङ्क, २०७६ अनुसार हालसम्म राष्ट्रिय युवा साक्षरता १५-२४ वर्ष ९२ प्रतिशत र राष्ट्रिय प्रौढ साक्षरता १५+ वर्षको ५८ प्रतिशत रहेकोछ। हाल जोरायल गाउँपालिकाको ५ वर्षमाथिको साक्षरता दर ९७ प्रतिशत, १५ देखि २४ वर्षको साक्षरता दर ९८ प्रतिशत र १५ वर्ष माथिको साक्षरता दर ९५ प्रतिशत रहेको छ। त्यसैगरी विगतमा निरक्षरहरुलाई साक्षर गराउन उल्लेखनीय भुमिका खेल्ने सामुदायिक सिकाइ केन्द्रको संख्या ५ रहेको छ भने आधारभुत तह पुरा नगरी विद्यालय छोड्ने दर १० प्रतिशत रहेको छ। स्थानीय तहमा रहेको शिक्षा शाखाको कार्य विवरणमा यस सम्बन्धी विषय समावेश भए पनि यस विषयले प्राथमिकता पाएको देखिदैन। यसरी हेर्दा शिक्षा क्षेत्रको एउटा सिङ्गै पाटोको रूपमा रहेको अनौपचारिक शिक्षा तथा आजीवन सिकाइले न व्यक्तिगत रुपमा न त संस्थागत रुपमा र प्रणालीगत रूपमा नै क्षमता विकास गर्ने विषयले महत्व पाएको देखिन्छ। उल्लेखित अवस्थाहरुलाई विश्लेषण गर्दा निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा क्षेत्रमा निम्न चुनौतीहरु पहिचान गरिएका छन।

१. साक्षर व्यक्तिहरुलाई निरन्तर शिक्षाको कार्यक्रम दिन नसक्नु।
२. साक्षरता कार्यक्रममा सहभागी भएका व्यक्तिहरूले सिकेका ज्ञान र सीपलाई रोजगारसँग जोड्न नसकिनु।
३. अनौपचारिक शिक्षा र जीवनपर्यन्त शिक्षा सञ्चालन गर्ने संस्था र संयन्त्रको प्रयाप्त विकास र व्यवस्थापन हुन नसक्नु।
४. साक्षर भएकाहरू सीपको प्रयोग र अभ्यास नहुँदा पुन: निरक्षर हुनु परेको।
५. शैक्षिक सत्र पुरा नगरी बिचैमा छोड्ने र नियमित नहुने बालबालिकाको संख्या समेत बढि रहेको।
६. महिला,पछाडि परेका वर्गलाई लक्षित गरी जीवनोपयोगी सीप, लघुऋण, अनुदान र रोजगारीको अवसर दिने जस्ता कार्यक्रमलाई एकीकृत रूपमा सञ्चालन नगरिएको।

### ३.६.३ उद्देशयहरू:

यस योजनाले निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षासम्बन्धी निम्न लिखित विशिष्ट उद्येश्यहरु राखेको छः

१. शिक्षाको औपचारिक प्राप्तिवाट बन्चित निरक्षर व्यक्तिहरूलाई साक्षर बनाउनु।
२. सामुदायिक सिकाइ केन्द्रको क्षमता अभिवृद्धि गरी केन्द्रलाई विद्यालय तहको शिक्षा प्रभावकारी बनाउने सहयोगी संस्थाको रुपमा विकास गर्नु।
३. सामुदायिक सिकाइ केन्द्रलाई शैक्षिक सूचना केन्द्रको रूपमा विकास गर्नु।
४. निरन्तर शिक्षा, जीवनपर्यन्त शिक्षा, खुलाशिक्षा, आयमूलक तथा सीपमूलक जस्ता कार्यक्रम सञ्चालन गरी व्यक्तिका दैनिक जीवनसँग सम्बन्धित आवश्यकता हरुको परिपूर्ति गर्नमा सहयोग गर्नु।

५. विभिन्न कारणले विद्यालय बाहिर रहेका र बिचैमा विद्यालय छोड्ने बालबालिकाहरुलाई वैकल्पिकक शिक्षामार्फत सिकाइ गरी साधारण विद्यालयको औपचारिक पढाइमा सहभागी गराउनु ।

### ३.८.४ रणनीति तथा कार्यनीति:

| क्र.सं. | रणनीति | कार्य नीति |
|---|---|---|
| १ | निरक्षर व्यक्तिहरूलाई साक्षर हुने अवसर प्रदान गर्ने। | १. निरक्षरको तत्थ्याङ्क सङ्कलन गरी साक्षरता अभियान चलाउने |
| २ | गाउँपालिकाले प्रचलित ऐन कानूनमा आधारित भएर सामुदायिक सिकाइ केन्द्र सञ्चालन सम्बन्धी निर्देशिका तयार गर्ने। | १. गाउँ शिक्षा समितिबाट एक कार्यदल बनाइ कार्य योजना निर्माण गर्ने |
| ३ | सिकाइ केन्द्रको पदाधिकारीलाई सार्वजनिक सिकाइ केन्द्र सञ्चालन गर्नका लागि क्षमता अभिवृद्धि गर्ने | १. सिकाइ केन्द्रका पदाधिकारीलाइ क्षमता विकास तालिम उपलब्ध गराउने |
| ४ | प्रत्येक वडामा सामुदायिक सिकाइ केन्द्रको स्थापना गर्ने। | १. आर्थीक व्यवस्थापन गरी सिकाइ केन्द्र निर्माण गर्ने |
| ५ | अनौपचारिक शिक्षा र जिवनपर्यन्त शिक्षा सञ्चालन गर्ने संघसंस्थाबीच समन्वय समूह बनाइ परिचालन गर्ने। | १. संघ संस्थाहरुले गाउँपालिकामा दर्ता भइ एकद्वार प्रणालीवाट काम गर्ने |
| ६ | निरन्तर, जीवनपर्यन्त र खुला शिक्षाको कार्यक्रम आयोजना गर्ने | १. विभिन्न विद्यालयमा खुला शिक्षाको समेत व्यवस्था गर्ने |
| ७ | स्थानीय परिवेश र आवश्यकता अनुसार आय आर्जनको कार्यक्रम सञ्चालन गर्ने | १. सीपमूलक निर्वाहमूखी तालिमको व्यवस्था र अवसर सृजाना गर्ने |
| ८ | सीप सिकेकाहरुलाई काम गर्न आर्थिक स्रोत जुटाउने कार्यक्रम सञ्चालन गर्ने | १. बिना धितो सीप परीक्षण गरेको प्रमाण हेरी ऋणको प्रवाह गर्ने |
| ९ | सबैलाई कक्षा८ सम्मको आधारभूत शिक्षाको अवसर प्रदानगर्ने | १. घरदैलो ,भर्ना अभियान.अविभावक भेटघाट मार्फत सवैलाइ विद्यालयिय शिक्षामा सहभागिगराउने |
| १० | विचमा विद्यालय छोड्ने दरमा न्यूनीकरण गर्ने | १. कारण खोजी समाधानको उपाए गर्ने |
| ११ | महिला तथा पिछडिएका लक्षित समूहका प्रौढ हरूलाई जिवनपयोगी सीपको विकास गरी सिकाइमा निरन्तर सहयोग पुरयाउने | १.परम्परागत पेशा व्यवसायलाइ प्रोत्साहन गरी उत्पादित सेवा वा वस्तुको बजार व्यवस्थापन गर्ने |

### ३.८.५ कार्यक्रम र कार्यान्वयन:

| क्र.सं. | कार्यक्रम | कार्यान्वयन |
|---|---|---|
| १ | आवश्यकताको पहिचान गर्ने गरी लघु कक्षा सञ्चालन | १. वडा शिक्षा समितिलाइ लघुकक्षा सञ्चालन र व्यवस्थापन गर्न अधिकार दिइने |
| २ | परीक्षा दिएर बसेका विद्यार्थीहरूलाई स्वयंसेवकको रुपमा परिचालन | १. शिक्षासास्त्र संकाय पढेका प्रविणता प्रमाण पत्र तह,स्नातक तह र स्नातकोत्तर गरेका बेरोजगार विद्यार्थीलाइ निर्वाह खर्च सहित विद्यालयमा स्वयंसेवकको रुपमा परिचालन गर्ने |
| ३ | सामुदायिक अध्ययनकेन्द्र सञ्चालन सम्बन्धी निर्देशिका लेखन, पारित | १. समिति गठन र लेखनको जिम्मा दिने<br>१. छलफल गरी पारित र कार्यान्वयनमा लैजाने |
| ४ | सिकाइ केन्द्रका पदाधिकारीहरुलाई तालिमको व्यवस्था | १. गाउँपालिकाले क्षमता अभिबृद्धिकालागि तालिमको आयोजना गर्ने |
| ५ | सिकाइ भ्रमणकोआयोजना | १. कम्तिमा पनि वर्षको एक पटक अनौपचारिक शिक्षा , खुला र दूर शिक्षा.अनियमित शिक्षा, निरन्तर शिक्षा लागु भएका स्थानीय तहहरुमा भ्रमणको आयोजना गाउँपालिकाले गर्ने |
| ६ | सामुदायिक केन्द्र स्थापना | १. गाउँ तथा वडा समितिलाइ जिम्मा दिने |
| ७ | स्थानीय स्रोतबाट बजेटको व्यवस्था गरी कार्यालयको स्थापना | १. अनौपचारिक शिक्षा, खुला र दुर शिक्षा.अनियमित शिक्षा, निरन्तर शिक्षा शाखा शिक्षा युवा तथा खेलकुद शाखा मातहतमा रहनेगरी स्थापना गर्ने |

### ३.८.६ अपेक्षित उपलब्धी:

१. १५ वर्षभन्दा माथिको साक्षरता १०० प्रतिशत पुगेको हुनेछ ।
२. ५ वर्षभन्दा माथिको साक्षरता १०० प्रतिशत पुगेको हुनेछ ।
३. १५ देखि २४ वर्षको साक्षरता १०० प्रतिशत पुगेको हुनेछ ।
४. विद्यार्थीहरुको बीचमा विद्यालय छोड्ने दर ५ प्रतिशत पुगेको हुनेछ ।
५. आवश्यकता अनुसार सामुदायिक सिकाइ केन्द्रको विस्तार भएको हुनेछ ।
६. सबै नागरिकहरुलाई साक्षरता,निरन्त शिक्षा खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त शिक्षा र सिकाइकोअवसर प्राप्त भएको हुनेछ
७. सामुदायिक सिकाइ केन्द्रको संस्थागत संयन्त्र एवम् सञ्चालन मापदण्ड तयार भइ एकीकृत सेवा प्रवाह गर्ने आजीवन सिकाइ केन्द्रको रूपमा विकास भएको हुनेछ ।
८. निरन्तर, खुला, अनौपचारिक जीवनपर्यन्त शिक्षा र सिकाइबाट सबै सक्षम र साक्षर भएका हुनेछन ।
९. विद्यालयमा नियमित उपस्थित भइ शिक्षा निरन्तर प्राप्त गर्न नसक्ने तथा बढी उमेर भएका व्यक्तिका लागि वैकल्पिक सिकाइको प्रबन्ध भएको हुनेछ ।

### ३.८.७ प्रमुख क्रियाकलाप र लक्ष्य:

तालिका: २२

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | निरक्षरहरूको तथ्याङ्क संकलन तथा खण्डिकृत डाटावेस तयारी | पटक | १ | १ | २ | १ | १ | ४ | ६ | |
| २ | साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन | कक्षा | ४ | ४ | ४ | ४ | ४ | २० | १० | |
| ३ | सामुदायिक सिकाइ केन्द्र सञ्चालन | ओटा | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | सञ्चालित सासिके |
| ४ | सामुदायिक सिकाइ केन्द्रलाई सामुदायिक पुस्तकालयका रूपमा सञ्चालन | ओटा | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | सञ्चालित सासिके |
| ५ | सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण | ओटा | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | सञ्चालित सासिके |
| ६ | सरकारी तथा गैर सरकारी निकायसँग साझेदारी र सहकार्य | ओटा | २ | २ | १ | २ | २ | ९ | ४ | |
| १२ | पूर्णसाक्षर पालिका घोषणा | ओटा | १ | | | | | १ | | |

## ३.९ गुणस्तरीय सार्वजनिक शिक्षा

### ३.९.१ परिचय

संविधान प्रदत्त मौलिक हक अन्तरगत पर्ने शिक्षा गुणस्तरीय हुनुपर्दछ । गुणस्तरीय शिक्षाले मात्र समाजको परिवर्तन सम्भव हुन्छ । शिक्षाको मूल अभिप्राय नै समाज परिवर्तन र सामाजिक जीवनशैलीमा परिवर्तन ल्याउनु हो । सबै सामुदायिक तथा संस्थागत विद्यालयमा गुणस्तरीय शिक्षा प्रदान गर्न पाठ्यक्रममै व्यापक परिवर्तन र सुधार गर्दै लैजानु अनिवार्य छ । सम्पूर्ण बालबालिकाहरुलाई समावेशी र समानतामा आधारित गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने राज्यको दायित्व हो । गुणस्तरीय शिक्षा बालबालिकाको लैङ्गिक, जातीय, सामाजिक आर्थिक स्थिति वा भौगोलिक स्थानको प्रवाह नगरी उसको सर्वाङ्गीण विकास शारीरिक, मानसिक, सामाजिक, भावानात्मक र संज्ञानात्मक विकासमा केन्द्रित हुन्छ । गुणस्तरीय शिक्षा अर्थपूर्ण, सान्दर्भिक साथै विद्यार्थी र समाजको आवश्यकतामा आधारित हुन्छ । गुणस्तरीय शिक्षाका मापदण्डको सम्बन्धमा समान अवधारणा पाइदैन । गुणस्तरीय शिक्षाको बुदाँगत मापदण्डहरूमा समानता नभए पनि राज्यले तय गरेको शिक्षा नीति, शिक्षाको व्यक्तिगत, सामाजिक र राष्ट्रिय उद्देश्य प्राप्तिका लागि निर्माण गरिएका पाठ्यक्रम, पाठ्यपुस्तक, विद्यालयको भौतिक सुविधा पठन पाठनको वातावरण एवं मूल्याङ्कन जस्ता पक्षहरूले गुणस्तरीय शिक्षामा महत्वपूर्ण भूमिका खेल्ने कुरामा दुईमत छैन । यसका साथै विषयगत शिक्षकको योग्यता, शिक्षण सीप पेशा प्रतिको जवाफदेहिता र शैक्षिक व्यवस्थापन गुणस्तरीय शिक्षामा प्रभाव पार्ने माध्यम हुन् । UNICEF ले पाँचवटा तत्त्वहरूको आधारमा गुणस्तरीय शिक्षालाई परिभाषित गरेको छ जसमा विद्यार्थीको बाह्य अनुभव, सिकाइ गर्ने वातावरण, शैक्षिक विषयवस्तु, सिकाइ प्रकिया र शैक्षिक परिणाम पर्दछन ।

### ३.९.२ वर्तमान अवस्था

गुणस्तरीय शिक्षा आजको आवश्यकता भन्ने नारालाई मध्यनजर गर्दै सन् २०१५ मा संयुक्त राष्ट्र संघले सन् २०३० सम्ममा हासिल गर्ने गरी निर्धारण गरेको दिगो विकास लक्ष्य फलस्वरूप नेपाल सरकारले दिगो विकास लक्ष्य ४ को नेपाल राष्ट्रिय कार्यढाँचा निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । त्यसैगरी विद्यालय क्षेत्र विकास योजना (SSDP) (२०७३ ०७४/२०७९/०८०) (सबैका लागि शिक्षा) (EFA 2004-2009), माध्यमिक शिक्षा सहयोग कार्यक्रम) (SESP 2003-2008), शिक्षक शिक्षण परियोजना (TEP 2002-2007) र विद्यालय क्षेत्र

सुधार योजना ) (SSRP 2009-2016) मार्फत सबैलाई गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्ने सरकारले गरेको प्रयत्नहरूलाई निरन्तरता प्रदान गर्ने लक्ष्य लिएको छ। शैक्षिक गुणस्तर भन्ने कुरा नाप्न पनि कठिन छ । सामान्य तया विद्यार्थीले विभिन्न परीक्षामा प्राप्त गर्ने सफलता तथा अङ्कलाई गुणस्तर भन्ने गरिन्छ तर शिक्षाको गुणस्तरलाई परीक्षामा प्राप्त गरेको अंकमा सिमित गर्न सकिदैन । विद्यालयहरुको नियमित अनुगमन गर्नको लागि जनशक्तिको अभाव छ । निश्चित तह पुरा गरेपछि विद्यार्थीहरुमा जुन व्यवहार देखिनुपर्छ त्यो देखिएको पाईदैन । उल्लेखित अवस्थाहरुलाई विश्लेषण गर्दा निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा क्षेत्रमा निम्न चुनौतिहरु पहिचान गरिएका छन।

१. पाठ्यक्रमले तोकेका सक्षमताहरु विद्यार्थीहरुमा नपाइनु,
२. विद्यार्थीहरुमा नैतिकता तथा व्यावहारिक ज्ञानको अभाव हुनु,
३. व्यवहारको सकारात्मक परिवर्तन हुनेगरी गुणस्तरीय शिक्षण सिकाइ हुन नसक्नु,
४. शिक्षकहरु परिवर्तित पाठ्यक्रम तथा नविनतम् शिक्षण प्रविधीसँग परिचित र प्रयोग योग्य हुन नसक्नु,
५. कामको मूल्याङ्कन गरि शिक्षकलाई पुरुष्कार र दण्डको व्यवस्था हुन नसक्नु,

### ३.६.३ उद्देश्य:

१. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु,
२. विद्यालयको वातावरण भय, विभेद र दुर्व्यवहारमुक्त तथा विविधता अनुकूल बनाइ बालबालिकालाई बालमैत्री वातावरणमा सिकाइ क्रियाकलापमा सहभागी हुनसक्ने गरी भौतिक तथा शैक्षिक वातावरण सुधार गर्नु,
३. ज्ञान र सीपको विकास, शिक्षाका सिद्धान्त र पद्धतिमा आएका परिवर्तनको विषयमा शिक्षकहरुलाई अद्यावधिक गराउनु,
४. शिक्षण सिकाइ प्रकृया बालकेन्द्रित, सहभागितामूलक साथै कृयाकलापमुखी र प्रभावकारी बनाउनु,
५. विद्यार्थीहरूको मूल्याङ्कन गर्ने परिपाटीलाई स्तरीय र सामयिक बनाउनु,
६. शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन गरी बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास गर्ने,
७. गुणस्तरीय शिक्षाको मापदण्ड निर्धारण गर्नु,

### ३.६.४ रणनीति र कार्यनीतिहरू

| क्र.सं. | रणनीतिहरु | कार्यनीति |
|---|---|---|
| १ | विद्यालय उमेरका बालबालिकालाई माध्यामिक तहसम्ममा गुणस्तरीय शिक्षामा पहुँचको सुनिश्चित गर्ने | १. स्थानीय तहबाट साधन स्रोतको प्रचुर उपयोग गरी दक्ष शिक्षक र प्रविधियुक्त बिधिको प्रयोग गरि गुणस्तर सुधार योजना बनाइ कार्यान्वयन गर्ने |
| २ | विद्यालयका सम्पूर्ण गतिविधिहरुमा समावेशी सहभागितालाई प्रोत्साहन गर्ने | १. विद्यालय व्यवस्थापन समिति ,बालक्लब, जुनियर रेडक्रस जस्ता संगठनहरुमा सहभागिता सुनिश्चत गर्ने । |
| ३ | विद्यालयलाई बालमैत्री छात्रामैत्री, अपाङ्गमैत्री, सुरक्षित हिंसारहित एवं भयरहित सिकाइ केन्द्रको रूपमा विकास गर्ने | १. स्थानीय तहभित्र पर्ने सबै विद्यालयहरुका नयाँ तथा पुराना संरचनाहरुलाई बालमैत्री बनाउदै लैजाने । |
| ४ | स्तरीय मापदण्डका आधारमा विद्यालय तथा शिक्षण संस्थाको भौतिक पूर्वाधार र सिकाइ वातावरण निर्माण गरी विपद उत्थानशिल बनाउने | १. विपद जोखिम न्यूनीकरण गर्न भौतिक संरचना निर्माण कार्य पूर्व प्राविधिक सिफारिस अनुसार मात्र गर्न प्रोत्साहान गर्ने |
| ५ | स्थानिय परिवेश अनुकूल र आवश्यकतामा आधारित स्थानीय पाठ्यक्रम निर्माण गर्ने | १. स्थानीय सरोकारवालासँगको व्यापक छलफलपछि आवश्यता निर्धारण गरी पाठ्क्रम निर्धारण गर्ने |

### ३.६.५ अपेक्षित उपलब्धि

१. सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता भएको हुनेछ।
२. विद्यार्थी केन्द्रित शिक्षण क्रियाकलापको अभ्यास र नवीन शिक्षण विधिहरूको प्रयोग भएको हुनेछ।
३. विद्यार्थी सकारात्मक व्यवहार र नैतिक चरित्रको विकास भएको हुनेछ।
४. गुणस्तरीय शिक्षाको मापदण्ड निर्धारण भै लागु भएको हुनेछ।
५. विद्यालय तहको शिक्षामा सबै बालबालिकाको समतामुलक पहुँच हुनेछ।
६. शिक्षण सिकाइ क्रियाकलाप स्वस्थ्य, सुरक्षित, आधारभूत सुविधा सम्पन्न, सौहार्दपूर्ण वातावरणमा सञ्चालन हुनेछ।
७. स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयन भएको हुनेछ।
८. विद्यार्थीहरूमा पढाइप्रति रुचि, उत्सुकता र स्वयम् अग्रसर हुने वातावरणको सृजना हुनेछ।
९. विद्यालय तथा शिक्षण संस्थासँग सरोकार राख्ने सम्पूर्ण पक्ष आफ्नो काम, कर्तव्य र भूमिका प्रतिउत्तरदायी हुनेछ।

१०. विद्यार्थीको मुल्याङ्कन प्रणाली स्तरीकरण भएको हुनेछ।

### ३.९.६ प्रमुख क्रियाकलाप र लक्ष्य:

तालिका: २३

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | शैक्षिक वातावरण सुदृढीकरण | ओटा | ५ | ५ | ५ | ५ | ५ | २५ | १५ | |
| २ | क्षमता विकास कार्यक्रम | जना | १० | १० | १० | १० | १० | ५० | ५० | |
| ३ | शिक्षक दरबन्दी व्यवस्थापन | ओटा | ५ | २ | ३ | २ | ५ | १७ | १० | विद्यालयमा |
| ४ | अतिरिक्त क्रियाकलाप सञ्चालन | ओटा | १० | १० | १० | २० | ३० | ५८ | ५८ | विद्यालयमा |
| ५ | शिक्षक पेसागत सहयोग | ओटा | १५ | १५ | १५ | १५ | १५ | ५८ | ५८ | विद्यालयमा |
| ६ | प्रशंसा तथा प्रोत्साहन कार्यक्रम | जना | २ | ५ | ३ | २ | ५ | १७ | १० | शिक्षक |
| ७ | सरोकारवालबीच निरन्तर अन्तरक्रिया | ओटा | २० | २५ | ३० | २० | २० | ५८ | ५८ | विद्यालयमा |
| १० | कार्यसम्पादन परीक्षण | जना | ५ | ५ | ५ | ५ | ५ | २५ | २० | शिक्षक |
| ११ | आवधिक समीक्षा तथा प्रतिवेदन | ओटा | २ | २ | २ | २ | २ | १० | २० | विद्यालयमा |

## ३.१० समावेशी शिक्षा(आर्थीक तथा सामाजिक रूपमा पछाडि परिएका वर्गको पहुँच)

### ३.१०.१ परिचय

मौलिक परम्परा र सामाजिक विविधता भएको देश नेपाल भाषिक अल्पसंख्यकदेखि लोपोन्मुख जातिले बसोबास गर्ने बेग्लै चिनारी भएको देश पनि हो। जोरायल गाउँपालिका पनि यसै देशको एउटा स्थानीय तह भएकाले यहाँ पनि विविधता रहनु कुनै नौलो कुरा होइन। व्यक्तिले आर्थिक,सामाजिक र सांस्कृतिक रूपमा कमजोर भएकै कारण शिक्षा प्राप्त गर्ने अवसरबाट वञ्चितीकरणमा पर्नु वा पारिनु संविधान विपरित हो। यस स्थानीय तहमा पनि केहि विद्यार्थीहरुले बिचैमा पढाइ छोडेको पाइन्छ। सबैको शिक्षामा पहुँच पुर्याउन नेपालको संविधान,शिक्षा ऐन तथा नियमावलीमा समेत व्यवस्था गरिएको छ। विगतमा कार्यान्वयन भएका सबैका लागि शिक्षा,आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम,सहश्राब्दि विकास लक्ष्य,विद्यालय क्षेत्र सुधार योजना,विद्यालय क्षेत्र विकास योजना,दिगो विकास लक्ष्य लगायतका विभिन्न शैक्षिक योजना तथा कार्यक्रमहरुले समेत समावेशी शिक्षालाई समावेश गरेका छन। विभिन्न समयमा यस सम्बन्धी नीतिगत एवं संस्थागत प्रयास भएका छन। यस गाउँपालिका अन्तर्गत आर्थिक तथा सामाजिक रुपले पछाडि परेका वर्गको शिक्षामा पहुँच पुर्याउनको लागि यो गाउँ शिक्षा योजनाले केहि नीतिगत प्रावधानहरु राखेको छ।

### ३.१०.२ वर्तमान अवस्था:

आधारभूत तथा माध्यमिक शिक्षा स्थानीय तहको अधिकार सूचीमा आइसकेपछि आर्थिक रुपमा पछाडि परेको वर्गको शिक्षामा पहुँच पुर्याउन र समावेशी शिक्षालाई कार्यान्वयन गर्नु अब स्थानीय तहको प्रमुख जिम्मेवारी बनेको छ। हाल जोरायल गाउँपालिका अन्तर्गत सुस्तश्रवण भएका विद्यार्थीहरुको अध्ययनका लागि आवासीय व्यवस्थासहितको शिक्षण सिकाइ क्रियाकलापहरु सञ्चालन गर्ने एक विद्यालय रहेको छ। हाल जोरायल गाउँपालिकामा ५ देखि १२ वर्षका जम्मा बालबालिकाहरुको ७.५० र ५ देखि ९ वर्ष सम्म १.७ प्रतिशत विद्यार्थी विद्यालय बाहिर रहेका छन। उल्लिखित अवस्थालाई विश्लेषण गर्दा आर्थिक तथा सामाजिक रुपले पछाडि परेका वर्गको पहुँच शिक्षामा अझै पुग्न सकेको छैन्। यस गाउँपालिकामा रहेका समावेशी शिक्षा क्षेत्रका चुनौतीहरु निम्नानुसार पहिचान गरिएका छन्।

१. एक वडा एक आवासिय विद्यालय सञ्चालन र व्यवस्थापन
२. विद्यालय बाहिर रहेका सबै बालबालिकाहरुलाई विद्यालयमा भर्ना गराउन
३. फरक क्षमता भएका बालबालिकालाइ बिशेष शिक्षा रहित समाहित शिक्षामा सहभागि गराउन
४. शिक्षामा समावेशीता सुनिश्चितता गर्न
५. विशेष बालबालिकाहरुका लागि पाठ्य सामग्रीयुक्त पुस्तकालय निर्माण गर्न

### ३.१०.३ उद्देश्य:

१. माध्यमिक तहसम्मको शिक्षामा सबैको पहुँच सुनिश्चित गर्नु
२. विद्यालय बाहिर रहेका सबै बालबालिकाहरुलाई विद्यालयमा भर्ना गराउनु
३. शिक्षामा सबैको समावेशीता सुनिश्चितता गर्नु
४. फरक क्षमता भएका बालबालिकाहरुलाई फरक हैन सँगसँगै पठनपाठन गर्ने समाहित शिक्षाको व्यवस्थापन गर्नु

### ३.१०.४ रणनीति र कार्यनीतिहरू:

| क्र.सं | रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|---|
| १ | आर्थिक तथा सामाजिकरूपले पछाडि परेका वर्गको शिक्षामा पहुँच सुनिश्चित गर्न छात्रवृति लगायत थप आर्थिक सहुलियत प्रदान गर्ने | १. गाउँपालिकामा विभिन्न छात्रवृत्ति कोषको स्थापना गरी माध्यमिक तहसम्मका आर्थिक रुपले विपन्न विद्यार्थीहरुको पहिचान गरी छात्रवृत्ति वितरण गर्ने |
| २ | आर्थिक रूपमा कमजोर बालबालिकाका अभिभावकहरूलाई आय आर्जनका लागि सीप विकास तालिम प्रदान गरी स्वरोजगार बनाउनुका साथै उनीहरूलाई स्थानीय रोजगारी उपलब्ध गराउने | १. गाउँपालिकाबाट बिनियोजन गरिने बजेटमा लक्षित समूह अन्तर्गत आर्थीकरुपले पिछडिएका बालबालिकाहरुका अविभावकहरुलाई राखी सीपमूलक तालिम प्रदान गर्ने र व्यवसाय गर्न आर्थिक सहयोग गर्ने |
| ३ | सुविधासम्पन्न आवासीय विद्यालय विकास गर्ने र समावेशिताको रणनीति अनुसार सबै वर्ग क्षेत्र र जाति धर्मका बालबालिकाको सहभागिता सुनिश्चत गरराउने | १. विद्यालय उमेरका सबै बालबालिकालाई विद्यालयमा भर्ना गराउन विभिन्न समयमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने र जातिगत ,क्षेत्रगत,भाषागत,धर्मगत बिभेद नगरी आवासिय सेवा दिने |
| ४ | विशेष शिक्षा सञ्चालनका लागि आवश्यक पूर्वाधार र जनशक्तिको विकास गर्ने | १. विद्यालयका विविध कार्यक्रमहरुमा छात्रछात्राहरुको बराबर सहभागिता गराउने साथै फरक क्षमता भएका बालबालिकाहरुलाई बिशेष कक्षा तथा समाहित कक्षा सञ्चालन गर्ने |
| | | २. बिशेष तथा समाहित कक्षा सञ्चालनका लागि तालिमप्राप्त शिक्षकको व्यवस्था गर्ने |

### ३.१०.५ अपेक्षित उपलब्धि:

१. विद्यालय बाहिर रहेका सबै बालबालिकाहरु विद्यालयमा भर्ना भएका हुनेछन ।
२. माध्यमिक शिक्षासम्म समावेशिताको आधारमा छात्रवृत्ति वितरण भएको हुनेछ ।
३. आर्थिक रुपमा कमजोर बालबालिकाका अभिभावकहरु स्थानीय रोजगारीमा सहभागि भै आय स्तर बढेको हुनेछ ।
४. गाउँपालिका अन्तर्गत रहेका छात्रावासहरुको उपयुक्त व्यवस्थापन भएको हुनेछ ।
५. विद्यालयमा विद्यार्थी भर्नादर उल्लेख्य रुपमा बढेको हुनेछ र फरक क्षमता भएका बालबालिकाहरुसमेत कक्षामा सम्मानपूर्वक पठनपाठन कार्यमा सहभागी भएका हुनेछन ।
६. बालबालिकाहरु जातजाति,धर्म संस्कृति, लिङ्गको आधारमा आवासिय विद्यालयमा कुनै भेदभाव नराखी भर्ना भएका हुनेछन ।

### ३.१०.६ प्रमुख क्रियाकलाप र लक्ष्य:

तालिका: २४

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | बालबालिकाहरूको अवस्था पहिचान | जना | ५ | ५ | ५ | ५ | ५ | २५ | २० | |
| २ | विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई विद्यालय भित्र ल्याउन जनसहभागिता | जना | २५ | ३० | ३५ | ४० | २० | १५० | १०० | |
| ४ | छात्रवृत्ति | जना | ५ | ५ | ५ | ५ | ५ | २५ | २० | |
| ५ | अपाङ्गता र लैङ्गिकमैत्री शैक्षिक पूर्वाधार | ओटा | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | प्रोत्साहन कार्यक्रम | जना | ५ | ५ | ५ | ५ | ५ | २५ | २० | |
| ७ | सिकाइ सामग्री व्यवस्था | ओटा | ३ | २ | ३ | २ | ३ | १३ | १० | विद्यालयमा |
| १० | पाठ्यक्रमको स्थानीयकरण | ओटा | २ | २ | २ | २ | २ | १० | २० | विद्यालयमा |

## ३ .११ शिक्षामा सुचना प्रविधि

### ३.११.१ परिचय:

कुनै पनि तथ्य वा सूचना कुनै माध्ययमबाट प्रापक सम्म पुर्याउने उपायलाई सूचना सञ्चार भनिन्छ । प्रविधि भन्नाले ध्वनी,तस्विर, अक्षर तथ्याङ्कको रुपमा सूचनाहरुलाई विद्युतिय यन्त्रहरु कम्प्यूटर तथा दूरसञ्चारको प्रविधिको प्रयोग गरी भण्डारण,सम्पादन सम्प्रेषण संग्रह र प्रवाहलाई चिनिन्छ । आजको युग सूचना प्रविधिको युग हो । सूचना प्रविधिले शिक्षण र सिकाइका नयाँ विधि र मान्यतालाई अभूतपूर्व रुपमा

अघि बढाएको छ। शिक्षाका पाठ्यक्रम निर्माणदेखि त्यसको कार्यान्वयन र मूल्याङ्कनका सम्पूर्ण अवधिमा सूचना तथा प्रविधिको महत्वपूर्ण भूमिका हुन्छ। यसले सूचनाको पहुँचमा वृद्धि गर्छ। शिक्षक तथा विद्यार्थीले शैक्षिक आवश्यकताका लागि छापिएका पुस्तकहरुमा मात्र भर पर्नुपर्ने आवश्यकताको अन्त्य भएको छ। उनीहरु आफ्नो आवश्यकताको पूर्तिका लागि इन्टरनेट तथा वेभसाइटहरुको उपयोग गर्न सक्ने भएका छन। सयौं व्यक्तिहरुले एकै पटक कुनै पनि समय कुनै ठाउँबाट कुनै पनि सामग्रीलाई हसिल गर्न सक्छन। अब सिकाइलाई अनलाइन पाठ्यवस्तुको माध्यमबाट चौबिसै घण्टा हेर्न सकिन्छ। सूचना तथा सञ्चार प्रविधिमा आधारित सिकाइले विद्यार्थीहरु एकै ठाउँमा भेला हुनुपर्ने अवस्थाको अन्त्य भएको छ। भौगोलिक,सामाजिक,सांस्कृतिक तथा पूर्वाधारहरुको अभावका कारण औपचारिक तवरबाट शिक्षा दिन नसकिने अवस्था अव रहेन। यसका लागि रेडियो,टेलिभिजन, भर्चुअल विद्यालय, भर्चुअल विश्वविद्यालयको माध्यमबाट शिक्षा हासिल गर्न सकिन्छ। शैक्षिक विकासका लागि सूचना तथा सञ्चार प्रविधिको महत्वपूर्ण भुमिका रहने गरी यस योजनामा समावेश गरिएको छ।

### ३.११.२ वर्तमान अवस्थाः

नेपाल सरकारले स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति-२०७६ र विज्ञान तथा प्रविधि नीति-२०७६ ले समेत शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी नीतिहरु उल्लेख गरेको छ। सूचना प्रविधिको तिब्र विकासले नेपालजस्ता अल्पविकसित मुलुकहरुलाई शिक्षा,स्वस्थ्य,कृषि,पर्यटन तथा व्यापार लगायतका आर्थिक तथा सामाजिक क्षेत्रको दिगो विकास गर्न सुअवसरहरु प्रदान गरेको छ। यस प्रविधिको व्यापक प्रयोगबाट कानूनको शासन,भ्रष्टाचारमुक्त र चुस्त प्रशासन,विकेन्द्रिकरण,आर्थिक अनुशासन तथा सार्वजनिक सेवा प्रवाह र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात गरी सर्वसाधारणले पाउनुपर्ने सेवा छिटो,छरितो,तथा कम खर्चिलो ढंगबाट प्रदान गर्न सकिन्छ। यस अर्थमा सूचना प्रविधि नेपालको भौगोलिक विषमताबाट सिर्जित विकासका चुनौतीको सामना गर्न एउटा सशक्त पूर्वाधारको रुपमासमेत स्थापित हुन सक्ने देखिन्छ। जोरायल गाउँपालिकाका अधिकांश माध्यमिक विद्यालयहरुमा सूचना तथा प्रविधि प्रयोगशालाको स्थापना भएको छ। सम्पूर्ण सामुदायिक माध्यामिक विद्यालयहरुमा ईन्टरनेट सुविधाको विस्तार गरिएको छ। सबै माध्यामिक तथा आधारभूत (६-८) का विद्यालयहरुमा कम्प्यूटर तथा प्रिन्टरको व्यवस्था गरिएको छ। नमूना विद्यालयले स्मार्ट बोर्डको व्यवस्थापन समेत गरेको छ। विद्यालयहरुका विभिन्न कक्षाहरुमा कम्प्यूटर विषयको शिक्षण गरिएको पाइन्छ। शिक्षा तथा सूचना र सञ्चार प्रविधि बिच गहिरो सम्बन्ध छ। शिक्षामा प्रविधिको प्रयोगलाई अर्थपूर्ण रुपमा हेर्न थालिएको छ। कक्षा कोठामा प्रविधिको प्रयोगका कारण हाम्रो परम्परागत पठनपाठनको सिद्धान्तलाई विस्थापित गरी नयाँ अवधारणाको सुरुवात भएको पाइन्छ। द्रुतगतिमा विकास हुँदै गएको प्रविधिले थुप्रै अवसर र चुनौतीहरु ल्याएको छ। हाल शिक्षा क्षेत्रमा पनि विद्यालयका प्रशासनिक काम,नतिजा निर्माण कार्य,पावर प्वाइन्ट निर्माण गरी प्रोजेक्टरको माध्ययमबाट अध्यापन गर्ने शैक्षिक कार्य सामान्य रुपमा प्रयोग आएको पाइन्छ। केन्द्रीय शैक्षिक तथ्याङ्कमा जोड्नको लागि हाल एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) को विकास गरीएको छ र त्यसको पूर्णतया उपयोग हुन नसकि रहेको अवस्था छ। उल्लिखित अवस्थाहरुलाई विश्लेषण गर्दा शिक्षामा सूचना प्रविधि क्षेत्रमा निम्न चुनौतिहरु पहिचान गरिएका छनः

१. सूचना तथा सञ्चार प्रविधि सम्बन्धी आधारभुत संरचना जस्तै विद्युत,ईन्टरनेट कनेक्टिभिटी आदिको विस्तार तथा सबै विद्यालयमा स्थापना
२. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि डाटा सेन्टर,डिजिटल ल्याब,डिजिटल पुस्तकालय सहितको एकीकृत प्रणालीको विकास
३. सूचना तथा सञ्चार प्रविधि सम्बन्धी उपकरणको व्यवस्था त्यसको सञ्चालन र प्रयोगका लागि दक्ष जनशक्तिको विकास
४. सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट समता अभिवृद्धि
५. अन्तरक्रियात्मक डिजिटल सामग्रीको पर्याप्त विकास र पहुँच
६. विभिन्न किसिमका अपाङ्गताको लागि प्रयोग हुने गरी सामग्री विकास र प्रयोग
७. सबै प्रयोगकर्तालाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली र लेखा प्रणालीको विकास
८. विभिन्न तहका ईन्टरनेट प्रदायक संस्थाहरुसँग समन्वय र सहकार्य

### ३.११.३ उद्देश्यः

१. ग्रामीण क्षेत्रमा रहेका सामुदायिक विद्यालयहरूमा सूचनातथा सञ्चार प्रविधिको पहुँच बृद्धि गर्नु ।
२. विश्वव्यापी रुपमा उपलब्ध शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटमार्फत विद्यालय एवम् विद्यार्थीहरूको पहुँचमा विस्तार गर्नु ।
३. अध्ययन एवम् शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि गर्नु ।
४. गाउँपालिका स्तरको शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी,कार्यकुशल, पारदर्शी र समतामूलक बनाउनु।

### ३.११.४ रणनीति तथा कार्यनीतिहरूः

| क्र.सं | रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|---|
| १ | ICT को पूर्वाधारको रुपमा रहेको विद्युत,कम्प्यूटर इन्टरनेट प्रत्येक विद्यालयमा जडान गर्ने | १. शिक्षा युव तथा खेलकुद शाखामार्फत कार्यक्रम तयार पारी गाउँपालिकाले बजेट बिनियोजन गरि कार्यान्वयन गर्ने |

| | | |
|---|---|---|
| २ | कम्प्युटर,ई–पुस्तकालय तथा ICT ल्याव स्थापना गर्ने | १. कम्प्युटर,ई–पुस्तकालय तथा ICT ल्याव स्थापनाका लागि गाउँपलिकाले आर्थिक सहयोग गर्ने |
| ३ | विद्यालयमा कार्यरत जनशक्तिलाई ICT तथा Smart Board को प्रयोग सम्बन्धी आधारभूत तालिमको व्यवस्था गर्ने | १. नयाँ नियुक्त गरिने शिक्षकको अनिवार्य कम्प्यूटर सम्बन्धि ज्ञान भएको योग्यता तोक्ने<br>२. कम्तिमा पनि एक विद्यालयको एक जना शिक्षकलाइ तालिम प्रदान गर्ने |
| ४ | विद्यालयहरुलाई केन्द्रीय शैक्षिक व्यवस्थापन सूचना प्रणालीको बढिभन्दा बढि प्रयोग गर्न प्रोत्साहित गर्ने | १. सबै विद्यालयका प्रशासनिक काम गर्ने कर्मचारी तथा प्रधानाध्यापकहरुलाई तालिम दिइ दक्ष बनाउने |

### ३.११.५ अपेक्षित उपलब्धिः

१. विभिन्न आधारभुत तथा माध्यमिक विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला स्थापना भइ विद्यालयको प्रशासनिक,शैक्षिक र व्यवस्थापकीय क्षेत्रमा प्रयोग गरिएको हुनेछ ।
२. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भै सबैको पहुँच पुगेको हुनेछ ।
३. विभिन्न कक्षा तथा विषयका शिक्षकहरुको शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी क्षमता विकास भएको हुनेछ ।
४. सबै माध्यमिक विद्यालयहरुले अनिवार्य रुपमा सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना र सञ्चार प्रविधिको प्रयोग गरेका हुनेछन् ।
५. सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन भएको हुनेछ ।
६. सूचनामा आधारित एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीको अधिकतम प्रयोग भएको हुनेछ ।
७. सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा प्रविधिको प्रयोगको विस्तार भएको हुनेछ ।

### ३.११.६ प्रमुख क्रियाकलाप र लक्ष्यः

**तालिकाः २५**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालयमा ICT संरचना विस्तार | ओटा | २ | २ | ३ | २ | २ | ११ | १० | |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | ओटा | ५ | ५ | ५ | ५ | ५ | २५ | ३८ | |
| ३ | शिक्षकहरूको ICT मा क्षमता विकास | जना | ५ | १५ | १५ | १५ | २० | ७० | ५० | |
| ५ | IEMIS व्यवस्थापन | ओटा | ५८ | ५८ | ५८ | ५८ | ५८ | ५८ | ५८ | विद्यालयमा |
| ६ | सामुदायिक अध्ययन केन्द्रहरूको क्षमता विकास | ओटा | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | सा.अ.केन्द्रम |

## ३.१२ शिक्षमा आर्थीक अवस्था कम्जोर हुने वर्गको पहुँचः

### ३.१२.१ परिचय

आर्थिक रुपमा विकासशिल राष्ट्रमा स्तरोन्ति हुन खोजि रहेको हाम्रो देशमा १८.७ प्रतिशत जनता न्युन गरिबिको रेखामुनि रहेको तत्थ्याङ्क गरिबी रणनीति-२०७६ मा देखाइएको छ । भूपरिवेष्टित देश भएकोले वाहिरी संसारसँग प्रत्यक्ष जोडिन नसकेता पनि बढ्दो भूमण्डलीकरण.आर्थिक उदारीकरण, सूचना प्रविधिले विकासका सबै पक्ष,सम्भावना र अवसरहरुसँग नेपाललाइ जोडेको छ । वर्तमान समयमा आर्थिक अवस्था कमजोर भएकै कारण विभिन्न बालबालिकाहरु विद्यालयमा भर्ना हुन नसकेको,भर्ना भए पनि बिचैमा विद्यालय छाड्नुपर्ने अवस्था आएको छ । शिक्षा ऐन २०२८ ले समेत दृष्टिविहिन,वहिरा,सुस्त श्रवणयुक्त अटिज्म एवम् शारीरिक र मानसिक रुपमा फरक क्षमता भएका बालबालिकालाई दिइने शिक्षालाई विशेष शिक्षा भनी परिभाषित गरेको छ । साथै सामाजिक आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षालाई पनि सङ्केत गरेको छ । सबैको विद्यालय शिक्षामा पहुँचको लागि शिक्षामा कमजोर वर्गको पहुँच पुर्याउने कुरालाई यस योजनाले मध्यनजर गर्ने प्रयास गरेको छ ।

### ३.१२.२. वर्तमान अवस्थाः

स्थानीय तहले आफ्नो अधिकार सूची बमोजिम आर्थिक रुपमा कमजोर रहेको वर्गलाईसमेत शिक्षाको मूल धारमा पहुँच पुर्याउनुपर्ने देखिन्छ । हाल जोरायल गाउँपालिकाले सामुदायिक विद्यालयको आधारभूत तहसम्मको शिक्षा पूर्णरुपमा निःशुल्क गरिसकेको र शिक्षा ऐन-२०२८ को अधिनमा रही माध्यमिक शिक्षा समेत निःशुल्क गर्ने प्रक्रियामा रहेको छ । विद्यालयहरुले समेत आर्थिक रुपमा कमजोर विद्यार्थीहरुलाई कक्षा १२ सम्म नै निःशुल्क शिक्षाको व्यवस्था गरेको पाइन्छ । परिवारको आर्थिक अवस्था कमजोर भएकै कारण विद्यार्थीहरुले बिचैमा विद्यालय छोड्ने दर कम भएको पाइदैन । उल्लिखित अवस्थाहरुलाई विश्लेषण गर्दा शिक्षामा कमजोर वर्गको पहुँच क्षेत्रमा निम्न चुनौतीहरु पहिचान गरिएका छनः

१. सामुदायिक विद्यालयहरुमा माध्यमिक शिक्षा पूर्ण रुपमा निःशुल्क गर्न
२. कमजोर वर्गका विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था गर्न

३. आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरुको अभिभावकहरुको आर्थिक स्तर माथि उकास्न सबैको माध्यमिक शिक्षामा पहुँच पुर्याउन

### ३.१२.३. उद्देश्य:

१. माध्यमिक तहसम्मको शिक्षामा सबैको पहुँच सुनिश्चित गर्नु
२. सामुदायिक विद्यालयमा माध्यमिक तहसम्मको शिक्षा पूर्ण रुपमा निःशुल्क गर्नु
३. आर्थिक तथा सामाजिक रुपमा अवस्था कमजोर भएका विद्यार्थीका अभिभावकहरुको आर्थिक स्तर माथि उकास्नु

### ३.१२.४. रणनीति तथा कार्यनीति:

| क्र.सं. | रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|---|
| १ | १. शिक्षामा कमजोर वर्गको पहिचान गरी माध्यमिक तहसम्म अध्ययन गर्न प्रोत्साहन गर्ने | १. माध्यमिक तहसम्म पठनपाठनको जिम्मा गाउँपालिकाले लिने र आर्थिक अवस्था कमजोर भएकै कारण पढाइ छोड्न नपर्ने कुराको कार्यविधी बनाएर पालिकाले समाधान गर्ने |
| २ | २. संघ तथा प्रदेश सरकारसँग आवश्य समन्वय गरी सामुदायिक विद्यालयमा माध्यमिक तहसम्मको शिक्षा पूर्ण रुपमा निःशुल्क गर्ने | १. निजिस्तरबाट शिक्षकलाइ तलब भत्ता खुवाउन नपर्ने गरि आर्थिक व्यवस्थापन गरी कुनै पनि शुल्क लिन नपाउने गरी विद्यालयलाई सक्षम बनाउने |
| ३ | ३. कमजोर वर्गको शिक्षामा पहुँच सुनिश्चित गर्न छात्रवृति लगायत थप आर्थिक सहुलियत प्रदान गर्ने | १. गाउँपालिकामा एक छात्रवृति कोषको व्यवस्था गरी आर्थिक रुपले पछाडि परेका सवै बालबालिकालाई छात्रवृति प्रदान गर्ने |
| ४ | ४. आर्थिक तथा सामाजिक रूपमा कमजोर बालबालिकाका अभिभावकहरूलाई आयआर्जनका लागि सीप विकास तालिम प्रदान गरी स्वरोजगार बनाउनुका साथै उनीहरूलाई स्थानीय रोजगारी उपलब्ध गराउने | १. सीपमूलक तथा आधुनिक प्रविधीयुक्त व्यवसायमा आवद्ध हुन गरिव बालबालिकाका अभिभावकहरुलाई क्षमता विकासमा सहयोग र परम्परागत सीपलाइ आधुनिकीकरण गर्न आर्थीक सहयोग गर्ने |

### ३.१२.५. अपेक्षित उपलब्धी:

१. सामुदायिक विद्यालयमा माध्यमिक तहसम्मको साधारण र प्राविधिक शिक्षासमेत निःशुल्क भएको हुनेछ।
२. आर्थिक तथा सामाजिक रुपमा कमजोर विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था भएको हुनेछ।
३. माध्यमिक तहमा सबै वर्गका बालबालिकाको पहुँच पुगेको हुनेछ।
४. आर्थिक तथा सामाजिक रूपमा कमजोर बालबालिकाका अभिभावकहरूले आयआर्जन सम्बन्धी सीप विकास तालिम प्राप्त गरेर व्यवसायरत भएका हुनेछन्।
५. विद्यालयमा विद्यार्थी भर्नादर उल्लेख्य रुपमा बढेको हुनेछ।
६. व्यावसायिक तथा प्राविधिक शिक्षामासमेत आर्थिक अवस्था कमजोर भाएका विद्यार्थीको समेत पहुँच पुगेको हुनेछ।

### ३.१२.६. प्रमुख क्रियाकलाप र लक्ष्य:

तालिका: २६

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | बालबालिकाहरूको अवस्था पहिचान | जना | २ | ५ | ५ | ५ | ५ | २२ | १० | |
| २ | वैयक्तिक आवश्यकता अनुसारका शैक्षिक कार्यक्रम | जना | २ | ५ | ५ | ५ | ५ | २२ | १५ | |
| ३ | छात्रवृत्ति | जना | २ | २ | २ | २ | २ | १० | १० | |
| ४ | सिकाइ सामग्री व्यवस्था | जना | ३ | ३ | ३ | ३ | ३ | १५ | २० | |
| ५ | क्षमता विकास | जना | १० | १० | १० | १० | १० | ५० | ५० | |
| ६ | सूचना तथा सञ्चार प्रविधिको प्रयोग | ओटा | २ | ३ | ४ | ५ | ५ | १९ | १५ | विद्यालयमा |

## ३.१३ आपतकालीन तथा संकटपुर्ण अवस्थामा शिक्षा:

### ३.१३.१ परिचय

सन् २००८ मा कोशी बाढीले पूर्वका सुनसरी र सप्तरी जिल्लाका ४० हजार मानिसहरु विस्थापित र पीडित गरी एक स्तरको आपतकालको अवस्था सृजना गरेको थियो। त्यसले १ देखि १८ वर्षका करिब १६ हजार केटाकेटीहरुको शिक्षा प्रभावित गर्यो। करिब डेढ दर्जन विद्यालयहरु हराए। दर्जनौ शिक्षकहरु विस्थापित भए। त्यसको व्यवस्थापन गर्न करिब एक दर्जन सरकारी, गैरसरकारी (राष्ट्रिय तथा

अन्तर्राष्ट्रिय), निजी विद्यालय, शिक्षक संगठन तथा युएन तथा तिनका साझेदार संस्थाहरु संलग्न भए । पिडित केटाकेटीहरुको लागि राहतको रुपमा सयौं बाल विकास केन्द, दर्जनौ अस्थायी सिकाइ केन्द्र, विभिन्न प्रकारका विद्यालय शैक्षिक सामग्री प्याकेज, विद्यार्थीको लागि विद्यालय ड्रेस तथा मसलन्द सामग्रीको प्याकेज, ट्यूटोरियल कक्षा, तालिम कार्यक्रम आदि सञ्चालन गर्नु पर्यो । करिब तीन दर्जन अस्थायी कक्षाहरुको पुनःनिर्माण तथा मर्मत पनि भयो । नेपाल जस्तो देशको लागि यो सानो समस्या थिएन ।

नेपालको भू–अवस्थिती तथा भू–बनोट यस्तो किसिमको छ कि यहाँ कुनै पनि बेला भूकम्प जानसक्छ । जलवायु परिवर्तनले भूमण्डलिय तापक्रम वृद्धि गर्दा मौसम, बेमौसम अल्प तथा अति वृष्टिले गर्दा बाढीको समस्या पनि बढदै गएको छ । नेपालका पहाडहरु पनि नयाँ भएकाले ठूला पहिरोहरु गएर मानविय क्षतिमा बृद्धि हुँदैछ । प्रत्येक वर्ष तापक्रममा बृद्धि भएर खडेरी, महामारी र भूखमरीको समस्या पनि बढदै गैरहेको छ । बेलाबेलामा पश्चिम नेपालमा फैलिएको महामारी यसको उदाहरण हो । प्रकृतिले मात्र होइन डेढ दशक भन्दा बढी समय देखि राजनीतिक अस्थिरताले पनि मानव निर्मित आपत निमत्याएको छ । त्यसैगरी नेपाल कुनै पनि बेला कुनै पनि प्राकृतिको प्रकोप सृजना हुनसक्छ र आपतकालिन अवस्था सृजना हुनसक्छ भन्ने अनुमान विशेषगरी केही वर्ष देखि गरिएकै हो । न भन्दै नयाँ वर्ष २०७२ सालको वैशाख १२ गते शनिवार दिउसो करिब १२ बजे ३० जिल्लाहरुलाई प्रभावित गर्दै ७.६ रेक्टरको विनाशकारी भूकम्प गयो । ती मध्ये १५ जिल्ला अतिप्रभावित भयो । अहिले सम्मको जानकारीअनुसार यी जिल्लामा व्यापक धनजनको क्षतिको साथै भूक्मपले ७२७ विद्यालयहरु पूर्ण क्षति, १४२० विद्यालयहरुको आंशिक क्षति गरेको थियो । त्यसैगरी १०८८५ कक्षा पूर्ण रुपमा भत्केका छन् भने ३११३ कक्षामा आंशिक क्षति पुगेको थियो भने १०८ विद्यार्थी र २१ शिक्षकको मृत्यु भएको थियो । त्यसैगरी हाल विश्वव्यापी महामारीका रुपमा फैलिएको COVID-19 बाट विश्व नै आक्रान्त भइरहेको अवस्थामा नेपाल पनि नराम्ररी प्रभावित भएको छ । COVID-19 को महामारीले संसारभरी झण्डै १.५ बिलियन तथा नेपालमा ८० लाख बालबालिकाहरुको सिकाई प्रकृया लामो समयसम्म अबरुद्ध रहि हाल आयर आंशिक रुपमा सुचारु भैरहेका छन ।

पहिले कुनै पनि आपतकालिन अवस्थामा वा प्राकृतिक विपदा आउँदा संसारभरि नै उद्दार कार्यहरुको मुख्य प्राथमिकता गाँस, बास र कपास हुने गरेको कुरा सर्वविदित नै छ । केही वर्ष देखि शिक्षालाई मानव तथा बाल अधिकारको रुपमा स्विकार गरिसकेपछि गाँस, बास र कपास संगसंगै विपदमा शिक्षा मानविय सहयोगको एउटा महत्वपूर्ण पक्षको रुपमा स्थापित भैसके पनि आपत्कालीन अवस्थामा शिक्षाको आवश्यक्ता वा यसको सम्बेदनशिल भूमिकाको सम्बन्धमा अझै पनि शिक्षाकर्मी तथा जनमानसमा दुविधा कायमै छ । आपत्कालीन अवस्थामा शिक्षाले एउटा पिडित व्यक्ति वा परिवारलाई के नै दिन सक्छ र ? के यो उचित विकल्प हो र ? भन्ने प्रश्नहरु धैरैको मनमा उठने गर्छ । आजको परिवेश र परिस्थिती धैरै फरक भैसकेको र विगतमा आपत्कालीन अवस्थामा जहाँ जहाँ शिक्षालाई एउटा महत्वपूर्ण विकल्पको रुपमा प्रस्तुत गरियो र यसले जुन भूमिका खेल्यो त्यसबाट यो गाँस, बास र कपास भन्दा कम प्रभावकारी छैन भन्ने कुरा प्रमाणित पनि भयो ।

आपत्कालीन अवस्थाको प्रभाव तुल्नात्मक रुपमा कम भएपछि पिडितहरुले केटाकेटीको शिक्षाको व्यवस्था गर्न माग गरेका धैरै उदाहरणहरु छन् । आपत्कालीन अवस्थामा शिक्षाले जुन भूमिका निर्वाह गर्छ त्यसलाई उद्धार कार्यको रुपमा हेरिनु हुन्न । त्यो त राष्ट्र पुनःनिर्माण गर्ने कार्य हुन्छ । आपत्कालीन अवस्थामा केटाकेटीहरु सिकाइमा संलग्न भए प्रौढहरुलाई त्यसबेलाको जीवनलाई सामान्य बनाउने दिशामा सोच्न तथा त्यसमा काम गर्न मौका प्राप्त हुन्छ । अब आपत्कालीन अवस्थाको लागि शिक्षा एउटा महत्वपूर्ण र अनिवार्य कार्यक्रमको रुपमा प्रतिस्थापित भैसकेको छ । त्यसकारण शिक्षाको यो नयाँ जिम्मेवारीलाई यो विपतको अवस्थामा सुनिश्चित गर्न जरुरी भैसक्यो । आपत्कालीन शिक्षा के हो ? यो आपत्कालबाट प्रभावित बालबालिका, युवा तथा प्रौढहरुको शारिरीक सुरक्षा, संज्ञान, मनोविज्ञान, र विकाससम्बन्धी आवश्यकता पूरा गर्ने सक्ने गुणात्मक शैक्षिक अवसरको प्रावधान हो, जुन जीवन निर्वाह गराउने र जीवन बचाउने दुबै हुन सक्छ । आपतकालीन शिक्षा शिक्षा बालबालिकाको मौलिक अधिकार हो । त्यसकारण आपत्कालीन अवस्थामा पनि उनीहरुले पढन पाउने अवस्था सृजना गर्नु पर्छ । आपत्कालीन शिक्षाले मनोवैज्ञानिक सहजता सिर्जना गर्न र सामाजिक समायोजनलाई सघाउँछ । उनीहरुको वृद्धि र विकासमा पनि सघाउँछ । बालबालिकाको संज्ञानात्मक र भावात्मक विकासको निरन्तरतामा शिक्षाको महत्वपूर्ण स्थान रहन्छ । तीनै प्रकारको आपत्कालीन अवस्थामा बालबालिकालाई शिक्षा प्राप्त गर्न निरन्तरता दिने, संरक्षित र शोषणबाट सुरक्षित हुने अवसर प्राप्त हुनु पर्छ । आपत्कालको बेला समुदायले पनि शिक्षा (औपचारिक, अनौपचारिक र अरितिक्त) लाई प्राथमिकता दिन्छ । सुरक्षित सिकाइ स्थलमा (बाल विकास केन्द्र, सामुदायिक सिकाइ केन्द्र) हुने सुरक्षित क्रियाकलापले गर्दा शिक्षा विभिन्न उमेर समूहको जीवन रक्षा गर्ने र जीवन धान्ने माध्यम बन्छ । केही समय देखि विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्था र सरकारले आपत्कालमा राहत कार्यको पहिलो प्राथमिकताको रुपमा शिक्षालाई स्थापित गर्ने दिशामा विश्व स्तरमा काम गरेका छन् । विश्वव्यापी धोषणा तथा महासंधीहरुले पनि यो शिक्षालाई महत्व दिएका छन् ।

शिक्षाले आपत्कालीन अवस्थामा भोग्नु परेको शारीरिक तथा मानसिक तनाव, स्वास्थ्य सम्बन्धी समस्या, रोग, महामारी आदिबाट बच्न तथा आपत्कालीन अवस्थामा गरिएको व्यवस्था सम्बन्धी प्रमुख जीवनरक्षक जानकारीहरु उपलब्ध गराएर तनावपूर्ण अवस्थालाई सरल बनाउन मद्दत गर्छ । आपत्कालीन अवस्थामा शिक्षाको स्वरुपमा पनि फरक हुन्छ । सामान्य समयको औपचारिक शिक्षा आपत्कालीन अवस्थामा अनौपचारिक हुन पुग्छ र अनौपचारिक शिक्षाको महत्व र स्थानले प्राथमिकता पाउँछ । शिक्षा तत्कालिन अवस्थामा जानकारी तथा चेतना अभिवृद्धि गराउने, अनुभव आदन प्रदान गराउने, सूचना संपे्रषण, प्रचारप्रसार गराउने सशक्त माध्यमको रुपमा देखा पर्छ । साथै यसले भौतिक संरचना, स्थायित्व र भविष्य प्रति आश पनि जागृत गराउँछ । प्राकृतिक विपदको बेला समुदायमा विद्यालय मात्र एउटा त्यस्तो सुरक्षित ठाउँ हुन्छ जहाँ प्रभावित असंख्य मानिसहरुले स्थान र संरक्षण प्राप्त गर्दछन् । विपदको बेला मानिसहरु विद्यालयमा गएर शरण लिएको कुरा हामीले सुनेका र देखेका छौं तर यसलाई तुरुन्तै सिकाइ केन्द्रको रुप नै दिनुपर्छ ।

शैक्षिक गतिविधिका अभावमा आपत्कालीन अवस्था गम्भिर र तनावपूर्ण भएको धेरै अनुभवहरु छन् त्यसकारण आज भोलि पिडित परिवारहरुले अरु व्यवस्था नभए पनि शिक्षा कार्यक्रम सञ्चालन पहिलो प्राथमिकतामा पार्छन् । शैक्षिक गतिविधि सञ्चालनले गर्दा केटाकेटीहरु यताउता जान पाउँदैनन् र भेदभाव, अपहेलना झगडा, हानी, दुरव्यवहार, र हिंसाबाट सुरक्षित पनि रहन्छन् । आपत्कालीन अवस्थामा महिला, पुरुष बालबालिका युवा सबै वर्ग र जातका मानिसहरु प्रभावित हुन्छन् । सबैलाई मिल्ने शिक्षा कार्यक्रमहरुको आवश्यक्ता पर्छ । समय मिलाएर सबै समूहहरुलाई कुनै न कुनै शिक्षा कार्यक्रममा संलग्न गराउनु पर्छ । आपत्कालीन अवस्थामा शिक्षाका दुवै फाँट (अनौपचारिक र औपचारिक) लाई प्रवेश कार्यको रुपमा सञ्चालन गरी अन्य कार्यक्रमलाई, विशेष गरी स्वास्थ्य, चेतनाकरण तथा कल्याणकारी कार्यहरुलाई एकिकृत गरी लैजानु पर्छ ।

अन्य सामान्य समय भन्दा आपतकालिन अवस्थाको शिक्षाको विषयवस्तु, विधि र सामग्रीहरु अलि फरक हुन्छन् । यसले एउटा छुट्टै किसिमको जानकारी गराउँछ र पिडितहरु महत्वपूर्ण कुराहरु सिक्छन् । पिडितहरुले जीवनोपयोगी सीप अन्तरगत रोग, सम्भाव्य दुर्घटना आदिको बारेमा जान्न सक्छन् । क्याम्पहरुमा पठन पाठन सञ्चालन गर्दा केटाकेटी, तिनको परिवार र समुदायहरुको लागि त्यो एउटा सामाजिक तथा पारिवारिक वातावरण जस्तो हुन पुग्छ र त्यसले आपत्कालीन अवस्थाले सृजना गरेको तनाव, मनोवैज्ञानिक असर आदिहरु कम गर्न मद्दत पुग्छ । शिक्षा क्याम्पको व्यवस्था आपतकालमा संलग्न सबै पक्षहरु संग मिलेर एउटा सुरक्षित र खुला ठाउँमा गर्नु पर्छ जहाँ सबै कुराको (खानेपानी, चर्पी आदि) व्यवस्था गर्न सकियोस् ।

नेपालको राष्ट्रिय आपतकालीन शिक्षा योजना सन् २००८ देखि शिक्षा सम्बन्धी राष्ट्रिय आकस्मिक योजना बन्ने परम्पराको शुरुवात भयो । यस अनुसार नेपाल रेडक्रसले २४ घण्टा भित्र आकस्मिक प्रकोपको प्रारम्भिक तीव्र आँकलन र सर्वेक्षण कार्य सञ्चालन गर्नेछ । ७२ घण्टा भित्रमा तीव्र प्राविधिक मूल्याङ्कन संचालन गर्न बहुपक्षीय प्रारम्भिक तीव्र मूल्याङ्कन दल परिचालन हुनेछ । यो मूल्याङ्कनको मुख्य विषयवस्तु शिक्षा (औपचारिक, अनौपचारिक तथा अरितिक) हुनेछ । अरु विस्तृत शैक्षिक मूल्याङ्कन आवश्यक परेमा शिक्षा विशेषज्ञ समूह परिचालन गरिनेछ । आपतकालको समयमा तलका शैक्षिक गतिविधि संचालन गरिनेछः

### ३.१३.२. वर्तमान अवस्था:
### नीतिगत तथा कार्यक्रमगत व्यवस्था

१. नेपालको संवैधानिक व्यवस्था (आधारभुत, माध्यमिक तथा उच्च शिक्षाको व्यवस्था),
२. अनिवार्य तथा नि: शुल्क शिक्षा ऐन २०७५ तथा अनिवार्य तथा नि: शुल्क शिक्षा नियमावली २०७७ का प्रावधानहरू (छात्रवृत्ति, दिवाखाजा, सुविधाविहिनहरूका लागि विशेष सहयोग, मातृभाषा शिक्षासहित कुनैपनि अवस्थामा बालबालिकाले शिक्षा पाउने अधिकार)
३. भयरहित शिक्षण सिकाइ निर्देशिका २०६७ (बालबालिकालाई शारीरिक तथा मानसिक सजाय र उत्पीडन, यौन दुराचारबाट मुक्त सिकाइ व्यवस्था भएको)
४. विद्यालय शान्तिक्षेत्र राष्ट्रिय कार्यढाँचा र कार्यान्वयन निर्देशिका २०६८ (विद्यालयमा सशस्त्र गतिविधि, हिंसा, राजनैतिक प्रभाव, भेदभाव, शोषण तथा दुर्व्यवहारबाट मुक्त राखी शिक्षण सिकाइलाई निरन्तरता दिने व्यवस्था भएको)
५. बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप २०६७ (विद्यालयको प्रभावकारिता, समावेशीकरण, लैंगिक समता, स्वास्थ्य, सुरक्षा र बचावट, विद्यालय व्यवस्थापन आदिले विपद्कालीन शिक्षाको आधार तयार गरेको)
६. विद्यालय शिक्षाका लागि एकीकृत समता रणनीति २०७१
७. वृहत विद्यालय सुरक्षा न्यूनतम प्याकेज २०१८ (सिकाइ पूर्वाधार विपद् जोखिम व्यवस्थापन, विद्यालय विपद् जोखिमको सुदृढीकरण तथा समुदायको सहभागिता, विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलताको लागि शिक्षाका न्यूनतम मापदण्डमा आधारित कार्यान्वयन)
८. वृहत विद्यालय सुरक्षा गुरुयोजना २०१७ तथा वृहत विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि २०१८ (विद्यालयको न्यूनतम सुरक्षाका उपायहरूसम्बन्धि क्रियाकलापहरू, शिक्षक र विद्यार्थीहरूलाई मृत्यु र घाइते हुनबाट बचाउने, विपद्पछि विद्यालयलाई निरन्तरता दिन सक्ने वातावरण तयार गर्ने, शिक्षाका माध्यमबाट विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलता विकास गर्ने)
९. दिगो विकास लक्ष्य, पन्ध्रौं योजना, विद्यालय क्षेत्र विकास योजना, राष्ट्रिय शिक्षा नीति २०७६ ले सुरक्षित विद्यालय, विपद् जोखिमको न्यूनीकरण तथा व्यवस्थापन, समुदायबीच उत्थानशीलता शिक्षा, विपद्को समयमा विद्यालय शिक्षाको निरन्तरतालाई जोड दिएको

### प्रमुख राष्ट्रिय तथा स्थानिय विपत्ति र सम्बोधनको अवस्था:
### राष्ट्रिय तथा स्थानीय विपत्ति

१. २०७२ को विनासकारी भूकम्पबाट प्रभावित विद्यालय तथा बालबालिकाको संख्या र व्यवस्थापनको लागि अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा स्थानीय तहबाट गरिएका कार्यक्रमहरूको विवरण र तिनीहरूको प्रभावकारिता

२. स्थानीय तहमा आइपरेका विपत्ति जस्तै आगलागी, बाढी, पहिरो तथा अन्य विपत्तिहरूबाट प्रभावित विद्यालय तथा बालबालिकाको संख्या र व्यवस्थापनको लागि अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा स्थानीय तहबाट गरिएका कार्यक्रमहरूको विवरण र तिनीहरूको प्रभावकारिता
३. कोभिड- १९ महामारीबाट प्रभावित विद्यालय तथा बालबालिकाको संख्या र व्यवस्थापनको लागि अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा स्थानीय तहबाट गरिएका कार्यक्रमहरूको विवरण र तिनीहरूको प्रभावकारिता

### ३.१३.३. लक्ष्यः

विपद्को अवस्थामा बालबालिकाको शिक्षालाई निरन्तरता दिई उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासमा सहयोग पुऱ्याउने

### ३.१३.४. उद्देश्यः

१. औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट सम्भावित विपद्को पूर्व सावधानी र तयारीको वातावरण तयार गर्ने
२. सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको तयारी गर्ने
३. विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्ने
४. अल्पकालीन र दीर्घकालीन पुनर्स्थापना गर्ने

### ३.१३.५. रणनीतिः

१. विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापनासम्बन्धि आवश्यक नीति, मार्गदर्शन, कार्यविधिहरू तथा विपद् व्यवस्थापन योजना तयार गर्ने
२. सम्भावित प्रकोप तथा विपद्सम्बन्धि पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी तथा सिप विकास सम्बन्धि आवश्यक कार्य गर्ने,
३. प्रकोपबाट शिक्षा क्षेत्रलाई जोगाउन आवश्यक तयारी गर्ने,
४. कोभिड- १९ लगायतका महामारीबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी गर्ने,
५. महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने बैकल्पिक उपायहरूको तयारी गर्ने,
६. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद् वा संकटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने,
७. संकटासन्नता (Vulnerability) को मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको वृहत योजना तयार गर्ने,
८. विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गर्ने,
९. विपद् प्रतिरोधि भौतिक पूर्वाधारको निर्माण तथा पुनर्स्थापना गर्ने,
१०. शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र उकरण, खाद्यान्न, पोशाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने,
११. विपद् व्यवस्थापनको लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने,
१२. विपद् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायहरूबीच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने,
१३. विपद् व्यवस्थापनको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सफल अभ्यासलाई स्थानीकरण गर्ने,
१४. हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने

### ३.१३.६. मुख्य उपलब्धी र नतिजाः

**उपलब्धीः**

१. आपतकालीन तथा संकटपूर्ण अवस्थामा पनि बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित हुने

**नतिजाः**

१. विद्यालय र शिक्षा प्रणालीमा विपद् तथा प्रकोप व्यवस्थापनको लागि पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा पुनरूत्थान योजना तथा क्षमता विकास हुने
२. भौतिक, मानवीय र आर्थिक स्रोत व्यवस्थापन सहित विद्यालय तथा शिक्षा प्रणाली उत्थानशील हुने
३. विपद् तथा संकटपूर्ण अवस्थामा शैक्षिक क्रियकलापहरू निरन्तररुपमा संचालन हुने

### ३.१३.७. प्रमुख क्रियाकलाप र लक्ष्यः

तालिकाः २७

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विपद् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पुनरावलोकन तथा निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | स्थानीय तह र विद्यालयको क्षमता विकास | जना | १५ | १५ | १५ | १५ | १५ | ७५ | १०० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | विपद् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताको लागि सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ४ | शिक्षक तथा विव्यस तालिम | जना | १५ | १५ | १५ | २० | १० | ७५ | १०० | |
| ५ | संकटासन्नता मूल्याङ्कनको आधारमा योजना निर्माण | ओटा | १० | १० | १० | १० | १८ | ५८ | ५८ | विद्यालयमा |
| ६ | विपद् प्रतिरोधी विद्यालय भवन निर्माण | ओटा | | १ | | १ | | २ | ३ | |

# परिच्छेद: ४(चार)
## संस्थागत संरचना र क्षमता विकास

### ४.१ परिचय:

वर्तमान शिक्षा क्षेत्रको संरचना हेर्दा संघ अन्तरगत शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र र शिक्षा विकास तथा समन्वय इकाइ त्यसैगरी प्रदेश अन्तरगत शिक्षा तालिम केन्द्र, सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय तथा सामाजिक विकास कार्यालय र स्थानिय तहमा शिक्षा युवा तथा खेलकुद शाखा, गाउँ शिक्षा समित, सामाजिक विकास समिति जस्ता संस्थागत संरचनाहरु रहेका छन। बदलिदो परिवेश अनुसार शासकीय संरचना, प्रक्रिया र क्षमता सुधार गरेर संघ, प्रदेश तथा स्थानिय तहमा रहेका विभिन्न संस्थागत संरचनाहरु स्पष्ट कार्यविभाजन सहित जिम्मेवारी प्रदान गरि शैक्षिक गुणस्तर विकास योजना निर्माण गरि कार्यान्वयन गरेमा मात्र शैक्षिक गुणस्तर सुधार गर्न सकिन्छ। वर्तमान समयमा ज्ञान, विज्ञान र प्रविधिमा आएको परिवर्तन, सामाजिक चेतना, स्थानीय तहको शिक्षा क्षेत्रप्रतिको उत्तरदायित्व समेतलाई ख्याल गरी संस्थागत संरचना र क्षमता विकास सम्बन्धी क्रियाकलापहरु गर्नु आवश्यक छ।

### ४.२ वर्तमान अवस्था:

नेपालको संविधानले माध्यमिक तह सम्मको शिक्षाको अधिकार स्थानीय तहको रहने व्यवस्था गरेको र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा समेत शिक्षा सम्बन्धी जम्मा २३ वटा अधिकारहरु स्थानीय तहको अधिकार क्षेत्रमा राखिएको छ। हाल जोरायल गाउँपालिकामा ५८ ओटा सामुदायिक विद्यालय, ३ ओटा संस्थागत विद्यालय, समुदायमा आधारित बालविकास केन्द्रहरु १३ ओटा ५ ओटा सामुदायिक सिकाइ केन्द्र र २ वटा क्याम्पसहरू रहेका छन्। प्रत्येक बालविकास केन्द्र र विद्यालयहरूमा व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको व्यवस्था गरीएको छ। हाल संघीय शिक्षा जारी नभएको अवस्थामा स्थानीय तहमा कार्य गर्दा केहि द्विविधा उत्पन्न भएको छ। हाल आधारभुत तहको अन्तिम परीक्षा स्थानीय तहबाट सञ्चालन गर्ने गरिएको छ। विद्यालय अनुगमन तथा निरीक्षणको पाटो केहि कमजोर भएको देखिन्छ र विद्यालयका शिक्षकहरुको पेशागत विकास पनि हुन नसकेको अवस्था छ। यस परीस्थितिमा स्थानीय तहले संघ र प्रदेशसँग सहकार्य र समन्वय गरी वर्तमान शिक्षा क्षेत्रको संस्थागत संरचना र क्षमता विकास गर्दा यस योजनाको सफल कार्यान्वयनमा सहयोग पुग्ने छ।

### ४.३ उद्देश्य:

१. विद्यालय र स्थानीय तह बीचको अन्तर सम्बन्ध सुदृढ बनाउने संस्थागत संयन्त्रको विकास गर्नु
२. विद्यालय तथा शैक्षिक क्षेत्रमा कार्य गर्ने जनशक्तिको आवश्यकता अनुसार व्यवस्था गर्नु
३. कार्यसम्पादनप्रति उत्तरदायी र नतिजाप्रति जवाफदेहिताको विकास गरी सुशासन कायम गर्नु
४. विद्यालयका प्रधानाध्यापक,शिक्षक, बालविकास सहजकर्ता,विद्यालय कर्मचारी र विद्यालयका पदाधिकारीहरुको क्षमता विकास गर्नु

### ४.४ रणनीति र कार्यनीतिहरू:

| क्र.सं. | रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|---|
| १ | विद्यालय र स्थानीय तह बीचको सम्बन्ध बलियो बनाउन आवश्यक कानूनको निर्माण गर्ने | १. ऐन निर्माण मस्यौदा समिति गठन |
| | | २. ऐन कार्यान्वयन गर्न कार्यदल गठन |
| | | ३. सरोकारवालाको बृहत छलफल आयोजना |
| २ | गाउँपालिका भरिका सामुदायिक विद्यालयमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्ने | १. स्थानीय कार्यविधी निर्माण गरी शिक्षक कर्मचारी व्यवस्थापन गर्ने |
| ३ | शिक्षकहरुलाई आवश्यकता अनुसार पुनर्ताजकी तालिम तथा पेशागत सहयोग गर्न गाउँपालिका स्तरिय विज्ञ शिक्षकहरुको रोष्टर निर्माण गर्ने | १. आवश्यकताको संकलन तथा बिश्लेषण |
| | | २. विषय विज्ञ छनौट |
| | | ३. रोष्टरद्वारा विद्यालयमै सिकाइ सहजीकरण |
| ४ | प्रधानाध्यापकलाई थप जिम्मेवार बनाउन शिक्षा नियमावली अनुसार बनाइ क्षमता सुधार गर्ने | १. सबै सामुदायिक विद्यालयहरुमा नियमावली अनुसार प्रधानाध्यापक नियुक्ति प्रकृया सुरु गर्ने |

### ४.५ कार्यक्रम र कार्यान्वयन:

| क्र.सं. | कार्यक्रमहरु | कार्यान्वयन |
|---|---|---|
| १ | प्रत्येक वडाहरुमा अभिभावक शिक्षा सञ्चालन गर्ने | १. शैक्षिक सत्रको सुरु र अन्त्येमा गरी बर्षको दुइपटक गोष्ठिको आयोजनामार्फत छलफल |
| २ | विद्यालय व्यवस्थापन समितिलाइ योजना निर्माण तथा वितरणमा सहभागि बनाउने | २. कम्तिमा पनि आवश्यकताको आधारमा बजेट विनियोजन गर्न वि व्य स सँग छलफल |

| | | |
|---|---|---|
| ३ | सेवाकालिन र पूर्वसेवाकालिन तालिमको अवसर प्रदान गर्ने | १.टि पि डि तालिम लिएका र नलिएकाको लगत राखी तालिम नपाएकालाई अवसर दिने<br>२.तालिम प्राप्त शिक्षक मात्र नियुक्ति गर्ने र नियुक्तिमा एकद्वार नीति लागु गर्ने |
| ४ | प्रधानाध्यापकलाइ थप जिम्मेवार बनाउने | १.पहुँच र चाकारीको भरमा प्र अ नियुक्ति गर्ने पद्दतिको अन्त्य गरी नियमानुसार प्र. अ. नियुक्तिको विज्ञापन गर्ने र छनौट गर्ने |
| ५ | संस्थागत विद्यालयलाई नियमानुसार सञ्चालन गर्ने | २. शिक्षा समिति र सरोकारवालासँग छलफल गरी नियमानुसार सञ्चालनको अनुमति तथा नियम विपरित सञ्चालित विद्यालय बन्द गर्ने |

### ४.६ अपेक्षित उपलब्धीः

१. विद्यालय तथा अन्य शैक्षिक संस्थाहरुमा सुशासन प्रवर्धन भइ बालबालिकाहरुको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास भएको हुनेछ।

२. स्थानीय तह र विद्यालयहरु बिचमा सहकार्य र समन्वयका लागि शैक्षिक संयन्त्रको विकास भएको हुनेछ।

३. शिक्षा सम्बन्धी आवश्यक कानूनहरुको निर्माण भइ शिक्षा सम्बद्ध सबैको जिम्मेवारी स्पष्ट भएको हुनेछ।

४. शिक्षाको शासकीय प्रबन्ध र व्यवस्थापनमा संलग्न हुने सम्बद्ध सबैको क्षमता विकास गर्ने पद्धतिको स्थापना भै क्षमता सुधार भएको हुनेछ।

५. शैक्षिक तथा विद्यालय प्रशासन सहभागितामूलक,कार्य सम्पादनप्रति उत्तरदायी,विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक र समावेशी भै शैक्षिक कार्य उद्येश्यमूलक तथा प्रभावकारी हुनेछ।

# परिच्छेदः ५(पाच)
## लगानी र स्रोत व्यवस्थापन

### ५.१ परिचयः

कुनै पनि योजना सफल रुपमा कार्यान्वयन गर्नको लागि आर्थिक स्रोतको सहि पहिचान र परिचालन गर्नुपर्ने आवश्यकता रहन्छ। त्यसै गरी आर्थिक तथा सामाजिक विकासमा गति प्रदान गर्न तथा वढ्दो जन आकांक्षा र आवश्यकताहरुलाई कुनैपनि योजनाले सम्वोधन गर्नै पर्दछ र त्यसरी सम्बोधन गर्दा निश्चित रुपमा विगतका उपलब्धी र अनुभव एवं वर्तमानको आवश्यकता र भविष्यको दृष्टिकोण र लक्ष्यको आधारमा केही पुरानो कार्यक्रमहरुलाई निरन्तरता दिनु पर्ने तथा कतिपय नयाँ कार्यक्रमहरु थप गर्नुपर्ने हुन्छ। यसै सन्दर्भमा यो योजनामा पुराना तथा नयाँ कार्यक्रमहरुलाई समावेश गर्ने गरी यो वितीय योजना निर्माण गरीएको छ। विशेष गरी आधारभुत तथा माध्यमिक शिक्षामा गाउँपालिकाले जोड दिनुपर्ने देखिन्छ। शिक्षामा गरिने लगानी व्यक्ति, समाज र राष्ट्रको दीर्घकालिन हितको लागि हुन्छ। वर्तमान नेपालको संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क गर्ने व्यवस्था गरीएको छ। त्यसलाई कार्यान्वयन गर्नको लागि समेत यस योजनाले विशेष वित्तिय व्यवस्थापन गर्नुपर्ने देखिन्छ। शिक्षामा पर्याप्त लगानि गर्दा समतामुलक र न्यायमुलक समाज निर्माणमा विशेष सहयोग पुग्ने देखिन्छ। संघ तथा प्रदेशसँग समन्वय गरी वर्तमान समयको आवश्यकता बमोजिम शिक्षामा बजेट व्यवस्थापन गर्नु आवश्यक छ। शिक्षामा आवश्यक पर्ने आर्थिक स्रोत कहाँबाट जुटाउने, कुन कुन क्षेत्रमा विनियोजन गर्ने, विनियोजन गरेपश्चात कसरी खर्च गर्ने र खर्च गरीएको क्षेत्रको उपलब्धी के कस्तो रहने जस्ता विषयहरु समेत योजनामा समावेश गर्न खोजिएको छ।

### ५.२ वर्तमान अवस्थाः

शिक्षामा लगानि बढाउनुपर्छ भनेर गाउँपालिकाका विभिन्न नीति तथा योजनाहरुमा समावेश गरीएको पाइन्छ। नेपालको संघीय तहबाट शिक्षामा जम्मा १० प्रतिशत लगानि गरिएको अवस्था छ भने गाउँपालिकाले पनि शिक्षा क्षेत्रलाई विशेष प्राथमिकता दिएको पाइन्छ। आर्थिक वर्ष २०७७।७८ मा जोरायल गाउँपालिकाले समानिकरण बजेट अन्तर्गत शिक्षामा रु १ करोड ७१ लाख बजेट विनियोजन गरेको थियो जुन कुल समानिकरण बजेटको ६ प्रतिशत हो। यसरी हेर्दा गाउँपालिकाले शिक्षा क्षेत्रलाई विकासको प्रमुख पूर्वाधारको रुपमा अङ्गिकार गरेको पाईन्छ। त्यसैगरी शिक्षामा घरपरिवारको अप्रत्यक्ष तथा प्रत्यक्ष लगानी तथा नीजि क्षेत्रको लगानि समेत उल्लेख्य रुपमा रहेको पाईन्छ। जोरायल गाउँपालिकामा विद्यालय तहमा अध्ययन गर्ने कुल विद्यार्थीको जम्मा १० प्रतिशत विद्यार्थीहरु संस्थागत विद्यालयमा अध्ययन गर्ने गरेका छन। जसमध्ये आधारभुत तहको बालविकास कक्षादेखि कक्षा ५ सम्म मात्रै ८ प्रतिशत विद्यार्थीहरु संस्थागत विद्यालयहरुमा अध्ययन गर्दछन। स्थानीय सरकारले शिक्षामा गरेको प्रशासनिक र व्यवस्थापकिय लगानि समेत महत्वपूर्ण रहेको छ। हाल संघीय सरकारबाट सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तकको व्यवस्था गरिएको छ। त्यसैगरी सामुदायिक विद्यालयहरुमा विभिन्न किसिमका छात्रवृत्तिको व्यवस्था गरीएको छ। बालविकास कक्षादेखि ५ कक्षासम्म दिवा खाजाको व्यवस्था गरिएको छ भने कक्षा ६ देखि १२ सम्मका छात्राहरुका लागि स्यानिटरी प्याडको व्यवस्था गरीएको छ। जोरायल गाउँपालिकाले आधारभूत शिक्षालाई निःशुल्क बनाउनका लागि वार्षिक नीति, बजेट तथा कार्यक्रममा शिक्षाको समग्र विकास तथा व्यवस्थापनका लागी व्यवस्था गरीएको छ । शिक्षामा गरिने लगानीलाई मानव संशाधन विकासको प्रमुख लगानीको रुपमा लिइन्छ। विद्यालय शिक्षामा गरिने लगानी तथा स्रोत विकास सम्बन्धी विश्लेषणका आधारमा देहाएबमोजिमका चुनौतीहरु पहिचान गरिएका छन्।

१. विद्यालय शिक्षामा लगानी वृद्धि र दिगो स्रोतको व्यवस्थापन गर्ने।
२. गाउँपालिकालाई शिक्षामा बजेट विनियोजनका लागि जिम्मेवार बनाउने।
३. नीजि क्षेत्रबाट शिक्षामा गरिने लगानीलाई सार्वजनिक सेवा, सामाजिक दायित्व र सेवामूलक बनाउने।
४. प्राविधिक तथा व्यावसायिक शिक्षामा अध्ययन गर्ने विद्यार्थी संख्याको वृद्धि गर्ने।
५. शिक्षासँग सम्बन्धित शैक्षिक संघ संस्थाहरुलाई शिक्षामा लगानी गर्न प्रोत्साहित गर्ने ।
६. सूचना तथा सञ्चार प्रविधि मैत्री शिक्षण प्रणालिको व्यवस्थापन गर्ने ।
७. विद्यार्थीको सिकाइ तथा कुशलतामा वृद्धि गर्ने गरी आवश्यक बजेट तथा स्रोतको व्यवस्थापन गर्ने।
८. शिक्षामा समावेशिता र समतामा सुधार गर्न आर्थिक रुपमा कमजोर,विपन्न तथा कठिन परिस्थितिमा रहेका र अपाङ्ता भएका बालबालिकाहरुको पहुँच, सहभागिता र गुणस्तरीयता सुनिश्चित गर्ने।
९. वित्तिय व्यवस्थापक कार्य कुशसल बनाउन व्यक्ति, संस्था र पद्धतिको क्षमता विकास गर्ने ।

### ५.३ उद्देश्यः

यस योजनाको वित्तिय व्यवस्थापनको लागि देहाएबमोजिमका उद्येश्यहरु राखिएका छनः

१. योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक बजेटको प्रक्षेपण गर्नु
२. विद्यालय शिक्षा सम्बन्धी पहिचान गरिएका कार्यक्रमहरु कार्यान्वयनका लागि आवश्यक वित्तिय स्रोत पहिचान गर्नु
३. उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरिएका कार्यक्रमहरुको प्राथमिकताक्रम तोकी कार्यक्रमगत बजेट निर्धारण गर्नु ।

४. खर्चको प्रक्रिया, भूमिका र दायित्व स्पष्ट पार्नु ।
५. लगानी उपयोगको जानकारी लिने उपयुक्त विधि, प्रक्रिया उपयुक्त पद्धतिको विकास गर्नु ।

### ५.४ रणनीतिहरू:

योजनाको वित्तिय व्यवस्थापन सम्बन्धी उद्देश्यहरु प्राप्त गर्न देहायबमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछन:

१. गाउँसभालाई शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखी बजेट छुट्याउने गरी कार्यक्रमहरुको प्रस्ताव गर्ने ।
२. शिक्षकहरूको क्षमता विकासका लागि गाउँपालिका स्तरीय क्षमता विकासका कार्यक्रम सञ्चालन गरिने र आवश्यक बजेट स्थानीय सरकारले लगानी गर्ने ।
३. सामुदायिक विद्यालयमा कार्यरत नीजि शिक्षकहरुको लागि तलब भत्ता र शिक्षक प्रोत्साहन बाफतको रकम गाउँपालिकाले आफ्नो स्रोतबाट व्यवस्था मिलाउने ।
४. प्राविधिक तथा व्यावसायिक शिक्षाको विकास गर्न गाउँपालिकाले आफ्नो लगानीमा अन्य विद्यालयहरूमा विस्तार गर्ने ।
५. उच्च शिक्षा सञ्चालन गर्ने शैक्षिक संस्थाहरुलाई व्यवस्थापन तथा क्षमता विस्तारका अनुदान रकमको व्यवस्था गर्ने ।
६. संघीय र प्रदेश सरकारबाट प्राप्त भइरहेको सशर्त कार्यक्रमहरूको निरन्तरता दिँदै यी कार्यक्रमको सङ्ख्यात्मक विस्तारका लागि पहल गर्ने ।
७. संघीय र प्रदेश सरकारबाट समेट्न नसकेका कार्यक्रमहरुको हकमा सशर्त नै कार्यक्रम विस्तार गर्न संघीय र प्रदेश सरकारलाई पहल गर्ने ।
८. भौतिक पूर्वाधार विकासका लागि संघीय सरकारको ६० प्रदेश सरकारको २०%र नगरपालिकाको २०मिलाउने लगानी गर्ने प्रबन्ध ।
९. विद्यालयहरुलाई अनुदान प्रदान गरिए पश्चात लक्षित गुणस्तर सुनिश्चितका लागि सम्बन्धित विद्यालयलाई नै जिम्मेवार बनाउने ।
१०. विद्यालयहरुलाई अनुदान प्रदान गर्नुपुर्व जुन शीर्षकमा अनुदान प्रदान गरिएको छ त्यसको खर्चको आधार तथा कार्यविधि तोक्ने ।
११. विद्यालयका सम्पूर्ण आर्थिक क्रियाकलापहरु सफ्टवेयरमा आधारित बनाउने ।

### ५.५ स्रोतको अनुगमन र विश्लेषण:

आवश्यकता र सामर्थ्यका आधारमा स्रोतको अनुमान तथा विश्लेषण गरिन्छ । नागरिकका अपेक्षा, स्थानीय तहको आवश्यकता र वर्तमान समयको माग बमोजिम स्रोतको छनौट गरिन्छ । त्यसै पहिलो वर्तमान नीति र अपेक्षाहरुलाई ख्याल गरी स्रोतको अनुमान र विश्लेषण गरिन्छ । वर्तमान नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, २०७६, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ आदिलाई समेत ख्याल गरेर बजेट तथा कार्यक्रमहरुको तयारी गर्नुपर्ने हुन्छ । यस बाहेक अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा, पाठ्यपुस्तक तथा पाठ्यसामग्री, दिवा खाजा जस्ता कुराहरुलाई समावेश गर्नुपर्ने देखिन्छ । त्यसैगरी दोस्रो स्रोतहरुको उपलब्धतालाई ख्याल गरेर बजेटको स्रोतको अनुमान र विश्लेषण गरिन्छ । नगरभित्र राजस्व, नगरपालिकाको आन्तरिक आय र नगरपालिकालाई संघिय सरकारबाट प्राप्त हुने समानीकरण जस्ता स्रोतहरुलाई नीति, कार्यक्रम तथा बजेट बनाउँदा ख्याल गर्नुपर्ने कुरालाई यस योजनाले जोड दिएको छ ।

### ५.६ प्रस्तावित कार्यक्रम तथा बजेट अनुगमन:

वर्तमान समयको बजेट तथा कार्यक्रमहरु हेर्दा शिक्षामा समाजका आवश्यकता, मागहरु धेरै छन । विद्यालय र विद्यार्थी संख्यामा वृद्धि भएको छ । अब विशेष गरी शिक्षामा सबैको पहुँच, गुणस्तरीय शिक्षा, अभिभावक शिक्षा, प्रारम्भिक कक्षाहरुमा पठन क्षमतामा वृद्धि, शिक्षकको पेशागत क्षमताको विकास जस्ता कुराहरुमा बजेट तथा कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ । हाल शिक्षामा संघीय सरकार, प्रदेश सरकार, विभिन्न संघ संस्थाहरु लगायत, विभिन्न सामुदायिक क्षेत्रहरुले ठुलो लगानी गरेका छन । स्थानीय तहले पनि उक्त क्षेत्रलाई प्राथमिकतामा राख्न जरुरी छ । वर्तमान समयमा स्थानीय सरकारले आफ्नो क्षेत्राधिकार भित्रको शैक्षक प्रणालीमा सुधार गर्न भरपुर प्रयास गरिरहेको छ । विकट क्षेत्रका बस्तिमा पहुँच पुर्याउन थप विद्यालय सञ्चालनमा शिक्षक दरबन्दी अभाव रहेकोले आन्तरिक स्रोतमा शिक्षकको व्यवस्थापन, निःशुल्क शिक्षा कार्यक्रम कार्यान्वयन गर्न थप अनुदान उपलब्ध गराउनु,बालविकास शिक्षकहरुका लागि प्रोत्साहन स्वरूप रकम उपलब्ध गराउनु , शिक्षकहरूको क्षमता विकास तालिम सञ्चालन गर्नु विद्यार्थीको प्रतिभा विकासमा सहयोग ,पुर्याउनु विभिन्न कार्यक्रम खेलकुद आयोजना , गरिएका छन् । यसरी माथि उल्लिखित सम्पूर्ण क्षेत्रहरुलाई समावेश गर्ने गरी आगामि १० वर्षको लागि जोरायल गाउँपालिकाले शिक्षासँग सम्बन्धी प्रमुख क्षेत्रहरुमा समानीकरण अनुदान अन्तर्गत रहने गरी तपसिलको बजेट तथा कार्यक्रमहरु अनुसूची १३ मा प्रस्तावित गरिएको छ ।

### ५.७ अपेक्षित उपलब्धी:

१. वि.सं. २०८७ (सन् २०३०) सम्म गाउँपालिकाले समानीकरण बजेटमा शिक्षामा गर्ने लगानी २०प्रतिशत पुगेको हुनेछ ।
२. आधारभूत तहको शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षा निःशुल्क भएको हुनेछ ।
३. प्रविधिमैत्री शिक्षाको विकास भइ शैक्षिक गुणस्तरमा सुधार भएको हुनेछ ।
४. शिक्षकहरुको पेशागत विकास भएको हुनेछ ।
५. वित्तीय व्यवस्थापन क्षमतामा सुधार भइ वित्तीय कार्यकुशलता, पारदर्शिता, उत्तरदायित्व र जिम्मेवारी सुनिश्चित भएको हुनेछ ।

# परिच्छेदः ६(छ)

## कार्यन्वयन,अनुगमन तथा मूल्याङ्कन,समन्वय र सहजीकरण

निर्मित योजनाले रखेका निश्चित लक्ष्य र उद्देश्यहरु निर्धारित समयमै प्राप्त गर्न प्रभावकारी रुपमा योजनाको कार्यान्वयन भए नभएको हेर्नको लागि यसको पूर्णरुपमा कार्यान्वयन,अनुगमन तथा मुल्याङ्कन जस्त कार्यहरु के कसरी हुन सके भन्ने कुरामा निर्भर रहन्छ। यसरी योजना कार्यान्वयन ,अनुगमन र मूल्याङ्कन गर्नुको उद्देश्य यस योजनाले राखेका दीर्घकालिन सोच र उद्दश्येहरू पुरा भए वा भएनन् भनी तथ्यमा आधारित निष्कर्ष निकाल्नु हो। गाउँपालिका र गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाले यस योजनाको कार्यान्वयन गर्नेछ भने गाउँस्तरिय सामाजिक विकास समिति र शिक्षा समिति लगायतका अन्य सम्बद्ध पक्षहरुले अनुगमन र मूल्याङ्कन गर्न सक्नेछन।

### ६.१ योजना कार्यान्वयन

जोरायल गाउँपालिकाले यो दश वर्षे गाउँ शिक्षा योजना तयार पारेको छ। यस योजनाको कार्यान्वयन देहायबमोजिम गरिनेछ :

१. गाउँ शिक्षा ऐन, नियमावली लगायतका आवश्यक कार्यविधि तथा मापदण्ड निर्माण गरिनेछ।
२. विद्यायल शिक्षाको प्रत्येक तहमा पहुँच अभिवृद्धि गर्न अनिवार्य विद्यालय भर्ना र गुणस्तर सुधारका उपायहरु अवलम्बन गरिनेछ।
३. प्रारम्भिक बालविकास शिक्षाको न्यायोचित वितरण, विस्तार र आवस्यकताका आधारमा समायोजन मिलानकालागी आगामी वर्ष बजेटको व्यवस्था गरिनेछ।
४. बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि अभिमुखीकरण गरिनेछ।
५. योजना तथा कार्यक्रमहरू विस्तार गर्दा प्राथमिकताका आधारहरु तयार गरी विद्यालयहरूलाई वितरण गरिनेछ।
६. शिक्षकहरूको पेशागत विकासका लागि क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिनेछ।
७. स्थानीय पाठ्यक्रम .पाठ्यपुस्तक ,सन्दर्भ सामग्रीको विकासमा सहयोग पुऱ्याइनेछ।
८. विद्यालयका पदाधिकारीहरुलाई थप जिम्मेवार बनाइ विद्यालयमा शैक्षिक गुणस्तर कायम गर्न सक्रिय गराइनेछ।
९. प्रारम्भिक कक्षाहरुमा विशेष पढाइ सिप विकास गर्ने क्रियाकलापहरु सञ्चालन गरिनेछन्।
१०. विद्यालय सुधार योजना निर्माण कार्यलाई थप प्रभावकारी बनाइ निर्माण र कार्यन्वयनमा जोड दिइने छ। यसका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघलाई जिम्मेवार बनाइनेछ।
११. विद्यालय शिक्षाको गुणस्तर वृद्धि गर्न नतिजामा आधारित लगानी पद्धतिको विकास गरिनेछ ।
१२. शिक्षाको समग्र विकासका लागि गाउँ शिक्षा समितिलाई थप जागरुक बनाइ विद्यालयका समस्या र उपयुक्त अवसरको खोजी गर्ने पद्धतिको विकास गरिनेछ।
१३. शिक्षा क्षेत्रमा संघीय सरकार र प्रदेश सरकारका सशर्त बजेटका कार्यहरू सत्यतथ्य र तिनैसँग निकट सम्बन्ध स्थापना हुने गरी यस गाउँपालिकाले योजना तथा कार्यक्रम बनाइ कार्यान्वयनमा ल्याइनेछ।
१४. सामुदायिक अध्ययन केन्द्रको सक्रियता बढाइ निरक्षरको संख्या शुन्यमा झार्ने र प्राविधिक तथा व्यावसायिक धारका विद्यालय सञ्चालन गरी सिप विकासमा सहयोग पुर्याउने कार्यक्रमहरु सञ्चालन गरिनेछ।
१५. योजना सफल रुपमा कार्यान्वयनको लागि शिक्षा,युवा तथा खेलकुद शाखाको संयोजकत्वमा योजना कार्यान्वयन समिति गठन गरिनेछ।
१६. शिक्षक विद्यार्थी अनुपात र भौगोलिक विकटताअनुसार कसैलाई पनि शिक्षा लिन कठिनाइ नपर्ने गरी विद्यालय समायोजन र दरवन्दी मिलान कार्यलाइ निरन्तरता दिइनेछ।
१७. विद्यालयको शैक्षिक तथा व्यवस्थापनको जिम्मेवारीमा रहने प्रधानाध्यापकको पदलाइ थप जिम्मेवार बनाउदै नियमानुसार पदपूर्ति गरिने छ र सेवा सुविधामा थप गरिनेछ।
१८. एक वडा एक आवासीय प्राविधिक विद्यालयको नीति अनुरुप प्रत्येक वडाहरुमा फरक-फरक धारको प्रिविधिक शिक्षा दिने आवसीय माध्यमिक विद्यालय स्थापना गरिनेछ।

### ६.२ योजना अनुगमन तथा मूल्याङ्कन

कुनै पनि योजनाको अनुगमन तथा मूल्याङ्कनबाट योजना कार्यान्वयनको अवस्था विकासको गति र हामी कता पुग्ने सो कुराको समेत जानकारी हुन्छ। हामी वर्तमान अवस्थामा कहाँ छौँ र कहाँ पुग्नुपर्ने हो भन्ने कुराको निर्धारण अनुगमन र मूल्याङ्कनबाट थाहा पाउन सकिन्छ। यस गाउँशिक्षा योजनाको अनुगमन र मूल्याङ्कन गर्न देहायबमोजिमका कार्यक्रम सञ्चालन गरिने छनः

१. गाउँ शिक्षा समितिले गाउँ शिक्षा योजना कार्यक्रमको कार्यान्वयनमा समन्वय, अनुगमन र मूल्याङ्कन गर्नेछ।
२. गाउँ शिक्षा समितिले योजना कार्यान्वयनको अनुगमनका लागि आवश्यकतानुसार विज्ञ व्यक्ति वा समूह परिचाललन गर्नेछ।

३. शिक्षा युवा तथा खेलकुद शाखाद्वारा योजना अनुगमन तथा मूल्याङ्कनमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ लगायत अन्य सरोकारवलाहरुलाई प्रविधिक सहयोग उपलब्ध गराइनेछ।
४. प्रत्येक विद्यालयले मासिक रूपमा विद्यालय प्रगति प्रतिवेदन तयार गरी शिक्षा युवा तथा खेलकुद शाखामा पठाउने व्यवस्था मिलाइनेछ।
५. विद्यालयमा कार्यक्रम कार्यान्वयन गर्दा देखा परेका समस्या र चुनौतीको समाधान गर्न एक समस्या समाधान समितिको गठन गरिने छ जसले कुनैपनि विद्यालयका मुद्दा,समस्या तथा चुनौतीको अध्ययन गरी समाधानका लागि विद्यालय व्यवस्थापन समिति तथा अन्य सरोकारवालासँग छलफल गरी समाधानको प्रयास गरिने छ।
६. विद्यालय शिक्षा योजनामा राखिएका अपेक्षित उपलब्धिहरुको अवस्था तथा कार्यक्रमको सूचकगत विश्लेषण र मूल्याङ्कन गर्ने परिपाटीको विकास गरिनेछ।
७. समग्र शैक्षिक कार्यक्रमको अध्ययन विशलेषण गर्न शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजकत्वमा एक अनुसन्धान समिति गठन गरिने छ र अनुसन्धान प्रतिवेदनका आधारमा थप कार्यक्रम सञ्चालन गरिनेछ।
८. सुशासन र पारदर्शिता कायम राख्न सामाजिक र आर्थिक लेखा परीक्षणका कार्यक्रम प्रभावकारी ढङ्गले समयमा सम्पन्न गरिनेछ।
९. प्रधानाध्यापक विद्यालयको प्राज्ञिक र प्रशासनिक व्यक्ति भएकाले विद्यालयमा कार्यक्रम कार्यान्वयन ,शिक्षक परिचालन र अन्य भौतिक तथा शैक्षिक विकासका लागि थप जिम्मेवार बनाइनेछ साथै पाउँदै आएको सेवा सुविधामा थप गरिनेछ।
१०. विद्यालयमा सूचना तथा तथ्याङ्क व्यवस्थापन प्रणालीलाई शैक्षिक व्यवस्थापनको अभिन्न अङ्गका रूपमा विकास गरी अनुगमन मूल्याङ्कनबाट प्रभावकारी कार्यन्वयनमा ल्याइनेछ।
११. विद्यार्थी मूल्याङ्कन र प्रमाणीकरणमा गाउँपालिका भरी एकरूपता कायम गरिनेछ।
१२. विद्यालयमा शैक्षिक गुणस्तर कायम गर्न छात्रवृति वितरणलाइ प्रगतिमा आधारित बनाइने छ,विद्यार्थिको पोर्टफोलियो तयार पारिने छ. पाठ्यपुस्तक , पाठ्यसामाग्री र सन्दर्भ सामाग्री वितरण गरिनेछ।
१३. आवश्यकता अनुसार विद्यार्थीका अभिभावकहरुसँग अभिभावक शिक्षा सञ्चालन गरिनेछ।

### ६.३ समन्वय र सहजीकरणः

योजना निर्माण पश्चात कार्यान्वयन चरणमा प्रवेश गर्छ। योजनाको प्रभावकारी रुपमा कार्यन्वयन गर्न सम्बद्ध सबै संयन्त्रहरुको उचित सहयोग र सहकार्यको आवश्यकता पर्दछ। योजना कार्यान्वयनमा कतिपय कार्यक्रमहरू सहजै कार्यान्वयन गर्न सकिने प्रकृतिका हुन्छन भने कतिपय कार्यक्रमहरू विविध समस्याहरु भए पनि बाध्यात्मक रुपमा कार्यान्वयनमा लैजानुपर्ने खालका हुन्छन। योजनाको कार्यान्वयन गर्दा देखा परेका समस्या तथा चुनौतीहरुको निकाल्न सम्बद्ध उचित निकास सरोकारवाला तथा विज्ञ पक्षहरुसँग आवश्यकतानुसार समन्वय र सहजीकरण गर्नु सान्दर्भिक हुन्छ।

हाल स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहको अधिकार क्षेत्रमा आधारभूत र माध्यमिक तहको शिक्षाको अधिकारको व्यवस्था गरेको छ। यसै अन्तरगत औपचारिक शिक्षा प्राविधिक तथा ,विशेष शिक्षा ,व्यावसायिक शिक्षा लगायतका शैक्षिक अधिकार समेत समावेश गरिएका छन। यी सबै अधिकारको पूर्ण रुपमा कार्यान्वयनका लागि गाउँपालिका आत्मनिर्भर भइ नसकेको अवस्थामा यस्तो महत्वपूर्ण गाउँ शिक्षा योजना कार्यान्वयनमा प्रदेश र संघीय सरकारको समन्वय र सहजीकरण आवश्यक हुन्छ। यस योजनाको कार्यान्वयनमा तपसिल बमोजिमका निकायहरुसँग समन्वय र सहजीकरण गरिनेछः

१. संघीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र अन्तर्गतका निकायहरु
२. प्रदेश सामाजिक विकास मन्त्रालय र अन्तर्गतका निकायहरु
३. शिक्षा सम्बद्ध विभिन्न सरकारी संघ संस्थाहरु
४. शिक्षा सम्बद्ध विभिन्न गैरसरकारी संघ संस्थाहरु
५. शिक्षासँग सम्बन्धीत संघ तथा प्रदेशका अन्य कार्यालयहरु

# परिच्छेदः ७(सात)

## मुख्य मुख्य क्रियाकलाप र उपलब्धि सूचक

### तालिकाः २८

### मुख्य उपलब्धी सूचकहरू, कार्यक्रम तथा नतिजा खाका

(Key Performance Indicators -KPI, Programmes & Results Framework -PRF)

| क्र.स. | सुचक | आधार वर्ष २०७७ | शै.स. २०७८ | शै.स. २०८१ | शै.स. २०८४ | शै.स. २०८७ | सुचकको स्रोत | कार्य सम्पादन सम्बन्धी सुचकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास तथा शिक्षा | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकासको कूल भर्नादर: % | १७५ | १५० | १३० | ११० | १०० | विद्यालय | IEMIS Flash |
| १.२ | प्रारम्भिक बालविकास शिक्षाको अनुभव लिई कक्षा १ मा भर्ना भएका बालबालिकाः % | ८३.९ | ९० | ९५ | ९८ | १०० | विद्यालय | IEMIS Flash |
| २ | आधारभुत शिक्षा कक्षा (१-८) | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रबेश दरः% | ९८ | ९८.५ | ९९ | ९९.५ | १०० | विद्यालय | IEMIS Flash |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबलिकाको कुल प्रवेश दरः% | | | | | | विद्यालय | IEMIS Flash |
| २.३ | आधारभूत तह (कक्षा १-५) को खुद भर्नादरः% | ९८.३ | ९८.५ | ९९ | ९९.५ | १०० | विद्यालय | IEMIS Flash |
| २.४ | आधारभूत तह (कक्षा १-५) मा कुल भर्ना दरः % | १२१.९ | ११५ | ११० | १०५ | १०० | विद्यालय | IEMIS Flash |
| २.५ | आधारभूत तह कक्षा ५ को खुद प्रवेश दर% | ९७ | ९७.५ | ९८ | ९९ | १०० | विद्यालय | IEMIS Flash |
| २.६ | आधारभूत तह कक्षा ५ को कुल प्रवेश दर% | १११ | १०८ | १०५ | १०३ | १०० | विद्यालय | IEMIS Flash |
| २.७ | आधारभूत तह कक्षा ५ सम्मको टिकाउ दर% | ९८.२ | ९८.५ | ९९ | ९९.५ | १०० | विद्यालय | IEMIS Flash |
| २.८ | आधारभूत तह (कक्षा ५) पुरा गर्ने दर% | ९०.२ | ९२ | ९५ | ९८ | १०० | विद्यालय | IEMIS Flash |
| २.९ | आधारभूत तह (कक्षा १-५) मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिकाः % | १.७ | १.५ | १.० | ०.५ | ० | विद्यालय | IEMIS Flash |
| २.१० | आधारभूत तह (कक्षा १-५) कुल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | ०.९४ | ०.९५ | ०.९८ | ०.९९ | १.० | विद्यालय | IEMIS Flash |
| २.११ | आधारभूत तह (कक्षा १-८)मा खुद भर्नादरः % | ९२.४ | ९३ | ९५ | ९७ | १०० | विद्यालय | IEMIS Flash |
| २.१२ | आधारभूत तह (कक्षा १-८)मा कुल भर्नादरः % | १११.२ | १०९ | १०५ | १०३ | १०० | विद्यालय | IEMIS Flash |
| २.१३ | आधारभूत तह कक्षा ८ सम्मको टिकाउ दर% | ९० | ९२ | ९५ | ९८ | १०० | विद्यालय | IEMIS Flash |
| २.१४ | आधारभूत तह कक्षा १ मा भर्ना भइ कक्षा ८ पुरा गर्ने दर% | ५५.२ | ६५ | ७५ | ८५ | ९८ | विद्यालय | IEMIS Flash |
| २.१५ | आधारभूत तह (कक्षा १-८) मा लैङ्गिक समता सूचाङ्क | ०.९० | ०.९२ | ०.९५ | ०.९८ | १.० | विद्यालय | IEMIS Flash |
| २.१६ | विद्यालय बाहिर रहेका बालबालिका % | १.६ | १.० | ०.८ | ०.५ | ० | विद्यालय | IEMIS Flash |
| २.१७ | आधारभूत तह (कक्षा १-८) मा अध्यापनरत शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्याः % | ३३ | ३५ | ४० | ४५ | ५० | विद्यालय | IEMIS Flash |
| ३ | माध्यमिक शिक्षा | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्नादरः% | ५५ | ६० | ६५ | ७० | ७५ | विद्यालय | IEMIS Flash |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कुल भर्नादरः% | ६०.५ | ६५ | ७० | ७५ | ८५ | विद्यालय | IEMIS Flash |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३.३ | माध्यमिक तह कुल भर्ना दरमा लैङ्गिक समता सूचक (कक्षा ९-१२) | ०.९० | ०.९२ | ०.९५ | ०.९८ | १.० | विद्यालय | IEMIS Flash |
| ३.४ | आधारभूत तहबाट माध्यमिक तहमा ट्रान्जिसन दर:% | ६० | | | ७० | ८० | विद्यालय | IEMIS Flash |
| ३.५ | माध्यमिक तह (कक्षा ९-१२)मा कार्यरत महिला शिक्षक सङ्ख्याः % | २५ | | | ३५ | ४० | विद्यालय | IEMIS Flash |
| ३.६ | माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थीमध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक विषयमा भर्ना भएका विद्यार्थी सङ्ख्याः % | २५ | | | ३५ | ४५ | विद्यालय | IEMIS Flash |
| ३.७ | कक्षा १० को विद्यार्थी सिकाइ उपलब्धी | | | | | | | |
| ३.७.१ | नेपाली | ४८ | ५० | ५५ | ६० | ७० | विद्यालय | IEMIS Flash |
| ३.७.२ | गणित | ३५ | ४० | ४५ | ५५ | ६५ | विद्यालय | IEMIS Flash |
| ३.७.३ | विज्ञान | ३९ | ४५ | ५० | ६० | ६५ | विद्यालय | IEMIS Flash |
| ३.७.४ | अंग्रेजी | ४२ | ४५ | ५५ | ६५ | ७० | विद्यालय | IEMIS Flash |
| ४ | जीवन पर्यन्त शिक्षा तथा सिकाई र अनौपचारीक शिक्षा | | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि)% | ९५ | ९६ | ९७ | ९८ | ९९ | सा सि के | परिचालिका |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) % | ९७ | ९७.५ | ९८ | ९८.५ | ९९ | सा सि के | परिचालिका |
| ४.३ | साक्षरता दर (१५-२४ वर्ष उमेर समूह) | ९८ | ९८.५ | ९९ | ९९.५ | १०० | सा सि के | परिचालिका |
| ५ | प्राविधिक तथा व्यावसायिक शिक्षा, सीप विकास र तालिम | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक तथा तालिम प्राप्त आर्थिकरूपले सक्रिय जनशक्ति % | | | | | | | |
| ५.२ | प्राविधिक तथा व्यवसायीक शिक्षा (कक्षा ९-१२ डिप्लोमा, प्रि डिप्लोमा वा सोसरह) उत्तीर्ण जनशक्ति (वार्षिक सङ्ख्या) | | | | | | | |
| ६ | सुशासन तथा व्यवस्थापन | | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा १-८)मा विद्यार्थी शिक्षक अनुपात (सामुदायिक विद्यालय) | १:२० | १:२२ | १:२५ | १:२७ | १:३० | विद्यालय | IEMIS Flash |
| ६.२ | माध्यमिक तह (कक्षा ९-१२)मा विद्यार्थी शिक्षक अनुपात(सामुदायिक विद्यालय) | १:२६ | १:२८ | १:३० | १:३२ | १:३५ | विद्यालय | IEMIS Flash |
| ७ | कुल बजेटको शिक्षा क्षेत्रमा बिनियोजित बजेट | ७ | ८ | ९ | १० | ११ | गाउँपालिका | बजेट सिमा निर्धारण समिति |

## सन्दर्भ सामग्रीहरू


शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७५), उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (अप्रकाशित), लेखक : सिंहदरबार, काठमाण्डौं ।

शिक्षा मन्त्रालय (२०२८), राष्ट्रिय शिक्षा पद्दति २०२८-२०३२ सम्मको योजना, लेखक : केशरमहल, काठमाण्डौं ।

